३५८

# भक्तपुर मासिक

Bhaktapur Monthly

फागुन २०८२

ISSN 2705-4454




## कम्प्युटर इलेक्ट्रिकल, इलेक्ट्रोनिक्स र कम्युनिकेशन विषयक राष्ट्रिय सम्मेलन


- नेमकिपाबारे प्रतिक्रियावादीहरूले फैलाएको भ्रम र यथार्थ
- भूमि, पितृसत्ता र शक्ति : राज्यले कसरी बनायो विभेदको संरचना ?
- किन ओझेलमा पारिइन् पृथ्वीनारायण शाहकी नेवार रानी ?
- जोन नेपियर : लघुगणक सिद्धान्तका प्रतिपादक
- भक्तपुरका केही स्थानको चिनारी
- व्यवहारिक, नैतिक र समन्यायिकताको कुरा पनि गर्नु पर्दछ
- अकुपन्चर के हो ? कसरी काम गर्छ ?
- भक्तपुर नपाका गतिविधि



नव निर्माणको चरणमा अरनिको सभा भवन, ढेकोचा

# भक्तपुर नगरपालिकाद्वारा प्रकाशित

☎ ६६१३९५७, ६६१०३१० फ्याक्स : ६६१३२०६

website : http://bhaktapurmun.gov.np

email : info@bhaktapurmun.gov.np

Bhaktapur Municipality

BHAKTAPUR [MONTHLY] मासिक

जि.का.द.सं.१९/०३९/४० भ.पु.जि.हु.का.द.नं.१/०६१/०६२

j Ì{$# ★ cÆ $★g};]!$^★lj=;]@)*@kfu'g★A.D.2026

कार्यालय : भक्तपुर नगरपालिका कार्यालय भवन

फोन नं. : ०१-६६१३०४३

email : bhaktapurmasik@gmail.com

सम्पादक : लक्ष्मण जोशी

सहायक सम्पादक : आशा कुमार चिकंबञ्जार

डेस्कटप : धनलक्ष्मी त्यात

आवरण सज्जा : रेणु ध्वजू

मुद्रण :


भक्तपुर अफसेट प्रिन्टर्स

ब्यासी, भक्तपुर

☎ ६६१३८८८

मूल्य रु. २५।-

तस्बिरहरू : भक्तपुर नपा (उल्लेख गरिएका बाहेक)


चिउरा कुट्ने परम्परागत चलन


'भक्तपुर' मासिकमा प्रकाशित लेख रचनामा अभिव्यक्त विचारहरूसँग प्रकाशक र सम्पादक मण्डलको सहमति अनिवार्य छैन ।

‘ठग जति चलाख भयो त्यतिनै हानि गर्छ र सज्जन जति चलाख भयो त्यतिनै हित गर्छ ।’ – प्लेटो

## यस अङ्कमा


| क्र.सं. | शीर्षक | लेखक | पृष्ठ |
|---|---|---|---|
| १) | नेमकिपाबारे प्रतिक्रियावादीहरूले फैलाएको भ्रम र यथार्थ | विवेक | ३ |
| २) | भूमि, पितृसत्ता र शक्ति : राज्यले कसरी बनायो विभेदको संरचना ? | – | ५ |
| ३) | किन ओझेलमा पारिइन् पृथ्वीनारायण शाहकी नेवार रानी ? | राजकुमार दिक्पाल | १० |
| ४) | जोन नेपियर : लघुगणक सिद्धान्तका प्रतिपादक | राजेन्द्र बहादुर कायष्ठ | १३ |
| ५) | भक्तपुरका केही स्थानको चिनारी | लक्ष्मीनारायण दुवाल | १७ |
| ६) | व्यवहारिक, नैतिक र समन्यायिकताको कुरा पनि गर्नु पर्दछ | कुशल | २१ |
| ७) | स्यना वंगु थाय्‌बाय्‌या नेवाः नां | – | २४ |
| ८) | अकुपन्चर के हो ? कसरी काम गर्छ ? | डा.झुला अधिकारी (रविन) | २५ |
| ९) | **भक्तपुर नपाको कार्यपालिकाको बैठक निर्णय** | – | ३१ |
| २३) | भक्तपुर नगरपालिका गतिविधि | – | ५१ |
| | क) शैक्षिक गतिविधि | – | ५३ |
| | ख) स्वास्थ्य सेवा | – | ५९ |
| | ग) भेटघाट र अवलोकन | – | ६१ |
| १०) | विविध समाचार | – | ६२ |
| ११) | निर्वाचनको सन्दर्भ | – | ७१ |
| १२) | भ्रष्टाचारै भ्रष्टाचार | – | ७८ |
| १३) | घोषणापत्र कि धोखापत्र ? (सम्पादकको पृष्ठ) | – | ८४ |

**साथमा** : जीवन–आचरण–१६/हाम्रा पुराना मूर्ति–२०/ गोपालराज वंशावली (नेपालीमा–८)–२८/ नेवा नां (४)–३०/प्रेरणीय–५०/ Word Search–५०/ ख्वप अस्पतालको प्रगति–६०/ कति शब्द बन्छ होला ?–७५/ यता–उताबाट–८०/ सामान्य ज्ञान–८०/ हाम्रो स्वास्थ्य–८१/ पर्यटक तथ्याङ्क–८३


## व्यक्तिगत घटना दर्ता समयमै गरौं




- तपाईंका परिवारका सदस्यको व्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद र बसाइ सराई) समयमै दर्ता गराऔं ।
- घटनाको ३५ दिनभित्र दर्ता गराउँदा जरिवाना लाग्दैन ।
- घटना दर्ता गराउनु सबै नागरिकको कर्तव्य हो ।

# नेमकिपाबारे प्रतिक्रियावादीहरूले फैलाएको भ्रम र यथार्थ

विवेक

फागुन २१ गतेको निर्वाचन नजिकिँदै गर्दा निर्वाचन प्रचारप्रसारले तीव्रता पाएको छ। सामाजिक सञ्जाल पूरै निर्वाचनमय भएको छ। आचारसंहिता कागजको पानामा सीमित हुँदै छ। शासक पार्टीहरूले हाकाहाकी निर्वाचन आचारसंहिता उल्लङ्घन गर्दा पनि निर्वाचन आयोग मौन छ। सञ्चारमाध्यमहरू आचारसंहिताविपरीत उम्मेदवारहरूको मत सर्वेक्षण गर्दै छन्। मतदाताबाट आफूले चाहेका विचार ओकल्न लगाउन वा सार्वजनिक गर्न कतिपय सञ्चारमाध्यमहरू सक्रियतापूर्वक लाग्दै छन्।

निर्वाचन प्रचारप्रसारको क्रममा नेपाल मजदुर किसान पार्टीबारे शासक दलका नेता कार्यकर्ताहरू र कतिपय सञ्चारमाध्यमहरूले गलत ढङ्गले प्रचाप्रसार गरी जनताबिच भ्रम छर्दै छन्। नेमकिपाको विचार, सिद्धान्त र पार्टी कार्यकर्ताहरूको अनुशासनलाई ओझेलमा पार्दै नेमकिपाबारे गलत प्रचार वा टिप्पणीहरूबारे प्रस्ट पार्नु आवश्यक छ।

## नेमकिपा भक्तपुर नगरपालिकामा मात्र सीमित पार्टी :

यो आजको मात्र होइन, दशकौँ पहिलेदेखि प्रतिक्रियावादीहरूले लगाउँदै आएको आरोप हो। नेपाल मजदुर किसान पार्टी मार्क्सवाद, लेनिनवाद र माओ त्सेतुङ विचारधारालाई मार्गदर्शक सिद्धान्तको रूपमा अङ्गीकार गर्दै अगाडि बढिरहेको पार्टी हो। २०३१ साल माघ १० गते विधिवत स्थापना भएको यस पार्टीले हरेक निर्वाचनलाई जनताको चेतनास्तर नाप्ने 'ब्यारोमिटर' को रूपमा उपयोग गर्दै छ। २०३८ सालमा भएको पञ्चायतकालीन आम निर्वाचनदेखि आजसम्म भएका निर्वाचनहरूमा नेमकिपाले भाग लिँदै आएको छ र हरेक संसद्मा नेमकिपाको प्रतिनिधित्व रहँदै आएको छ। २०४२ सालमा १ जना, २०५१ मा ४ जना, २०५६ मा १ जना, २०६४ मा ५ जना, २०७० मा ४ जना, २०७४ र २०७९ मा १,१ जना सांसदको प्रतिनिधित्व थियो।

भक्तपुर जिल्लाबाट मात्र होइन, देशका विभिन्न जिल्लाबाट समेत प्रतिनिधित्व थियो। आगामी फागुन २१ मा हुन गइरहेका निर्वाचनमा पनि नेमकिपाले ५९ जिल्लाबाट १२१ उम्मेदवार उठाएको छ। पूर्व मेचीदेखि महाकालीसम्म, उत्तर हिमालदेखि तराईका जिल्लाहरूमा समेत नेमकिपाका उम्मेदवारहरू छन्। जिल्ला जिल्लाका उम्मेदवारहरूले नै प्रतिक्रियावादीहरूको आरोप गलत भएको प्रमाणित गर्दैन र ?

## नेमकिपा एक जनामात्र जित्ने पार्टी :

प्रजातन्त्रमा विचारको प्रतिस्पर्धा हुन्छ, भीडको होइन। को सही र गलत भन्ने मापदण्ड डर त्रास देखाई पैसा बाँडेर, भोज खुवाएर, लोभ लालचको भरमा पाएको मतले निर्धारण गर्दैन। बरु, आजसम्मको संसदीय व्यवस्थाको अभ्यासले नेमकिपा जनतालाई दिएको आश्वासन पूरा गर्ने एकमात्र पार्टी साबित भएको छ। नेमकिपाका अध्यक्ष का. रोहितलाई प्रधानमन्त्री, उपप्रधानमन्त्रीको पटक पटक प्रस्ताव आएको र पार्टीलाई यसअघिका अधिकांश सरकारमा सहभागिताको लागि आग्रह गरिएको थियो। नेमकिपा जनताबिच प्रखर प्रतिपक्षको भूमिकामा बस्ने घोषणापत्रको आधारमा निर्वाचित भएको हुँदा त्यही वचनअनुसार प्रतिपक्षमा बस्दै आएको छ।

संसद्मा कतिजनाले प्रतिनिधित्व गर्‍यो त्यो मुख्य होइन। ठूलो सङ्ख्यामा सरकार गठनको बेला बहुमत पुर्‍याउन काम लाग्ने पनि अन्य बेला कस्तो व्यक्ति र विचारले प्रतिनिधित्व गर्‍यो भन्ने महत्त्वपूर्ण हुन्छ। नेमकिपाले आजसम्म इमानदारीपूर्वक देश र जनताको सेवा गर्दै आएको छ। कुनै विकृति, सत्तामोहमा लागेको छैन। नेमकिपाको एकैजना सांसद भए पनि सशक्त प्रतिपक्षमा रहेर संसद्लाई जीवित राख्न सहयोग गरे। के अन्य कुनै पार्टीबाट त्यस्तो रचनात्मक भूमिका खेलेको थियो ?

संसद्मा प्रस्तुत विधेयक र प्रस्तावबारे आफ्ना पार्टीको विचार प्रस्तुत गर्ने, विदेशीसँगको सन्धि सम्झौताहरूमा रहेका देशघाती प्रावधानहरूको विरोध गर्ने र सरकारका मन्त्रीहरूलाई विषयगत प्रश्नहरू गरेर न्याखन्याख्ती पार्ने काम एकजना सांसदले गरे। संविधान र कानुनले तोकेको प्रावधानभित्र रहेर संसदीय प्रजातन्त्रको अभ्यास गर्दै आए। विशाल पृथ्वीमा एउटा चन्द्रमाले झलमल्ल प्रकाश दिएजस्तै नेमकिपाका एउटै सांसदले भ्रष्टाचारले दुर्गन्धित सरकारको विरोधमा सशक्त आवाज बुलन्द गरे। नेका, एमाले र माओवादीका जतिसुकै सङ्ख्या भएर के अर्थ भयो ? नेमकिपाका सांसद नभएको भए संसद् मृतसरह हुने सबैले अनुभव गरेको विषय हो। एकजना

पनि नजित्ने भए पनि प्रतिक्रियावादीहरूले गरेको गलत कामलाई नङ्ग्याउन पनि नेमकिपाले निर्वाचनमा भाग लिन्छ ।

## जित्ने होइन, किन जिल्ला जिल्लामा उम्मेदवार उठाए ?

नेमकिपा निर्वाचनमा जित्नकै लागि उठ्ने गर्दैन । प्रतिगामीहरूलाई सजिलै जित्न नदिन, जनताको राजनीतिकस्तर माथि उठाउन र जनविरोधी विधेयक तथा सम्झौताहरूविरुद्ध आवाज उठाउन पनि निर्वाचनलाई उपयोग गर्छ । निर्वाचनमा जित्ने, सरकारमा जाने र करोडौँ पैसा कमाउने जस्ता सोच नेमकिपाले कहिल्यै राखेको छैन र राख्दैन पनि । पैसा कमाउने भए व्यापार वा अन्य पेसामा लाग्न पार्टीले नै निर्देशन दिएको हुन्छ । राजनीतिलाई देश र जनताको सेवा हो भन्ने मान्यतालाई नेमकिपाका नेता कार्यकर्ताहरूले आत्मसात गर्दै आएका छन् । आज देशमा धेरै पार्टीहरू भए पनि नेमकिपा एउटा इमानदार, देशभक्त, स्वच्छ छवि भएको सिद्धान्तनिष्ठ र अनुशासित पार्टीको रूपमा स्थापित छ । जित्नलाई भन्दा पुँजीवादी सरकारमा भएका विकृतिहरू जनताबिच नङ्ग्याउनको लागि नेमकिपाका उम्मेदवारहरू जनताबिच पुग्दैछन् ।

## विभिन्न जिल्लामा भक्तपुरका उम्मेदवार उठाएको बारे :

नेमकिपा देशको संविधान, ऐनकानुनलाई अक्षरसः पालना गर्छ । देशका कानुनले प्रतिनिधिसभामा कुनै पनि क्षेत्रबाट चुनाव लड्ने अधिकार प्रदान गरेको छ । त्यही आधारमा चितवनका प्रचण्ड रुकुमबाट, काठमाडौँका रवि लामिछाने चितवनबाट, महोत्तरीका बालेन साह झापाबाट उम्मेदवार बनेका छन् । त्यस्ता कैयौँ उम्मेदवारहरू छन् जो पार्टीले उपयुक्त ठानेका क्षेत्रमा निर्वाचन लड्दै छन् । अन्य कसैको हकमा यस्तो प्रश्न नउठ्ने तर नेमकिपाकै बारे मात्र किन प्रश्न उठ्छ ? यसले के प्रस्ट पार्छ भने नेमकिपाको नाउँदेखि नै प्रतिक्रियावादीहरू डराएका छन् वा तर्सेका छन् ।

नेमकिपाले निर्वाचन आयोगको निर्देशनबमोजिम देशभरिबाट ३३ प्रतिशतभन्दा बढी महिला उम्मेदवार उठाएर देशकै सबैभन्दा बढी महिला उम्मेदवार उठाउने पार्टीको रेकर्ड राखेको छ । नेमकिपाबाट ४४ प्रतिशत महिला उम्मेदवार उठेका छन् । महिलाहरूको सम्मान गरेको विषयलाई पनि प्रतिगामीहरूले गलत ढङ्गले प्रचारप्रसार गर्दै छन् । जोसुकैले जेसुकै सोचून्, यथार्थमा कामदार वर्गलाई राजनीतिक रूपले सचेत पार्नु नै नेमकिपाको उद्देश्य हो र त्यही उद्देश्य पूर्तिका लागि नेमकिपाले निर्वाचनलाई उपयोग गर्दै छ ।

## नेमकिपा सानो छ भन्नेबारे :

प्रतिक्रियावादीहरू नेमकिपालाई सधैँ सानो पार्टी भनेर हेलाहोचो गर्छन् । वास्तवमा उनीहरूलाई थाहा हुनुपर्छ, विचार कहिले पनि सानो र ठूलो हुँदैन । नेमकिपाले सङ्ख्या होइन, विचारको प्रतिनिधित्व गर्छ र गरिरहेको छ । नेमकिपाले बोकेको समाजवादी विचार विश्वमा आजसम्म विकास भएको मानव इतिहासमा सबैभन्दा नवीन विचार हो ।

आकारलाई सही मान्ने हो भने नेपाल विश्वको ९५ औँ देश हो । छिमेकी देशहरू चीन र भारतभन्दा पनि क्षेत्रफल र जनसङ्ख्यामा निकै सानो छ । जति नै सानो भए पनि सबै देशको सार्वभौमिकता बराबर हुन्छ । त्यसैले निर्वाचन धाँधली गरेर प्राप्त गरेको मतको आधारमा पार्टीलाई सानो र ठूलोको संज्ञा दिनु उचित होइन ।

आकारमा प्रजग कोरिया सानो देश हो तर अमेरिकालाई हरेक क्षेत्रमा टक्कर दिन ऊ सक्षम छ । अणु बम, हाइड्रोजन बमसमेत उत्पादन गरेर अमेरिकाजस्तो विश्वकै ठूलो शक्तिशाली र आतङ्कारी देशलाई पनि प्रजग कोरियाले तर्साइरहेको छ । यसको मुख्य कारण प्रजग कोरियाले अवलम्बन गरेको जुछे विचारधारा र समाजवादी सिद्धान्त हो ।

आकारमा ठूलो हुँदैमा सही हुन्छ भन्ने होइन । विघटित संसद्मा सबभन्दा ठूलो दल नेका र दोस्रो ठूलो दल एमाले थियो । ती दुई पार्टी मिलेर प्रजातान्त्रिक मूल्य र मान्यताविपरीत सरकार बनाए तर युवाहरूको आन्दोलनले दुई दिनमै समाप्त पारिदियो । त्यो ठूलो हुनुको के अर्थ रह्यो र ?

हो, सुन र हीरा सानै भए पनि मूल्यवान हुन्छन् । आज नेमकिपाले विचारको राजनीति गरिरहेको छ । विचार र सिद्धान्तअनुसार चलेको सङ्गठित देशमा कुनै दल छ भने त्यो नेपाल मजदुर किसान पार्टी हो । यस अर्थमा नेमकिपा वैचारिक रूपमा सम्पन्न र गौरवशाली पार्टी हो । नेमकिपालाई सानो देख्नु नेमकिपाप्रति पूर्वाग्राही र सामन्तवादी सोच मात्र हो ।

स्वतन्त्र र धाँधलीरहित चुनाव भए नेमकिपाका अधिकांश उम्मेदवारहरूले जित हासिल गर्नेछन् । के पैसा खर्च नगरी नेमकिपाजस्तै स्वतन्त्र चुनाव लड्न अन्य दलहरू तयार छन् ? आजको दिनमा त्यो सम्भव छैन । करोडौँ खर्च गरेर निर्वाचन लड्नेहरूले स्वच्छ निर्वाचनको कल्पना पनि गर्दैनन् । निर्वाचनमा नेमकिपालाई जतिसुकै मत प्राप्त भए पनि त्यो इमानदारीको मत हुनेछ । त्यही मतले नेमकिपाका उम्मेदवार र पार्टी कार्यकर्ताहरूलाई इमानदारीपूर्वक जनताको सेवा गर्न थप ऊर्जा प्रदान गर्नेछ ।

# भूमि, पितृसत्ता र शक्ति : राज्यले कसरी बनायो विभेदको संरचना ?




*मानव सभ्यताको विकासक्रममा कृषि युगको आरम्भ केवल पेट भर्ने मेलो मात्र थिएन, यसले निजी सम्पत्ति र पितृसत्ताको बलियो जग पनि बसाल्न पुग्यो। इतिहासको कालखण्डमा राज्य संरचना बन्दै गर्दा नेपालमा भने कानुन नै बनाएर एउटा ठूलो समुदायलाई भूमिबाट वञ्चित गरियो।*

*आखिर लिपिबद्ध इतिहास हुनुअघिको समाज कस्तो थियो ? कृषि युगसँगै मौलाएको पितृसत्ताले महिलालाई कसरी सम्पत्तिविहीन बनायो ? अनि, नेपालको राज्यसत्ताले दलित समुदायलाई भूमिमाथिको पहुँचबाट कसरी टाढा राख्यो ?*

*यिनै प्रश्नहरूको ऐतिहासिक र समाजशास्त्रीय जवाफ खोज्ने क्रममा त्रिभुवन विश्वविद्यालय, मानवशास्त्र केन्द्रीय विभागका प्राध्यापक डा. **सुरेश ढकाल**सँग उकेराकर्मी **प्रजु पन्त**ले विस्तृत संवाद गरेकी छन् ।*

*डा. ढकालको पुस्तक 'इतिहास अघिको इतिहास: सांस्कृतिक उदविकासको मानवशास्त्रीय वृत्तान्त' र सहलेखन गरिएको 'द एग्रेरियन हिस्ट्री अफ नेपाल' मा आधारित रहेर गरिएको कुराकानीको सम्पादित अंश :*

**अन्वेषणका लागि स्थलगत भ्रमण गरिरहनुहुन्छ, अहिले के अनुसन्धान गर्दै हुनुहुन्छ?**

पछिल्लो समय म केही मधेशका र सुदूरपश्चिमका जिल्लाका ८ वटा पालिकामा गएँ। त्यता जानुको कारणचाहिँ दलितको भूमिमा पहुँच र भूमिमा आधारित जीविकोपार्जनमा के-कस्तो सम्भावना छ भनेर अनुसन्धान गर्नु थियो।

**अनुसन्धानकै चरणमा हुनुहुन्छ?**

हो, स्थलगत अध्ययन सकियो। अब केही दस्तावेजहरू हेर्न र विश्लेषण गर्न त बाँकी नै छ।

## कृषि युग सुरु भएसँगै पितृसत्ता हावी भयो

**तपाईंको दुई किताबमा केन्द्रित भएर कुराकानी गरौं, 'इतिहास अघिको इतिहास' पुस्तकमा कृषि, आगो, पाङ्ग्रा अनि धातु आविष्कार तथा विकासबारे लेख्नुभएको छ। यसबारे विस्तृतमा बताइदिनुस् न !**

सांस्कृतिक मानव इतिहास २५ लाख वर्ष पुरानो छ। यसको अर्थ मान्छे भौतिक रूपमा भने ५० लाख वर्षअघि नै मानव हाँगोमा आइसकेको थियो। सांस्कृतिक मानव बनेपछि आफ्नो कल्पनाशिलता प्रयोग गरेर विभिन्न औजारहरू बनाउन सक्यो। त्यसले जीविका चलाउन जान्यो।

आफ्नो श्रम, कल्पनाशिलता र प्रविधिको प्रयोग गरेर प्रकृतिसँग कसरी सहज हुने भन्नेबारे मान्छेले सिक्दै गए। प्रकृतिसँग कसरी एकाकार हुने र त्यसलाई उपयोग गरेर कसरी जीवनलाई सहज बनाउने भन्ने अवधारणालाई नै हामी 'सांस्कृतिक मानव' भन्छौं।

धातुको प्रयोग गर्नुभन्दा अघि २५ लाख वर्षदेखि २० हजार वर्ष अघिसम्मको युग ढुङ्गे युग हो। २० लाख वर्षअघि मान्छेले आगोको प्रयोग गर्न जाने। आगोको प्रयोग गर्न जानेपछि पकाएर खान सिके, न्यानो भएर बस्न सके र जङ्गली जनावरबाट जोगिन आगो प्रयोग गरे। आगोले मानव विकासमा भयंकर ठूलो फड्को मान्यो।

**कृषि युगको सुरुआत हुनुभन्दा अघि महिलाहरू बढी स्वतन्त्र थिए। जब खेतीपाती र निजी सम्पत्तिको अवधारणा विकास भयो, तब पितृसत्ता हावी भयो र महिलालाई सम्पत्तिका रूपमा हेर्न थालियो।**

बिस्तारै कृषि युग आयो। कृषिको आविष्कार पनि १६ हजार वर्षअघि भएका केही प्रमाणहरू भेटिएका छन्। सिकार गर्ने, पोलेर खाने, खेतीपाती गर्ने र अन्न जोगाउनका लागि बस्ती बसाउनेलगायतका काम हुँदै आए। कृषि क्रान्ति राजनीतिक, सामाजिक तथा आर्थिक क्रान्तिका लागि महत्त्वपूर्ण रह्यो।

आफू बसेको ठाउँलाई 'मेरो हो' भनेर बस्न थालियो। 'यो जमिन मेरो' भन्ने धारणा विकास भयो। आज मात्रै होइन भोलिका लागि सोच्न थालियो। मान्छेले पृथ्वीमाथि आधिपत्य जमाउँदै जान थाल्यो। प्रकृतिमाथि हावी भयो। त्यसपछि परिवारको अवधारणा विकास भयो।

यसमा थुप्रै आलोचनाहरू पनि छन्, केही मानवशास्त्रीहरूले आलोचना गर्छन् तर एंगेल्सले अमेरिकी आदिवासीमा गरेको अनुसन्धानका आधारमा *'निजी सम्पत्ति, परिवार र राज्यको उत्पत्ति'* किताब लेखे। एक हिसाबले बौद्धिक ओरिन्टेसन भयो ।

आमाका सन्तान हुन्थे, अब बाका सन्तान हुने भए। कृषि युग सुरु हुनुभन्दा अघि आमाहरू स्वच्छन्द थिए, कृषि युगको सुरुवात भएसँगै महिलाहरूको स्वतन्त्रता खोसियो। पितृसत्ता अलि बढी हुँदै गयो। त्यस्तै आधुनिक समाजको जग कोर्ने काम पनि कृषि युगमा नै भयो।

## धातुको प्रयोग र लेखन सुरुवातको पृष्ठभूमि नि ?

धातु प्रयोग गर्नुअघि ढुङ्गाका हतियारहरू प्रयोग हुन्थे। धातुमा सुरुमा काँसाको प्रयोग हुन थाल्यो। काँसा भाँचिने भयो, भाँडाकुँडा बनाउन चाहिएको आकार दिन गाह्रो पर्न थाल्यो। जब फलाम प्रयोग गर्न जानियो, त्यसपछि त हतियारको विकासक्रम सुरु नै भयो। सीमित भाँडाकुँडामा मात्रै सीमित रहेन। खेतमा काम गर्नका लागि फलामले बनेका हतियार प्रयोग हुन थाल्यो।

हतियार बनाउने सीप र ज्ञान सीमित परिवारसँग मात्रै थियो। जस्तो नेपालमा हतियार बनाउने सीप विश्वकर्माहरूसँग भएजस्तै। जसले हतियार बनाउनेलाई साथ लिन सक्ने भए, उही धनी हुने भयो। तिनताका हतियार बनाउनेहरूको ठूलो मान थियो।

**शिकारी युगमा ६० प्रतिशत खाना महिलाले जुटाउँथे भने पुरुषले शिकार गरेर ४० प्रतिशत मात्र। तर, इतिहास लेख्दा पुरुषको शिकारको मात्र चर्चा भयो, महिलाको योगदान ओझेलमा पऱ्यो।**

राज्य विस्तार र उत्पादनको काममा हतियार धेरै काम लाग्यो। त्यसपछि चित्र बनाउनेबाट सुरु भएको लेखनमा समेत मान्छेले छलाङ मार्न थाल्यो। त्यसपछि भाषाको विकास हुँदै गयो। राज्यले मान्यता दिएको भाषामा नै लेख्न थालियो ।

## तपाईंले 'शिकारी युगमा पुरुषले शिकार खेल्ने र इतिहास लेखन पनि पुरुषले नै लेखेका कारण' खानामा शिकारी (जो प्रायः पुरुष हुन्थे) बाट ४० प्रतिशत र सङ्कलक (प्रायः महिला) बाट ६० प्रतिशत पूरा गरिन्थ्यो। त्यति हुँदा पनि शिकारी युगमा पुरुषहरूको चर्चा भयो, महिलाको भएन भनेर आफ्नो पुस्तकमा लेख्नुभएको छ। यस्तो किन भयो होला ?

पुरातत्त्वले उत्खनन गरेको आधारमा लाखौं वर्षअघि मान्छेले के-के गर्दै आए भन्नेबारे अन्वेषण गरिएको हो। त्यतिबेला के देखिन्छ भने अधिकतम खानाचाहिँ कन्दमूल र फलफूल खोजिन्थ्यो। यो काम प्रायः महिलाहरूले गर्थे ।

यसको अर्थ पुरुषले गर्दै नगर्ने भन्ने होइन । शारीरिक बनावटका कारण पनि प्रायः पुरुषहरूले शिकार गर्थे। महिलाले शिकार गर्दै नगर्ने भन्ने पनि होइन। तर लेख्दाखेरि 'हन्टिङ ग्यादरिङ' भनेर लेखियो। नेपालीमा आउँदा त 'शिकारी युग' मात्रै भनियो।

प्रतिशतकै हिसाबले पनि सङ्कलन नै धेरै हुन्थ्यो र भूमिकामा पछि पारियो। लेखनमा पहुँच पुरुषको भयो। प्रमुख पात्र पुरुषले आफैँलाई बनाए, त्यसरी नै इतिहास लेखे। महिलाहरूको भूमिका प्रमुख भए पनि उनीहरू पछाडि पारिए।

महिलाहरूले खाना सङ्कलन मात्र गरेनन्, त्यसलाई पकाएर अन्तिम रूप पनि दिए। यसरी हेर्दा त महिलाहरूबारे चाहिँ इतिहास लेखिनुपर्थ्यो, तर लेखिएन। जब खाना किनबेच हुन थाल्यो र रेस्टुरेन्टहरू बन्न थाले, पुरुषहरू 'सेफ' भए। पितृसत्ताले यसरी किच्यो कि महिलाहरूको पेसा व्यावसायिक हुन सकेन।

जब कृषि युग सुरु भयो, पितृसत्तात्मक समाज निर्माण भयो। निजी सम्पत्ति बन्यो। त्यो छोराहरूमा हस्तान्तरण हुँदै गयो।

## कतिपय हाम्रा धार्मिक ग्रन्थहरूमा पनि 'स्त्री अनि सम्पत्ति' पुरुषको हुन्छ भनेर समेत उल्लेख छ। स्त्रीहरूलाई सम्पत्तिकै रूपमा किन हेर्न थालियो होला ?

पौराणिक कालमा भन्दा वैदिक कालमा महिलाहरूको इज्जत थियो भन्ने देखिन्छ, यस्ता स्टेटमेन्टहरू पढ्दा। वेद-उपनिषद् आउँदासम्म देखिन्छ। जब पौराणिक काल सुरु भयो, तब पुरेतवाद शुरुवात भयो। वेद-उपनिषद् ज्ञान थियो, पुराणचाहिँ कथा, उपकथा र मिथक प्रयोग भए। यिनै कुरा समाजमा गढ्दै गए र महिलाहरूलाई पुरुषले छनोट गर्न पाउने भए। हाम्रा ग्रन्थहरूले पनि स्त्रीलाई धनको रूपमा व्याख्या गर्न थाले।

**दलितलाई राज्यले कानुन बनाएरै विभेद गऱ्यो, जसले गर्दा भूमिमा कहिल्यै पहुँच भएन**

## अब तपाईंले सहलेखन गर्नुभएको 'एग्रेरियन हिस्ट्री

**अफ नेपाली इकोनोमी' पुस्तकबारे कुरा गरौं । राणाकालमा नेपालको जमिन वितरण गर्दा राज्यले 'जागिर', 'बिर्ता' र 'किपट' प्रथा पनि राखेको पाइन्छ । नेपालको जमिन वितरणबारे अलि विस्तारमा बताइदिनुस् न !**

अघि हामीले कुरा गरेजस्तै कृषि युग सुरु भएपछि जमिन प्राकृतिक स्रोत भए पनि व्यक्तिको हुँदै आयो । नेपालमा पनि त्यही क्रम हुने नै भयो । कुनै पनि राज्यमा भूमि कसरी वितरण हुन्छ भन्ने कुरा त्यहाँ कस्तो शासन चल्छ भन्नेले फरक पार्छ । हामीले पुस्तकमा विशेष गरी राणाकालदेखिको कुरा गरेका छौं ।

वर्ग छुट्याउने काम जमिनले नै गर्‍यो । जमिन धेरै रहनु इमानको कुरा समेत भयो । नेपालमा राणाकालमा पूरै सामन्ती प्रथा थियो । जमिनचाहिँ खेतीयोग्य कमै हो । अहिले पनि खेतीयोग्यको एक तिहाइ त बाँझो नै देखिन्छ । व्यक्तिको, राज्यको, सार्वजनिक पर्ती जग्गा भनेर भाग लगाइयो । ४८ सालसम्म त राज्यले चाहेको बेला निजी सम्पत्ति लिन सक्ने व्यवस्था थियो ।

**राज्यले कानुन नै बनाएर दलित समुदायलाई जमिनको स्वामित्वबाट वञ्चित गरायो । उनीहरूलाई जमिन दिँदा अरूको सेवा गर्दैनन् भन्ने सोच शासकहरूमा थियो ।**

नेपालमा जग्गा वितरणको इतिहास लामो छैन । राज्यको प्रमुख स्रोत भूमिकर हुन थाल्यो । भूमिमै आश्रित भएर कर्मचारी पाल्न थाले । सरकारी काम गर्नेलाई 'जागिर' का रूपमा जमिन दिइन्थ्यो । 'बिर्ता' उच्च तहका सैनिकलाई दिइन्थ्यो । छोरीबेटीको विवाहमा दाइजो बिर्ता दिने चलन पनि थियो ।

राणाकालमा जमिनको ठूलो हिस्सा उनीहरूका भाइभारदारबाहेक अरूको पहुँचमा थिँदै थिएन । राजपुरोहितले पनि 'कुश बिर्ता' पाउँथे । कर तिर्नुपर्ने र नपर्ने गरी दुई खाले जग्गा समेत थियो । तराईमा भारतबाट आवाद गर्न ल्याएर मान्छेहरू राखिएको पनि हो । उनीहरू जङ्गल फाँडेर बसेका थिए । उनीहरूलाई खेती गर्न लगाइयो, जग्गाधनी पुर्जा भने उनीहरूसँग थिएन ।

भारतबाट मात्रै होइन, पहाडबाट समेत व्यक्तिहरू ल्याइयो । भारतमा १९३० मा भएको भोकमरीका कारण पनि नेपालमा आएर बस्न थाले । ९० सालको भुइँचालोले विस्थापित भएकाहरू समेत आए । राणाहरूले कर उठाउने क्षेत्री, बाहुन र नेवारहरूले समेत जग्गा पाए ।

**दलितहरू नि ?**

दलितहरूलाई 'शुद्र' भनियो । उनीहरूले जग्गा पाएको देखिँदैन । उनीहरू शिल्पी समुदाय पनि भए । अरू समुदायलाई सेवा गर्ने अनि त्यसबापत अन्न लिनेमा मात्रै सीमित राखियो ।

एकछिनलाई मानौं, यदि फलामको हतियार बनाउने विश्वकर्माको आफ्नै जमिन भयो भने त उसले अरूको काम गर्ने भएन । उसलाई जग्गै नदिएपछि त सेवा गर्ने भयो । यही तर्कले काम गरेको देखिन्छ ।

**भनेपछि शुरुवातदेखि नै दलितहरू भूमिहीन बनाइए ?**

त्यही देखिन्छ । उनीहरूलाई जमिन दिएपछि हरूवा–चरूवा राख्न नपाइने भयो । राज्यले वर्ण त्यही आधारमा छुट्यायो । राणाकालमा त कानुनमै लेखेर उनीहरूलाई विभेद गरियो ।

जुन देशको ऐनमा लेखेर कुनै समुदायलाई विभेद गरिन्छ, उसको आफ्नो सम्पत्ति हुने त कुरै भएन । अझ थप कुरा हामीले अन्वेषण सकेपछि आउँछ । नेपालमा त कानुनै बनाएर दलितलाई विभेद गर्ने ऐन ल्याइयो, यस्तो समाजमा उनीहरूको जमिनमा पहुँच हुने त कुरै थिएन ।

**महिला जग्गाविहीन हुनुको थप कारण ?**

मैले सुरुमा भनें नि, राणा शासनमा ३६ प्रतिशत जग्गा बिर्ता थियो । जागिर ७ प्रतिशत, गुठी २ प्रतिशत र किपट ४ प्रतिशत थियो । बिर्ता पाउनेहरू भाइभारदारहरू र उनीहरूको चाकडी गर्नेहरू थिए । त्यतिबेला महिलाहरूले सरकारी जागिर खाने भन्ने त थिँदै थिएन, उनीहरूले जग्गा पाउने कुरै भएन ।

**२०२१ सालको भूमिसुधारले पूर्वका लिम्बु र राईहरूको सामूहिक स्वामित्वको 'किपट' प्रथा खारेज गरी जमिनलाई निजी बनाउँदा टाठाबाठाले जग्गा हडपे र वास्तविक किसान भूमिहीन भए ।**

आधुनिक भूमि व्यवस्थामा हेर्‍यो भने पनि महिलाहरूको नाममा जग्गा त आएको छ, तर नेपाल सरकारले कर छुट दिएकाले मात्र । उनीहरूको पूर्ण पहुँचमा अझै आएको छैन । नागरिक हैसियत नै थिएन महिलाको ।

अहिले पनि निम्न वर्गको घरमा गएर कुरा गर्न खोज्यो भने 'मान्छे भएको बेला आउनु' भन्ने जवाफ आउँछ । महिलाहरूलाई 'मान्छे' को हैसियत समेत नदिएकाले हो । अहिले केही हदसम्म पहुँच भयो, नियन्त्रण भएन । महिलाहरूले चाहेजसरी किनबेच गर्न सकेका छैनन् ।

**नेपालको पूर्वी भाग जहाँ लिम्बु र माझकिरात राईहरूको बाहुल्य छ, त्यहाँ किपट प्रथा थियो । तर**

**२०२१ सालको भूमिसुधारले यो प्रथा खारेज गरिदियो। यसलाई केही विश्लेषकहरूले राज्यले जनताको अधिकार हडपेको रूपमा लिन्छन्, तपाईं कसरी लिनुहुन्छ ?**

किपट आफैंमा आदिवासी प्रथा होइन । पृथ्वीनारायण शाहले लिम्बुवान र खम्बुवान जित्न कठिन परेपछि 'तिमीहरू नेपाल राज्यमा गाभियौ, यहाँका जग्गा केही गर्दैनौं । यहाँको जग्गा जमिनको मालिक तिमीहरू नै हुनेछौ' भनेर लालमोहर (कूत पत्र) दिएका हुन् ।

'यदि हामीले यो जग्गा लियौं भने हाम्रो वंशनाश हुन्छ' भनेका थिए भन्ने भनाइ छ । जमिनको अग्राधिकार स्थानीय शासकहरूलाई दिएको हो । त्यहाँ सुब्बाले धेरै जग्गा लिन्थे र सो जग्गा अरूले खेती गर्थे । एक हिसाबले हेर्दा जग्गा लिने गाउँको सामन्त नै कहलिन्थ्यो । यो प्रथा अछामतिर पनि थियो ।

२०२१ सालमा भूमिसुधार आएपछि किपट प्रथा उन्मूलन होइन, हटाएको हो । सुब्बाहरूले त्यो जग्गा आफ्नो नाममा गरे । जग्गा रैकरमा गयो । यतिन्जेल सामूहिक रहेको जग्गा झन् रैकर गरेपछि व्यक्तिको भयो । त्यो खेत कमाउनेहरू भूमिहीन भए । केहीले मोहीयानी हक प्राप्त गरे पनि ।

**अहिले पनि गुठीको जग्गा धेरै देखिन्छ। गुठीको जग्गा पनि मिचिएको भन्ने प्रतिवेदनहरू छन्। गुठीको जग्गाबारे तपाईंको धारणा के हो ?**

नेपालमा प्रायः गुठी धार्मिक कार्य गर्नको लागि अर्थ स्रोतका रूपमा राखेको देखिन्छ । गुठी अन्तर्गतका जग्गाहरूबाट सांस्कृतिक, धार्मिक र शैक्षिक कार्यक्रमहरू गरिन्थ्यो । कुनै समय सबैभन्दा धेरै जग्गा चाँगुनारायण र पशुपतिमा थियो । मान्छेमा निजी सम्पत्तिको अति लोभ हुँदै गएपछि रैकर बनाउने क्रम सुरु भयो ।

काठमाडौंको गुठी र दैलेख दुल्लुको गुठीलाई एकै तरिकाले हेरेर कानुन ल्याउनु हुँदैन । यी फरक छन् । उपत्यकाका गुठीहरू सांस्कृतिक काम गर्नका लागि दिएको देखिन्छ भने बाहिरका चाहिँ राजा–महाराजाको सनकमा गुठी बनाएर भूमिहीन पारिएको छ । यसले गर्दा उनीहरूले आधारभूत अधिकार समेत पाएको देखिँदैन ।

**बिर्तादेखि गुठीका जग्गासम्म आउँदा उत्पादनका लागि एकत्रित गरेको त होइन रहेछ है ?**

होइन नि । नेपाल राज्य बन्नुभन्दा अघि पनि नेपालमा विभिन्न राज्यहरू थिए । त्यतिबेला नि कहाँ बस्ती बसाउने, कहाँ खेती गर्ने भन्ने नै थिएन । अहिलेसम्म भू–उपयोग नीति ल्याएको देखिँदैन । नेपालको कृषि निर्वाहमुखी देखिन्छ । एकै व्यक्तिले सागदेखि चामलसम्म उत्पादन, दूधदेखि मासुका लागि पशुपालन समेत गरेको देखिन्छ ।

**मधेश प्रदेश गरिब हुनुको मुख्य कारण त्यहाँ को जमिनदारी प्रथा हो । मधेशी जमिनदारहरूले हरूवा-चरूवा र वास्तविक किसानलाई मोहीयानी हक नदिएर शोषण गरे ।**

अहिले बरू ठाउँ अनुसारको उत्पादन गर्ने भनेर शुरुवात त गरिएको छ तर सफल हुन सकेको देखिँदैन ।

**यसको पनि कारण छ ?**

एक रोपनीभन्दा कम जग्गा ४७ प्रतिशत परिवारसँग छ । १० रोपनीभन्दा बढी जग्गा भएको परिवार ५ प्रतिशत मात्र छन् । कागजका हिसाबले नेपालमा धेरै जग्गा हुने एकदमै कम छन् । जग्गाको वितरण सानो रूपमा धेरै भएपछि एकै ठाउँ योजनाबद्ध तरिकाले उत्पादन हुनै सक्दैन ।

**यसका लागि के गर्नुपर्छ त ?**

अहिले जग्गा बाँझो राख्ने, अरूले मोहीयानी हक पाउला कि भनेर खेती गर्न पनि नदिने र अर्को भनेको खेती गर्न चाहनेको हातमा जमिन नहुनु र खेती गर्न नचाहनेको हातमा जमिन हुनु हो । यसका लागि बैङ्कमा पैसा हुनेले बचत गर्छ र व्यवसाय गर्नेले कर्जा लिएजस्तै जमिन हुनेले निश्चित वर्षका लागि खेती गर्न चाहनेलाई कर्जा दिएजसरी दिनु हो । यसमा स्थानीय तहमा शाखा नै व्यवस्थापन गरेर काम गर्न सकिन्छ ।

मानौं, कुनै व्यक्तिले १० रोपनी जग्गामा खेती गर्न चाह्यो भने १० वर्षका लागि लिने, त्यो बापत उसले स्थानीय तहले तोकेको ब्याजजस्तै केही तिर्छ र जग्गाधनीले त्यो पाउँछ । सरकारकै रोहबरमा काम हुने भएकाले भोलि जग्गा गुम्ला कि भन्ने जग्गाधनीलाई पनि भएन र खेती लगाएपछि छोड्नुपर्छ कि भन्ने डर खेती गर्नेलाई पनि हुने भएन ।

**अघि भन्नुभयो खेती गर्नेको हातमा जमिन छैन, जसले खेती गर्दैन उसको हातमा जमिन छ। बिर्ता उन्मूलनको ६ दशक पुग्दा समेत खेती गर्नेको हातमा किन पुगेन? जबकि हरेक राजनीतिक दलको नारा नै 'जसको जोत उसको पोत' भन्ने थियो।**

त्यतिबेला कांग्रेस–कम्युनिस्ट दुबैको नारा बिर्ता उन्मूलन नै थियो । महेन्द्रले 'शाही कु' गरेपछि बिर्ता उन्मूलन त भएन, त्यो जग्गा रैकर भएको हो । जग्गावालाहरूले मोहीहरूलाई त्यो जग्गा उनीहरूको हुन दिएनन् । बिर्ता उन्मूलन भएका भनिएका ८० प्रतिशत जग्गा रैकर भएका छन् । जसले गर्दा

जमिनदारहरू नै पावरफुल भए। २०२१ सालपछि चाहिँ चाहेको मान्छेलाई जग्गा दिन नपाउने नियमचाहिँ बन्यो।

२०१५ सालको संसदीय चुनाव हुँदा ९६ प्रतिशत मानिस किसान थिए। धेरै मतदाता नै किसान भएपछि त दलहरूले किसानको मुद्दा उठाउने नै भए।



रौतहट र बारामा किसान विद्रोह भएको देखिन्छ। उत्पादनको हिस्सा हलियालाई देऊ, जमिनदारको हैकम अन्त्य हुनुपर्छ, 'रे नै जी' भन्ने अभियान नै चल्यो। किसानलाई हेपेर 'रे' भन्ने जमिनदारलाई 'जी' भन्ने प्रथा थियो। तराईतिर कम्युनिस्ट अनि पश्चिमतिर नेपाली कांग्रेसको नेतृत्वमा विद्रोह भएका देखिन्छन्।

**अहिलेको मुख्य समस्या भनेकै 'खेती गर्नेको हातमा जमिन नहुनु र जसको हातमा जमिन छ, उसले खेती नगर्नु' हो ।**

राम्रोसित सत्ता सम्हाल्न पाएको भए सुधारका काम बीपीले गर्न सक्थे होलान्। केही हदसम्म २०२१ सालको भूमिसुधारले मोही किसानहरूलाई जग्गा दिएको हो। राजा महेन्द्रको भूमिसुधार धेरै हिसाबले सफल भएन। जमिनदार वर्ग पञ्चायतमा हावी थियो।

अहिलेको मुख्य समस्या भनेकै 'खेती गर्नेको हातमा जमिन नहुनु र जसको हातमा जमिन छ, उसले खेती नगर्नु' हो।

२०२१ सालमा भूमिसुधार आएपछि दलहरूले पनि मोहीहरूलाई चनाखो हुन आग्रह गर्नुपर्थ्यो'। नेपाल मजदुर किसान पार्टीले खेत–खेतमा गएर मोहीयानी कायम गराउने काम गऱ्यो, अन्य दलले गरेनन् । अनि जसको बिर्ता छ उसैको मात्रै जमिन भयो। खेती गर्नेले पाएन ।

### नेपालका ७ प्रदेशमा सबैभन्दा गरिब मधेश प्रदेश हो। त्यहाँका आदिवासीको जमिनमा पहुँच किन भएन?

केही पहाडबाट झरेकाले जमिन लिए विभिन्न नाउँमा। तर त्योभन्दा पनि मधेशी जमिनदारहरूले गर्दा नै हरूवा–चरूवाहरूले जमिन नपाएका हुन्। हुन त पहाडियाले सस्तोमा जमिन खाइदिए भन्ने आहान अहिले चल्तीमा छ, तर योभन्दा पनि अन्वेषणले के पत्ता लगाउँछ भने ठूलो मात्रामा जमिन मधेशी जमिनदारको छ। उनीहरूले मोहीयानी हक नै दिएनन्।

मधेशका भूमिहीनहरू श्रमिक मात्रै रहन बाध्य भए। काम गरेको ज्याला पनि पूरै नपाउने भए। जमिनदारी प्रथाले मधेशमा गरिबी बढायो।

### सुकुमबासीलाई जमिन वितरण गर्ने भनेर विभिन्न आयोग समितिहरू बनेकै बन्यै गर्ने तर पनि सबैले भूमि किन पाउन नसकेको होला?

१३ लाख परिवारसँग भू–स्वामित्व छैन। जुन जमिनमा खेतीपाती गरेको छ, स्वामित्व उसको छैन। नागरिकलाई छानो हाल्न समेत आफ्नो भूमि नहुनु मौलिक अधिकार समेत नपाएको अवस्था हो। अहिले सरकारले खारेज गरेको (सर्वोच्चले ब्युँताएको) आयोग भूमि समस्या समाधान गर्न बनेको हो। यसले कसको कति ठाउँमा जमिन छ/छैन समेत ट्याली गरेर एकपटकका लागि जग्गा दिने हो।

पहिलेका आयोगहरूले जग्गा वितरण गर्दा केही बदमासी भएका हुन्, तर पहुँचवालाले बदमासी गरे भन्दैमा भूमिहीनलाई जग्गै नदिने भन्ने हुँदैन। भूमि नपाउनुको कारण त वैज्ञानिक तरिकाले भूमि वितरण नगर्नु, बिर्ता उन्मूलनको नाउँमा रैकर भएर केही सीमित व्यक्तिको नाउँमा जग्गा जानु र खास भूमिहीन पहिल्याउन नसक्नु जस्ता हुन्।

### कसरी भूमि दिने त?

यसका फरक–फरक मोडल हुन्छन्। हामीले गर्न सकिने भनेको भूमिको समस्या के हो ? किन कोही वर्षौंदेखि लालपुर्जा पाइरहेको छैन ? भूमिहीन पत्ता लगाउने अनि तिनलाई भूमि दिने नै हो। सबैले ओत लाउने बास त पाउनुपर्‍यो नि !

### अन्त्यमा, जमिनको अध्ययनमा कसरी जोडिनुभयो?

खेती–किसानी गर्नु जीविकाको लागि मात्रै होइन, सांस्कृतिक कर्म पनि हो। जमिनमा नागको पूजा गर्नु, अर्मपर्मदेखि खाद्यान्न उत्पादन भएपछि न्वागी खाने चलन हुनु– यी सबै जमिन र प्रकृतिप्रतिको पूजा हो। एक त भावनात्मक सम्बन्ध, अर्को त मानवशास्त्री हुनुको हिसाब र जमिन सबैले प्राप्त गर्नुपर्छ भन्ने विश्वास र दृष्टिकोणका कारण जमिनको अनुसन्धान गरियो।


### अबको तपाईंको अनुसन्धान ?

नेपालका दलितहरूको जमिनमा पहुँचबारे नै हुनेछ।

स्रोत : उकेरा, मङ्सिर २०, २०८२

# किन ओझेलमा पारिइन् पृथ्वीनारायण शाहकी नेवार रानी ?

राजकुमार दिवपाल




भक्तपुरका राजा रणजित मल्लले मितछोरा पृथ्वीनारायण शाह आफ्नो दरबारमा पाहुना भएर बसेको समय उनको सेवाका लागि नेवार जातिकी कन्या 'उपहार' दिएका थिए । ती कन्या नै उनकी नेवार रानी हुन् ।

पृथ्वीनारायण शाह जति सुरो र साहसी थिए, उनका बुवा राजा नरभूपाल शाह त्यस्ता थिएनन् । एउटा सानो पहाडी राज्य गोरखालाई विस्तार गरेर विशाल राज्यको राजा बन्ने महत्त्वाकांक्षा पूरा गर्न पृथ्वीनारायण शाह सफल भए । उनको यस अभियानमा छोरा राजकुमार बहादुर शाह र बुहारी राजमाता राजेन्द्रलक्ष्मीको पनि योगदान रह्यो ।

नरभूपालकै समयमा पनि गोरखा राज्य केही विस्तार भएको थियो । नरभूपालले नुवाकोट र तनहुँ कब्जा गरी गोरखा राज्य विस्तार गर्ने उद्देश्यका साथ अभियान सञ्चालन गरेका थिए । तर, उनी यी दुवै अभियानमा सफल हुन सकेनन् ।

यस्तो असफलताबाट उनी जीवनको उत्तरार्द्धमा पूरै निराश र बेचैन थिए । उनको मन टुट्यो, अनि उदास रहन थाले । उनको खुसी फर्काउन अनेक पूजापाठ र आध्यात्मिक अनुष्ठानहरू गरिए । उनको विछिप्तता बढ्दै गएपछि कतै कसैसँग मितेरी लगाए ग्रहदशा काटिन्छ कि भन्ने विचार पनि गरियो *( दिनेशराज पन्त, 'गोरखाको इतिहास' पहिलो भाग-२०४१:२६५-६६)* ।

नरभूपालका चार रानी थिए । तीमध्ये माहिली रानी कौशल्यावतीको कोखबाट पृथ्वीनारायणको जन्म भएको थियो । साहिँली रानी बुद्धिमती र कान्छी शुभद्रावतीबाट पनि सन्तानहरू जन्मे । तर, जेठी महारानी चन्द्रप्रभावतीबाट भने कुनै जायजन्म भएन ।

नरभूपाल मानसिक चिन्ताले विक्षिप्त हुँदै जाँदा उनी गोरखा राज्यको राजकाजमा पूर्णरूपमा उदासिन रहन थाले । दरबारमा बसेर राजकाजमा सक्रिय हुनुको सट्टा प्रायः एक जना नोकर केटो लिएर जङ्गलतिर बस्ने गर्थे । राजाको यस्तो अवस्थाबाट राज्यको काम भएन भनी त्यसबखतका काजी महेश्वर पन्थले त उनको मुकुट युवराज पृथ्वीनारायणलाई पहिऱ्याउनुपर्ने आवाजसमेत उठाए । तर, उनको यस्तो प्रस्तावउपर नरभूपालका काकाहरू र चौतारिया जहाँगिर शाहले विरोध गरे ।

गोरखा दरबारमा यस्तोसम्म अवस्था आइपुग्दा रानी चन्द्रप्रभावती राजकाजमा हस्तक्षेप गर्न अघि सरिन् । उनले आफ्ना विश्वासी भारदार भानु जोशीलाई लगाएर राजाका साथ जङ्गल घुम्ने नोकर केटोलाई हातमा लिइन् । अनि नरभूपाललाई दरबार बोलाई आफ्नो वशमा राखेर गृहप्रबन्ध गरेकी थिइन् *(बाबुराम आचार्य, 'श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाहको सङ्क्षिप्त जीवनी'-२०६१:९७)* ।

नरभूपालकी जेठी रानी आफ्नो समयमा शक्तिसम्पन्न थिइन् । चतुर पनि भएकीले बालककालमा पृथ्वीनारायणलाई काम सिकाउने सघाउने उनैले गरेकी थिइन् । नरभूपालको निस्क्रियताले राजकाजको सम्पूर्ण काम उनैको हातबाट हुन्थ्यो । पृथ्वीनारायणलाई बेजोडको प्रेरणा मिलेको थियो *(ज्ञानमणि नेपाल, 'नेपालको महाभारत'-२०५२:१६)* ।

जेठी आमाको यस्तो प्रेरणाबाट पृथ्वीनारायणले सानैदेखि राज्यका महत्त्वपूर्ण काममा सहभागिता जनाएका थिए । उनले त्यही बेलादेखि गोरखाको विजय यात्राका योजनामा हात हाल्न सुरु गरिसकेका थिए ।

## भक्तपुरबाट नेवार कन्या उपहार

पृथ्वीनारायणले राजकाज चलाउन थालिसकेका थिए । बिरामी बुवाको दशाग्रह कटाउन रानी चन्द्रप्रभावतीको निर्देशनअनुसार नरभूपालको मितेरी प्रस्ताव बोकेर पृथ्वीनारायण भक्तपुर दरबार पुगे । तर, भक्तपुरका राजा रणजित मल्ल गोरखाका राजा नरभूपालसँग मितेरी लगाउन राजी भएनन् । बरु, उनले आफ्ना ब्याइते रानीतिरका एक मात्र छोरा युवराज वीरनरसिंह मल्ललाई पृथ्वीनारायणसँगै मित लगाइदिएर गोरखा राज्यसँग परस्पर मित्र सम्बन्ध गाँसे *(बाबुराम आचार्य, 'पूर्णिमा' पूर्णाङ्क ४९-असोज २०३८:१०)* ।

पृथ्वीनारायणले आधिकारिक रूपमा दुई जनासँग विवाह गरेको देखिन्छ । तीमध्ये मकवानपुरका राजा हेमकर्ण सेनकी छोरी इन्द्रकुमारी र गोरखपुरका ठाकुर दयाराम सिंह (कतै अहिराम सिंह)की छोरी नरेन्द्रलक्ष्मीसँग विवाह भएको थियो । तर, उनले भक्तपुरकी एक नेवार कन्यालाई पनि दरबारमा भित्र्याएका थिए । ती रानीबारे भने कमै चर्चा हुने गरेको छ ।

पृथ्वीनारायणलाई उनका मितबुवा रणजित मल्लले ती नेवार कन्या उपहारस्वरूप प्रदान गरेका थिए । उनले वि.सं. १८०३ मा आफ्नो दरबारमा पाहुना भएर बसेको समय मितछोरा गोरखाली राजा पृथ्वीनारायणलाई उनको सेवासुसारका लागि नेवार जातिकी मैजुकन्या 'उपहार' दिएका हुन् ।

पृथ्वीनारायण नुवाकोट आएपछि ती मैजुकन्या उनको भित्रिनी (उपरानी) बनिन् । नुवाकोट आएको दुईतीन वर्षपछि उनलाई क्षयरोगले समात्यो । बाँच्ने आशा नहुँदा उनैको इच्छाअनुसार पृथ्वीनारायणले देवघाटको बाटो गरी बनारसतिर रवाना गराए ।

त्यसबेला तनहुँका राजाहरू हिउँद लागेपछि जाडो छल्न आफ्नो जमिनदारीमा रहेको तराईको चम्पारन (अहिले भारत) मा घाम ताप्न जान्थे र वसन्तको आरम्भमा तनहुँको राजभवनमा फर्कन्थे । त्यसैबेला तनहुँका राजा त्रिविक्रम सेन देवघाटनेर जोगिमारामा थिए । नुवाकोटबाट रक्षकहरूका साथ डोलीमा आएकी पृथ्वीनारायणकी यी मैजु भित्रिनीलाई देखेर उनी त्यहाँ पुगे । अनि, रानी चढेको डोलीको झापन खोली मुख हेरेर छाडिदिए । यसलाई पृथ्वीनारायणले आफ्नो ठूलो अपमान सम्झे । उनी रिसले चुर भएर त्रिविक्रम सेनलाई दण्ड दिने निर्णय गरे *(आचार्य, २०६१:२०८)* ।

यो घटनाको बदला लिन पृथ्वीनारायणले लमजुङ राज्यलाई फुटाएर तनहुँसँग आधाआधा बाँड्ने भनी त्रिविक्रम सेनलाई सम्झौताका लागि निःशस्त्र ज्यामिरघाट आउन निम्तो पठाए । तर, पृथ्वीनारायणले आफ्ना भारदारहरूलाई सजग गराएर अघिल्लै रात बगरका बालुवाभित्र आफ्ना अङ्गरक्षकहरूको हतियार लुकाएर ठीक गरेका थिए । त्यहाँ पृथ्वीनारायण शाहको भित्रिनीको झपन खोली मुख हेरेको कुरा उठ्यो, विवाद भयो । त्यहीँ बेला गोरखालीहरूले बालुवामा लुकाइराखिएको हतियार झिके अनि त्रिविक्रम सेनलाई पक्रिएर नेल हाली गोरखा ल्याए । पछि रिस ठण्डा भएपछि पृथ्वीनारायणले त्रिविक्रमलाई छाडिदिए *(आचार्य, २०६१:२११)* ।

बाँच्ने आशा कम भएपछि देवघाट हुँदै बनारसतिर रवाना भएकी पृथ्वीनारायणकी यी नेवार भित्रिनीको सम्भवतः बनारसमै देहान्त भयो । यसबाट हेर्दा पृथ्वीनारायण शाह नेवार राजाको मीत छोरा र नेवार जातिको ज्वाइँ पनि हुन् ।

## नेवार रानीतिरका सन्तान

पृथ्वीनारायण शाहका सन्तानको रूपमा आजसम्म रानी नरेन्द्रलक्ष्मीतिरका छोराहरू प्रतापसिंह शाह र बहादुर शाह अनि इन्द्रकुमारीतिरकी छोरी विलासकुमारीको मात्र चर्चा हुने गरेको छ ।

काठमाडौँ वसन्तपुर दरबारको दक्षिण ढोकामा रहेको पृथ्वीनारायणको वि.सं. १८२६ को अभिलेखमा पनि 'प्रतापसिंहः प्रथमः कनीयां ल्लोके बहादूर इति प्रसिद्ध ।।५।।' भनी उल्लेख गरेका छन् *(धनबज्र बज्राचार्य र टेकबहादुर श्रेष्ठ सम्पा.), 'शाहकालको अभिलेख'-२०३७:३८१-८२)* । जेठा प्रतापसिंह र कान्छा छोराका रूपमा बहादुर शाहको मात्र अभिलेखमा नाम उल्लेख गर्नुले पृथ्वीनारायणका दुई मात्र छोरा हुन् भन्ने कुरा लोकलाई देखाउन खोजिएको छ ।

तर, पृथ्वीनारायण शाहकी यी नेवार भित्रिनीतिरबाट पनि एक छोराको जन्म भएको थियो । उनको नाम नरसिंह (रणसिंह) थियो । उनी प्रतापसिंह शाहको राज्यकालमा दरबारका एक चौतरिया थिए ।

पृथ्वीनारायणले आफ्नो जीवनकालमा आफ्ना अनौरस पुत्र (नेवार्नी पत्नीतर्फका छोरा) नरसिंह (रणसिंह)लाई खास महत्त्व दिएनन् । रणसिंहले किशोरावस्थामा प्रवेश गरिसकेपछि मात्र राजा प्रतापसिंह शाहको पालामा दरबारमा सक्रिय हुने अवसर पाएका थिए । त्यसबेला प्रतापसिंहले आफ्ना सहोदर भाइ बहादुर शाहलाई उपेक्षा गरेका थिए । प्रतापसिंह राजा भइन्जेल बहादुर शाहले दरबारमा टेक्ने अवसर पाएनन् । उनी निर्वासित अवस्थामा थिए *(बाबुराम आचार्य 'श्री ५ प्रतापसिंह शाह'-२०६०:९३)* ।

प्रतापसिंह राजा भएपछि नेवार्नी पत्नीतिरका छोरा रणसिंह चौतारा भएपछि दरबारका अधिकारसम्पन्न भारदार भए । राजकुमार नरसिंह शाह राजाका कान्छा भाइको हैसियतले रणसिंह शाहका रूपमा परिणत भए । राजा प्रतापसिंहका सहोदर भाइ राजकुमार बहादुर शाह भने बोलिचालीमा 'माहिला साहेब'को नाममा चिनिन थालेको पाइन्छ *(आचार्य, २०६०:९४)* ।

एक पत्रमा रणबहादुर शाहले बहादुर शाहलाई 'माहिला बाबा' भनी सम्बोधन गरेको पाइएको छ । दरबारका मूलकाजी सर्वजित राना मारिएर राजेन्द्रलक्ष्मीलाई पनि थुनामा राखिसकेपछि बहादुर शाहले नायबी लिन्छन् । त्यसपछि वि.सं. १८३५ भदौ ११ बुधबार बालक राजा रणबहादुर शाहले भारदारहरू योगनारायण मल्ल तथा ब्रजबासी पाँडेको नाममा लालमोहर जारी गर्दा 'सर्वजित रानाले अकर्म गऱ्यो र काटियो मुलुकको भंनु श्रीमाहिला बाबालाइ बक्स्यौँ इनैका मार्फत सित मामिला गर' भन्ने उल्लेख गरेका छन् *(योगी नरहरिनाथ, 'इतिहास प्रकाशमा सन्धिपत्र सङ्ग्रह भाग १'-२०५५:३१)* ।



पृथ्वीनारायणकै समयमा बनेको र हाल नुवाकोट दरबारमा राखिएको दुई रानीसहित उनको शालिक। *(स्रोत: विकिपिडिया)*

पृथ्वीनारायणले आफ्नो जीवनकालभरि नेवार्नी पत्नीतिरका छोरालाई लोकलाई चिनाउन आवश्यक ठानेको देखिँदैन। फलतः इतिहासमा पृथ्वीनारायणका दुई मात्र छोरा प्रतापसिंह र बहादुर शाह भए भन्ने स्थापित हुन पुग्यो। ल्याइता नेवार्नीतिरका छोरा उपेक्षित हुँदै पृथ्वीनारायणको जीवनकालभरि ओझेलमा परिरहे।

## नेवारसँग सम्बन्ध: पहिले शत्रु, पछि सम्धी

पृथ्वीनारायणको जसरी भक्तपुरका युवराजसँग मितेरी साइनो र नेवार समुदायसँग ससुराली सम्बन्ध स्थापित भयो, उसैगरी ललितपुरका नेवार प्रधानहरूसँग उनको सम्धी नाता कायम भएको देखिन्छ। उनका छोरा प्रतापसिंह शाहले एक नेवार कन्या ल्याइताका रूपमा दरबार भित्र्याएका थिए। उनीतिरबाट प्रतापसिंह शाहका दुई छोरा विदुर शाही र शेरबहादुर शाहीको जन्म भएको थियो। प्रतापसिंहकी नेवार भित्रिनी पाटनका काजी खलककी छोरी थिइन्।

रणबहादुरको शासनकालमा दरबारमा एक जना काजी त्रिभुवन प्रधान थिए। इतिहास शिरोमणि बाबुराम आचार्यले चौतरिया शेरबहादुर शाहीलाई काजी त्रिभुवन प्रधानको भानिज भनेका छन्। रणबहादुर स्वदेश फर्केपछि सरकारी ढुकुटीको १८ हजार रुपैयाँ निकाली राज्यलाई अनावश्यक रूपमा नोक्सान गराएको सम्पूर्ण दोष काजी त्रिभुवनमाथि थोपरी उनलाई विष्णुमती नदीमा लगेर काट्न आदेश दिएका थिए।

वास्तवमा रणबहादुरले भीमसेन थापाको चालबाजीमा परेर त्रिभुवनका भानिज मूल चौतारा शेरबहादुर शाहीको तेजोवध गर्न यस्तो आदेश दिएका थिए *(बाबुराम आचार्य, 'जनरल भीमसेन थापा: यिनको उत्थान र पतन'-२०६९:६३)*। यसबाट काजी त्रिभुवन प्रधान प्रतापसिंह शाहका नेवार मैजुका दाजु वा भाइ थिए भन्ने स्पष्ट हुन्छ।

वि.सं. १८५५ मा आफ्ना छोरा गिर्वाणयुद्धविक्रम शाहलाई राजा बनाउन दरबारका भारदारहरूलाई तावापत्र गरिदिँदा त्यहाँ हस्ताक्षर गर्नेमध्ये काजी त्रिभुवन प्रधान पनि एक थिए। तावापत्रमा हस्ताक्षर गर्नेहरूको तीनपुस्ताको नाम उल्लेख गरिएको छ। त्यहाँ उनका बाजेको नाम धनवन्त र बाबुको नाम वीरनरसिंह भन्ने उल्लेख छ *(चित्तरञ्जन नेपाली, 'श्री ५ रणबहादुर शाह'-२०७५:११०)*।

गोरखालीले तीनपटक कीर्तिपुर आक्रमण गर्दा काजी धनवन्त त्यहाँका मुख्य जिम्मेवार व्यक्ति थिए। उनका छोरा वीरनरसिंहलाई गोरखालीहरूले अपहरण गरी कठोर यातनाका साथ नुवाकोटमा राखिएको थियो। गोरखालीहरूले भगिड्ु ठानामा प्रवेश गरी काजी वीरनरसिंहसहित अर्का एक जना सरदारका छोरालाई अपहरण गरेका थिए।

अपहरणमा परेका दुवैलाई तादी नदीमा डुबाएर सास्ती दिइएको थियो। त्यस क्रममा एक जना सरदारका छोराको भने मृत्यु भएको थियो। वीरनरसिंहलाई नेल ठोकेर पहराका साथ त्रिशुलीको साँघुमा राखिँदा उनी एकपटक त्यहाँबाट मर्न वा उम्कन फाल हानेका थिए। तर, गोरखालीहरूले बचाए।

पृथ्वीनारायणले वीरनरसिंहलाई 'तेरा बाबुलाई झिकाउन म चिठ्ठी लेख्छु, तँ पनि चिठ्ठी पठाउँदै गर्। तेरा बाबु हाम्रा हजुरमा हाजिर भएपछि तेरा बाबु र तँलाई बक्सिस दिउँला' भनेपछि वीरनरसिंहले आफ्ना बाबु धनवन्तलाई गोरखालीको शरणमा आउन बारम्बार चिठ्ठी लेखे। अपहरित छोराबाट बारम्बार यस्तो चिठ्ठी आएपछि दबाबमा परेका थिए। त्यही दबाब झेल्न नसकेर उनले कीर्तिपुरका ढोका खोलिदिएका थिए *(नेपाल देशको इतिहास, 'प्राचीन नेपाल' सङ्ख्या २२-माघ २०२९:१८)*।

कीर्तिपुर हात परेपछि पृथ्वीनारायणले वीरनरसिंह मार्फत् धनवन्तलाई नुवाकोट बोलाए। धनवन्त ललितपुरबाट मुस्किलले उम्केर सपरिवार नुवाकोट पुग्दा ललितपुरका राजा र मन्त्रीहरूबाट उनको सर्वश्वहरण भयो। पछि धनसम्पति र खान्गीसहित ललितपुरको काजी बनाइए। अनि, पूर्वजातीय समाजबाट अलग गराउन पृथ्वीनारायणले धनवन्तलाई 'खासमा रहने', अर्थात् खवास उपाधि दिएका थिए *(आचार्य, २०६१:३०६-७)*।

पछि धनवन्त सिंह पूर्णरूपमा गोरखाली पक्षधर भए। वि.सं. १८२५ असोज २४ गते गोरखालीले बिनारक्तपात ललितपुर अधिनमा ल्याउँदा काजी केहरसिंह बस्नेतका साथ धनवन्त सिंह पनि ललितपुर पुगेका थिए। ललितपुर गोरखालीको पूर्ण अधिनमा आएपछि यस क्षेत्रको प्रमुख प्रशासकका रूपमा धनवन्त नै नियुक्त भए *(बाबुराम आचार्य, 'नेपालको सङ्क्षिप्त वृत्तान्त'-२०६३:१६४)*।

पछि पृथ्वीनारायण शाहका छोरा प्रतापसिंह शाहले उनै वीरनरसिंहकी छोरी विवाह गरेका थिए। वीरनरसिंहका छोरा त्रिभुवन प्रधान कुनै बेला दरबारमा शक्तिशाली काजी हुन पुगेका थिए।

स्रोत : उकालो, २७ जेठ, २०८०

# जोन नेपियर : लघुगणक सिद्धान्तका प्रतिपादक



राजेन्द्र बहादुर कायष्ठ

**विषय प्रवेश :** हाम्रो दैनिक जीवनमा निरन्तर प्रयोग हुने विभिन्न विषयहरूमध्ये एउटा गणित हो। गणितको ज्ञान नगद कारोबार गर्न, खाना पकाउन, समय व्यवस्थापन गर्न, वस्तुको नाप लिनलगायत विविध कार्यहरू गर्न प्रयोग भइरहेको हुन्छ। विगतमा गणित शिक्षालाई अङ्कगणित (अङ्कहरूको गणित), विज गणित (चलराशी र समिकरणको गणित), ज्यामिति (चित्रहरूको गणित) र त्रिकोणोमिति (त्रिभुजहरूको कोण र भुजाहरूको अध्ययन गर्ने गणित) को रूपमा अध्यापन गरिन्थ्यो। हाल यसका धेरै विधाहरूको विकास भइसकेको छ। प्राचीन समयदेखि नै गणितमा प्रयोग हुने क्रियाहरू जम्मा (addition), घटाउ (Subtraction), गुणन (Multiply) र भाग (Division) हुन्। क्यालकुलेटरको आविष्कार हुनुपूर्व ठूलो सङ्ख्याहरू गुणन र भाग गर्न कठिन थियो। यस कार्यलाई सरल र सहज बनाउने तरीकाका आविष्कारक थिए जोन नेपियर (John Napier, 1550-1617)। उनले प्रतिपादन गरेको लघुगुणक वा लग थियोरमको सहयोगबाट जटिलभन्दा जटिल गुणा र भागलाई छिट्टै र सही किसिमले समाधान गर्न मानिसहरू सफल भए। नैपियर एक प्रसिद्ध गणितज्ञ, भौतिकशास्त्री, खगोलशास्त्री तथा धार्मिक लेखक थिए। उनी मर्चिस्टनको आठौँ लर्ड पनि थिए।

**बाल्यकाल र शिक्षा :** जोन नेपियर सन् १५५० फेब्रुअरी १ मा स्कटल्याण्डको एडिनबरा नजिकको मर्चिस्टन क्यासलमा जन्मेका थिए। उनका पिताको नाम सर आर्चिबाल्ड नेपियर (मर्चिस्टनका सातौँ लर्ड) र माताको नाम जानेट बोथवेल थियो। उनी जन्मँदा उनका पिता भर्खर १६ वर्षका थिए। उनका पिता मर्चिस्टन क्यासलका मालिक, मर्चिस्टनका सातौँ लर्ड र स्कटल्याण्डका महत्त्वपूर्ण व्यक्ति थिए। उनका माता राजनीतिज्ञ र न्यायाधीश फ्रान्सिस बोथवेलकी छोरी थिइन्। नेपियर धनी र कुलीन परिवारमा जन्मिएकाले उनको प्रारम्भिक शिक्षा घरमै निजी ट्युटरहरूबाट प्राप्त



गरेको विश्वास गरिन्छ। सन् १५६३ मा १३ वर्षको उमेरमा उनी सेन्ट एन्ड्रुज विश्वविद्यालयको सेन्ट साल्भेटर कलेजमा भर्ना भए। त्यस समय विश्वविद्यालयको शिक्षाको गुणस्तर कमजोर थियो। उनले त्यहाँबाट डिग्री प्राप्त गरेनन् र विश्वविद्यालय छाडे। त्यसपछि उनले युरोपका विभिन्न देशहरू (फ्रान्स, इटाली, नेदरल्याण्ड) को यात्रा गरी थप अध्ययन गरेको मानिन्छ। उनका मामा एडम बोथवेलको सुझावअनुसार उनलाई घरमा राम्रो शिक्षा नमिल्ने भएकोले विदेश पठाइएको थियो। यो बाहेक त्यसबेला स्कटल्याण्डको परम्पराअनुसार जमिनदारका सन्तानहरू विदेश जानु अनिवार्य जस्तै थियो। अध्ययनपछि उनी सन् १५७१ मा २१ वर्षको उमेरमा स्कटल्याण्ड फर्किए। त्यसपछि जीवनभर मर्चिस्टन र गार्टनेशमा बसे।

**आविष्कारहरू :** नेपियर मुख्य रूपमा गणितीय गणनालाई सरल बनाउने आविष्कारहरूका लागि प्रसिद्ध छन्। उनका प्रमुख आविष्कारहरू निम्नानुसार छन् –

**क) लघुगणक** (Logarithms) : यो उनको सबभन्दा महत्त्वपूर्ण आविष्कार हो। यसको खोज सन् १५९४ देखि नै सुरु गरेका थिए। सन् १६१४ मा प्रकाशित उनको पुस्तक Mirifici Logarithmorum Canonis Descriptio (1614) (अङ्ग्रेजीमा रूपान्तर Description of the Wonderful Canon of Logarithms) मा लघुगुणकको अवधारणा प्रस्तुत गरेका थिए। जसले गुणन र भाग जस्ता जटिल गणनालाई जोड र घटाउमा परिणत गरेर सरल तरीकाले गर्न सिकायो।

लघुगुणक एउटा यस्तो तरीका हो जसमा धेरैभन्दा धेरै गुणाको क्रियालाई धनात्मक रूपमा र भागको क्रियालाई ऋृणात्मक रूपमा व्यक्त गर्ने गरिन्छ। घाताङ्क भएका सङ्ख्यालाई घाताङ्कले गुणा गर्दा लघुगुणक देखा पर्दछ। लघुगुणक सारणीबाट प्राप्त मानलाई जोड घटाउको चिह्नअनुसार मान प्राप्त गर्ने गरिन्छ। यस मानअनुसार सारणीबाट प्रतिलघुगुणकलाई दशमलवको चिह्न लगाएर गणनाको परिमाण प्राप्त गर्न सकिन्छ। उनले लघुगुणकको नियम प्रयोग गरेर कसरी गुणा, भाग, वर्गमूल आदिको गणना छिटो हल गर्न सकिन्छ भनेर बताए। यसले खगोलशास्त्र, नेविगेसन र विज्ञानमा ठूलो योगदान पुऱ्यायो। सन् १६२३ मा पहिलो क्यालकुलेटर (नाम Calculating Clock) को आविष्कार हुँदै सन् १९६० मा विद्युतीय क्यालकुलेटर हाल कम्प्युटरको आविष्कारले लघुगुणकको प्रयोग कम हुँदै गएको छ।


## लघुगुणक तालिका

LOGARITHMIC FUNCTION DEFINITION BYJU'S The Learning App

| | 0 | 1 | 2 | 3 | 4 | 5 | 6 | 7 | 8 | 9 | Mean Difference | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | 1 | 2 | 3 | 4 | 5 | 6 | 7 | 8 | 9 |
| 10 | 0000 | 0043 | 0086 | 0128 | 0170 | 0212 | 0253 | 0294 | 0334 | 0374 | 4 | 8 | 12 | 17 | 21 | 25 | 29 | 33 | 37 |
| 11 | 0414 | 0453 | 0492 | 0531 | 0569 | 0607 | 0645 | 0682 | 0719 | 0755 | 4 | 8 | 11 | 15 | 19 | 23 | 26 | 30 | 34 |
| 12 | 0792 | 0828 | 0864 | 0899 | 0934 | 0969 | 1004 | 1038 | 1072 | 1106 | 3 | 7 | 10 | 14 | 17 | 21 | 24 | 28 | 31 |
| 13 | 1139 | 1173 | 1206 | 1239 | 1271 | 1303 | 1335 | 1367 | 1399 | 1430 | 3 | 6 | 10 | 13 | 16 | 19 | 23 | 26 | 29 |
| 14 | 1461 | 1492 | 1523 | 1553 | 1584 | 1614 | 1644 | 1673 | 1703 | 1732 | 3 | 6 | 9 | 12 | 15 | 18 | 21 | 24 | 27 |
| 15 | 1761 | 1790 | 1818 | 1847 | 1875 | 1903 | 1931 | 1959 | 1987 | 2014 | 3 | 6 | 8 | 11 | 14 | 17 | 20 | 22 | 25 |
| 16 | 2041 | 2068 | 2095 | 2122 | 2148 | 2175 | 2201 | 2227 | 2253 | 2279 | 3 | 5 | 8 | 11 | 13 | 16 | 18 | 21 | 24 |
| 17 | 2304 | 2330 | 2355 | 2380 | 2405 | 2430 | 2455 | 2480 | 2504 | 2529 | 2 | 5 | 7 | 10 | 12 | 15 | 17 | 20 | 22 |
| 18 | 2553 | 2577 | 2601 | 2625 | 2648 | 2672 | 2695 | 2718 | 2742 | 2765 | 2 | 5 | 7 | 9 | 12 | 14 | 16 | 19 | 21 |
| 19 | 2788 | 2810 | 2833 | 2856 | 2878 | 2900 | 2923 | 2945 | 2967 | 2989 | 2 | 4 | 7 | 9 | 11 | 13 | 16 | 18 | 20 |
| 20 | 3010 | 3032 | 3054 | 3075 | 3096 | 3118 | 3139 | 3160 | 3181 | 3201 | 2 | 4 | 6 | 8 | 11 | 13 | 15 | 17 | 19 |
| 21 | 3222 | 3243 | 3263 | 3284 | 3304 | 3324 | 3345 | 3365 | 3385 | 3404 | 2 | 4 | 6 | 8 | 10 | 12 | 14 | 16 | 18 |
| 22 | 3424 | 3444 | 3464 | 3483 | 3502 | 3522 | 3541 | 3560 | 3579 | 3598 | 2 | 4 | 6 | 8 | 10 | 12 | 14 | 15 | 17 |
| 23 | 3617 | 3636 | 3655 | 3674 | 3692 | 3711 | 3729 | 3747 | 3766 | 3784 | 2 | 4 | 6 | 7 | 9 | 11 | 13 | 15 | 17 |
| 24 | 3802 | 3820 | 3838 | 3856 | 3874 | 3892 | 3909 | 3927 | 3945 | 3962 | 2 | 4 | 5 | 7 | 9 | 11 | 12 | 14 | 16 |
| 25 | 3979 | 3997 | 4014 | 4031 | 4048 | 4065 | 4082 | 4099 | 4116 | 4133 | 2 | 3 | 5 | 7 | 9 | 10 | 12 | 14 | 15 |
| 26 | 4150 | 4166 | 4183 | 4200 | 4216 | 4232 | 4249 | 4265 | 4281 | 4298 | 2 | 3 | 5 | 7 | 8 | 10 | 11 | 13 | 15 |
| 27 | 4314 | 4330 | 4346 | 4362 | 4378 | 4393 | 4409 | 4425 | 4440 | 4456 | 2 | 3 | 5 | 6 | 8 | 9 | 11 | 13 | 14 |
| 28 | 4472 | 4487 | 4502 | 4518 | 4533 | 4548 | 4564 | 4579 | 4594 | 4609 | 2 | 3 | 5 | 6 | 8 | 9 | 11 | 12 | 14 |
| 29 | 4624 | 4639 | 4654 | 4669 | 4683 | 4698 | 4713 | 4728 | 4742 | 4757 | 1 | 3 | 4 | 6 | 7 | 9 | 10 | 12 | 13 |
| 30 | 4771 | 4786 | 4800 | 4814 | 4829 | 4843 | 4857 | 4871 | 4886 | 4900 | 1 | 3 | 4 | 6 | 7 | 9 | 10 | 11 | 13 |
| 31 | 4914 | 4928 | 4942 | 4955 | 4969 | 4983 | 4997 | 5011 | 5024 | 5038 | 1 | 3 | 4 | 6 | 7 | 8 | 10 | 11 | 12 |
| 32 | 5051 | 5065 | 5079 | 5092 | 5105 | 5119 | 5132 | 5145 | 5159 | 5172 | 1 | 3 | 4 | 5 | 7 | 8 | 9 | 11 | 12 |
| 33 | 5185 | 5198 | 5211 | 5224 | 5237 | 5250 | 5263 | 5276 | 5289 | 5302 | 1 | 3 | 4 | 5 | 6 | 8 | 9 | 10 | 12 |
| 34 | 5315 | 5328 | 5340 | 5353 | 5366 | 5378 | 5391 | 5403 | 5416 | 5428 | 1 | 3 | 4 | 5 | 6 | 8 | 9 | 10 | 11 |
| 35 | 5441 | 5453 | 5465 | 5478 | 5490 | 5502 | 5514 | 5527 | 5539 | 5551 | 1 | 2 | 4 | 5 | 6 | 7 | 9 | 10 | 11 |
| 36 | 5563 | 5575 | 5587 | 5599 | 5611 | 5623 | 5635 | 5647 | 5658 | 5670 | 1 | 2 | 4 | 5 | 6 | 7 | 8 | 10 | 11 |
| 37 | 5682 | 5694 | 5705 | 5717 | 5729 | 5740 | 5752 | 5763 | 5775 | 5786 | 1 | 2 | 3 | 5 | 6 | 7 | 8 | 9 | 10 |
| 38 | 5798 | 5809 | 5821 | 5832 | 5843 | 5855 | 5866 | 5877 | 5888 | 5899 | 1 | 2 | 3 | 5 | 6 | 7 | 8 | 9 | 10 |
| 39 | 5911 | 5922 | 5933 | 5944 | 5955 | 5966 | 5977 | 5988 | 5999 | 6010 | 1 | 2 | 3 | 4 | 5 | 7 | 8 | 9 | 10 |
| 40 | 6021 | 6031 | 6042 | 6053 | 6064 | 6075 | 6085 | 6096 | 6107 | 6117 | 1 | 2 | 3 | 4 | 5 | 6 | 8 | 9 | 10 |
| 41 | 6128 | 6138 | 6149 | 6160 | 6170 | 6180 | 6191 | 6201 | 6212 | 6222 | 1 | 2 | 3 | 4 | 5 | 6 | 7 | 8 | 9 |
| 42 | 6232 | 6243 | 6253 | 6263 | 6274 | 6284 | 6294 | 6304 | 6314 | 6325 | 1 | 2 | 3 | 4 | 5 | 6 | 7 | 8 | 9 |
| 43 | 6335 | 6345 | 6355 | 6365 | 6375 | 6385 | 6395 | 6405 | 6415 | 6425 | 1 | 2 | 3 | 4 | 5 | 6 | 7 | 8 | 9 |
| 44 | 6435 | 6444 | 6454 | 6464 | 6474 | 6484 | 6493 | 6503 | 6513 | 6522 | 1 | 2 | 3 | 4 | 5 | 6 | 7 | 8 | 9 |
| 45 | 6532 | 6542 | 6551 | 6561 | 6571 | 6580 | 6590 | 6599 | 6609 | 6618 | 1 | 2 | 3 | 4 | 5 | 6 | 7 | 8 | 9 |
| 46 | 6628 | 6637 | 6646 | 6656 | 6665 | 6675 | 6684 | 6693 | 6702 | 6712 | 1 | 2 | 3 | 4 | 5 | 6 | 7 | 7 | 8 |
| 47 | 6721 | 6730 | 6739 | 6749 | 6758 | 6767 | 6776 | 6785 | 6794 | 6803 | 1 | 2 | 3 | 4 | 5 | 5 | 6 | 7 | 8 |
| 48 | 6812 | 6821 | 6830 | 6839 | 6848 | 6857 | 6866 | 6875 | 6884 | 6893 | 1 | 2 | 3 | 4 | 4 | 5 | 6 | 7 | 8 |
| 49 | 6902 | 6911 | 6920 | 6928 | 6937 | 6946 | 6955 | 6964 | 6972 | 6981 | 1 | 2 | 3 | 4 | 4 | 5 | 6 | 7 | 8 |
| 50 | 6990 | 6998 | 7007 | 7016 | 7024 | 7033 | 7042 | 7050 | 7059 | 7067 | 1 | 2 | 3 | 3 | 4 | 5 | 6 | 7 | 8 |

**ख) नेपियरका हड्डीहरू** (Napier's Bones) : यो एक यान्त्रीक गणना गर्ने उपकरण हो। यसमा अङ्कित छडीहरू (rods) प्रयोग गरेर गुणन, भाग वर्गमूल र घनमूल निकाल्न सहज बनाइएको छ। यो स्लाइड रुलको पूर्ववर्ती मानिन्छ।

**ग) दशमलव विन्दुको लोकप्रिय प्रयोग** (Popularization of the decimal point) : दशमलव अङ्कहरूमा बिन्दु (.) को प्रयोगलाई व्यापक बनाए। जसले अङ्कगणितलाई सरल बनायो।




नेपियरको हड्डीहरू नामक उपकरण

**घ) गोलाकार त्रिकोणमितिमा योगदान** (Contribution on circular trigonometry) : उनले गोलाकार त्रिकोणमितिमा समस्या समाधानका लागि सूत्रहरू विकास गरे।

यसबाहेक उनले युद्धका लागि केही कल्पनाशील आविष्कारहरूको प्रस्ताव गरेका थिए, जस्तै जलाउने ऐना, विशेष तोप र पानीमुनि चल्ने जहाजको डिजाइन तर ती मुख्य रूपमा आविष्कार नभइकन कल्पना आधारित नमुना थिए।

**धार्मिक तथा अन्य कार्यहरू :** जोन नेपियर कट्टर प्रोटेस्टेन्ट थिए। उनी रोमन क्याथोलिक चर्चका कटु आलोचक थिए। उनी जीवनभर चर्चविरुद्ध प्रचार कार्यमा व्यस्त रहे। उनले सन् १५९३ मा 'A Plaine Discovery of the Whole Revelation of St. John' नामक पुस्तक लेखे, जसलाई उनी आफ्नो सबैभन्दा महत्त्वपूर्ण कार्य मान्थे। यस पुस्तकमा बाइबलको व्याख्या गरेका थिए र पोपलाई एन्टिक्राइस्ट भनेका थिए। यो पुस्तक लेखकको जीवनकालमा २१ औं संस्करणसम्म प्रकाशित भयो। यस पुस्तकको प्रकाशनपछि



जोन नेपियरको प्रतिमा

नेपियर युद्ध सम्बन्धी यन्त्र अनुसन्धानमा लागे। उनले दुई प्रकारका आगो लगाउने दर्पण पनि बनाए। एउटा धातुको रथ पनि बनाए, जसमा बनेका स-साना प्वालबाट गोलीको वर्षा गरिन्छ। उनको गणितीय ज्ञान र रहस्यमय जीवनशैलीका कारण उनलाई जादुगर वा अल्केमिस्टको रूपमा पनि अफवाह फैलाएको थियो।

**विवाह र परिवार :** जोन नेपियरले पहिलो विवाह सन् १५७२ मा एलिजावेथ स्टर्लिङसँग गरे। एलिजावेथ कुलिन परिवारकी छोरी थिइन्। उनको तर्फबाट एक छोरा आर्चिवाल्ड नेपियर र एक छोरी जेन नेपियरको जन्म भएको थियो। पहिलो पत्नी एलिजावेथको सन् १५७९ मा मृत्यु भयो। त्यसपछि उनले दोस्रो विवाह एग्नेस चिस्होल्मसँग गरे। यो विवाहबाट पाँच छोरा र पाँच छोरीहरूको जन्म भयो। यसरी जोन नेपियरको दुइटी श्रीमतीहरूको तर्फबाट कुल १२ सन्तान थिए। जेठा छोरा आर्चिवाल्ड पहिलो लर्ड नेपियर बने। जेठो छोरा आर्चिवाल्डबाट नेपियर परिवारमा लर्ड नेपियरको उपाधी चल्यो। नेपियर परिवार स्कटल्याण्डको इतिहासमा लामो समयसम्म प्रभावशाली रह्यो। जोन नेपियरको परिवार कुलीन र प्रभावशाली भएकोले उनलाई गणित र धर्मशास्त्रबारे अध्ययन र काम गर्न पर्याप्त समय र स्रोत प्रदान गऱ्यो।

## जोन नेपियर सम्बन्धी मुख्य तथ्यहरू :

**क)** उनको जन्म सन् १५५० फेब्रुअरी १ मा मर्चिस्टन क्यासलमा भएको थियो।

**ख)** उनी स्कटल्याण्डका प्रसिद्ध गणितज्ञ, भौतिकशास्त्री, खगोलशास्त्री र धार्मिक लेखक थिए।

**ग)** उनको सबभन्दा ठूलो योगदान लघुगुणक (Logarithms) को आविष्कार हो। यसले जटिल गुणन, भाग र अन्य गणनालाई धेरै सजिलो बनाए।

**घ)** उनले सन् १६१४ मा 'Mirifici Logarithmorum Canonis Descriptio' नामक पुस्तक प्रकाशित गरे जसमा लघुगुणकको पहिलो तालिका र वर्णन थियो।

**ङ)** उनको अर्को आविष्कार नेपियरका हड्डीहरू (Napier's bones), एउटा यस्तो यन्त्र बनाए जसले गुणन, भाग र वर्गमूल निकाल्न सहयोग गर्थ्यो। यो एक प्रकारका प्रारम्भिक क्यालकुलेटर जस्तै थियो।

**च)** उनले दशमलव बिन्दुको प्रयोगलाई व्यापक बनाए। जसले आजको दशमलव सङ्ख्यालाई सजिलो बनायो।

**छ)** उनी धार्मिक क्षेत्रमा पनि सक्रिय भएकोले बाइबलको व्याख्या गर्ने पुस्तक 'A Plaine Discovery of the Whole Revelation of St. John' पनि लेखेका थिए।

**ज)** उनको योगदानले आधुनिक गणित र कम्प्युटिङको आधार तयार गरेको मानिन्छ।

**पुरस्कारहरू तथा सम्मान :** जोन नेपियर एक स्कटिश गणितज्ञ, भौतिकशास्त्री र खगोलशास्त्री थिए। उनको महत्त्वपूर्ण कार्य लघुगणकको आविष्कार हो। उक्त समयमा यो आविष्कारले गणितीय गणनालाई धेरै सरल बनायो। त्यसबेला विभिन्न आविष्कारहरूलाई पुरस्कार दिने प्रचलन नभएकोले उनको जीवनकालमा कुनै औपचारिक पुरस्कार प्राप्त गरेको रेकर्ड छैन। तर उनी सम्मानपूर्वक 'Marvellous Merchiston' (अदभुत मर्चिस्टन) उपनामले चिनिन्थ्यो। फ्रेन्च गणितज्ञ पियेर लाप्लासले भनेका थिए

कि लघुगणकले खगोलशास्त्रीहरूको आयु दोब्बर बनायो । उनको सम्मानमा एडिनबर्ग, स्कटल्याण्डमा Edinburgh Napier University उनकै नाममा स्थापित छ । चन्द्रमामा एउटा क्रेटरको नाम Neper राखिएको छ ।

**पुस्तकहरू** : उनले धेरै पुस्तकहरू लेखेका छन् । त्यसमध्ये महत्त्वपूर्ण निम्नअनुसार छन् ।

क) Mirifici Logarithmorum Canonis Descriptio (1614)

ख) A Plaine Discovery of the Whole Revelation of St. John (1593)

ग) Rabdologiæ seu Numerationis per Virgulas Libri Duo (1617)

घ) Mirifici Logarithmorum Canonis Constructio (1619)

**निधन** : उनी मर्चिस्टन क्यासलमा बस्ने गर्दथे । उनलाई जादुटोना वा alchemy मा रुचि भएको आरोप पनि लाग्ने गर्दथ्यो । स्थानीयहरूले उनलाई जादुटोना गर्ने व्यक्ति भनेर डराउँथे । उनको निधन ४ अप्रिल १६१७ मा मर्चिस्टन क्यासलमै गाउट रोगबाट भएको थियो । उनी त्यसबेला ६७ वर्षका थिए ।

नेपियरको कार्यले गणितीय गणनालाई क्रान्तिकारी बनायो । यसले आधुनिक विज्ञानको विकासमा ठूलो भूमिका खेल्यो । आज पनि उनको नाममा नेपियरियन लघुगणक र उनको जन्मस्थलमा एडिनबरा नेपियर विश्वविद्यालय रहेको छ ।

### सन्दर्भ सामग्रीहरू :


१) विश्वका चर्चित वैज्ञानिकहरू : दिलिप श्रेष्ठ/उर्मिला शाही : पाँचपोखरी प्रकाशन गृह

२) विज्ञान लेखमाला

३) आजको विज्ञान : विकास बर्जाचार्य : खोजी प्रकाशन गृह

४) ग्रोक एआई


# जीवन–आचरण

## दाम्पत्य जीवनमा महत्त्वपूर्ण व्यक्ति

एउटा कक्षामा मनोविज्ञानका प्राध्यापक पढाउँदै थिए । त्यसै बिचमा उनले आफ्ना विद्यार्थीहरूलाई एउटा खेल खेलाउने विचार गरे । उनले एक विद्यार्थी 'आशा' लाई कक्षाको अघिल्तिर बोलाए ।

प्राध्यापकले आशालाई आफ्नो जीवनका ३० जना महत्त्वपूर्ण मानिसहरूको नाम लेख्न अह्राए । आशाले परिवार आफन्त, साथीहरू सहपाठी अनि छिमेकीका नाम क्रमशः लेखिन् ।

प्राध्यापकले ३० जना मध्येबाट ३ जना कम महत्त्वपूर्ण मानिसहरू हटाउन भने, आशाले आफ्ना ३ जना सहपाठीको नाम तुरुन्तै मेटिन् । त्यसपछि अरू ५ जनाको नाम पनि मेट्न प्राध्यापकले आग्रह गरे । आशाले ५ जना छिमेकीको नाम पनि मेटी दिइन् ।

यो क्रम जारी रह्यो । आशाले आफ्नो जीवनका कम महत्त्वपूर्ण मानिसहरू हटाउँदै क्रमशः अन्तिम ४ जना बाँकी राखिन् । ती महत्त्वपूर्ण ४ जनामा आमा, बाबु, पति र छोरा थिए ।

खेल यो अवस्थामा पुगेपछि कक्षामा एक प्रकारको सन्नाटा छायो, किनकी यो खेलमा अघोषित रूपमा सबैले आफूलाई सहभागी भएको पाए । अब यो खेल आशाको मात्र रहेन ।

प्राध्यापकले आशालाई ४ मध्ये अरू २ जनाको नाम पनि क्रमशः कम महत्त्वपूर्ण लाग्ने बाट मेट्दै जान भने । आशालाई गम्भीर चुनौती आइपऱ्यो । उनले लामो सोचिनन्, तत्काल आमा र बाबु दुवैको नाम मेटिन् । आशाको जीवनमा सबैभन्दा महत्त्वपूर्ण २ मानिस पति र छोरा बाँकी रहे ।

कक्षाका विद्यार्थीहरूमा यो खेल होइन यथार्थ हो भन्ने आभाष भैसकेको थियो । सबै चुपचाप थिए । फेरि पनि प्राध्यापकले भने अब अर्को एक जनाको नाम पनि मेट । आशा मनभित्रबाट नै आफूलाई निकै नै डराएको महसुस गर्दै थिइन् । उनले हात कमाउँदै छोराको नाम मेटिन्, अनि घोप्टो परेर सबैका अघिल्तिर रोइन् । आशा निकै दुखित भइन् ।

प्राध्यापकले आशालाई आफ्नो सिटमा गएर बस्न आग्रह गरे । उनी सिटमा बसिन् र अझै पनि रोइनै रहिन् ।

प्राध्यापकले आशालाई सोधे 'किन तिमीलाई पति महत्त्वपूर्ण ? तिम्रा अभिभावकले तिमीलाई जन्म दिएर हुर्काएका होइनन् ? तिमीले नै आफ्नो एक मात्र सन्तान छोरालाई जन्म दिएकी होइनौ ? तिमीले सोचेनौ कि तिमी जीवनमा अर्को पति फेरि पनि खोज्न सक्छौ ?'

कक्षा अझ स्तब्ध बन्यो ।

सबैलाई आशाले के जवाफ दिनेछिन् भन्ने प्रतिक्षाको विषय बन्यो ।

आशा अलि हतास देखिइन्, उनले विस्तारै जवाफ दिइन् 'एक दिन मेरा अभिभावक मलाई छोडेर म भन्दा अघि नै यो संसारबाट जाने छन् ।'

आशाले भनिन् 'मेरो छोराले समेत हुर्कंदै गए पछि पढ्न वा अन्य व्यापार ब्यवसायको नाममा होस् वा अरू कुनै कारण देखाएर टाढा हुँदै जानेछ, र अरू कुनै अवरोध सिर्जना भएन भने मसँग अन्तिम समयसम्म साथ दिने मात्रै मेरा पति रहनेछन् ।'

सबै विद्यार्थी आफू बसेको बेन्चबाट उभिए, जोडदार ताली बजाए, सबैले भने जीवनको सत्य त यही नै हो ।

त्यसैले भनिन्छ जीवनसाथी सधैं सबैभन्दा महत्त्वपूर्ण हुन्छ, यो कुनै पतिव्रता पत्नीका लागि मात्र होइन पतिका निम्ति पनि पत्नी सबैभन्दा महत्त्वपूर्ण हुन्छिन् ।

प्राकृतिक रूपमा नै यी दुई आत्मालाई संयोजन गर्न सम्भव तुल्याइएको छ, यो महत्त्वपूर्ण सम्बन्धलाई स्थापित गर्ने जिम्मेवारी दाम्पत्य जीवनमा चाहिँ तपाईंको हो ।

# भक्तपुरका केही स्थानको चिनारी



लक्ष्मीनारायण दुवाल

हाम्रो गाउँ ठाउँ टोल र चोकका परम्परागत नाममा हाम्रो इतिहास, संस्कृति र सभ्यता जोडेको हुन्छ। आजकल परम्परागत नामलाई ओझेलमा पार्दै नयाँ नयाँ नामहरू राख्ने गरेका छन्। यसले हाम्रो इतिहास, संस्कृति, सभ्यता लोप हुने सम्भावना प्रवल बन्दै गएको छ।

भक्तपुरका केही ठाउँ, टोल, चोकको वर्तमान चलन चल्तीमा रहेको नामको परिचय, त्यसको विगतको रूप र त्यो नाम हुन जानुको कारण उल्लेख गर्ने कोसिस गरेको छु। स्थानीय वयोवृद्ध जानकारहरूसँग सोध–खोज गरी, अध्ययन र अनुमान गरी लेखिएको छ। यहाँ प्रस्तुत गरेकोमा फरक परेमा सत्य तथ्य कुरा प्रकाशमा ल्याई दिनु भए धन्यवाद तथा आभारी हुने छु।

यहाँ भक्तपुर नगरपालिका साविक वडा नं. ४ हाल १० का केही टोल चोकका नामहरूको परिचय यहाँ उल्लेख गरेको छु।

## १) क्वाठण्डौ (क्वाथण्डौ)

भक्तपुर नगरपालिका वडा नं. १० को एक प्राचीन टोलको नाम हो क्वाठण्डौ। यो टोल दत्तात्रयबाट उत्तर र लामुगाबाट पश्चिममा पर्दछ। क्वाठण्डौ मल्लकालीन 'क्वाथ' शब्दबाट आएको देखिन्छ। 'क्वाथ' नेपाल भाषाको एक शब्द हो। क्वाथको अर्थ किल्ला, हात–हतियार राख्ने ठाउँ, सुरक्षा कर्मी, सेना बस्ने ठाउँ हो। क्वाथण्डौ टोल मल्लकालको हात हतियार राख्ने ठाउँ थियो। भक्तपुरको सुरक्षा गर्न पूर्वी भेगमा सुरक्षा कर्मी बस्ने किल्ला थियो।

किल्ला भएको टोललाई नेपालभाषामा 'क्वाथ दगु त्व' भन्ने गरिन्छ। क्वाथ दगु त्व भन्दै पछि क्वाठण्डौ टोल हुन गएको देखिन्छ।

## २) नवदुर्गा स्थान

नवदुर्गा काठमाडौँ उपत्यकाको प्रसिद्ध देवगण हो। काठमाडौँ, ललितपुर, बनेपा, धुलिखेल, पनौति, भक्तपुरका जनताले जीवित देवताको रूपमा पुजिने देवता नवदुर्गा गण हो। यो नवदुर्गा गणको देव घर भएको टोल नै नवदुर्गा स्थान हो। नवदुर्गा स्थानलाई स्थानीय वासिन्दाहरूले नवदुर्गा द्यःछँ भन्ने गरिन्छ। द्यःछँको अर्थ देवता घर हो।

नवदुर्गा स्थान (द्यःछँ) भ.न.पा. वडा नं. १० को एक प्रसिद्ध टोल हो। यो टोल गःछँ टोलको उत्तर, क्वाठण्डौ टोलको पूर्व र लामुगः टोलको पश्चिममा पर्दछ।

## ३) नः गांचा

नःगांचा टोल मल्लकालमा बस्ती बसालेको एक ठाउँ हो। भक्तपुर नगरपालिका वडा नं. १० को यो टोल क्वाठण्डौबाट पूर्व, कमल विनायकबाट पश्चिम र लामुगाबाट उत्तरमा छ।

'नः गांचा' शब्द नेपालभाषामा नः गांः चाः तीन शब्दबाट बनेको छ। नः को पूर्ण रूप नव हो। नः या नवको अर्थ नयाँ हो। गां को अर्थ गाउँ बस्ती हो। चा को अर्थ सानो हो। नेपालभाषामा सानो अर्थमा कुनै वस्तु या ठाउँको पछाडि चा जोड्ने चलन छ। नः गांचा को अर्थ सानो नयाँ गाउँ (सानो नयाँ बस्ती) हो।

स्थानीय वयोवृद्ध जानकारहरूका अनुसार मल्लकालमा भक्तपुरको बस्ती विस्तार गर्ने क्रममा पूर्वतर्फ योजनावद्ध रूपमा गाउँ, बस्ती बसालेको नःगांचा हो। सानो एरियामा नयाँ गाउँ बसालेको हुँदा त्यो बस्ती/गाउँलाई नः गांचा (नयाँ गाउँ) भनिएको कथन छ।

## ४) कमलविनायक (यातु गणेश)

कमल विनायक भक्तपुर नगरपालिका वडा नं. १० को एक प्रसिद्ध धार्मिक स्थल हो। कमलविनायक नामक गणेशको नाम बाट यस स्थानको नाम कमलविनायक हुन गएको हो।

स्थानीय वयोवृद्ध जानकारहरूका अनुसार कमलविनायकको परम्परागत नाम यातु गणेश (यातु गणेद्यः) हो। यातुको अर्थ कलिलो, बालक, नरम हो। यातु गणेशको अर्थ बाल गणेश, कलिलो गणेश हो। कलिला बालबालिकासँग बस्ने, खेल्ने, बोल्ने गणेश नै यातु गणेश हो।

कमलविनायक गणेशले बाल–बालिकाहरूलाई बोल्न, कुरा गर्न सिकाउँछ भन्ने धारणा जनमानसमा अद्यापी कायम रहेको छ। बाल बालिकाहरू बोल्ने उमेर पुगिसक्दा पनि अर्थात् २/३ वर्ष भइसक्दा पनि बोली नफुटेमा बोल्ने, कुरा

गर्ने नगरेमा यातु गणेश (कमलविनायक) मा ल्याउने गर्छन्। त्यस्ता बाल बालिकाको नाममा पूजा गर्दा, किसली, लड्डु चढाउँदा, ढोग्न लगाउँदा बाल-बालिकाको बक फुट्छ, बोल्न थाल्छ भन्ने जनविश्वास छ। हिजो आज पनि धेरै बाल-बालिकाहरूलाई चलाक बनाउन, कुरा गराउन कमलविनायकमा ल्याएको देखिन्छ।

## ५) यातु बारे (कमल पोखरी)

यातु गणेश (कमलविनायक) मन्दिरसँगै पश्चिमतर्फको ठूलो पोखरी नै यातु बार (कमल पोखरी) हो। कमलविनायकको पोखरी लाई स्थानीय वासिन्दाहरू 'यातु बार' भन्ने गर्छन्। यातु गणेश कै नामबाट त्यस पोखरी को नाम यातु बार, (यातु बारे) हुन गएको देखिन्छ।

'यातु' शब्द यातु गणेश कै नामबाट आएको हो र बार (बारे) भनेको वर्षाको पानी जम्मा भएर बनेको पोखरी हो। त्यसरी बनेको पोखरीलाई नेपालभाषामा बार वा बारे भन्ने गरिन्छ। 'यातु बार' जस्तै भक्तपुरमा नार्‌का बार, मगथु बार, गोमरीबार नामका अन्य बार (पोखरी) हरू भएको वयोवृद्ध जानकारहरूले भनेका छन्।

यातु बार (कमल पोखरी) मा पहिले देखि नै कमलको फूल (पले स्वाँ) रोप्ने गर्थे। पोखरी भरि कमलको फूल ढक्कमक्क फुल्थ्यो। कमलको फूल फुल्ने बार (पोखरी) लाई नेपालीभाषामा कमल पोखरी भन्न थालियो। कमल पोखरीको नामबाट यातु गणेशलाई पनि कमल विनायक भन्न थालियो। पहिले यातु गणेशको नामबाट पोखरीको नाम 'यातु बार' (यातु पोखरी) भइराखेकोमा अहिले कमल पोखरीको नामबाट यातु गणेशको नाम कमल विनायक हुन गएको छ। यातु गणेश, यातु बार परम्परागत नाम ओझेलमा पर्न गएको छ।

## ६) मुला लाँ

भ.न.पा. वडा नं. १० को एक प्रमुख बाटो (सडक) को नाम हो- मुला लाँ। यो बाटो महालक्ष्मी बेखालबाट पूर्व र कमल विनायकबाट पश्चिममा पर्दछ। 'मुला लाँ' नेपालभाषाको शब्द हो। यो शब्दको वास्तविक रूप 'मुलगु लाँ' (मु:लाँ) हो। मुलगुको अर्थ मुख्य (प्रमुख) हो र लाँ को अर्थ बाटो, सडक हो। मूलगु लाँ, मुल लाँ भन्दै पछि मुला लाँ हुन गएको देखिन्छ। मुला लाँ बाटोको नामबाट नै यस टोलको नाम मुला लाँ हुन गएको छ।

मल्लकालमा पूर्वतर्फबाट भक्तपुर प्रवेश गर्ने मुख्य बाटो वर्तमान मुला लाँ थियो। दोलखा, पलाञ्चोक, चौतारा, बाह्रबिसेलगायत पूर्वी क्षेत्रका मानिसहरू भक्तपुरमा आवत-जावत गर्ने मुख्य बाटो यही मुला लाँ थियो। यही कारणले मुलालाँ व्यापारिक केन्द्रको रूपमा विकास भएको थियो। त्यसैले यस बाटोलाई मुला लाँ, (मु:लाँ) भनिएको हो।

वयोवृद्ध जानकारहरूका अनुसार मुला लाँलाई मुलाँ ध्वाका (मु:ध्वाका) पनि भन्ने गर्थे। वहाँहरूका अनुसार वर्तमान मुलालाँबाट क्वाठण्डौ प्रवेश गर्ने स्थानमा नगर प्रवेश गर्ने ध्वाका (द्वार) थियो। त्यही ध्वाकालाई मुलाँ ध्वाका (मु: ध्वाका) भनिन्थ्यो। भक्तपुर प्रवेश गर्ने पूर्वको मुख्य ध्वाका भएकोले यसलाई मु:ध्वाका भन्ने गरेको देखिन्छ। यस ध्वाकाको दायाँ बायाँ भक्तपुर नगर घेरिराखेको पर्खाल भएको जानकारहरूको कथन छ।

## ७) ग्वंगः पुखू

भ.न.पा. वडा नं. १० को एक अर्को नाम चलेको पोखरी हो ग्वंग: पुखू। यो पुखू (पोखरी) मुलालाँ सडकको उत्तरतर्फ रहेको छ। पोखरीको दक्षिण किनारमा ढुङ्गे धारा छ र पोखरीमा जाने बाटो छ। पोखरी जाने बाटोको दायाँ बायाँ अर्थात पूर्व-पश्चिम दुवै तिर पाटी भएको जानकारहरूको भनाइ छ। हाल ती पाटीहरूको अवशेष देखिँदैन।

ग्वंग: पुखू नेपालभाषाको नाम हो। ग्वंग: शब्दको अर्थ भाले कुखुरा हो र पुखूको अर्थ पोखरी हो। यस पोखरीको नाम ग्वंग: पुखू हुनुको एक रोचक भनाइ वयोवृद्ध जानकारहरूले भनेका छन्-

मल्लकालमा ग्वंग: पुखू आसपास अर्थात मुलालाँ क्षेत्रमा ग्वंग: थर (नेवार जातिको एक थर) का खलकको धेरै जग्गा (खेत) थियो। ग्वंग:हरूको धेरै खेत (नेवारीमा बुँ) भएकोले मुलालाँ क्षेत्रलाई त्यसवेला 'ग्वंग: बुँ' पनि भन्ने गरिन्थ्यो। ग्वंग: खलक (परिवार) धनी, हाँकधाँक भएको खलक थियो। ग्वंग: खलकसँग प्रतिस्पर्धा गर्न सक्ने अर्को खलक कायष्ठ (कस) हरू थिए। यी दुईखलकको बिचमा द्वन्द्व, इर्ष्या, प्रतिस्पर्धा हुन्थ्यो। एक खलकले गरेको काममा अर्को खलकले इर्ष्या गर्ने, विफल गर्ने क्रियाकलाप हुन्थ्यो।

एक समयमा ग्वंग: खलकले एउटा पोखरी (वर्तमान ग्वंग: पुखू) बनाएको थियो। पोखरीको बिचमा चारपाटे मोटो लामो काठको एक खम्बा गाडेर त्यस काठको माथि (चुच्चो भागमा ग्वंग: (भाले) को एउटा राम्रो मूर्ति राखेको थियो। ग्वंग: खलकले बनाएको पोखरी र ग्वंग:को मूर्ति भएको पोखरी भएकोले त्यस पोखरीको नाम ग्वंग: पुखू (ग्वंग: पोखरी) हुन गएको जानकारहरूको भनाइ छ।

ग्वंग: खलकले पोखरी बनाई त्यसमा ग्वंग: को मूर्ति

(प्रतिमा) राखेको कायष्ठ (कस) खलकलाई देखिनसक्नु भयो। उनीहरूलाई असह्य डाहा भयो। कायष्ठ खलक सबै आएर पोखरी बिचको ग्वंगःको प्रतिमा राखेको काठलाई बलजफ्ती भाँची दिए र ग्वंगःको मूर्ति फाली दिए। ग्वंगः पुखूको बिचमा भाँचेको काठ अहिले पनि बाँकी छ र पानीले छोपी राखेको जानकारहरूको कथन छ।

मल्ल राजा भुपतिन्द्र मल्लले वि.सं. १७०२ (नेसं ८२२) मा भक्तपुर टौमढी टोलको विश्व प्रसिद्ध 'ङातापौ/ ङातापोल्हँ द्यःगः (पाँच तले मन्दिर) निर्माण गर्न वर्तमान ग्वंगः पुखू रहेको ठाउँको माटो लगेको कथन छ। माटो झिकी खाल्दो बनेको ठाउँमा तत्कालीन त्रिपुर दरबारका भारदार चुनी (चुकुटी) ग्वंगःले पोखरी बनाएको र ग्वंगःले बनाएको पोखरीको नाम ग्वंगः पुखू हुन गएको उल्लेख गरिएको छ।

## ८) बेखाल

बेखाल वडा नं. १० को पश्चिमतर्फको टोल हो। यो महालक्ष्मी मन्दिरबाट पूर्व, मुलालाँ, क्वाठण्डौबाट पश्चिम, थालाछेँबाट उत्तर र देकोचाबाट दक्षिणमा पर्दछ। 'बेखाल' नेपालभाषाको एक नाम शब्द हो। बेखाल शब्दको प्रारम्भिक रूप बेखुल हुनु पर्दछ। बेखुलको अर्थ छेकियो, थुनियो, रोकियो हो। विशेषगरी पानी अग्लो ठाउँबाट होचो ठाउँतिर बग्ने गर्छ, यो पानीको विशेषता हो। त्यसरी बगिरहेको पानीलाई रोक्न, थुन्न या छेक्नको लागि गरिने कार्यलाई नेपालभाषामा 'बेखुय्गु' भनिन्छ। पानी या अन्य वस्तु बगिराखेकोलाई थुन्यो, छेक्यो, रोक्यो भन्न 'बेखुल' भनिन्छ।

बेखाल क्षेत्रको वर्तमान भौगोलिक अवस्थालाई हेर्ने हो भने बेखाल क्षेत्रको सबै पानी बेखाल पोखरीको उत्तरतर्फको डिलबाट देकोचातिर बगेर गइराखेको देख्न सकिन्छ। त्यसरी बगेर गइराखेको पानीलाई छेक्न, थुन्न रोक्न छेकबार राख्दै जाँदा बेखाल पोखरी बनेको हुनु पर्दछ। बगिराखेको पानीलाई छेक्ने, रोक्ने, थुन्ने कार्यलाई 'बेखुयगु' भनिन्छ। 'बेखुय' गरेर बनेको पोखरीलाई 'बेखुयो दगु पुखू' (पोखरी) भनियो। बेखुयो दगु पुखू भन्दै पछि बेखुया पुखू, बेखा पुखू हुन गयो। बेखा पुखूलाई अब बेखाल पुखू भनियो। यही बेखाल पुखू (पोखरी) को नामबाट टोलको नाम बेखाल हुन गएको देखिन्छ।

बेखाल सम्बन्धमा एक अग्रज जानकारले दिनु भएको कथनले पनि बेखाल नामाकरण तथ्यपरक हुन गएको छ। वहाँका अनुसार वि.सं.१८२६ कार्तिक शुक्ल द्वितीयाको दिन पृथ्वीनारायण शाहले भक्तपुरमा आक्रमण गर्नु पहिले नै नगरकोटलाई कब्जा गरी बलियो किल्ला बनाएको थियो। भक्तपुरलाई आक्रमण गरिने दिन नगरकोट किल्लाबाट गोरखाली सेनाहरू आई पूर्वतर्फबाट भक्तपुरलाई आक्रमण गरेको थियो। क्वाठण्डौको मल्ल किल्ला तोडेर अगाडि बढेको गोर्खाली सेनालाई वर्तमान बेखालमा मल्ल सेनाले आक्रमण गरी छेकेको, रोकेको कथन छ। बेखालमा मल्ल सेना र गोर्खाली सेना बिच लामो समय सम्म घमासान युद्ध भएको कथन छ। यसरी शत्रुबाट आक्रमण हुँदा छेक्ने, रोक्ने अर्थात बेखुयगु गरेको ठाउँलाई 'बेखाल' भनिएको हुन सक्ने अनुमान गर्न सकिन्छ।

## ९) लामुगः

भक्तपुर नगरपालिका वडा नं. १० को एक ऐतिहासिक टोलको नाम हो लामुगः। लामुगःलाई आजकल लामगः, लामगाल पनि भन्ने गरिन्छ। यो टोल नवदुर्गा स्थानबाट पूर्व, कमलविनायक पोखरीबाट पश्चिम, नःगांचा टोलबाट दक्षिण र च्वःफलबाट उत्तरमा पर्दछ। सरस्वती विद्यागृह मा.वि. सञ्चालन भइरहेको स्थान नै लामुगः टोल हो।

लामुगः टोलमा एउटा ठूलो पोखरी थियो, हाल सानो छ। त्यस पोखरीलाई 'लामुगः पुखू' (पोखरी) भनिन्छ। त्यही पोखरीको नामबाट त्यस टोलको नाम लामुगः टोल हुन गएको हो। पहिले लामुगः पोखरी निकै ठूलो थियो। वर्तमानको लामुगः पोखरी लगायत सरस्वती विद्यागृह मा.वि. को सबै भवनले चर्चेको जग्गा र विद्यालय भवन पूर्वको सम्पूर्ण चौरसमेत सबै पोखरी थियो।

लामुगः पोखरीको नाम लामुगः हुन गएको सम्बन्धमा वयोवृद्ध जानकारहरूको भनाइ फरक फरक पाइएको छ। एक थरी जानकारहरूको कथन यसप्रकार रहेको छ – लामुगः शब्द नेपालभाषाको लाँ–मु–गः तीन शब्द हुन्। ला (लाँ) को अर्थ बाटो, मु को अर्थ खोल्नु, र गः को अर्थ खाल्डो (गाल) हो। लामुगः को अर्थ बाटो खोल्दा बन्न गएको खाल्डो हो। कुनै बेला चलनचल्ती नभइराखेको बाटो चलाउन बाटो माथि उठाउन एक ठाउँको माटो झिक्दै गर्दा माटो झिकेको ठाउँ खाल्डो पर्न गयो र पानी पर्दा भरियो। यसरी नै लामुगः मा बाटो बनाउँदा या खोल्दा खाल्डो (गः) हुन गयो। लाँ मुल दगु गः (बाटो खोल्दा बनेको खाल्डो) भन्दाभन्दै पछि लामुगः हुन गएको कथन छ।

अर्को थरी जानकारहरूका अनुसार प्राचीन कालमा लङ्काका राजा रावण नेपालमा आई भगवान शङ्करको प्रार्थना गर्न कोतिहोम गरेको थियो। रावणले यज्ञशाला स्थापना गरी भक्तिभावले पूजा गरेको थियो। यज्ञशालामा पूजा गर्दा रावणले घुँडाले जमिनमा टेकेर पूजा गरेको थियो। घुँडाले टेकेर पूजा गर्दा रावणको घुँडा परेको ठाउँ लामुगः पोखरीमा

परेको थियो। रावणको घुँडाको थिचाइ परेको खाल्डो (गः) लाई 'ला म्हुगु गः' भनियो। 'ला' को अर्थ मासु हो, म्हुगु को अर्थ खनेको र गः को अर्थ खाल्डो हो। 'ला म्हुगु गः' को अर्थ मासुले खनेको खाल्डो हो। अर्थात रावणको घुँडाको मासुले बनेको खाल्डो हो। 'ला म्हुगु गः' भन्दै पछि लामुगः हुन गएको कथन छ।

यही कथनलाई अलि फरक गरी भन्ने गरेको पनि पाइयो। अर्को कथनअनुसार रावणको घुँडाको थिचाइले बन्न गएको खाल्डो (गः) लाई रावणगः भनियो। रावण गः लाई पछि लावणगः भन्दै लामुगः हुन गएको भन्ने कथन छ।

वृद्ध जानकारहरूका अनुसार रावणले घुँडा टेकी पूजा गर्दा घुँडा लामुगः मा परेको थियो भन्ने रावणको खुट्टाको औँला वर्तमान भ. न. पा. ७ इनाचोको पातिंगः भन्ने स्थानमा परेको थियो। औँलालाई नेपालभाषामा 'पातिं' भनिन्छ। रावणको खुट्टाको औँला (पातिं) परेको ठाउँमा औँलाको थिचाइले खाल्डो बन्यो। त्यस खाल्डोलाई 'पातिंगः' भनियो। इनाचो अवस्थित 'पातिंगः' पनि खाल्डोमा रहेको छ। त्यस खाल्डोमा ढुङ्गे धारा र विभिन्न देवी देवताका मूर्तिहरू राखिएका छन्।

त्यस्तै रावणको पूजा बिसाएको स्थल मूलढोका (कमलविनायक) बाट नगरकोट जाने बाटोमा लांचा फल्चा (भत्क्यापाटी) र ब्यारेकको फल्चा (पाटी) को करिब बिचमा सडकको दक्षिणतर्फ 'न्हेगु दहचा' (सात दह) भन्ने ठाउँमा परेको भनिन्छ। 'न्हेगु दहचा' भन्ने स्थानमा अहिले पनि सातवटा खाल्डाहरू देख्न सकिन्छ।

त्यसरी नै रावणले यज्ञ मण्डप (यज्ञशाला) बनाएको भन्ने ठाउँ चाँगुनारायण नगरपालिकामा परेको छ। यज्ञशाला भनेको स्थान पहाडको ढिस्कोको रूपमा छ। त्यस ढिस्कोलाई आजकल पनि 'जज्ञ दम्फो' भन्ने गरिन्छ।

## १०) च्वःखा (च्वःखा दम्फो)

भ.न.पा. वडा नं १० को दक्षिण-पूर्वको क्षेत्रलाई च्वःखा भन्ने गरिन्छ। च्वःखा शब्द नेपालभाषाको च्वः र खा दुई शब्दबाट बनेको छ। च्वः को अर्थ माथि परेको या चुच्चो परेको भन्ने बुझिन्छ। 'खा' को अर्थ बढेको भन्ने बुझिन्छ। च्वःखा को अर्थ चुच्चो बढी भएको या बढी माथि परेको भन्ने बुझिन्छ।

च्वःखा क्षेत्र माथि परेकै भू-भाग हो। च्वः खाको पूर्व र दक्षिणका क्षेत्र गहिराइमा परेको छ। यस हिसावले पनि यस क्षेत्रलाई च्वःखा भनिएको अनुमान गर्न सकिन्छ।

वृद्ध जानकारहरूका अनुसार लांचा फल्चा (भत्क्यापाटी) बाट पूर्वलाग्दा होगां फल्चा (शारदा क्याम्पस अगाडि बाटो छेडको फल्चा) पुग्ने दोपातमा पहिले एउटा ठूलो ढिस्को (दम्फो) थियो। त्यो ढिस्को (दम्फो) लाई च्वःखा दम्फो भनिन्थ्यो। त्यो दम्फो तल फराकिलो र माथितिर चुच्चो हुँदै गएको थियो। यही च्वःखा दम्फो अर्थात माथितिर चुच्चो परेको ढिस्को कै नामबाट यस क्षेत्रको नाम च्वःखा हुन गएको अनुमान गर्न सकिन्छ।

च्वःखा दम्फोको अवशेष पनि बाँकी छैन। स्थानीय वासिन्दाहरूले धेरै वर्ष पहिले (करिव ४०/५० वर्ष पहिले) नै 'च्वःखा दम्फो' लाई खनेर बाटो सरहसम्म सम्याई सकेका थिए। हाल च्वःखा दम्फो भएको स्थानमा च्वःखा गणेश स्थापना गरी मन्दिर बनाइराखेको छ।

### स्रोत-सन्दर्भ सामग्री


१. भेटघाट

(क) चन्द्रबहादुर उलक – भ.न.पा. १०, मुलढोका

(ख) पुनवीर गैंडा – भ.न.पा. १०, मुलढोका

ग) जगनाथ त्वानावासु– भ.न.पा. ९, देगइना

२. किंबदन्तीमा भक्तपुर – GR Ranjit


## हाम्रा पुराना मूर्ति



**यम किकर**

स्रोत : राष्ट्रिय चित्र सङ्ग्रहालय, भक्तपुरको प्रदर्शनी

## वडाध्यक्षको डायरीबाट

# व्यवहारिक, नैतिक र समन्यायिकताको कुरा पनि गर्नु पर्दछ

कुशल

आज वडामा बैठक भएकोले म बिहानै वडामा पुगेको थिएँ। बैठक सकिए लगत्तै म फेरि फिल्ड निरीक्षणमा गएँ। बाटो चौडा गर्ने सम्बन्धमा केही मापदण्ड सम्बन्धी समस्या आएकोले मैले सरोकारवाला घर धनी, जग्गावाला तथा ठेकेदारहरूलाई फिल्डमा बोलाएको हुँदा समयमै म फिल्डमा पुगेको थिएँ। फिल्डबाट फर्कँदा करिब दस बजिसकेको थियो। खाना खान आउन लाग्दा वडामा सेवाग्राहीहरू आइसकेको जानकारी पाएँ। त्यसैले त्यस दिन खाना नखाई वडामा गएँ। वडामा सेवाग्राहीहरूको भीड अलि बढिसकेको थियो। म एक एकसँग विस्तारै कुरा गर्न सुरु गरेँ। त्यसक्रममा एक जना व्यक्ति, आईमाई र एक जना भाइ पनि वडामा आएका थिए। मैले के समस्या हो भनी जिज्ञासा राखेँ।

त्यस व्यक्तिले जवाफमा भन्नुभयो, 'मलाई साह्रैनै समस्या भएर वडामा आएको हुँ। साथै निकै तनाव पनि भइरहेको छ। परिवारलाई नै तनाव भइरहेको छ। त्यसैले म, श्रीमती र छोरासमेत लिएर आएको हुँ। मेरो नाम कृष्ण अवाल (नाम परिवर्तित) हो। मैले हाम्रै वडाको पुरुषोत्तम सुवाल (नाम परिवर्तित) र हरि सुवाल (नाम परिवर्तित) दुई जना दाजुभाइसँग एउटा जग्गा लिनको लागि बैनापट्टा कागत गराएको थिएँ। मैले दुई दाजुभाइलाई हालसम्म सत्तरी लाख पैसा दिइसकेको छु। अब केही पैसामात्र तिर्न बाँकी छ। पचास दिनको म्याद छ। आज पचपन्नौँ दिन भइसकेको छ। करौडौँको मामिला भएकोले मैले म्यादभित्र पैसा पुरुषोत्तमजीलाई दिन सकिनँ। केही दिन ढिला हुन गयो। अब पुरुषोत्तम र उसको भाइ हरिले जग्गा दिन सकिँदैन, पैसा फिर्ता लिएर जाऊ भन्छन् सर। मैले कस्तो मुस्किलले पैसा व्यवस्थापन गरेर ल्याएँ। आज आएर केही दिनमात्र ढिला हुँदा जग्गा दिन सकिँदैन भन्छन्। के गर्ने होला ? करौडौँ पैसा व्यवस्थापन गर्नको लागि बैङ्किङ प्रक्रिया गर्न अलि समय लाग्यो। त्यही भएर मैले पचास दिनभित्र पैसा व्यवस्थापन गर्न सकिनँ। त्यसैले गर्दा उसले अहिले किचकिच गरिरहेको छ। सरले वडामा बोलाएर कुरा गरि दिनुपर्‍यो।' यति जवाफ दिँदै वहाँले मलाई सक्कल बैना कागज देखाउनुभयो। मैले सरसर्ती बैना कागज पढेँ। दुवै जना आफ्नो वडाको रहेछ। जग्गाचाहीँ आवास योजनाभित्रको रहेछ। कागजअनुसार नगद र केही रकम चेकमार्फत बुझाएको रहेछ।

कृष्ण अवालजीको कुरा सुन्दा र व्यवहार हेर्दा सोझो र भलादमी मान्छे जस्तो लाग्यो। उनकी श्रीमती पनि भलादमी पाराकै जस्तै लाग्यो।

मैले कृष्ण अवाललाई प्रश्न गरेँ, 'लेनदेनको कागज त प्रमाणित गर्नु पर्छ त ? यसमा त प्रमाणित गरिएको देखिएन। यसले त कानुनी मान्यता प्राप्त गर्दैन। मैले कसरी यस विषयमा बोल्न सक्छु ? लेनदनेका कागज त प्रमाणित नगरिकन आधिकारिता प्राप्त गर्दैन भन्ने जानकारी भएन कि के हो ? तपाईले सत्तरी लाख पैसा दिएको हो कि होइन भन्ने कुरा कागजमा भएपनि कानुनी आधाकारिता रहँदैन।'

प्रतिउत्तरमा कृष्णजीले भन्नुभयो, 'कागज गर्ने समयमा मैले पुरुषोत्तम र हरिलाई वडामा प्रमाणित गर्नलाई भनेको थिएँ। तर वहाँले आपसी विश्वास त हो नि; केही फरक पर्दैन। म आफै वकिल हुँ नि। हाम्रो वडाको वडाध्यक्षले प्रमाणित गरेर केही फाइदा छैन। अहिलेको वडाध्यक्षलाई त मैले सिकाइ राखेको मान्छे हो नि। यस वडाका सबै वकिललाई त मैलेनै कागज लेख्न सिकाएको हुँ। मुख्य कुरा त विश्वास हो नि। हामी दुई जनाबिच विश्वास भएमा वडाध्यक्ष र वकिलको केही काम छैन। म नै वडाध्यक्ष पनि हुँ अनि वकिल पनि मै हुँ। म मात्र वडाध्यक्ष भन्दा कमको छैन। वडाध्यक्षभन्दा बढि बुझेको मान्छे हुँ। तपाई खुरुक्क हस्ताक्षरमात्र गर्नुस् भन्नुभयो। अनि त्यही भएर वडा कार्यालयमा आएर प्रमाणित गर्न नआएको हुँ। के यस कागजको कानुनी मान्यता छैन ? के हाम्रो पैसा सबै डुब्ने भयो र ? हामीले जग्गा नपाउने भयो र ?'

प्रतिउत्तरमा मैले कृष्णजीलाई भन्ने, 'करौडौँको कारोबार गर्ने अनि नगरपालिकालाई कर तिर्नु पर्ला भनेर कागत प्रमाणित नगराउने भनेको पनि हुन्छ र ? अब तपाई कानुनीरूपमा तल पर्नु भयो होइन ? पुरुषोत्तम जीको पारिवारिक पृष्ठभूमि तपाईलाई थाहा छ कि छैन ? कागजले कानुनी मान्यता नपाएपछि तपाई र मलाई बोल्ने अधिकार रहँदैन। अनि कसरी तपाई जग्गा लिनु हुन्छ ? मैले तपाईलाई

जग्गा फिर्ताको लागि कसरी कुन आधारमा कुरा गर्ने हो ? तापनि व्यवहारिक र नैतिकताको आधारमा अनि समन्यायिकताको सिद्धान्तलाई मध्यनजर गरे पुरुषोत्तमजीलाई एकपल्ट अनुरोध गरिदिन्छु। तर पुरुषोत्तमजीले कागजको केही कानुनी आधार छैन भनेर जवाफ फर्काउने छ। अनि वडाध्यक्षलाई बोल्ने अधिकार छैन भन्ने छ। मैले तपाईंकै अगाडि ह्यान्ड फ्रिमा मोवाइलमा कुरा गर्छु।' यति भन्दै मैले पुरुषोत्तमजीलाई कल गरेँ। हरिजीलाई पनि कल गरेँ। हरिजीले फोननै रिसिभ गर्नु भएन। केही कल गएपछि पुरुषोत्तमजीले कल रिसिभ गर्नुभयो। मैले फोनमा पुरुषोत्तमजीलाई कृष्णाजीको उजुरी आएको जानकारी दिएँ। जवाफमा वहाँले भन्नुभयो, 'यस विषयमा मलाई केही थाहा छैन। भाइ हरिलाई नै सोध्नुस्। म्याद भित्र कृष्णजीले पैसा ल्याउनु नभएकोले अब आएर जग्गा दिन सकिन्नँ। अनि कागजको आधिकारिता पनि छैन। वडाको क्षेत्राधिकार पनि छैन। वडाध्यक्षज्यूलाई पनि आवश्यक कुरा होइन। उसको पैसा हामीले खाएका छैनौँ। त्यसैले भाइले पैसा फिर्ता दिन्छु भनेको छ। हामी दुईबिच कुरा मिलेको छ। वडामा आइरहनु पर्दैन।' मैले त्यही फोनको कुर वडामा आएर भन्न अनुराधे गरेँ। तर वहाँले आफू व्यस्त भएकोले वडामा आउने समय नभएको बताएर फोन राखिदिनुभयो।

त्यसपछि लगत्तै भाइ हरिलाई कल गरेँ। भाइले मलाई मोवाइलमा जवाफमा भन्नुभयो, 'म्यादभित्र पैसा दिनु भएन। मेरो पनि अरू कसैलाई पैसा दिनु थियो। साह्रै नै समस्या भएको थियो। त्यसैले पैसा लिनको लागि म्याद भएसम्म खुब ताकेता गर्दा नी कृष्णजी आउनु भएन। अब आएर जग्गा नै दिनु भनेको कुरा मिलेन। वहाँको पैसाचाहीँ फिर्ता गरिदिन्छु। यो कुरा वहाँलाई मैले भनिसकेको छु। वडामा किन आइराख्ने र ? म व्यस्त छु।'

मैले खाना खाएर एकपटक आफ्नो दलिल पेश गर्न भए पनि वडामा आउन अनुरोध गरेँ। वहाँले हुन्छ भनी फोन राखिदिनुभयो। तर वडामा आउनु भएन। करिब दुई घण्टा वडामा कुर्दा पनि दुवै दाजुभाइ आएनन्।

मैले फेरि दुवै दाजुभाइलाई कल गरेँ। भोलि जसरी भएपनि प्रथम प्रहरमा वडामा आउन अनुरोध गरेँ। वहाँहरू दुवै जनाले भोलि वडामा आउँछु भनी जवाफ दिए। तर, भोलिपल्ट पनि वहाँहरू वडामा आएनन्। करिब दुई बजेसम्म मैले वहाँहरूलाई वडामा कुरेँ। साथै कृष्ण अवालको परिवार पनि वडामा थिए। यसबिच मैले धेरै पल्ट दुवै दाजु भाइलाई मोवाइलमा कल गरेँ। जवाफमा खाना खाँदै छु, खाना खाएर वडामा आउँछु भनी भने। तर वडामा दुवै जना आएनन्। दिउँसो करिब तीन बज्न लागिसकेको थियो। त्यही भएर कृष्णजीलाई अब उनीहरू वडामा आउँदैन होला तपाईंहरू घर जानुस् भनी वडाबाट विदावारी गरेँ।

कृष्ण अवालजी जानु भएको दस मिनेटपछि म पनि नगरपालिकामा बैठक भएको हुँदा वडाबाट जान उठेँ। त्यही समयमा हरिजी टुप्लुक्क वडामा आइपुग्नु भयो। वहाँले त्यही कृष्णजीलाई बेच्न लागेको जग्गाको मालपोत तिर्न आउनु भएको रहेछ। मालपोत कर तिरेको रसिद हराएको हुँदा फेरि कर तिर्न आउनु भएको रहेछ। मैले वहाँलाई भनेँ, 'वडाध्यक्षजस्तो जनप्रतिनिधिलाई पाँच घण्टा कुराउने हो ? घरमा खाना खान पाँच घण्टा लाग्ने रहेछ कि के हो ? आफूले जिताएको वडाध्यक्षले बोलाएपछि वडामा आउनु पर्दैन ? अनि वडासम्म आउन पाँच घण्टा लाग्ने हो ? अहिले किन वडामा आउनु पऱ्यो ? तपाईंलाई मेरो हस्ताक्षर चाहिने भएर वडामा आउनु भएको रहेछ। अनि वडाध्यक्षको हस्ताक्षर चाहिने भएपछि मात्र वडामा आउने हो ? वडा भनेको त तपाईं हामी सबैको हो। अनि वडामा आउन तपाईंलाई धेरै गाह्रो भएजस्तो छ। अहिले म नगरपालिकामा बैठक भएकोले बाहिन निस्कन लागेको। तपाईं भोलि प्रथम प्रहरमा आउनुस्। अनि अघिको बैना कागजको पनि कुरा गरौँला। त्यसपछि मालपोत करको विषयमा हस्ताक्षर गर्ने नगर्ने विषयमा छलफल गरौँला।' यति भनेर उनीसँग कुरै नगरी म वडाबाट बाहिर निस्केँ। मलाई पाँच घण्टा कुराएकोले अलि रिस उठिसकेको थियो। त्यही भएर हरिजीसँग मैले राम्रो भाषामा कुरा गर्न सकिनँ र म निस्कि हालेँ।

भोलिपल्ट दुवै पक्ष वडामा दस बजेनै आइपुगे। पुरुषोत्तम र हरिका दुवै श्रीमती वडामा पहिला आउनुभयो। वहाँहरू दुवै जनाले म्यादभित्र पैसा नदिएकोले गर्दा त्यही जग्गा बैङ्कमा धितो राखिसकेको जानकारी दिनुभयो। कृष्ण, वहाँका श्रीमती र छोराले कुनै पनि हालतमा जग्गा चाहिने जिकीर लिनुभयो। वडामा ठूलो ठूलो स्वरमा चर्काचर्की सुरु भयो। करिब करिब हात हालाहालको स्थिति भयो। कर्मचारीहरू झगडा रोक्नको लागि बिचमा बस्नु पर्ने अवस्था आयो। त्यही वेलामा पुरुषोत्तम र हरि पनि आइपुगे। उनीहरू आएपछि त झगडाले झन् ठूलै रूप लियो। मैले सोफामा बसेर एक्लाएक्लैमात्र बोल्न अनुरोध गरेँ। तर पनि झगडाले उग्र रूप लियो। त्यसवेलासम्म पनि म चुपचाप सुनिमात्र रहेको थिएँ। केही साथीहरूले मलाई बोल्न अनुराधे गरे। त्यसपछि

बल्ल मैले सबैलाई शान्त भएर बस्न अनुरोध गरेँ र आफ्नो कुरा राखेँ, 'हेर्नुस् वडा कार्यालय भनेको हामी सबैको हो। वडाध्यक्ष भनेको पनि हामी सबैको जनप्रतिनिधिनै हो। यहाँ कानुनी कुरामात्र चर्चा गर्न मिल्दैन। यहाँ व्यवहारिक, नैतिक र समन्यायिकताको कुरा पनि गर्नु पर्दछ। कानुनीरूपमा त कृष्णजीकै कमजोरी देखिन्छ। पचास दिनको म्याद भित्र पैसा दिन नसक्नु कमजोरी देखियो। अर्कोतर्फ कागज प्रमाणित नगर्नु अर्को कमजोरी देखियो। त्यसैले त्यस कमजोरीलाई कृष्णजीले मनन गर्नु पर्दछ। तर, पुरुषोत्तम र हरिजीले पनि कानुनीरूपमा आफू माथि पर्‍यो भन्दैमा जग्गा दिन्न भन्न पाइँदैन। जम्मा पाँच दिन पैसा ढिला भयो भन्दैमा जग्गा नै नदिने कुरा त भएन। त्यसैले पहिलो विकल्प भनेको जग्गा दिनु नै हो। दोस्रो विकल्प भनेको पैसा ब्याजसहित फिर्ता गर्नु हो। अर्को तेस्रो विकल्प भनेको अदालतमा जानु हो। त्यसैले पहिलो विकल्पमानै सहमति गर्न पाए हुन्छ। बरु त्यसको लागि कृष्णाजीले केही क्षतिपूर्ति रकम तिर्नु परे तयार हुन पर्ला।' मेरो जवाफ सुन्ने बित्तिकै कृष्णजी मालपोतको सबै कर आफूले तिर्न तयार भएको बताउनुभयो। तर हरि र पुरुषोत्तमजी कुनै पनि हालतमा जग्गा दिन तयार देखिएनन्। पुरुषोत्तमजीले त सिधै के भन्नुभयो भने कानुनीरूपमा कागजको केही महत्त्व नभएको हुँदा बैना लिएको पैसासमेत फिर्ता दिन्न। सकेको गर्नुस्। वडाध्यक्षले पनि अहिलेनै बैना कागज प्रमाणित गरेर अदालत जानु भएपनि मुद्दा लड्न तयार छु। यो वडाध्यक्षको क्षेत्राधिकारको विषयनै होइन। पैसा पनि दिन्न, जग्गा पनि दिन्न। श्रीमतीहरूले पनि त्यही भाषा बोलिन्। त्यसपछि मैले भोलिसम्मलाई बैठक स्थगन भएको जानकारी दिई खाना खान घर आएँ।

भोलिपल्ट फेरि वडामा दुवै पक्षका साथीहरू जम्मा हुन थाले। त्यस दिन दुवै पक्षका मानिसहरू धेरै जना थिए। वडा कार्यालयको ठूलो हल भरिएको थियो। कृष्णाजीलाई आफ्नो कुरा राख्न अनुरोध गरेँ। वहाँले भन्नुभयो, 'तपाईंहरूले त हिजो जग्गा धितो राखेर पैसा लिएको भन्नुभयो। तर हामी हिजो मालपोतमा हेर्न जाँदा त जग्गा त राधिका सुवाल (नाम परिवर्तित) लाई बेचेको देखियो। तपाईंहरूलाई लाज सरम भनेको केही छैन है ? नैतिकता र ईमानदारी भनेको चीज पनि तपाईंहरूलाई थाहा भएन है ? जग्गा दिने भनेर हामीसँग करौडौं पैसा लिने अनि दुई दिन पैसा ढिला दिएको बहानामा बढि पैसा आउनेलाई जग्गा दिने हो ? पैसानै सबथोक भयो है ? नैतिकता भन्ने विषयनै छैन रहेछ। कति झूट बोल्न सक्ने ? वडाध्यक्षसमेतलाई झूट बोल्न सक्ने है ? जनप्रतिनिधिलाई समेत झूट बोलेर वडामा छलफलमा नआई मालपोतमा गएर जग्गा पास गर्न सक्ने मान्छे पनि यो संसारमा हुँदो रहेछ। पैसा बढि पाए पछि ईमानपनि नहुने रहेछ।'

प्रतिउत्तरमा हरिजीले भन्नुभयो, 'मैले पैसा बढि दिएर बेचेको होइन। मलाई पैसाको आवश्यकता भएर दिएको हुँ। तपाईंले दिएको म्यादमा मलाई पैसा नदिएपछि अरूलाई बेच्न बाध्य भएको हुँ।' कृष्ण अवाल पक्षका धेरै मानिस वडामा थिए। उनीहरूले हरिजीलाई हातपात गर्ने सम्भावना बढ्दै गएको थियो। एक जनाले त भनिहाल्नुभयो, 'हाम्रो पैसा उचित क्षतिपूर्तिसहित फिर्ता दिनुभएन भने तिमीलाई यही वडा बाहिर सिध्याइदिन्छु। इमानदारिता नभएको मानिसलाई कसरी सजाय दिनु पर्छ, त्यो मलाई पनि थाहा छ।'

वडामा एक किसिमले झगडाको माहौल बन्यो। एक आपसमा हात हालाहालको स्थिति सृजना भयो। मैले कर्मचारीहरूलाई माथि बोलाएर सतर्क गराए र दुवै पक्षको बिचमा बस्न निर्देशन दिएँ। त्यसले गर्दा तनाव अलि कम भयो। त्यसपछि दुवै पक्षलाई अलग अलग दुवै कोठामा राखेर सम्झाउने प्रयास गरेँ। धेरै सम्झाएपछि दुवै पक्ष अन्तमा आएर साँवा र केही क्षतिपूर्ति रकम फिर्ता दिने र लिने दुवैको सहमति भयो। सहमतिपश्चात मेरो अध्यक्षतामा माइन्यूट तयार गरी हस्ताक्षर सम्पन्न भयो। त्यसपछि मैले बैठक समापनको घोषणा गरेँ।

बैठक समापनपश्चात सबै साथीहरू वडाबाट जानुभयो। दुवै पक्षबिचको झगडा त मिल्यो। तर मेरो मन भने शान्त भएन। मेरो मनमा अनेक कुराहरू खेल्न थाले, यो पुँजीवादी व्यवस्थामा पैसानै सबथोक हुने रहेछ। मानिसले पाँच दिन पनि कुर्न नसक्ने रहेछ। पैसा मात्र हुने भए किन मानिसले पाँच दिन हदम्याद कुर्छ र ? यो समाजमा नैतिकता, इमानदारी र आपसी विश्वास हराउँदै गएको छ। मानिस मानिस बिचको सम्बन्धमा पनि पैसाले निर्धारण गर्ने रहेछ। एउटा व्यक्तिलाई बेच्छु भनेर कागज गरिसकेको अवस्थामा पनि अरूलाई जग्गा बेच्न सक्ने रहेछ। यसमा पक्कै पनि बढि पैसा आएर नै होला भनी मैले अन्दाज गरेँ। हुनत यो समाजवादी व्यवस्था होइन। जुन व्यवस्थामा पैसा सबथोक हुँदैन। जहाँ न्याय, समानता, इमानदारी, व्यवहारिकता र आपसी विश्वास पैसाले निर्धारण गर्दैन। समाजवादी व्यवस्थामा जनताको शिक्षा, स्वास्थ्यलगायतका दैनिक जीवनका आवश्यकताहरूको जिम्मा राज्यले लिन्छ। अनि मानिसमा रहेको लोभ लालच हराउँदै जान्छ। त्ससैल समाजवादी व्यवस्थाले मात्र यस्ता विकृति हटाउन सक्छ र यसको लागि देशमा आमूल परिवर्तत आवश्यक छ।

# स्यना वंगु थाय्बाय्या नेवाः नां

| मापि (सक्कली) | | लिपि (नक्कली) |
|---|---|---|
| थाय्मदु | - | वाङ्गेमुढा |
| प्यंगः थां | - | चारढुंगे |
| भ्याचाद्यः | - | भडासिं |
| जम बहाः (जन बहाः) | - | (सेतो) मच्छिन्द्र बहाल |
| न्यतः | - | नरदेवी |
| वंघः | - | इन्द्रचोक |
| कुलांभुलु | - | रक्तकाली |
| मण्डप, इखालाछि | - | क्षेत्रपाटी |
| यपिंख्य | - | धोविचौर |
| मिंन सतः | - | साउनेपाटी |
| पैक्व | - | नयाँ बजार |
| ल्हुति | - | बालाजु |
| जामागुं | - | रानीवन |
| हरिबाहा | - | बालाजु औद्योगिक क्षेत्र |
| सिखल, वसिक्व, सुकुबहाः | - | लाजिम्पात |
| असेगा, साकुना | - | बालुवाटार |
| बाह्रखानी ख्यः | - | लैनचौर |
| उचत्वाः, नखिंपुखू | - | महाराजगंज |
| खोलागाः | - | पानीपोखरी |
| पोर्पा | - | रानीबारी |
| पंव्व | - | बाँसबारी |
| गाः हिति | - | गैह्रीधारा |
| फुसिंख्यः | - | मनमैजु |
| धमाधू | - | धर्मस्थली |
| भुईजःसि | - | बुढानिलकण्ठ |
| जापातुं | - | बाह्र वर्षे इनार |
| न्हूघः | - | जैसिदेवल |
| जमः | - | जमल |
| न्हू पुखू | - | रानी पोखरी |
| पासिक्व | - | कमलादि |
| धुँख्वः | - | वागवजार |
| वदेय्क्व | - | डिल्ली बजार |
| वचु | - | नयाँ बानेश्वर |
| सिनांमुगः | - | सिनामंगल |
| ग्वल | - | देवपत्तन |
| चिलं | - | चित्लाङ |
| खुम्पु | - | श्रीखण्डपुर |
| तेंख्य, (तिंख्यः ?) | - | टुंडिखेल |
| लुंहिति | - | सुन्धारा |
| लुंमधि | - | भद्रकाली |
| पताबुँ | - | भुकुटी मण्डप |
| तेखु | - | टेकु |
| कःमिलाछि | - | कमलाक्षी |
| तेय्बहा (तेबहाः) | - | टेबहाल |
| गुचाः त्वाः | - | गुच्चा टोल |
| खेचा पुखू | - | खिचापोखरी |
| पाक्व पुखूद्यां: | - | पाको पोखल्ड्याङ |
| न्हू सतक | - | नयाँ सडक |
| नंसाः | - | नक्साल |
| खसुति (खास्ति) | - | बौद्ध |
| स्यंगूँ | - | स्वयम्भू |
| हिजाखुसि | - | धोविखोला |
| नारिखुसि | - | शालीनदी |
| न्या दे, नरः | - | हाँडिगाउँ |
| न्यागः मणि | - | पाँचमाने |
| लखुपात | - | दगुर्ने पानी |
| ल्वहँलें | - | गोलढुंगा |
| तःकंगा, वतिपुखू | - | माझि तहरा |
| मागः | - | मालिगाउँ |
| खोना | - | खोकना |
| वुंघः | - | बुंगमति |
| फम्पि | - | फर्पिङ |
| जल | - | हरिसिद्धि |
| चिपखु | - | नगरकोट |
| थक्वाः | - | थानकोट |
| नःक्वाः | - | नुवाकोट |
| सक्व | - | साँखु |
| किपू | - | कीर्तिपुर |
| यंकीदह | - | इन्द्रदह |
| पन्ति | - | पनौति |
| भ्वँत | - | बनेपा |
| नमुरा | - | नमोबुद्ध |
| धौख्यः | - | धुलिखेल |
| वादेय् | - | चापागाउँ |
| दल्लुद्वं | - | डल्लु |
| क्वपुंद्वं | - | कोपुण्डोल |

(फेसबुकं)

# अकुपन्चर के हो ? कसरी काम गर्छ ?




डा. झुला अधिकारी (रविन)

अकुपञ्चर चिकित्सा चिनियाँ चिकित्सा पद्धतिअन्तर्गतको चिकित्सा विधि हो। अकु अर्थात सियो र पञ्चर अर्थात घोचाई। यस अर्थमा स साना सियोको माध्यमबाट छालाका विभिन्न बिन्दुहरूमा गरिने घोचाई नै सामान्य अर्थमा अकुपञ्चर चिकित्सा हो।

## अकुपञ्चर चिकित्सा पद्धतिको सुरुवात

प्राचीन कालमा मानिस युद्ध लड्दा ढुङ्गाको हतियार प्रयोग गर्थे। युद्धमा लड्दा ढुङ्गाको हतियारले मानिसका विभिन्न ठाउँमा प्रहार गर्थे। यसरी ढुङ्गाको हतियार शरीरका विभिन्न भागमा रोपिँदा त्यो रोपिएको भागमा घाउ त लाग्दथ्यो तर प्रहार गरेको ठाउँमा घाउ भएता पनि शरीरको अर्को कुनै भागको दुखाइ कम भएको महसुस गर्न थाले, लामो समय देखिको रोग निको भएको पाए।

किन र कसरी भयो भनेर विचार गर्ने क्रममा एक प्रकारको अनुसन्धान नै प्रारम्भ भएको अनुमान गरिन्छ। र यो बिस्तारै अकुपञ्चर चिकित्साको रूपमा विकसित भएको ठानिन्छ। यसरी हेर्दा यो चिकित्सा पद्धतिको सुरुवात मानव सभ्यताको सुरवातसँगै भएको मानिन्छ। ऊर्जालाई कहिले हामीले आफू भित्र महसुस गरेका छौं त ?



आयुर्वेद तथा चिनियाँ चिकित्साका अनुसार जीवनीय उर्जा हाम्रो शरीरमा रहेका विभिन्न च्यानल मार्फत निरन्तर प्रवाह भइरहेको हुन्छ भन्ने मान्यता रहिआएको छ। आयुर्वेद अनुसार यस्ता च्यानललाई स्रोत भनिन्छ।

त्यसैगरी हिन्दु धर्म, बौद्ध धर्ममा पनि शरीर भित्र ऊर्जाको प्रवाह हुने कुराको व्याख्या पाइन्छ। योगमा उर्जा प्रवाह हुने मार्गलाई नाडी भनिन्छ। मेरुदण्डमा रहेका विभिन्न चक्रहरू उर्जाका केन्द्र हुन् भनी चक्र जागरणका विभिन्न विधिहरूको समेत उल्लेख पाइन्छ।

चिनियाँ चिकित्सा पद्धति अन्तर्गतको अकुपञ्चरका अनुसार हाम्रो शरीरमा रहेका उर्जा वहने मार्ग (मेरिडियन) मार्फत उर्जा निरन्तर प्रवाह भइरहन्छ भन्ने मान्यता रहेको छ। करिब ५ हजार वर्षभन्दा पनि पहिलेदेखि चीनबाट सुरु भएको अकुपञ्चर चिकित्सा १६औं शताब्दी पछि युरोप र अमेरिका हुँदै संसारभरि नै लोकप्रिय बन्दै गइरहेको हो। हाल विश्वका झन्डै १९६ राष्ट्रहरूमा अकुपञ्चर सेवा विस्तार भएको पाइन्छ।

प्रारम्भिक रूपमा ढुङ्गाबाट बनेका निडल बाट नै अकुपञ्चर गर्ने गरिन्थ्यो भने समयक्रममा धातुको खोजसँगै स्टोन निडललाई धातुद्वारा निर्मित सुईहरूले विस्थापित गर्दै गए। अहिले प्रयोग हुने अकुपञ्चर सियोहरू धागो जस्तै मसिना खालका, खिया नलाग्ने किसिमका स्टीलबाट बनेका हुन्छन्। अकुपञ्चर सियोको विकाससँगै यसका चिकित्सा सिद्धान्तहरू पनि विकास भएको पाइन्छ।

## चिनियाँ चिकत्साका केही मुख्य आधारभूत सिद्धान्त

- यिन याङ सिद्धान्त।
- पञ्चतत्त्वको सिद्धान्त।
- प्रमुख अङ्ग सम्बन्धी सिद्धान्त।
- मेरिडियन तथा कोल्याटेरल्स सिद्धान्त।

## यिन याङ् सिद्धान्त

ब्रह्माण्ड र पृथ्वीका नियमहरूलाई यीन र याङ सिद्धान्तको मार्फत् बुझ्न सकिन्छ। ब्रह्माण्ड र पृथ्वीका सम्पूर्ण वस्तु, चरित्रहरूलाई यीन र याङको रूपमा व्यक्त गर्न सकिन्छ। जस्तै, पानी यीन हो र आगो याङ हो, यीन चन्द्र हो भने याङ सूर्य हो, अँध्यारो यीन हो भने उज्यालो याङ हो।

## पञ्चतत्वको सिद्धान्त

ब्रह्माण्ड, पृथ्वी र प्रकृतिमा भएको सम्पूर्ण जीवन प्रकृया वा जीवन चक्र भनेकै पञ्चतत्त्वको गतिबाट सम्भव

भएको हो। पञ्चतत्त्वहरू क्रमश काठ, आगो, पृथ्वी, धातु र पानी पञ्चतत्त्वहरू प्रकृतिका विभिन्न रूपहरू हुन्, प्रकृतिमा एउटा सर्वमान्य गतिशील सन्तुलन हुन्छ जुन पञ्चतत्त्ववाट प्राप्त हुन्छ। जीवनको श्रोत र शक्ति प्रकृतिबाट प्राप्त हुन्छ र पञ्चतत्त्व र जीवनबिच एउटा अटुट सम्बन्ध रहेको हुन्छ। पञ्चतत्त्वको नियमहरूबाट नै जीवनको सञ्चालन भएको हुन्छ, नियमको सही सञ्चालन र सन्तुलन नै स्वस्थ जीवन हो।

## मेरिडियन तथा कोल्याटेरल्स सिद्धान्त

चिनियाँ चिकित्सा पद्धतिअनुसार शरीरमा एक प्रकारको जीवनीय शक्ति (छी) प्रवाह भइरहेको हुन्छ। उक्त शक्ति प्रवाहित हुने निश्चित काल्पनिक बाटोलाई शक्ति मार्ग भनिन्छ। मेरिडियन सिद्धान्त अकुपञ्चर चिकित्साको अत्यन्तै महत्त्वपूर्ण सिद्धान्त हो।

चिनियाँ चिकित्सामा मानिसको जीवनले कसरी काम गर्छ ? रोग कसरी लाग्छ ? रोग निको पार्ने के कस्ता उपायहरू अपनाउने भन्ने जस्ता अत्यन्तै महत्त्वपूर्ण ज्ञान यिनै मेरिडियनहरूले प्रदान गर्छ।

यिनै मेरिडियनहरूमा नियमित रूपले जीवनीय शक्ति (छी) प्रवाहित भएको हुन्छ। कुनै कारणले यिनको प्रवाहमा अवरोध आएमा स्वास्थ्यमा समस्या देखा पर्दछ र दुखाइ हुने गर्छ ।

अकुपञ्चरले त्यही अवरोध हटाएर रोग निको पार्दछ वा दुखाइ कम गर्छ भन्ने मान्यता छ। मेरिडियन लाइनमा लगभग ३६१ वटा मुख्य उर्जा विन्दुहरू अवस्थित हुन्छन्। यिनलाई अकुपोइन्टस् भनिन्छ।


अकु बिन्दुहरूमा स-साना मसिना विशेष प्रकारका विशेषता भएका सियोहरूद्वारा विभिन्न विधि प्रयोग गरी शारीरिक, मानसिक, भावनात्मक स्तरमा जीवनीय शक्तिलाई सन्तुलन बनाउँछ। यसरी विभिन्न स्वास्थ्य समस्याहरूको समाधान हुने गर्छ।

## अकुपञ्चरले कसरी काम गर्छ र दुखाइ कम गर्छ ?

सन् २०१७ मा प्रकाशित न्यूरोपञ्चर भन्ने पुस्तकका अनुसार अकुपञ्चरले विभिन्न तरिकाले आफ्नो काम गर्छ। जसमा स्थानीय मेकानिज्म, स्पाइनल कर्ड मेकानिज्म, इन्डोजेनस ओपोइड सर्किट मेकानिज्म, स्नायु प्रणाली मेकानिज्म र स्नायुमांशपेसीगत मेकानिज्म पर्छ।

अकुपञ्चर चिकित्सा अन्य विभिन्न स्वास्थ्य समस्याहरूमा उपयोगी भएता पनि विशेष रूपले दुखाइ कम गर्नका लागि प्रख्यात छ।

अकुपञ्चरले दुखाइ कसरी कम गर्न मदत गर्दछ भन्ने कुरालाई हामी आधुनिक विज्ञान विशेष गरी स्नायुतन्त्र क्रिया विज्ञानका हिसाबले हेर्ने प्रयास गरौँ। कुनै स्थानमा चोट लागेमा हामीलाई दुख्छ तर दुखाइ महसुस हुनका लागि एक निश्चित प्रकृया पूरा हुनु पर्दछ जसलाई पेन पाथ वे भनिन्छ। तीन तहका स्नायुहरू एक आपसमा मिलेपछि मात्र सामान्यतया हामीलाई दुखाइ महसुस हुन्छ वा यो पाथ वे पूरा हुन्छ।



पहिलो तहको स्नायू हृ चोट लागेको स्थानबाट सी फाइबर र ए डेल्टा फाइबर नाम गरेका विशेष खाले स्नायुहरूले दुखाइको संवेदनालाई बोकेर मेरुदण्डमा भएको स्पाइनल कर्डको डर्सल हर्नसम्म पुऱ्याउँदछ।

सेल बडी या त स्पाइनल कर्डमा वा ब्रेन स्टिममा रहेको दोस्रो तहको स्नायुले दुखाइको संवेदना लिएर चोट लागेको जुन भाग हो त्यो भन्दा अर्को पट्टी क्रस गरेर स्पाइनोथालामिक ट्र्याक हुँदै माथि मस्तिष्कको थालामससम्म लैजान्छ र तेस्रो तहको स्नायु मस्तिष्कको थालामसबाट सुरु भई मस्तिष्कको अग्र भागमा रहेको (जुन स्थानमा चोट लागेको हो सोही अनुसारको दुखाइ महसुस हुने विशेष किसिमको) सोमाटो सेन्सरी कर्टेक्समा गएर टुङ्गिन्छ र हामीलाई दुखाइको महसुस हुन्छ।

स्पाइनल कर्डको डर्सल हर्नमा रहेको सब्स्टान्सिया जेलाटिनोसा भन्ने स्थानमा पहिलो तहको स्नायुले दोस्रो तहको स्नायुलाई न्युरो ट्रान्समिटरमार्फत दुखाइको संवेदना पठाउने गर्दछ त्यसैगरी यस्तो संवेदना दोस्रोबाट तेस्रोमा पनि जाने गर्छ। जब हामी अकुपञ्चर गर्दछौँ तब केही मोटा एवं सङ्केतहरूलाई छिटो लैजाने किसिमका ए बीटा फाइबर नाम गरेका अर्का स्नायुहरू उत्तेजित हुन्छन्। जसले स्पाइनल कर्डको डर्सल हर्नमा रहेको सब्स्टान्सिया जेलाटिनोसा भन्ने स्थान जहाँ पहिलो तहको स्नायुले दोस्रो तहको स्नायुलाई सब्स्टान्स पी, ग्लुटमेट नामका न्युरो ट्रान्स मिटर मार्फत दुखाइको संवेदना पठाउने गर्दछ। त्यही स्थानमा दुखाइ कम

गर्ने खाले सङ्केतले दुखाइको संवेदनालाई नै केही कम गर्ने वा रोक्ने गर्दछ र त्योभन्दा माथितर्फ संवेदनालाई जान नै दिँदैन। यसरी स्पाइनल कर्डको तहमा नै दुखाइ कम हुने हुन्छ।

अकुपञ्चर गर्ने अकु बिन्दुहरूमा यस्ता ए बीटा नाम गरेका स्नायुहरू दुखाइका संवेदना बोक्ने खाले स्नायुहरू भन्दा ज्यादा मात्रामा रहेका हुन्छन्। जब हामी कुनै अकु बिन्दुमा अकुपञ्चर गर्दछौँ तब दुखाइको संवेदनाभन्दा अघि नै इन्डोरफिन जस्ता दुखाइ कम गर्ने खाले सङ्केतले पहिलो र दोस्रो स्नायुको बिचमा संवेदना जाने गेटलाई नै बन्द गरी दिन्छ र त्यसभन्दा माथि दुखाइको संवेदना नै जाँदैन वा कम मात्रामा जाने हुन्छ। यसलाई प्रसिद्ध गेट कन्ट्रोल थेयरी भनेर पनि जानिन्छ।

अर्कोतर्फ अकुपञ्चर उपचारको असर स्पाइनल कर्डको तह हुँदै हाम्रो मस्तिष्कसम्म पनि पुग्छ। आवश्यकताअनुसार हामीले छानेका अकु बिन्दु अनुसार प्राकृतिक दुखाइ कम गर्ने केन्द्रको रूपमा रहेको हाइपोथालामस र अरू त्यस्तै केन्द्रहरू सक्रिय हुन्छन्। जसले वेटा इन्डर्फिन नामक दुखाइ कम गर्ने प्राकृतिक हर्मोन निस्कन्छ जसले मिड ब्रेनमा रहेको पेरी एक्यूडक्ट ग्रे नामक केन्द्रलाई सक्रिय गर्दछ जसले सेरोटोनिन जस्ता हर्मोनहरू मार्फत डर्सल हर्नमा रहेको सब्स्टान्सिया जेलाटिनोसामा नै दुखाइको संवेदनालाई कम गराउन भूमिका खेल्छन्।

विभिन्न अध्ययनहरू अनुसार अकुपञ्चरले प्राकृतिक पेन किलर हर्मोनहरू निकाल्न मदत गर्छ। जसमा इन्डोरफिन पोलिपेप्टाइड्स इन्केफलिन डाइनर्फिन लगायतले दुखाइ कम गर्न मदत गर्छ। साथै अकुपञ्चर चिकित्साले शरीरमा भएका यस्ता दुखाइ कम गर्ने न्युरो ट्रान्समिटरहरूको सङ्ख्यामा समेत वृद्धि गरेर दुखाइ कम गरेको पाइएको छ।

त्यसैगरी एक्सियल रिफ्लेक्स आर्क सिद्धान्तअनुसार पनि अकुपञ्चरले दुखाइ कम गर्न सहयोग गरेको पाइन्छ। यी विभिन्न प्रक्रियाबाट अकुपञ्चरले दुखाइ कम गर्न सहयोग गर्दछ भनेर पछिल्ला अध्ययनहरूले देखाएको पाइन्छ। चिनियाँ चिकित्सा अन्तर्गत अकुपञ्चरबाहेक पनि एउटै चिकित्सा सिद्धान्त अनुसार कार्य गर्ने अन्य चिकित्सा विधिहरूमा पनि छन्। जसमा एक्युप्रेसर, मोक्सिबुसन, कानको अकुपञ्चर, विद्युतीय अकुपञ्चर, कस्मेटीक अकुपञ्चर, स्काल्प अकुपञ्चर र रक्तमोक्षण लगायतका विधिहरू पर्छन्।

## खोज तथा अनुसन्धान

पछिल्लो समयमा मेरिडियनका बारेमा वैज्ञानिक खोजहरू भइरहेका छन् र निरन्तर भई नै रहने छन्। आधुनिक खोजहरू अनुसार मेरिडियनको रूपमा व्याख्या गरेको पाइन्छ। त्यसै गरी पछिल्लो समयमा शरीर क्रिया विज्ञान सम्बन्धी अध्ययनले स्नायुतन्त्र परिकल्पनालाई अगाडि सारेको पाइन्छ जस अनुसार अकुपञ्चर गर्दा सर्वप्रथम शरीरका संवेदी उत्तेजित गरी त्यो सङ्केत दिमागमा पुऱ्याई दिमागबाट पुनः आवश्यक सङ्केत पाएपछि नै चाहिएको अकुपञ्चरको परिणाम प्राप्त हुन्छ भनिएको छ तर अझै अनुसन्धानहरूले यही नै हो भनेर यकिन गरी सकेको भने छैन।

## नेपालमा अकुपञ्चर

पहिलेको तुलनामा नेपालमा सचेतना बढेको छ। नेपालमा पनि सरकारी तथा निजी अस्पताल एवं क्लिनिकमा अकुपञ्चरका माध्यमबाट उपचार सेवा सञ्चालनमा छ। सरकारी स्तरमा रहेको केन्द्रीय चिकित्सालय नरदेवीमा अकुपञ्चर गर्न आउने बिरामीहरूमा विभिन्न प्रकारका पक्षाघात, हड्डी खिएर भएका दुखाइ, कम्मरको दुखाइ, घुँडाको दुखाइ, माइग्रेन टाउको दुखाइ, कुमको जोर्नी दुखाइ, मर्केको, कम्मर तथा घाँटीको नसा च्यापिएर भएको दुखाइ तथा लाटोपना, झम्झमाउने जस्ता नसा सम्बन्धी समस्याहरू त्यसैगरी चिन्ता तनाव एवं अनिद्राबाट पीडित बिरामीमा अकुपञ्चर अत्यन्तै प्रभावकारी पाइएको छ। दक्ष जनशक्ति नहुँदा देशव्यापी रूपमा भने यो सेवा विस्तार हुन सकेको छैन।


## सावधानी

यो उपचारको फाइदा लिन दक्ष चिकित्सकबाट मात्र सेवा लिनुपर्छ। दक्ष व्यक्तिले आवश्यक अकुपोइन्टहरूमा विधिपूर्वक अकुपञ्चर सियो राख्दा बिरामीलाई उक्त सियो राखेको स्थानमा तातो महसुस हुने, भारी भएको जस्तो हुने, एक प्रकारको करेन्टको प्रवाह भए जस्तै हुनुपर्छ भने सियो राख्ने व्यक्तिले समेत त्यो अनुभूति गर्छ।

अकुपञ्चर चिकित्साको सही लाभ लिनका लागि यस्तो महसुस हुनु अति जरुरी हुन्छ जसलाई ऊर्जाको अनुभूति भनिन्छ। जसकारण जहाँ पायो त्यहाँ जो सुकै व्यक्तिसँग अकुपञ्चर गराउन हुँदैन। हेर्दा उस्तै लागे पनि गर्ने व्यक्तिको दक्षताबिना अकुपञ्चरबाट लाभ लिन सकिँदैन केवल आफ्नो स्वास्थ्य, पैसा र समयको बर्बादी मात्र हुनेछ।

*(नेपाल चाइनिज मेडिसिन चिकित्सक समाजको अध्यक्षसमेत रहेका अकुपञ्चर विज्ञ लेखक हाल काठमाडौँको केन्द्रीय आयुर्वेद चिकित्सालय, नरदेवीमा कार्यरत छन्।)*

# गोपालराज वंशावली




[धनवज्र बज्राचार्य (विसं १९८८-२०५१) र कमलप्रकाश मल्ल (विसं १९९३-२०७५) को पुस्तक इन्टरनेट अर्काइभबाट साभार-८]

## पत्र ४४

नेसं. ४३९ (वि.सं. १३७६) आश्विन कृष्ण सप्तमी ... रुद्रमल्लदेवले राजवास किल्ला बनाउन लाए। यसमा पाटनका तीनै (महापात्र) को सहयोग लिइएको थियो।

नेसं. ४४० (वि.सं. १३७७) भाद्र शुक्ल सप्तमीको दिन... देवको... विवाह भयो।

नेसं. ४४० (वि.सं. १३७७) चैत्र कृष्ण द्वादशीको दिन देउपाटनमा श्रीजयारिमल्लको राज्याभिषेक गरियो।

नेसं. ४३८ (वि.सं. १३७४) द्वितीय पौष कृष्ण एकादशीको दिन बनेपाले ... आएको हुँदा सेल्ल किल्ला...

नेसं. ४३६ (वि.सं. १३७३) आषाढ शुक्ल द्वादशी शनैश्चरवारको तीन प्रहर जाँदा सुयोधन ... चोर पत्री ल्याइयो। यस महीनामा तलमण्डे (तौमढी) का देवताको पसीना आयो; आँसु आयो। चार महीनापछि आँप सुन्तला जत्रा असिना पऱ्यो। सारा बाली नष्ट भयो। ... अनिकाल पऱ्यो। चार भागमा एक भागको मृत्यु भयो।

नेसं.... कृष्ण एकादशी, श्रीजयरुद्रमल्लदेवले क्वाछेंका तेजपाल भारो वंविगोछेंका ... भारोलाई निकाला गरे।

नेसं. ४३५ (वि.सं. १३७२) भाद्र शुक्ल त्रयोदशीको दिन लंको लाछेंका बोद मूलमी र कापीको कैदमै मृत्यु भयो। स्वास्नीहरूले प्रायश्चित्त गर्नुपऱ्यो। प्रेतक्रिया ब्राह्मणद्वारा गराइएन।

नेसं. ४३८ (वि.सं. १३७४) मार्ग शुक्ल एकादशीको दिन श्रीजयरुद्रमल्लदेवले तलङ्गुम्पल्ली नुवाकोट कब्जा गरे।

नेसं. ४३५ (वि.सं. १३७२) आषाढ कृष्ण चतुर्थीको दिन त्रिपुरले साखरकोटमा नुवाकोटको लश्करलाई काटी धपायो।

नेसं. ४१३ (विं.सं. १३५०) फाल्गुन शुक्ल अष्टमीको दिन श्रीजयादित्यदेवको मृत्यु भयो।

नेसं. ४४१ (वि.सं. १३७८) चैत्र शुक्ल द्वितीयाको दिन... खसहरू लड्दै आए। त्रिपुरको 'राजवास' किल्ला भत्काए।

नेसं. ४४३ (वि.सं. १३८०) भाद्र शुक्ल पञ्चमीको दिन, श्रीजयराजदेव र लकसका ज्योतिराम महाथ (महामन्त्री) भारादारले बनेपा किल्ला कब्जा गरेकोमा फर्पिङ मनिगल त्रिपुरले...

## पत्र ४५

नेसं. ४४० (वि.सं. १३७६) पौष महीनामा ठूलो हिउँ पऱ्यो। पोनच्यङदेखि धारणी गण्डकीसम्म र चनिगलभित्र पनि हिउँ पऱ्यो।

नेसं. ४४१ (वि.सं. १३७७) फाल्गुन कृष्ण नवमीको दिन श्रीजयरुद्रमल्लदेवका जेठा छोरा श्रीजयवीरमल्लदेवको जन्म भयो। नेसं. ४४२ (वि.सं. १३७८) पौष कृष्ण चतुर्दशीको दिन मृत्यु भयो।

नेसं. ४४२ (वि.सं. १३७९) आश्विन कृष्ण द्वितीयाको दिन सननिमम् नकछेंमा ब्रह्मयुद्ध भयो।

नेसं. ४४४ (वि.सं. १३८०) माघ शुक्ल दशमीको दिन योद्यं बहिलीमा ईंट छाप्ने काम गरियो ...।

नेसं. ४४० (वि.सं. १३७७) ज्येष्ठ शुक्ल अष्टमीको दिन श्रीजयरुद्रमल्लदेवले नाच नाचे; पिशाच भई नाच्ने दास भारोले भाग नलिई फुटी भिन्नै नाच्दा उनको मृत्यु भयो। राजा जयारिमल्लको उपस्थितिमा नाच नचाइएको थियो। नृत्यको नाम 'रत्नागत' थियो। ग्रन्थकार शङ्खलङ्खुका पण्डित हुन्। ...

नेसं. ४४३ (वि.सं. १३७९) माघ कृष्ण द्वितीयाको दिन गण्डान्त वेलामा श्रीजयरुद्रमल्लदेवका माहिला छोरा त्रिभुवनमल्लदेवको जन्म भयो। नेसं. ४४४ (वि.सं. १३८१) आश्विन कृष्ण चतुर्दशीको दिन उनको मृत्यु भयो।

नेसं. ४३७ (वि.सं. १३७३) फाल्गुन कृष्ण दशमी, बृहस्पतिवार धनिष्ठानक्षत्रको दिन पलांचोकमा राजा श्रीश्रीजयानन्दकी ल्याइते पत्नीतर्फबाट श्रीजयराजदेवको जन्म भयो।

नेसं. ४३८* (वि.सं. १३७५) वैशाख शुक्ल त्रयोदशीको दिन ग्वलंदेश (देउपाटन) मा ब्राह्मणहरूद्वारा रुद्रीपाठ गराइयो। श्रीजयानन्द राजाले ....

यस साल त्रिपुरबाट श्रीजयरुद्रमल्लदेव नुवाकोटमा हमला गर्न पुगे। खुलेन।

नेसं. ४४० (वि.सं. १३७६) फाल्गुन कृष्ण चतुर्थीको दिन सखु भाले आफ्नी स्वास्नीकहाँ आएका भीम भालाई पत्री छुरीले हाने। यस कारण श्रीजयरुद्रमल्लदेवले सखु

भालाई पत्री शासना गरे। क्वाठछेंमा ... काटे।

ने.सं. ४४४ (वि.सं. १३८०) द्वितीय पौष कृष्ण षष्ठीको दिन तेजा दल आई वाक्वाठ (किल्ला) भित्र पस्यो।

ने.सं. ४४४ (वि.सं. १३८०) माघ शुक्ल सप्तमीको दिन त्रिपुरको पर्खाल बनाउने काम गरियो। बन्देबाट ईंट ल्याई चैत्र महीनासम्ममा सेवाद्वारा (जनश्रमदानद्वारा) ईंट छाउने काम श्रीजयरुद्रमल्लदेवले गर्न लाए।

---

★ लेखकको भूलले मूलमा ४४८ दिइएको छ। वास्तवमा सो ४३८ हो भन्ने कुरा प्रसङ्गबाट स्पष्ट थाहा पाइन्छ।

# पत्र ४६

ने.सं. ४४८ (वि.सं. १३८५) भाद्र शुक्ल नवमीको दिन महामारी फैलियो। एक द्रम्मको एक पाथी मात्र चामल पाइने भयो।

ने.सं. ४४९ (वि.सं. १३८६) फाल्गुन शुक्लदेखि ठूलो महामारी फैलियो; भाद्रसम्म दिनको शय जना जति मरे। यस महामारीको नाम 'कनि-मरक' हो।...

ने.सं. ४४८ (वि.सं. १३८४) फाल्गुन शुक्ल सप्तमीको दिन खस राजा आदित्यमल्ल लड्न आए; नुवाकोट कब्जा गरे; पाँच दिनपछि शाखरक्वाठ कब्जा गरी (उपत्यकाभित्र) पसे। तीनै शहरमा आगो लगाइदिए। ललितपुर पुलबहिलमा रहेर २२ दिनसम्म घेरा हालेर बसे। तर किल्ला फुटेन।

ने.सं. ४४६ (वि.सं. १३८२) माघ शुक्ल तृतीया। तिरहुतका राजा हरसिंहदेवले रैतीहरू जम्मा पारी आफू अघि सरी मिथिलाबाट दिल्लीका तुरक (गयासुद्दीन तुगलक) माथि जाइलागे। सिम्रौनगढ ध्वस्त पारियो। तिरहुतका राजा मन्त्री आदि सबै उठी भागे। केही कालपछि फेरि पसे। केही कालपछि राजग्राम दोलखामा आउँदा टिंपाटमा (तीनपाटनमा) राजा हरसिंहदेवको मृत्यु भयो। यिनका छोरा मन्त्री दुवै कैद गरिए। परिवार पनि समातियो। शरण मागे। राजग्रामका भारादारले जम्मै धन हात लाए।

ने.सं. ४४६ (वि.सं. १३८३) प्रथम आषाढ पूर्णिमाको दिन श्रीजयरुद्रमल्लदेवको मृत्यु भयो। भोग वर्ष ३०, महीना ८। ... हा भरि १, राखि १ श्रीजयरुद्रमल्लदेवको साथ सती गए।

ने.सं. ४५० (वि.सं. १३८७) चैत्र कृष्ण एकादशीको दिन अभयराम मूलमीले बनेपाको इलाकामा रहेको मभिंबहारक्वाठमा विद्रोह गरे।

ने.सं. ४५२ (वि.सं. १३८९) वैशाख कृष्ण द्वितीयाको दिन, नुवाकोटका गज र पलांचोकका जयराजदेव ब्राह्मखामा मिले।

ने.सं.४५० (वि.सं. १३८६) पौष कृष्ण त्रयोदशीको दिन युथनिमंमा ठाकुर नभएका हुँदा दक्षिण (मधेश) तिर पसी दुइजना राजकुमार भित्र्याइए। चनिगल ... (नायकदेवीसँग) हरिचन्द्रदेवको र कामादेवीसँग गोपालचन्द्रदेवको विवाह भयो।

ने.सं. ४५३ (वि.सं. १३९०) चैत्र शुक्ल त्रयोदशीको दिन, ङवाक्वाठमा विद्रोह भयो। बनेपाले विद्रोह गरेको हो। शिरपति, देशाल, दुश्यङ्ख, क्वटन, रजत र त्रिपुर मिलेका थिए।

# पत्र ४७

ने.सं. ४५१ (वि.सं. १३८७) फाल्गुन शुक्ल अष्टमी क्वाथछेंकी देवीको खटको सुनको छानाको प्रतिष्ठा गरियो। जजमान चोंड्वलछेंका जयपति मूलमी थिए।

ने.सं. ४५५ (वि.सं. १३९२) ज्येष्ठ शुक्ल षष्ठीको दिन श्रीहरिचन्द्रदेवको बलप्रयोगद्वारा मृत्यु भयो।

ने.सं. ४५१ (वि.सं. १३८८) ज्येष्ठ शुक्ल द्वादशी तलमण्डेको यन्टामण्डोमा ध्वजा चढाइयो। यस दिन बनेपाली श्रीयुविछेंका भारादार लडाइँमा डटे; त्रिपुर यसमा पसी.. पक्रयो।

ने.सं. ४५२ (वि.सं. १३८८) मार्ग शुक्ल पूर्णिमाको दिन चण्डेश्वरले राजग्राम कब्जा गरे।

ने.सं. ४५२ (वि.सं. १३८९) श्रावण शुक्ल नवमी भोन्त (बनेपाली) श्रीराजदेव बसेको बनेपा क्वाठमा महाथ अनखराम भारो र अरू एक भई मिली घेरा हाले; यस विषयमा परस्परमा मेलमिलाप गरियो। तिपुरका अभयराम मूलमीले कपनक्वाठ कब्जा गरे।

ने.सं. ४५२ (वि.सं. १३८९) आश्विन शुक्ल द्वितीयाको दिन ६७ वर्ष २ महीनाको उमेरमा श्रीश्रीपदुमलदेवीको मृत्यु भयो।

ने.सं. ४५२ (वि.सं. १३८९) आश्विन कृष्ण प्रतिपदा सोमवारको दिन साँखुमा अभङ्गपतिराज र उनका भाइ सखू मूलमी यी दुइजना मिली ब्राह्मणका गहना लिए। ब्राह्मणहरूले उनीहरूलाई त्यहाँबाट निकाले; अनि अनेकराम महाथले मार्न लाए।

ने.सं. ४५३ (वि.सं. १३९०) वैशाख कृष्ण तृतीयाको दिन हरिचन्द्र कुमर तीन वर्षपछि त्रिपुर यिथुनिमंमा पसे। भारादार थयितले हतियार उठाई सारालाई एक गठ पारे। ... यसपछि हरिचन्द्र कुमर भागी कान्तिपुरमा जानुभयो।

ने.सं. ४५२ (वि.सं. १३८९) आषाढ कृष्ण पञ्चमीको दिन राति हरिचन्द्रदेव आई भारादार दुश्यङ्ख कस्त, केशराम दलवयि, मडिकसहित बलैले बुगन्न राजदरबारमा पसे। यसको भोलिपल्ट भारादार मघराम र देशपति दुवैलाई मारे। भारादार थयितलाई निकालिदिए।

(क्रमशः)

# नेवाः नां (४)



सङ्कलक :
शान्तराज शाक्य

## मिसा मस्तय्‌गु नां

| न्हापा | थौंकन्हय | अर्थ |
|---|---|---|
| सतिसा | सतिसा | : छता जातया सिँ । |
| सतिवा | सतिवा | : वाया छता जात । |
| सती | सतिइ | : निकटम । |
| समाल | समाः | : श्रृंगार । |
| समिजु | समिजु | : भम्चायात पासा च्वनीम्ह । |
| ससिवा | ससिवा | : खःथें मखुथे भुलुभुलु वइगु वा । |
| ससुमां | ससु | : सरस्वती । |
| सिन्हलपता | सिन्हःपता | : नेवाः लोकवाखंया छम्ह मिसा । |
| सिन्हःपता मयुजु | सिन्हःपता मयुजुः | नेवा |
| सिन्हलमू | सिन्हःमू | : सिन्हःतयेगु कलात्मक थल । |
| सिन्तलि | सिन्तलि | : गंसिम्ह मिसा । |
| सिरपाः | सिरपौ | : सिरपाः, पुरस्कार । |
| सिरसा | सिरसा | : सिसौ । |
| सिलु | सिलु | : गोसाइकुण्ड । |
| सिलुस्वान | सिलुस्वां | : सिलुइ व्हइगु तुयूगु स्वां । |
| सिल्ला | सिल्ला | : ने.सं.या प्यंगूगु महीना । |
| सीस्वान | सीस्वां | : मैन स्वां । |
| सुकुन्दा | सुकुन्दा | : मंगल प्रतिक कलात्मक मतथल |
| सुता | सुता | : क्वखायेगु तिसा । |
| सुपलाख | सुपलाः | : सुकदम, वांलाःगु पलाः । |
| सुमलि | सुमलि | : पुजाज्वलं तयेगु धकि । |
| सुला | सुला | : सुलेगु ज्या । |
| सोना | स्वना | : स्थापना । |
| सोन्ति | स्वन्ति | : स्वन्ति नखः । |
| सोसरा | स्वसरा | : अयुलाः स्वधाः । |
| सोसा | स्वसा | : शोभा । |
| हना | हना | : हनेगु, हनाबना, । |
| हनाबना | हनाबना | : मानमर्यादा । |
| हसना | हसना | : सन्देश, खबर । |
| हामा | हामा | : संरक्षक । |
| हाबला | हाबलासा | : हाबलासा त्वइगु । |
| हिला | हिला | : परिवर्तन । |
| हिलाबुला | हिलाबुला | : छगू नाप मेगु हिलेगु । |

| | | |
|---|---|---|
| हिसि | हिसि | : हिसि दुम्ह, सुन्दरता । |
| हिसिसुलि | हिसिसू | : हिसि दुम्ह । |
| हिसिला | हिसिला | : हिसि दुम्ह । |
| हिसिली | हिसिली | : हिसि लीम्ह । |
| हिसु | हिसु | : हिलायंगु चिं । |
| न्हसला | न्हसला | : पल्पसा । |
| न्हिला | न्हिला | : मुस्कान । |
| न्हिलासल | न्हिलासः | : न्ह्यूसः । |
| न्ह्यथना | न्ह्यथना | : न्ह्यब्वया । |
| न्ह्यलुवाल | न्ह्यलुवाः | : अग्रसरम्ह । |

●

## मिजं मस्तय्‌गु नां

| न्हापा | थौंकन्हय् | अर्थ |
|---|---|---|
| अइल | अइल | : दकसिबय् लिपायाम्ह मचा । |
| अगिन | अगिन | : अविरल । |
| अगिंमथल | अगिंमथः | : अग्नीशाला । |
| अजमास | अजमाय् | : अनुमान, योजना । |
| अजल | अजः | : काजल । |
| अतल | अतः | : ज्या दिना छु भचा नयेगु । |
| अतस | अतस | : प्रशस्ट, यक्व । |
| अतिकन | अतिकं | : यक्व, प्रसष्ट । |
| अपसन | अपसं | : उपवास । |
| अम्बल | अम्बः | : गुच्चा वांलूगु सि । |
| अरनिको | अरनिको | : नेपाःया नांजाःम्ह कलाकार । |
| अलख | अलः | : तुतिपतिनय् छीगु ह्याउँगु रंग । |
| अल्याख | अल्याख | : असंख्य, अनगिन्ती । |
| अरुवाल | अरुवाः | : पुजा सम्वन्धि कापः । |
| अस्तर | अस्तर | : तसवीर च्वयेत माःगु कापः । |
| आक्स | आकास | : आकाश । |
| आखल | आखः | : अक्षर । |
| आगम | आगं | : पुजाकुथि । |
| आजा | आजा | : पुर्खा, बाज्या । |
| आज्जु | आज्जु | : लक्ष्य । |
| आय् | आस | : आकांक्षा । |
| आलख | आलः | : भुजा (जाया सम्मानार्थ खँग्वः) । |
| आल | आल | : आकाश । |
| आलजल | आलजः | : आकाश तेज । |
| आलमत | आलमत | : आकाशदीप । |
| आसिक | आसिका | : आशिष, आशीर्वाद । |
| आँच | आँच | : क्वाःजः, राप । |

(कथहं)

(साभार : 'नेवाः नां', नेसं ११२७ सफुलिं)

# भक्तपुर नगरपालिका कार्यपालिकाको बैठक निर्णय

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको अध्यक्षतामा भक्तपुर नगर कार्यपालिकाको बैठक भक्तपुर नपा वडा नं. २ ब्यासीस्थित नगरपालिकाको कार्यालय भवनमा विभिन्न मितिमा बसी लिइएका निर्णय जानकारीको लागि दिइएको छ ।

## बैठक सङ्ख्या- ९७

## मिति २०८२ मङ्सिर ७ गते, आइतबार

**उपस्थिति**

| | |
|---|---|
| १. प्रमुख श्री सुनिल प्रजापति | उपस्थित |
| २. उपप्रमुख श्री रजनी जोशी | ऐ |
| ३. वडाध्यक्ष श्री श्यामकृष्ण खत्री | ऐ |
| ४. वडाध्यक्ष श्री हरिप्रसाद बासुकला | ऐ |
| ५. वडाध्यक्ष श्री राजकृष्ण गोरा | ऐ |
| ६. वडाध्यक्ष श्री उपेन्द्र सुवाल | ऐ |
| ७. वडाध्यक्ष श्री योगेन्द्रमान बिजुक्छेँ | ऐ |
| ८. वडाध्यक्ष श्री हरिराम सुवाल | ऐ |
| ९. वडाध्यक्ष श्री उकेश कवां | ऐ |
| १०. वडाध्यक्ष श्री कृष्णप्रसाद कोजु | ऐ |
| ११. वडाध्यक्ष श्री रविन्द्र ज्याख्व | ऐ |
| १२. वडाध्यक्ष श्री लक्ष्मीप्रसाद ह्यौंमिखा | ऐ |
| १३. कार्यपालिका सदस्य श्री रोशनमैया सुवाल | ऐ |
| १४. कार्यपालिका सदस्य श्री छोरीमैया सुजखु (प्रजापति) | ऐ |
| १५. कार्यपालिका सदस्य श्री सुनिता प्रजापति (अवाल) | ऐ |
| १६. कार्यपालिका सदस्य श्री कृष्णप्यारी भुजु | ऐ |
| १७. कार्यपालिका सदस्य श्री रञ्जना त्वाती | ऐ |
| १८. प्रमुख प्रशासकीय अधिकृत श्री बसन्त भट्टराई | ऐ |

## निर्णयहरू

### योमारी उत्सव

यस वर्षको योमारी पुन्हीको अवसरमा मिति २०८२ मङ्सिर २० गते, शनिवारका दिन योमारी प्रतियोगिता सञ्चालन गरी योमारी उत्सव मनाउने निर्णय गरियो ।

### कम्पोष्ट मल

भक्तपुर नगरपालिकाबाट उत्पादित कम्पोष्ट मल २० किलोको प्रति बोरा रु.३५०/- मा सर्वसाधारणको लागि बिक्री भइरहेकोमा कृषकहरूलाई सहुलियत दरमा २० किलोको प्रति बोरा रु.२००/- मा उपलब्ध गराउने निर्णय गरियो ।

### स्वास्थ्य शिविर

यस वर्ष मङ्सिर र पुस महिनामा नगरभित्रका सबै वडाहरूमा VIA Test तथा हाडजोर्नी सम्बन्धी स्वास्थ्य शिविर सञ्चालन गर्ने निर्णय गरियो ।

### सामान सहयोग

जुद्ध वारुण यन्त्रले माग गरेको सामान सम्बन्धमा देहायका सामानहरू सहयोग गर्ने निर्णय गरियो-

क. SCBA (Single cylinder) - २ सेट
ख. Fire man Boot - ५ सेट
ग. Fire man Globs - ५ सेट

### समितिको निर्णय अनुमोदन

समिति निर्णय अनुमोदन सम्बन्धमा छलफल हुँदा निम्नानुसार गर्ने निर्णय गरियो-

**क. वातावरण तथा पर्यटन समिति**

**मिति २०८२।७।२७ गते**

१. यस नगरपालिकाको वर्कशप स्थापना गरी कार्य सञ्चालन गर्नको लागि हाललाई निम्न उपकरण र सामग्रीहरू व्यवस्था गर्नुपर्ने भएकोले आवश्यक प्रक्रिया अगाडि बढाउने निर्णय गरियो :

१. Two post Lift
२. Comprecsser (air) 220 75 H.P.
३. Washing Boom ४. Tools Sets
५. Welding Machine ६. 02 cylindar
७. Carbite tank ८. ड्रिल मेशिन ६ फिट
९. ग्रान्डी मेशिन ४ फिट १०. हाइड्रोलिक ४० टनको

२. पर्यटकहरूलाई वितरण गरिने विभिन्न भाषाका ब्रोसरहरू तपसिल अनुसार छपाइ गर्ने निर्णय गरियो-

१. जापानीज - २५००० थान
२. स्पेनिस - २५००० थान
३. जर्मनी - २५००० थान
४. अङ्ग्रेजी - २ लाख थान
५. चिनियाँ - ५०००० थान

**मिति २०८२।८।५ गते**

१. पर्यटकीय स्थलहरूमा स्टिलको डस्टविन राख्नको लागि हाललाई १० थान डस्टविन खरिद गरी व्यवस्थागर्ने निर्णय गरियो ।

२. सिलखे फोहोर मैला प्रशोधन केन्दमा फोहोरलाई व्यवस्थित रूपमा प्रशोधन गर्ने कार्यमा कम्पोष्ट मल बनाउने प्राविधिक कार्य समेत गर्न र प्रशासनिक कार्यको रेखदेख गर्ने (प्राविधिक) फोहोरलाई कम्पोष्ट मल बनाउने, कुहिने र नकुहिने फोहर छुट्याई भण्डारण गर्ने कामदारहरू र वर्कशप सञ्चालन गर्नको लागि दक्ष मेकानिकल आवश्यक भएकोले तपसिल अनुसारका जनशक्ति नियुक्ति गरी व्यवस्था गर्ने निर्णय गरियो–

**तपसिल**

१. दक्ष मेकानिक्स – १ जना
२. वातावरण प्राविधिक – १ जना
३. सफाइ कामदार – १० जना

### शिक्षा, संस्कृति तथा स्वास्थ्य समिति

**मिति २०८२।८।३ गते**

१. यस वर्षको योमारी पुन्हीको अवसर पारेर २०८२।८।२० गतेका दिन दत्तात्रयमा योमारी उत्सव सञ्चालन गर्ने र सोको लागि ऱ्याली वडा नं. १ इनागबाट सुरुगर्ने निर्णय गरियो ।

२. यस वर्षको सांस्कृतिक बाजा प्रतियोगिताका लागि राय सुझाव सङ्कलन गर्न मङ्सिर ८ गते नगरपालिकामा सांस्कृतिक गुरु र संस्कृतिकर्मीहरूको भेला आयोजना गर्ने निर्णय गरियो ।

३. सङ्घीय मामिला तथा सा.प्र.म. को च.नं. १५५ मिति २०८२।८।१ को पत्रसाथ प्राप्त उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयको पत्र र निर्णय नगर क्षेत्रका अस्पताल (सरकारी स्वामित्वका) र स्वास्थ्य शाखामा पठाउने निर्णय गरियो ।

४. ख्वप अस्पतालको च.नं. ३२१ मिति २०८२।७।२० को पत्रबाट आमा तथा नवजात शिशु सुरक्षा कार्यक्रमको रकम भुक्तानी पाउन पत्र प्राप्त भएकोमा नेपाल सरकारको सशर्त बजेटबाट उक्त रकम भुक्तानी दिने निर्णय गरियो ।

### महिला बालबालिका तथा समाज कल्याण समिति

**मिति २०८२।७।।३० गते**

१. वाग्मती प्रदेश सरकार, सामाजिक विकास मन्त्रालय प्रदेश प्राविधिक तथा व्यावसायिक शिक्षा एवम् तालिम परिषद्का मिति २०८२।७।२० को पत्रअनुसार स्थानीय तहको लागत साझेदारीमा सीपमूलक तालिम कार्यक्रम अन्तर्गत निर्माण क्षेत्र, सेवा क्षेत्र, होटल तथा पर्यटन क्षेत्र, होजियारी तथा तयारी क्षेत्र, सूचना र प्रविधि र अटोमोबाइल क्षेत्रको छोटो अवधिको सीपमूलक तालिम कार्यक्रम सञ्चालन गर्न सामाजिक विकास मन्त्रालय, वाग्मती प्रदेशमा पत्राचार गरी स्वीकृति लिने निर्णय गरियो ।

२. भ.न.पा. महिला, बालबालिका तथा समाज कल्याण समितिबाट सञ्चालन भइरहेको विभिन्न तालिमहरूको २०८२ भदौ र असोज महिनाको प्रतिवेदन श्रीराम कासिछ्वाबाट प्राप्त भएको प्रस्तुत भै छलफल गरी नियमानुसार पारिश्रमिक दिने निर्णय गरियो ।

### अपाङ्गता भएका व्यक्तिहरूको परिचय पत्र वितरण सम्बन्धी अस्थायी समन्वय समिति

**मिति २०८२।७।२४ गते**

१. यस न.पा. क्षेत्रभित्रका अपाङ्गता भएका व्यक्तिहरूबाट अपाङ्गता परिचय पत्रका लागि प्राप्त निवेदन अनुसार यस समितिको चिकित्सक समेतको टोलीबाट परीक्षण पश्चात् १ (एक) जनालाई (क) वर्ग र २ जनालाई (ग) वर्गको परिचय पत्र दिने निर्णय गरियो ।

२. ३४ औं अन्तर्राष्ट्रिय अपाङ्गता दिवसको अवसरमा भनपा क्षेत्रभित्रका अपाङ्गता भएका व्यक्तिहरूको भेला तथा स्वास्थ्य शिविर कार्यक्रम भनपा वडा नं. १ को प्राङ्गणमा मिति २०८२ मङ्सिर १७ गते बुधबारका दिन गर्ने, सो अवसरमा स्वास्थ्य शिविर सञ्चालन गर्न यस समितिका सदस्य डा.रत्न सुन्दर लासिवालाई जिम्मेवारी दिने निर्णय गरियो ।

### कृषि समिति

**मिति २०८२।७।२७ गते**

१. पशु सेवा शाखाको लागि औषधी खरिद गर्न दरभाऊ पत्र माग गरी पेश गरिएको निम्न दरभाउ पत्रहरूमध्ये सबभन्दा कम मूल्य भएको दरभाउ पत्र श्री ज्ञान गंगा ग्रुप प्राइभेट लिमिटेडबाट औषधी खरिद गर्ने निर्णय गरियो–

| क्र.सं. | कम्पनीको नाम | पेश भएको मूल्य (रु.) |
|---|---|---|
| १ | ज्ञान गंगा पोलिभेट सौलससन्स प्रा.लि. | १,७७,८१०।– |
| २ | पैरवी एग्री भेट जोन प्रा.लि | १,७२,९१४।– |
| ३ | ज्ञान गंगा ग्रुप प्राइभेट लि. | १,६८,५७८।– |

### आर्थिक तथा लेखा समिति

**मिति २०८२।७।१७ गते**

१. यस न.पा.बाट वितरण गर्दै आएको युवा उद्यमशील ऋण वितरण कार्यलाई प्रविधि मैत्री बनाउन सफ्टवेर जडानको लागि पेश भएको A OneNational Tecknology Pvt.Ltd. को प्रस्ताव अनुसार रु. ९९४४०।–vat सहितको प्रस्ताव स्वीकृत गर्ने निर्णय गरियो ।

## निर्माण समिति

### मिति २०८२/०८/०४ गते

| क्र. सं. | योजनाका विवरण | वडा नं. | बजेट शीर्षक | ल.ई. रकम | रि.ल.ई. /कबोल रकम | पेश्की | खर्च रकम | भुक्तानी रकम | मूल्याङ्कन रकम | योजनाको अवस्था | कार्य गर्ने | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| क) ल.ई. स्वीकृति सम्बन्धमा | | | | | | | | | | | | |
| १ | महेश्वरीस्थानको खोलामा रिटिनिङ वाल निर्माण कार्य | ७ | खोला नियन्त्रणका लागि रिटेनिङ वाल निर्माण कार्य | १४,७७६,४७१।५४ | | | | | | | | |
| २ | सलाँगणेश पोखरी जीर्णोद्धार एवं परिसर सुधार कार्य | ९ | काठमाडौँ उपत्यका खानेपानी व्यवस्थापन बोर्ड | १३,२९४,७५२।६६ | | | | | | | | काठमाडौ उपत्यका खानेपानी व्यवस्थापन बोर्डमा कापा बैठकबाट स्वीकृत गरी ल.ई. र डिजाइन पठाउन |
| ३ | प्राङ्गारिक मल प्रशोधन केन्द्रमा पूर्वाधार निर्माण कार्य (शौचालय, गार्ड हाउस, ओभरहेड ट्याङ्की) | १० | प्राङ्गारिक मल प्रशोधन केन्द्रमा पूर्वाधार निर्माण | ४,४५६,९५९।२५ | | | | | | | | |
| ४ | प्राङ्गारिक मल प्रशोधन केन्द्रमा टहरा निर्माण कार्य | १० | प्राङ्गारिक मल प्रशोधन केन्द्रमा पूर्वाधार निर्माण | ७,२०६,२१९।०३ | | | | | | | | |
| ५ | पर्यटक काउन्टर निर्माण कार्य | १ | वातावरणीय सुधार तथा व्यवस्थापन | २,२०८,५११।०६ | | | | | | | | |
| ६ | साकोलान स्थित भुखाद्यो (भैरव मन्दिर) को मुठ बाला र छाना मर्मत कार्य | ९ | मर्मत | १२४,१६८।६१ | | | | | | | | |

| | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ७ | भार्वाचोको उत्तर दिशाको गल्लीमा ढल मर्मत तथा ढुङ्गा छपाइ कार्य | १ | मर्मत | २१०,६५ ४।२० | | | | | | | | | |
| ८ | वडा नं. १० को विभिन्न बाटोहरू मर्मत कार्य | १० | मर्मत | ३३९,७९ ०।३२ | | | | | | | | | |
| ९ | CCTV Surveillance R&M work, भार्वाचो, दरबार क्षेत्र, जगाति, कमलविनायक | १–१० | सी.सी. क्यामेरा जडान तथा मर्मत | ३२५,८१ ४।२५ | | | | | | | | | |
| १० | देगमना मंगलतीर्थ विचको उकालो बाटोमा ढल निकास व्यवस्थापन कार्य | ४ | ढल निकास | ९९३,०३ २।६२ | | | | | | | | | |
| ११ | तेखापुखूदेखि च्वडा गणेश द्योर्छेसम्मको ढुङ्गा छपाइ बाटो मर्मत कार्य | १ | सडक बोर्ड नेपाल नपा | १,१८४,६ ८४।४३ | | | | | | | | | |
| १२ | इटाछेँदेखि तँक्वसम्मको ढुङ्गा छपाइ बाटो मर्मत कार्य | २ | सडक बोर्ड नेपाल नपा | १,२०२,७ ६५।२८ | | | | | | | | | |
| १३ | वासिक टोलको बाटोको पेटीहरूमा इन्टरलकिङ ब्लक छपाइ कार्य | ३ | सडक बोर्ड नेपाल नपा | १,१५३,५ ९८।०० | | | | | | | | | |
| १४ | थुचो चोकदेखि मंगलतीर्थको ह्वाकासम्मको ढुङ्गा छपाइ बाटो मर्मत कार्य | ४ | सडक बोर्ड नेपाल नपा | १,१८७,७ ४७।२९ | | | | | | | | | |
| १५ | त्रिपुरासुन्दरी मन्दिरदेखि सुकुलढोकासम्मको ढुङ्गा छपाइ बाटो मर्मत कार्य | ५ | सडक बोर्ड नेपाल नपा | १,२०५,९ ६९।९९ | | | | | | | | | |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १६ | महाकालीबाट अँचा पुखू जाने ओरालो बाटो ढुङ्गा मर्मत कार्य | ६ | सडक बोर्ड नेपाल नपा | १,१९५,८२३।४७ | | | | | | | | |
| १७ | सिद्धि गणेश द्योछेँदेखि पुखुचासम्मको ढुङ्गा छपाइ बाटो मर्मत कार्य | ७ | सडक बोर्ड नेपाल नपा | १,१९१,७१३।६९ | | | | | | | | |
| १८ | लिवाली प्लानिङमा ग्राभेलिङ गर्ने कार्य | ८ | सडक बोर्ड नेपाल नपा | १,१८१,१५४।०१ | | | | | | | | |
| १९ | सकोलानदेखि सँला गणेशसम्मको ढुङ्गा छपाइ बाटो मर्मत कार्य | ९ | सडक बोर्ड नेपाल नपा | १,१९४,६९३।१८ | | | | | | | | |
| २० | दथुत्वचादेखि नागपोखरीसम्मको ढुङ्गा छपाइ बाटो मर्मत कार्य | १० | सडक बोर्ड नेपाल नपा | १,१८४,७९२।७४ | | | | | | | | |
| ख) उपभोक्ता समिति स्वीकृति सम्बन्धमा | | | | | | | | | | | | |
| १ | भेलुखेल पार्किङ पूर्वाधार निर्माण कार्य (दोस्रो चरण) | ५ | पार्किङ पूर्वाधार | ५,११२,२७९।१७ | | | उ.स.अ. : श्री रामप्रसाद फसिकवा<br>अ.स.स. : श्री योगेन्द्रमान बिजुक्छें | | | | | |
| २ | दहीविनायक द्योछें निर्माणको लागि उत्खनन कार्य | ५ | नपा | २७५,४५०।९५ | | | उ.स.अ. : श्री विवेकमान कर्माचार्य<br>अ.स.स. : श्री योगेन्द्रमान बिजुक्छें | | | | | |
| ३ | शित भण्डारण गृहको परिसरमा कम्पाउण्ड वाल निर्माण कार्य | ८ | नपा | ५,०५३,५९५।२६ | | | उ.स.अ. : श्री चन्द्र कृष्ण ग्वाछा<br>अ.स.स. : श्री कृष्ण प्रसाद कोजु | | | | | |
| ग) पेश्की फछ्र्यौट तथा भुक्तानी सम्बन्धमा | | | | | | | | | | | | |
| १ | CCTV प्रणाली मर्मत संभार कार्य : गाईजात्रा रूटमा काटिएका पावर Fiber लगतको सामग्री | २,३,५ | सिसि क्यामेरा जडान तथा मर्मत | ९२,५५६।६७ | | | ८२,८७४।२० | ८२,८७४।२० | ९७,७७५।१४ | सम्पन्न | विरेन्द्र बजिको | |

०

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| २ | CCTV surveillance system extend कार्य : ( मर्मत उपशाखा बाट स्यानिटेशन उपशाखा) | २ | सिसि क्यामेरा जडान तथा मर्मत | ४९२,११ ९।७५ | | | ४५५,३ ८५।२१ | ४५५,३८ ५।२१ | ४८७,९६ १।१८ | सम्पन्न | Times Enterp rises | |
| ३ | भनपा १ देखि १० सम्म विभिन्न नियमित मर्मत कार्यहरू ( असोज महिना) | १, १० | मर्मत | ९०,३२१। २७ | | | ८२,० ००।२ ४ | ८२,००० ।२४ | ८६,४३३। ३६ | सम्पन्न | राधे श्याम भैनात्व | |
| ४ | सडक बत्ती, Flood Light र हाउस वायारिङ कार्य : CNBM, compost plan, सिलखे | १० | सडक बत्ती | ९६,६६०। ६५ | | | ९५,६५ ४।८० | ९५,६५४। ८० | ११७,२७२ ।३४ | सम्पन्न | राजन प्रजापा त | |
| ५ | कमलविनायक पोखरीमा सीसीटीभी सर्भिलेन्सको लागि फ्लोड लाइट जडान कार्य | १० | मर्मत | ९६,६६०। ०० | | | ९५,४ ७३।५० | ९५,४७३। ५० | १०५,२८ १।०० | सम्पन्न | राजन प्रजापा त | |
| घ) निर्णय स्वीकृति सम्बन्धमा | | | | | | | | | | | | |
| १ | धालाखुसीदेखि तपाकेसम्मको सडक स्तरोन्नति कार्य (ठेक्का नं. bktmun/NCB/works/03/082/83) को लागि प्राविधिक प्रस्तावमा सफल भएका ५ वटा बोलपत्रदाताहरूको बोलपत्र मूल्याङ्कन गर्दा श्री Bihani-Juliyan JV, Nasikasthan saga, kavreको प्रस्तावित भ्याटसहितको कबोल अङ्क रू २,३२,६०,७२१।०५ (अक्षेरूपी दुई करोड बतीस लाख साठ्ठी हजार सात सय एकाइस रुपैयाँ र पाँच पैसा) न्यूनतम मूल्याङ्कित रकम सारभूत रूपमा प्रभावग्राही भएको हुँदा स्वीकृतीका लागि सिफारिस गर्ने निर्णय गरियो । | | | | | | | | | | | |

## विविध

विविध विषयमा छलफल हुँदा निम्नानुसार गर्ने निर्णय गरियो–

जिल्ला प्रशासन कार्यालय, भक्तपुरको च.नं. २३१८, मिति २०८२।७।३० गतेको पत्र सम्बन्धमा छलफल हुँदा सो पत्र सम्बन्धमा थप जग्गाबारे देको मिवा इतापाके जग्गा एकीकरण आयोजनामा लेखी पठाउने निर्णय गरियो ।

नगरपालिका नगरवासीहरूको संस्था हो ।
करदाताहरूले समयमै कर बुझाऔं
नगरको विकासमा सघाऔं ।

# बैठक सङ्ख्या– ९८

## मिति २०८२ मङ्सिर १७ गते, बुधबार

## निर्णयहरू

### योमारी उत्सव

१. यस वर्षको योमारी पुन्हीको अवसरमा मिति २०८२ मङ्सिर २० गते, शनिवारका दिन नेपाल मजदुर किसान पार्टीका अध्यक्ष एवम् वरिष्ठ राजनीतिज्ञ श्री नारायणमान बिजुक्छें (रोहित) ज्यूको प्रमुख आतिथ्यमा योमारी प्रतियोगिता सञ्चालन गरी योमारी उत्सव ज्याली, योमारी प्रदर्शन, सांस्कृतिक कार्यक्रम, खाद्य स्टल र स्थानीय उत्पादन प्रदर्शनीका कार्यक्रम गरी मनाउने निर्णय गरियो।

२. ज्यालीमा सहभागीहुने सांस्कृतिकबाजाहरू

भनपा वडा नं. १ बाट गुलाँ बाजा
भनपा वडा नं. २ बाट बाँसुरी बाजा
भनपा वडा नं. ३ बाट धिम्य बाजा
भनपा वडा नं. ४ बाट धाँ बाजा
भनपा वडा नं. ५ बाट भ्वाइलेन बाजा
भनपा वडा नं. ६ बाट नाय् खिँ बाजा
भनपा वडा नं. ७ बाट पछिमा बाजा
भनपा वडा नं. ८, ९ र १० बाट दुई/दुई वटा सांस्कृतिक विधा प्रस्तुति

३. यस उत्सवमा प्रदर्शित योमारी मूल्याङ्कन गर्न मूल्याङ्कन मण्डल गठन गरी सोको नेतृत्व श्री उकेश कवांले गर्ने निर्णय गरियो।

### औषधी खरिद

मिति २०८२/०८/१९ गते च.न. १८० को सिंहदरवार वैद्यखाना विकास समितिको पत्रबाट प्राप्त आयुर्वेदिक औषधीहरूको दररेट अनुसार Gto G प्रावधानबमोजिम उक्त वैद्य खानाबाट नागरिक आरोग्य सेवा केन्द्र, भक्तपुरको लागि आवश्यक देहायबमोजिमको आयुर्वेदिक औषधीहरू खरिद गर्ने निर्णय गरियो–

| s.n | Medicine name | Price | Quantity | Total |
|---|---|---|---|---|
| 1 | AvipattikarChurna | 102.5 | 500 | 51250 |
| 2 | Mahanarayan Tel | 184.5 | 80 | 14760 |
| 3 | SitopaladiChurna | 131.2 | 200 | 26240 |
| 4 | Yograjguggul | 205 | 160 | 32800 |
| 5 | Kaishorguggul | 213.2 | 160 | 34112 |
| 6 | Mrighamadasav | 98.4 | 21 | 2066.4 |
| 7 | ChandraprabhaWati | 274.7 | 30 | 8241 |
| 8 | Triphalachurna | 65.6 | 60 | 3936 |
| 9 | Ashwogandhachurna(Sogn) | 159.9 | 100 | 15990 |
| 10 | AmalakiChurna | 151.7 | 20 | 3034 |
| 11 | DashmulTeil | 264 | 10 | 2640 |
| 12 | KhadiradiWati | 82 | 22 | 1804 |
| 13 | MahasankhaWati | 102.5 | 30 | 3075 |
| | Total | | | 199948.4 |

### बाजा प्रतियोगिता

हरेक वर्ष यस नगरपालिकाले सञ्चालन गर्दै आएको साँस्कृतिक बाजा प्रतियोगिताअन्तर्गत यस वर्ष लालाखिं बाजा प्रतियोगिता सञ्चालन गर्न प्रक्रिया अगाडि बढाउने निर्णय गरियो।

### समितिको निर्णय अनुमोदन

समिति निर्णय अनुमोदन सम्बन्धमा छलफल हुँदा निम्नानुसार गर्ने निर्णय गरियो–

#### शिक्षा, संस्कृति तथा स्वास्थ्य समिति

**मिति २०८२।८।१४ गते**

१. यस नगरपालिकाबाट लिइएको शैक्षिक ऋणको अन्तर्वार्तामा वडा नं. ९ का किपा प्रजापति वि.एस.सी. सी.एस.आई.टी. को छुट भएको हुँदा निजलाई नियमानुसार अन्तर्वार्ता लिई छनौट गर्ने निर्णय गरियो।

२. जनस्वास्थ्य कार्यालयको च.नं. २१६ मिति २०८२।८।१३ को पत्रबाट २२ औँ महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका दिवस मनाउने भनी लेखीआएकोले यही मङ्सिर १९ गतेका दिन यस नगरपालिकामा कार्यक्रम आयोजना गरी दिवस मनाउने निर्णय गरियो।

#### युवा तथा खेलकुद समिति

**मिति २०८२।८।१४गते**

१. भक्तपुर नगरपालिकाको आयोजनामा २०८२ मङ्सिर २५ गतेदेखि पुस १ गतेसम्म हुने भक्तपुर नगरव्यापी विद्यालय स्तरीय खेलकुद प्रतियोगिता २०८२ को उद्घाटन कार्यक्रम मिति २०८२ मङ्सिर २५ गतेका दिन हिमालयन ग्लोरी ई. स्कूल, गणेश मा.वि., भार्वाचो र आस्था सांस्कृतिक समाजलाई नृत्य प्रस्तुत गर्न अनुरोध गर्ने र आत्मरक्षा सम्बन्धी खेल प्रदर्शन गर्ने निर्णय गरियो।

२. भक्तपुर नगरपालिकाको आयोजनामा २०८२ मङ्सिर २५ गतेदेखि पुस १ गतेसम्म हुने भक्तपुर नगरव्यापी विद्यालय स्तरीय खेलकुद प्रतियोगिता २०८२ मा सहभागी हुने विद्यालयहरूलाई तपसिलअनुसार खेल सामग्री वितरण गर्ने निर्णय गरियो –

**तपसिल**

१. मादल– १ वटा
२. फुटबल – १ वटा
३. भलिबल – २ वटा
४. झ्यालिचा– १ वटा

# बैठक सङ्ख्या- ९९

## मिति २०८२ मङ्सिर २४ गते, बुधबार

## निर्णयहरू

### नपा स्थापना दिवस

मिति २०८२ पुस २ गते, यस नगरपालिकाको ७६ औं स्थापना दिवस, योमारी उत्सवकाअवसरमा आयोजित योमारी प्रतियोगिताका विजयी प्रतियोगीहरूलाई पुरस्कार वितरण, प्रतियोगितामा सहभागी र सांस्कृतिक र्‍यालीमा सहभागी टोलीहरूलाई धन्यवाद ज्ञापन तथा प्रवचन कार्यक्रम गरी मनाउने निर्णय गरियो।

### खेलकुद प्रतियोगिता

भक्तपुर नगरपालिकाको आयोजनामा मिति २०८२ मङ्सिर २५ गतेदेखि पुस १ गतेसम्म हुने भक्तपुर नगरव्यापी विद्यालय स्तरीय खेलकुद प्रतियोगिताको पुरस्कार वितरण एवम् समापन कार्यक्रम नेपाल मजदुर किसान पार्टीका सचिव श्री प्रेम सुवालज्यूको प्रमुख आतिथ्यमा पुस १ गते शहीद स्मृति खेल मैदानमा गर्ने निर्णय गरियो।

### सिफारिस

वागीश्वरी मा.वि. को च.नं. ०७/०८२, मिति २०८२।८।२३ गतेको पत्र सम्बन्धमा छलफल हुँदा माग बमोजिम भक्तपुर नगरपालिका साविक वडा नं. २(ङ) १, कि.नं. २८४ क्षे.फ. ०-३-०-० र कि.नं. २८५ क्षे.फ. ०-५-२-१.५ जग्गा र सोमा बनेको भौतिक संरचनासहित श्री करण कोजुसमेतको जग्गा सारभूत रूपमा प्रभावग्राही देखिएकोले उक्त जग्गा तथा सोमा बनेको भौतिक संरचनासमेत खरिद गर्न तथा उक्त प्रक्रियामा लाग्ने रजिष्ट्रेशन पास शुल्क छुटको लागि सिफारिस पाऊँ भनी प्राप्त पत्र सम्बन्धमा उक्त निर्णय अनुसार भू.सु. तथा मा.पो.का.भक्तपुरमा सरकारी विद्यालयको लागि जग्गा खरिद प्रक्रियामा लाग्ने रजिष्ट्रेशन पास शुल्कमा छुटको लागि सिफारिस प्रदान गरिएको बैठकले अनुमोदन गर्‍यो।

### समितिको निर्णय अनुमोदन

समिति निर्णय अनुमोदन सम्बन्धमा छलफल हुँदा निम्नानुसार गर्ने निर्णय गरियो-

#### वातावरण तथा पर्यटन समिति

**मिति २०८२।९।३ गते**

१. भक्तपुर नगरको सम्पदाहरूको QR Code Heritage Website बनाउन ख्वप कलेज अफ इन्जिनियरिङलाई प्रस्ताव पेश गर्न अनुरोध गर्ने।

#### कृषि समिति

**मिति २०८२।९।६गते**

मिति २०८२।९।१ गते मजदुर दैनिकमा पुनःप्रकाशित सूचनाअनुसार सामुदायिक कुकुर र बिरालोको बन्ध्याकरण सम्बन्धी पेश भएका दरभाउपत्रहरू तपसिल संस्था र दरभाउ पेश भएको जानकारी भयो-

| क्र.सं. | संस्थाको नाम | दरभाउ (रु.) | |
|---|---|---|---|
| | | कुकुर बन्ध्याकरण (रेबिज खोपसहित) | बिरालो बन्ध्याकरण (रेबिज खोपसहित) |
| १ | मण्डला भेटेरिनरी हस्पिटल | १९९९।- | १९९९।- |
| २ | ज्ञान गंगा पोलिभेट सोलुसन्स प्रा.लि. | २,०००।- | २,०००।- |
| ३ | ज्ञान गंगा ग्रुप प्रा.लि. | १,९००।- | १,९००।- |
| ४ | पैरवी एग्री भेटाजोन प्रा.लि. | १,८८९।- | १,८९१.११ |
| ५ | शुक्र भेट मेड डिष्ट्रिब्युटर्स | १,६९०।- | १,६८५।- |

#### निर्माण समिति

**मिति २०८२/०८/०४ गते**

| क्र.सं. | योजनाका विवरण | वडा नं. | बजेट शीर्षक | ल.ई.रकम | रि.ल.ई./कबोल रकम | पेश्की | खर्च रकम | भुक्तानी रकम | मूल्याङ्कन रकम | योजनाको अवस्था | कार्य गर्ने | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| क) ल.ई. स्वीकृति सम्बन्धमा | | | | | | | | | | | | |
| १ | सल्लाघारी पुलदेखि राममन्दिर पुलसम्मको हनुमन्ते खोला सुधार कार्य | १, ३ | खोला तथा घाट सुधार कार्य | ५,४११,२४१।९१ | | | | | | | | |
| २ | राममन्दिरदेखि हनुमानघाटसम्मको खोला सुधार कार्य | ४, ५ र ७ | खोलातथा घाट सुधार कार्य | २,०५८,२७०।२० | | | | | | | | |
| ३ | सिलखेदेखि कमलविनायकसम्म खानेपानी पाइपलाइन तथा प्रशोधनप्लान्ट जडानकार्य | १० | बागमती प्रदेश विशेष अनुदान | ६,९१५,७५४।३५ | | | | | | | | |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ४ | सिलखेस्थित सडकहरूमा ग्राभेलिङ कार्य | १० | सडक स्तरोन्नती | ६४६,४४७०६ | | | | | | | | |
| ५ | शिक्षाशाखाको भवनमा गटर मर्मत कार्य | २ | मर्मत | २५,८०६।४२ | | | | | | | | |
| ६ | सहरी स्वास्थ्य केन्द्र भवन ब्यासीमा रंग रोगन तथा आल्मुनियम पार्टिशन कार्य | २ | मर्मत | २८५,९६८।८० | | | | | | | | |
| ७ | २ नं वडा कार्यालय जाने ढुङ्गा छपाइ बाटो मर्मत कार्य | २ | मर्मत | २१३,१५१।३७ | | | | | | | | |
| ८ | शिशु स्याहार केन्द्र गोल्मढीमामर्मत कार्य | ७ | मर्मत | १९९,५४५।९५ | | | | | | | | |
| **ख) रि.ल.ई. स्वीकृति सम्बन्धमा** | | | | | | | | | | | | |
| १ | जिल्ला प्रशासन कार्यालय, बाल अदालतको बाटो तथा पार्किङ्ग स्थल सुधार कार्य | ३ | मर्मत | १,१४५,७१४।६५ | १,३६३,७६४।६२ | | | | | | | |
| **ग) उपभोक्ता समिति स्वीकृति सम्बन्धमा** | | | | | | | | | | | | |
| १ | प्राङ्गारिक मलप्रशोधन केन्द्रमा पूर्वाधार निर्माण कार्य (शौचालय, गार्ड हाउस, ओभरहेड ट्याङ्की) | १० | प्राङ्गारिक मल प्रशोधन केन्द्रमा पूर्वाधार निर्माण | ४,४५६,९५९।२५ | | | उ.स.अ. : श्री लक्ष्मीप्रसाद चवाल<br>अ.स.स. : श्री कृष्णनारायण दुमरू | | | | | |
| २ | प्राङ्गारिक मल प्रशोधन केन्द्रमा टहरा निर्माण कार्य | १० | प्राङ्गारिक मल प्रशोधन केन्द्रमा पूर्वाधार निर्माण | ७,२०६,२१९।०३ | | | उ.स.अ. : श्री ज्ञानकुमार मगजु<br>अ.स.स. : श्री जितेन्द्र मुनंकर्मी | | | | | |
| ३ | काँलाचा खोलामा रिटेनिंग वाल निर्माण कार्य | ५ | खोला नियन्त्रणका लागि रिटेनिंग वाल निर्माण कार्य | ३,२९८,६१२।४० | | | उ.स.अ. : श्री कृष्ण गोपाल छुस्याकी<br>अ.स.स. : श्री योगेन्द्रमान विजुक्छें | | | | | |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ४ | भुखाद्यो मन्दिरको मुठबाला र छानामर्मत कार्य | ९ | मर्मत | १२४,१६८।६१ | | | उ.स.अ. : श्री तुल्सीकाजी मानन्धर<br>अ.स.स. : श्री ज्ञानबहादुर मानन्धर | | | | | |
| ५ | दहीविनायक द्यो छें निर्माणको लागि उत्खनन कार्य | ५ | नपा | २७५,४५०।९५ | | | उ.स.अ. : श्री रनेश राजोपाध्याय<br>अ.स.स. : श्री योगेन्द्रमान बिजुक्छें | | | | | |
| ६ | लाँचा फल्चा पुनर्निर्माण कार्य | २ | नपा | २,६०२,३५३।३७ | | | उ.स.अ. : श्री आसकुमार कोजु<br>अ.स.स. : श्री न्हुछे-राम कोजु | | | | | |
| **घ) पेश्की फछ्र्यौंट तथाभुक्तानी सम्बन्धमा** | | | | | | | | | | | | |
| १ | नगरका विभिन्न सडकहरूको स्तरोन्नती कार्य | ४, ६, ८ र १० | अन्य योजनाको बाँकी भुक्तानी | ल.ई. रकम १,८४,९८,५३२।८९ | कबोल रकम १,२७,४३,६७२।८ | प्रथम रनिङ्ग बिल | २,३८०,७५४।७२ | २,३८०,७५४।७२ | २,३८०,७५४।७२ | सम्पन्न | Standard Asphalt and Construction Company Pvt. Ltd., Liwali, Bhaktapur | तेस्रो रनिङ्ग बिल रू. ३८,२६,५४५।६३ भुक्तानी दिने |
| | | | | | | दोस्रो रनिङ्ग बिल | ५,६२५,००८।८४ | ५,६२५,००८।८४ | ५,६२५,००८।८४ | | | |
| | | | | | | तेस्रो रनिङ्ग बिल | ३,८२६,५४५।६३ | ३,६०३,५३१।३५ | ३,८२६,५४५।६३ | | | |
| | | | | | | **जम्मा** | **११,८३२,३०९।१९** | **११,६०९,२९४।९१** | **११,८३२,३०९।१९** | | | |
| २ | शित भण्डारण गृह भवन निर्माण कार्य (तेस्रो चरण) ( ठेक्का नं. bktmun/NCB/works/03/081/82) | ८ | नपा | ल.ई. रकम ३,९८,३४,३३२।२९ | कबोल अंक ३,७२,८७,१७३।१३ | प्रथम रनिङ्ग बिल | ७,२५७,९५७।५० | ७,२५७,९५७।५० | ७,२५७,९५७।५० | सम्पन्न | Buildcon Design and Developers Pvt. Ltd., Bharatpur-9, Chitwan | तेस्रो रनिङ्ग बिल रू. ३१,९५,५९७।४८ भुक्तानी दिने |
| | | | | | | दोस्रो रनिङ्ग बिल | २५,१७७,२७१।११ | २५,१७७,२७१।११ | २५,१७७,२७१।११ | | | |
| | | | | | | तेस्रो रनिङ्ग बिल | ३,५३०,३४१।७८ | ३,५३०,३४१।७८ | ३,५३०,३४१।७८ | | | |
| | | | | | | **जम्मा** | **३५,९६५,५७०।३९** | **३५,९६५,५७०।३९** | **३५,९६५,५७०।३९** | | | |
| ३ | जिल्ला प्रशासन कार्यालय, बाल अदालतको बाटो तथा पार्किङ्ग स्थल सुधार कार्य | ३ | मर्मत | १,१४५,७१४।६५ | १,३६३,७६४।६२ | ३५०,०००।०० | १,१८०,७३६।०५ | ८३०,७३६।०५ | १,३२४,९२२।४० | सम्पन्न | लक्ष्मी सुन्दर स्वंगी मखा | |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ४ | च्याम्हासिंह काउन्टरबाट तुलु हितिजाने गल्लीबाटो मर्मत कार्य | ९ | मर्मत | ९९,४६२।७६ | | ३०,०००।०० | ९८,००७।७० | ६८,००७।७० | १०४,६७२।५२ | सम्पन्न | कृष्ण भक्त ताक्रा (अमानतकर्ता) | |
| ५ | बज्राचार्य चोकको इनार परिसरमा मर्मत कार्य | १ | मर्मत | ९९,५१०।२३ | | ३०,०००।०० | ८४,४६९।६० | ५४,४६९।६० | ८९,५०७५८ | सम्पन्न | अमानत | |
| ६ | नपा भवनको लिफ्ट मर्मत सम्भार कार्य | नपा | मर्मत | २२०,३९५।२० | | | २२०,३९५।२० | २२०,३९५।२० | २२०,३९५।२० | सम्पन्न | Global Alpha Tech SercicePvt. Ltd., kathmandu | |
| ७ | नपा भवनको लिफ्टको मेन मोटर मर्मत सम्भार कार्य | नपा | मर्मत | ७२०,९४०।०० | | | ७२०,९४०।०० | ६४८,८४६।०० | ७२०,९४०।०० | सम्पन्न | Global Alpha Tech SercicePvt. Ltd., kathmandu | सम्झौताअनुसार खर्च रू. ७,२०,९४० मा सम्झौता रकमको १० प्रतिशत (रू. ७२,०९४।००) कट्टा गरी हाललाई रू. ६,४८,८४६।०० भुक्तानीगर्ने र बाँकी रू. ७२,०९४।०० AMC (१ वर्षको अवधि) पूरा भएपछि भुक्तानीदिने । |
| **ङ) कोटेशन स्वीकृति सम्बन्धमा** | | | | | | | | | | | | |
| १ | CCTV Sureillance R&M work , भार्वाचो, दरबार क्षेत्र, जगाति, कमलविनायक | नपा | सिसि क्यामेरा जडानतथा मर्मत | ३२५,८१४।२५ | भार्वाचो, दरबार क्षेत्र, जगाति, कमलविनायकमा जडान भएका CCTV Serveillance मर्मत सम्भार कार्य गर्न प्राप्त भएका तीन वटा कोटेशनहरूमध्ये सबभन्दा कम दररेट भ्याट सहित रु. २,८८,८८४।५० (अक्षरेपि दुई लाख अठ्ठासी हजार आठ सय चौरासी रुपैयाँ पचास पैसा मात्र) कबोल गर्ने श्री Thapatech Nepal, Lalitpurको दर रेट न्यूनत्तम मूल्याङ्कित सारभूत रूपमा प्रभावग्राही देखिएकोले सो कम्पनीको दरभाउपत्र (कोटेशन) स्वीकृत गर्ने निर्णय गरियो । | | | | | | | |

# बैठक सङ्ख्या– १००

## मिति २०८२ पुस १६ गते, बुधबार

## निर्णयहरू

### नगर सभा

भक्तपुर नगरपालिकाको उन्नाइसौँ नगरसभाको उद्घाटन समारोह नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सचिव श्री प्रेम सुवालज्यूको प्रमुख आतिथ्यमा पुस २४ गते, भक्तपुर नपा सभा कक्षमा गर्ने निर्णय गरियो ।

### तालिम छनौट

गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम (MEDPA) अन्तर्गत देहाय बमोजिमका तालिमहरू छनौट गर्ने निर्णय गरियो–

१. माटाका भाँडाकुँडा बनाउने
२. थाङ्का चित्र, पौवा चित्र
३. हस्तकला (मकुण्डो माटोको, पुतली, कोसेली सामग्री, उपहार, छ्वाली कला)
४. काष्ठकलाका सामान
५. होमस्टे/फेमिली स्टे
६. लेवलिङ्ग/प्याकेजिङ्ग सामग्री

### समितिको निर्णय अनुमोदन

समिति निर्णय अनुमोदन सम्बन्धमा छलफल हुँदा निम्नानुसार गर्ने निर्णय गरियो–

#### युवा तथा खेलकुद समिति

**मिति २०८२।९।३८ गते**

१) भक्तपुर नगरपालिकाको आयोजनामा २०८२ माघ २ र ३ गते हुने भक्तपुर नगरव्यापी विद्यालय स्तरीय राष्ट्रपति रनिङ्ग शिल्ड (भलिबल, एथ्लेटिक्स, करांते, तेक्वाण्डो, कबड्डी र उसु) खेलको प्रतियोगिता आयोजना गर्नको लागि बजेट व्यवस्था गर्ने निर्णय गरियो ।

#### शिक्षा, संस्कृति तथा स्वास्थ्य समिति

**मिति २०८२।८।२८ गते**

१) यस नगरपालिकाको आयोजनामा सम्पन्न भएको योमारी उत्सवको अवसरमा प्रदर्शित स्टलकर्ता तथा सहभागीहरूलाई मायाको चिनो र धन्यवाद पत्र तथा संलग्न निर्णय बमोजिमहरूलाई पुरस्कार वितरण मिति २०८२।९।२ गतेका दिन प्रदान गर्ने, निर्णयकर्ताहरू श्री उकेश कवां, श्री योगेन्द्रमान बिजुक्छेँ, श्री रोशनमैया सुवाल, प्रा.डा. श्री पुरुषोत्तम लोचन श्रेष्ठ, कलाकार श्री रमेश प्रधान र श्री दामोदर सुवाललाई मायाको चिनो र धन्यवाद पत्र प्रदान गर्ने, सांस्कृतिक टोलीहरूलाई नियमानुसार प्रोत्साहन रकम प्रदान गर्ने निर्णय गरियो ।

**मिति २०८२।९।८ गते**

१) पाँचौं राष्ट्रिय ज्येष्ठ नागरिक दिवसको अवसरमा भक्तपुर नगरपालिकाको आयोजनामा यही २०८२ पौष ११ गते भक्तपुर नगरपालिकाभित्र सञ्चालित भक्तपुर आदर निकेतन, सिद्धि शालिग्राम वृद्धाश्रम र सहारा केयर होममा रहेका ज्येष्ठ नागरिकहरूलाई देहायका सामग्री वितरण गर्ने निर्णय गरियो–

१. पौष्टिक सातु
२. टोपी (ऊनको) र गलबन्दी
३. लौरो
४. मादल (संस्थालाई)

२) यस नगरपालिकाको आयोजनामा यो वर्ष भक्तपुर नगरव्यापी लालाखिं बाजा प्रतियोगिता सञ्चालन गर्ने र प्रतियोगिताको तयारीको लागि सांस्कृतिक गुरु भेलागर्ने निर्णय गरियो ।

३) भक्तपुर नगरपालिकाले विगत वर्षदेखि सञ्चालन गर्दै आएको चिनीयां भाषाको दोश्रो तहको तालिमको लागि कक्षा सञ्चालन गर्ने र यसका लागि सूचना प्रकाशित गर्ने निर्णय गरियो ।

४) भक्तपुर नगरपालिकाको आयोजनामा यही २०८२ मङ्सिर २० गते सम्पन्न योमारी उत्सवमा सांस्कृतिक प्रस्तुती गरेका देहायका विधाहरूलाई देहाय बमोजिम प्रोत्साहन रकम प्रदान गर्ने निर्णय गरियो । अन्य विधाहरूको हकमा यस अघिको निर्णय बमोजिम हुने निर्णय गरियो–

क. मथु प्याखँ – रु. १० हजार रूपैयाँ मात्र । (कर बाहेक)
ख. नागाचा प्याखँ – १० हजार रूपैयाँ मात्र । (कर बाहेक)
ग. ख्याः प्याखँ – १० हजार रूपैयाँ मात्र । (कर बाहेक)
घ. खिचा प्याखँ – १० हजार रूपैयाँ मात्र । (कर बाहेक)
ङ. कवांचा प्याखँ – १० हजार रूपैयाँ मात्र । (कर बाहेक)

५) ख्वप अस्पतालमा सञ्चालनमा रहेको सुत्केरी आमा तथा नवजात शिशु स्याहार कार्यक्रम अन्तर्गत नगरपालिकामा नेपाल सरकारबाट प्राप्त भएको सशर्त अनुदानको बाँकी रकम ख्वप अस्पतालमा निकासा पठाउने निर्णय गरियो ।

६) भक्तपुर नगरपालिकाद्वारा यही मङ्सिर २० गते सम्पन्न योमारी उत्सवमा प्रदर्शित योमारी स्थलहरूको मूल्याङ्कन गर्नु हुने मूल्याङ्कर्ताहरूलाई नगरपालिकाबाट धन्यवादसहित प्रति व्यक्ति रु. १,०००।– (एक हजार रूपैयां) प्रदान गर्ने निर्णय गरियो ।

#### वातावरण तथा पर्यटन समिति

**मिति २०८२।९।९ गते**

मिति २०८२ पुस ८ गते, विहान फोहोर सङ्कलन र ढुवानीको क्रममा हेल्पर सुजन ह्योला खसेर घाइते भएको हुँदा के.एम.सी. अस्पतालमा उपचार भइरहेको हुँदा उपचार खर्चको लाग १ जना कर्मचारीलाई पेश्की लिन लगाई उपचार खर्च गराउने निर्णय गरियो ।

**निर्माण समिति**

**मिति २०८२/०९/१६ गते**

| क्र.सं. | योजनाका विवरण | वडा नं. | बजेट शीर्षक | ल.ई. रकम | रि.ल.ई./कबोल रकम | पेश्की | खर्च रकम | भुक्तानी रकम | मूल्याङ्कन रकम | योजनाको अवस्था | कार्य गर्ने | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **क) ल.ई. स्वीकृति सम्बन्धमा** | | | | | | | | | | | | |
| १ | भक्तपुर जिल्ला सहकारीमा कृषि उपज सङ्कलन केन्द्र निर्माण कार्य | २ | वागमती प्रदेश सशर्त अनुदान (चालु) | १६,९३२,२१९।०६ | | | | | | | | |
| २ | भक्तपुर नगरपालिका स्वास्थ्य शाखाको कोठाहरूमा रंगरोगन तथा आवश्यक मर्मत कार्य | २ | मर्मत | ९६,७४३।०८ | | | | | | | | |
| ३ | वडा नं. ९ को पीच बाटोहरू मर्मत कार्य | ९ | मर्मत | ८९०,९६४।६३ | | | | | | | | |
| **ख) रि.ल.ई. स्वीकृति सम्बन्धमा** | | | | | | | | | | | | |
| १ | तरकारी बजार पूर्वाधार निर्माणको कार्यालय भवन निर्माण (दोस्रो चरण) | ५ | नपा | १,४४६,४८६।९१ | १,७६९,५८३।५० | | | | | | | |
| **ग) उपभोक्ता समिति स्वीकृति सम्बन्धमा** | | | | | | | | | | | | |
| १ | देगमना मंगलतीर्थ बीचको उकालो बाटोमा ढल निकास व्यवस्थापन कार्य | ४ | ढल निकास | ९९३,०३२।६२ | | | उ.स.अ.:श्री सेरबहादुर बागजु<br>अ.स.स. : श्री उपेन्द्र सुवाल | | | | | |
| २ | तध्याको क्षेत्रको राजकुलोमा ग्याविनवाल लगाउने कार्य | १० | मर्मत | २०६,५४४।०२ | | | उ.स.अ. : श्री माहिला सुवाल<br>अ.स.स. : श्री कृष्ण नारायण दुमरू | | | | | |
| ३ | सहरी स्वास्थ्य केन्द्र भवन व्यासीमा रंग रोगन तथा आल्मुनियम पार्टिशन कार्य | २ | मर्मत | २८५,९६८।८० | | | उ.स.अ. : श्री रवि सुवाल<br>अ.स.स. : श्री न्हुछेराम कोजु | | | | | |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ४ | २ नं. वडा कार्यालय जाने ढुङ्गा छपाइ बाटो मर्मत कार्य | २ | मर्मत | २१३,१५११३७ | | | उ.स.अ. : श्री रामभक्त कोजु<br>अ.स.स. : श्री न्हुछेराम कोजु | | | | | |
| ५ | भ.न.पा. भवनमा चेन गेट निर्माण कार्य | २ | मर्मत | १७१,१८३।२४ | | | उ.स.अ. : श्री रत्नकाजी नायभारी<br>अ.स.स. : श्री न्हुछेराम कोजु | | | | | |
| ६ | शिशु स्याहार केन्द्र गोल्मढीमा मर्मत कार्य | ७ | मर्मत | १९९,५४५।९५ | | | उ.स.अ. : श्री राजुभाइ गोसाई<br>अ.स.स. : श्री रञ्जना त्वाती | | | | | |
| ७ | राममन्दिरदेखि हनुमानघाटसम्मको खोला सुधार कार्य | ४, ५ र ७ | खोला तथा घाट सुधार कार्य | २,०५८,२७०।२० | | | उ.स.अ. : श्री मिनबहादुर ग्वाछा<br>अ.स.स. : श्री हिरा ख्याजु | | | | | |
| **घ) पेश्की फछ्र्यौट तथा भुक्तानी सम्बन्धमा** | | | | | | | | | | | | |
| १ | बेखाल स्वास्थ्य सेवा केन्द्र भवन निर्माण कार्य (चौथो चरण) | १० | नपा | ५,९२९,२८२।८२ | पहिलो पेश्की | १,६००,०००।०० | १,८५४,८५८।२३ | २५४,८५८।२३ | १,९९९,२८६।७३ | आंशिक सम्पन्न | राम लक्ष्मी दुवाल | दोस्रो पेश्की फछ्र्यौट गरी रू. १,५७,९६०।४२ भुक्तानी दिने |
| | | | | | दोस्रो पेश्की | १,६५०,०००।०० | १,८०७,९६०।४२ | १५७,९६०।४२ | १,८९८,४३६।८२ | | | |
| | | | | | **जम्मा** | **३,२५०,०००।००** | **३,६६२,८१८।६५** | **४१२,८१८।६५** | **३,८९७,७२३।५५** | | | |
| २ | भनपा १ देखि १० सम्म विभिन्न नियमित मर्मत कार्यहरू ( कार्तिक महिना) | १-१० | मर्मत | ६१,४८६।७० | | | ५९,४००।०० | ५९,४००।०० | ६०,५४७७० | सम्पन्न | राधे श्याम भैनात्व | |
| ३ | मर्मत उपशाखाको प्रायोजनको लागि रेन इन्लेट कभर (12" x 16") बनाउने कार्य | १-११ | मर्मत | ९९,२३२।८९ | | | ९९,००६।०० | ९९,००६।०० | १००,०६७।०३ | सम्पन्न | सुरेन्द्र नकर्मी | |
| ४ | सडक बत्ती, विद्युतीय तथा प्लम्बिङ मर्मत कार्य (नपा भवन परिसर, ३ नं. वडा, लिबाली, सिद्ध पोखरी शितभण्डारण गृह) | | मर्मत | ६२,१८४।६० | | | रु. ५८,३३७।२७ (सामान र ज्याला) | रु. २८,२००।०० (ज्याला मात्र) | रु. ५८,३३७।२७ (सामान र ज्याला) | सम्पन्न | राज खाइतु | सामान जिन्सीबाट प्राप्त भएकोले ज्याला रू. २८,२००।०० मात्र भुक्तानी दिने |

## विविध

विविध विषयमा छलफल हुँदा निम्नानुसार गर्ने निर्णय गरियो–

यस न.पा. को BAB 8654 नं. को फोहोरमैला सङ्कलन गर्ने गाडीका कर्मचारी सुजन द्योलाको गाडीबाट लडी टाउकोमा चोट लागि काठमाडौं मेडिकल अस्पतालमा उपचार भइराखेकाले उपचारका लागि सोही गाडीका चालक ईश्वर श्रेष्ठलाई रु. ५,००,०००।- पेश्की दिने निर्णय गरियो ।

# बैठक सङ्ख्या- १०१

## मिति २०८२ पुस २४ गते, बिहिबार

## निर्णयहरू

### नगर सभा

१९ औँ नगर सभामा प्रस्तुत गर्ने प्रमुखज्यूको प्रतिवेदन स्वीकृत गरी सभामा पेश गर्ने निर्णय गरियो ।

### शाननानबाट सहयोग

यस नगरपालिकाको भगिनी सहर मित्र राष्ट्र चीनको स्वशासित क्षेत्र तिब्बतको साननान नगरपालिकाबाट यस नगरपालिकाद्वारा सञ्चालित ख्वप अस्पताल (भक्तपुर नगर अस्पताल) को लागि Laparoscope थान १ (एक) वस्तुगत अनुदान सहयोग गर्ने पत्र प्राप्त भएको र उक्त सामान तातोपानी भन्सार नाकाबाट पैठारी हुने हुँदा अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को परिच्छेद ५ को दफा १२ को उपदफा ४ बमोजिम स्वीकृति तथा भन्सार छुटको लागि आवश्यक प्रक्रिया अगाडि बढाई दिनु हुन भनीसङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा पत्राचार गर्ने निर्णय गरियो ।

# बैठक सङ्ख्या- १०२

## मिति २०८२ पुस २८ गते, सोमबार

## निर्णयहरू

### रममान्तर

भक्तपुर नगरपालिकाको देहाय बमोजिमको रकमान्तर स्वीकृत गरी नगरसभाबाट पारित गर्न सभा समक्ष पेश गर्ने निर्णय गरियो–

### स्रोत सुनिश्चितता

मिति २०८२।५।२० गतेको देहाय बमोजिमको स्रोत सुनिश्चितता सम्बन्धी कार्यपालिका बैठक निर्णय अनुमोदनका लागि नगर सभाको बैठकमा पेश गर्ने निर्णय गरियो–

भ.न.पा. वडा नं. ६ स्थित अरनिको सभा भवन निर्माण आयोजनाको भवन निर्माण कार्य दोश्रो चरणको ठेक्का नं. Arniko/NCB/Works/01/081.082 को कार्य निरन्तरता दिने तथा अरनिको सभा भवनको पहिलो तला माथिको Structural कार्य सम्पन्न गर्न जम्मा रु.

| क्र.सं. | विनियोजित बजेट शीर्षकको योजनाको नाम | साविक बजेट | घटाइएको बजेट | संशोधित बजेट | क्र.सं. | बजेट नपुग योजनाको नाम | वडा नं. | साविका बजेट | थप बजेट | संशोधित बजेट |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | खेलकुद पूर्वाधार निर्माण कार्य (फुत्सल निर्माण लगायत) | ५,०००,०००।०० | ३,८००,०००।०० | १,२००,०००।०० | १. | भार्वाचोस्थित तकोकिवा (नयाँ बसपार्क) मा बहुउद्देश्यीय भवन निर्माण कार्य | १ | १२,५००,०००।०० | ३,८००,०००।०० | १६,३००,०००।०० |
| २ | निजि सांस्कृतिक घर न.पा.ले आफैले जिर्णोद्धार तथा पुन: निर्माण | १०,०००,०००।०० | ८,०००,०००।०० | २,०००,०००।०० | २ | प्रांगारिक मल प्रशोधन केन्द्रको पूर्वाधार निर्माण कार्य क) सिलखेमा टहरा निर्माण कार्य ख) शौचालय/गार्डहाउस/ट्यांकी निर्माण | १० | ७,५००,०००।०० | ८,०००,०००।०० | १५,५००,०००।०० |
| ३ | शित भण्डारण गृह भवन निर्माण कार्य (तेस्रो चरण) (ठेक्का नं. bktmun/ NCB/ works/03/080/81) | १०,०००,०००।०० | ४,७००,०००।०० | ५,३००,०००।०० | ३ | शित भण्डारण गृहको परिसरमा कम्पाउण्ड वाल तथा ट्रान्सफर्मर जडान कार्य | ८ | ५,०००,०००।०० | ४,७००,०००।०० | ९,७००,०००।०० |
| ४ | भैपरी आउने पूजिगत | ५,०००,०००।०० | २,०००,०००।०० | ३,०००,०००।०० | ४ | खँचा पुखु स्वास्थ्य चौकी निर्माण कार्य (अन्तिम चरण) | ७ | ७,५००,०००।०० | २,०००,०००।०० | ९,५००,०००।०० |
| ५ | सडक स्तरोन्तती योजना ( पीच कार्य) | १०,०००,०००।०० | ३,३००,०००।०० | ६,७००,०००।०० | ५ | सडक बोर्ड नेपाल | | | | |
| | | | | | क) | तेखापुखुदेखि च्वङा गणेश द्योछेँसम्मको ढुङ्गा छपाई बाटो मर्मत कार्य | १ | ६७०,०००।०० | ३३०,०००।०० | १,०००,०००।०० |
| | | | | | ख) | इटाछेँदेखि तँक्वसम्मको ढुङ्गा छपाई बाटो मर्मत कार्य | २ | ६७०,०००।०० | ३३०,०००।०० | १,०००,०००।०० |
| | | | | | ग) | वासिक टोलको बाटोको पेटीहरूमा इन्टरलकिङ्ग ब्लक छपाई कार्य | ३ | ६७०,०००।०० | ३३०,०००।०० | १,०००,०००।०० |
| | | | | | घ) | थुचो चोकदेखि मंगलतीर्थको ढ्वाकासम्मको ढुङ्गा छपाई बाटो मर्मत कार्य | ४ | ६७०,०००।०० | ३३०,०००।०० | १,०००,०००।०० |
| | | | | | ङ) | त्रिपुरासुन्दरी मन्दिरदेखि सुकुलढोसम्मको ढुङ्गा छपाई बाटो मर्मत कार्य | ५ | ६७०,०००।०० | ३३०,०००।०० | १,०००,०००।०० |
| | | | | | च) | महाकालीबाट अँचा पुखु जाने ओरालो ढलान बाटो मर्मत कार्य | ६ | ६७०,०००।०० | ३३०,०००।०० | १,०००,०००।०० |
| | | | | | छ) | सिद्धि गणेश द्योछेँदेखि पुखुचासम्मको ढुङ्गा छपाई बाटो मर्मत कार्य | ७ | ६७०,०००।०० | ३३०,०००।०० | १,०००,०००।०० |
| | | | | | ब) | लिवाली प्लानिङ्गमा ग्राभेलिङ गर्ने कार्य | ८ | ६७०,०००।०० | ३३०,०००।०० | १,०००,०००।०० |
| | | | | | झ) | सकोलानदेखि सल्ला गणेशसम्मको ढुङ्गा छपाई बाटो मर्मत कार्य | ९ | ६७०,०००।०० | ३३०,०००।०० | १,०००,०००।०० |
| | | | | | ञ) | दथुत्वचादेखि नागपोखरीसम्मको ढुङ्गा छपाई बाटो मर्मत कार्य | १० | ६७०,०००।०० | ३३०,०००।०० | १,०००,०००।०० |
| ६ | शहिद स्मृति खेल मैदान स्टेडियम निर्माण | १०,०००,०००।०० | ३,०००,०००।०० | ७,०००,०००।०० | ६ | विपद व्यवस्थापन (पर्यटक शौचालय भवन निर्माण कार्य | ३ | ५,०००,०००।०० | ३,०००,०००।०० | ८,०००,०००।०० |

१२,१६,७२,५९३।- (अक्षरुपीरु. बाह्र करोड सोह्र लाख बहत्तर हजार पाँच सय त्रियानब्बे रुपैयाँ) बराबरको ल.ई. हुन आएकोले सो रकम बराबरको कार्य गर्न विनियोजन रकम रु. १४,८४,८१,९६०।- मा नपुग रकम रु.८,००,००,०००।- (अक्षेरुपी आठ करोड रुपैयाँ) आ.व.२०८२/०८३ मा स्रोत सुनिश्चितता गर्ने निर्णय गरियो ।

## म्याद थप र सफाइ सम्झौता नवीकरण

यस नगरपालिकाको स्वीकृत दरबन्दीमा विगत लामो समयदेखि सेवारत देहाय बमोजिमका करार, मासिक ज्यालादारी, दैनिक ज्यालादारीमा कार्यरत कर्मचारीहरूको तथा यस नगरपालिकाका विभिन्न वडामा कार्यरत सफाइ सम्झौताको मिति २०८२।१०।१ गतेदेखि २०८३ असार मसान्तसम्मको लागि म्याद थप र सफाइ सम्झौताको नवीकरण गर्ने निर्णय गरियो-

क) म्याद थप गर्नुपर्ने करार कर्मचारी सङ्ख्या - २३२ जना

ख) ज्यालादारी कर्मचारी सङ्ख्या - ५६ जना

## समितिको निर्णय अनुमोदन

समिति निर्णय अनुमोदन सम्बन्धमा छलफल हुँदा निम्नानुसार गर्ने निर्णय गरियो-

### सुशासन समिति

**मिति २०८२।९।२२ गते**

यस नगरपालिकामा कार्यरत वरिष्ठ सहायक (नासु) तहका श्री धनलक्ष्मी त्यातले बागमती प्रदेशको स्थानीय तहका सेवाको गठन तथा सञ्चालन सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७९ र भक्तपुर नगरपालिकाको स्थानीय सेवा (कर्मचारी) गठन, सञ्चालन, व्यवस्थापन, सेवा र शर्त तथा सुविधा सम्बन्धमा बनेको ऐन, २०८० अनुसार पाँचौ तहबाट छैटौं तहमा तह वृद्धिको लागि निवेदन पेश गरेको सम्बन्धमा बागमती प्रदेशको स्थानीय तहका सेवाको गठन तथा सञ्चालन सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७९ को दफा ३० र भक्तपुर नगरपालिकाको स्थानीय सेवा (कर्मचारी) गठन, सञ्चालन, व्यवस्थापन, सेवा र शर्त तथा सुविधा सम्बन्धमा बनेको ऐन, २०८० को दफा १५ बमोजिम योग्यता र सेवा अवधि पुगेको हुँदा निज निवेदकलाई मिति २०८२ माघ १ गतेदेखि लागू हुने गरी पाँचौं तहबाट छैटौं तहमा तह वृद्धि गर्ने निर्णय गरियो ।

### आर्थिक तथा लेखा समिति

सम्पत्ति करको मूल्याङ्कनमा छुट दिने सम्बन्धमा मिति २०८२।०८।१६ गतेको आर्थिक तथा लेखा समितिको तपसिल बमोजिमको निर्णय कार्यपालिका बैठकबाट मिति २०८२।०९।२८ गते अनुमोदन भएकोमा सो निर्णय प्रस्तावका लागि सभामा पेश गर्ने निर्णय गरियो ।

**सम्पति कर सम्बन्धमा**

सम्पत्ति कर मूल्याङ्कनमा टहराको मूल्याङ्कन सम्बन्धमा भक्तपुर नगरपालिकाको आर्थिक ऐन,२०८२ को अनुसूचि १ मा स्पष्ट व्यवस्था नभई मूल्याङ्कनमा द्विविधा भएको विषयलाई सम्बोधन गर्न निम्नानुसार गर्दा उचित हुने प्रस्ताव नगर कार्यपालिका बैठकमा पेश गर्ने निर्णय गरियो ।

क) बाँस वा फलामको पोल राखी जस्ताले वा इकोप्यानलले घेरेको टहरा वा यस्तै अन्य संरचनाको मूल्याङ्कन गर्दा आर्थिक ऐनमा उल्लेखित प्रतिवर्ग फिट लागत दर रु. ६००।- पर्ने वर्ग अन्तर्गत राखी मूल्याङ्कन गर्ने ।

ख) टहराको हकमा मात्र टहराले चर्चेको जग्गाको मूल्याङ्कनमा ७५ प्रतिशत छुट गर्ने ।

### वातावरण तथा पर्यटन समिति

**मिति २०८२।९।२८ गते**

भक्तपुर नगरपालिकाका सम्पदाहरुको QR code मार्फत जानकारी दिने उद्देश्यले ख्वप कलेज अफ इन्जिनियरिङले पेश गरेको वेवसाईट र मोबाइल एप सम्बन्धी प्रस्ताव निर्णयार्थ पेश गर्ने निर्णय गरियो ।

### कृषि समिति

**मिति २०८२।९।२८ गते**

१. यस भक्तपुर नगरपालिकाको वार्षिक सशर्त कार्यक्रम अन्तर्गत कृषि, पशुपन्छी तथा मत्स्य तथ्याङ्क अद्यावधिक कार्यक्रम सञ्चालन गर्न विगत आ.व. हरुमा किसान सूचीकरण कार्यक्रममा गणक रुपमा कार्य गर्नु भएका श्री संदीप सुवाललाई गणक मनोनित गरी कार्यक्रम यथाशीघ्र सञ्चालन गर्ने निर्णय गरियो ।

२. यस नगरपालिकाभित्र सामुदायिक कुकुर तथा विरालो बन्ध्याकरण कार्यक्रम सञ्चालन गर्न पेश भएका दरभाउपत्रहरु मध्ये श्री शुक्र भेट मेड डिष्ट्रिब्यूटर्स सारभूत रुपमा प्रभावकारी भई स्वीकृत भई आएकोले सो संस्थालाई चालु आ.व. को माघ मसान्तभित्र कार्यक्रम सम्पन्न गराउने निर्णय गरियो ।

३. यस नगरपालिकाको पशु सेवा शाखाबाट खरिद भएका औषधीहरु पशुपन्छीको उपचार तथा सेवा प्रवाह गर्दा निःशुल्क वितरण गर्ने निर्णय गरियो ।

४. यस नगरपालिकाको १९ औं नगर सभामा कृषि ऋण कार्यविधि तथा चिस्यान केन्द्र सञ्चालन कार्यविधिको लागि अनुरोध गर्ने ।

## निर्माण समिति

**मिति २०८२/०९/२७ गते**

| क्र. सं. | योजनाका विवरण | वडा नं. | बजेट शीर्षक | ल.ई.रकम | रि.ल.ई. /कबोल रकम | पेश्की | खर्च रकम | भुक्तानी रकम | मूल्याङ्कन रकम | योजनाको अवस्था | कार्य गर्ने | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| क) ल.ई. स्वीकृति सम्बन्धमा | | | | | | | | | | | | |
| १ | सीसीटीभी सर्भिलेन्स मर्मत सम्भार कार्य (दरबार स्क्वायर देखि सुकुलढोका सम्म) | ३, ५ | सीसी क्यामेरा जडान तथा मर्मत | १५३,६४२।१० | | | | | | | | |
| २ | सडक बत्ती मर्मत सम्भार कार्य (हनुमानघाट, छिपातोँ, न्यातोँ र गयभिन्द्यो पुलमा) | ७ | मर्मत | ९९,५३८।६४ | | | | | | | | |
| ३ | महेश्वरी ग्यारेजमा थ्रि फेज मोटरलगायत मर्मत कार्य | ७ | मर्मत | ४७,३६८।७५ | | | | | | | | |
| ४ | भनपा कार्यालयको पूर्वतर्फका सोलार सडक बत्ती मर्मत कार्य | २ | मर्मत | ४८९,२१०।३९ | | | | | | | | |
| ५ | शान्ति सुरक्षा तथा अपराध नियन्त्रणका लागि बसपार्क क्षेत्रमा High mast light / CCTV जडान | | बागमती प्रदेश शसर्त अनुदान | १,६८२,५२५।०० | | | | | | | | |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ख) रि.ल.ई. स्वीकृति सम्बन्धमा | | | | | | | | | | | |
| १ | शिशु स्याहार तथा बालविकास केन्द्र पूर्वाधार विकास | १० | नपा | ५,३३०,१९८।७६ | ५,३९१,३८९।८६ | | | | | | |
| ग) उपभोक्ता समिति स्वीकृति सम्बन्धमा | | | | | | | | | | | |
| १ | वडा नं. ९ को पीच बाटोहरू मर्मत कार्य | ९ | मर्मत | ८९०,९६४।६३ | | | उ.स.अ.:श्री रमेश कुसी<br>अ.स.स.: श्री इन्द्रबहादुर प्याथ | | | | |
| घ) पेश्की फछ्र्यौट तथा भुक्तानी सम्बन्धमा | | | | | | | | | | | |
| १ | प्राङ्गारिक मल प्रशोधन केन्द्रमा टहरा निर्माण कार्य | १० | प्राङ्गारिक मल प्रशोधन केन्द्रमा पूर्वाधार निर्माण | ७,२०६,२१९।०३ | | २,४००,०००।०० | ४,३५८,६६२।१४ | १,९५८,६६२।१४ | ४,५१२,५२९।६५ | आंशिक सम्पन्न | ज्ञानकुमार मगजु | |
| २ | सिलखेको टहरामा पार्टिशन तथा फ्लोरिङ्ग को कार्य | १० | अन्य योजनाको बाँकी भुक्तानी | २,७८९,१८३।०९ | पहिलो पेश्की | ९००,०००।०० | १,११५,८१५।३१ | २१५,८१५।३१ | १,१४२,४३१।३१ | सम्पन्न | गंगा प्रजापति | दोस्रो पेश्की फछ्र्यौट गरी रू. ७,३१,९४०।६४ भुक्तानी दिने |
| | | | | | दोस्रो पेश्की | ९००,०००।०० | १,६५२,९९९।५७ | ७५२,९९९।५७ | १,८२६,०८८।६६ | | | |
| | | | | | जम्मा | १,८००,०००।०० | २,७६८,८१४।८८ | ९६८,८१४।८८ | २,९६८,५१९।९७ | | | |
| ३ | सिलखे प्राङ्गारिक मल प्रशोधन केन्द्रमा गेट तथा ड्रेन निर्माण कार्य | १० | अन्य योजनाको बाँकी भुक्तानी | २,२३९,८४१।९२ | पहिलो पेश्की | ७३५,०००।०० | १,१६१,९५४।१५ | ४२६,९५४।१५ | १,३०७,६२२।२१ | सम्पन्न | नारायणप्रसाद ह्यौमिखा | दोस्रो पेश्की फछ्र्यौट गरी रू. २,६३,९०७।३० भुक्तानी दिने |
| | | | | | दोस्रो पेश्की | ७३५,०००।०० | ९९८,९०७।३० | २६३,९०७।३० | १,०५९,२५२।२३ | | | |
| | | | | | जम्मा | १,४७०,०००।०० | २,१६०,८६१।४५ | ६९०,८६१।४५ | २,३६६,८७४।४४ | | | |
| ४ | भोखाद्यो दक्षिणपट्टी को पाटी पुन: निर्माण कार्य | ५ | नपा | ३,४३३,५७१।०९ | | ६५०,०००।०० | १,३६९,८८९।८३ | ७१९,८८९।८३ | १,७५२,२५०।६० | आंशिक सम्पन्न | बालकृष्ण प्रजापति | |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ५ | महेश्वरी ग्यारेजमा थ्रि फेज मोटरलगायत मर्मत कार्य | ७ | मर्मत | ४७,३६८।७५ | | | ३४,१९५।०० | ३४,१९५।०० | ४२,५२०।३५ | सम्पन्न | अनमोल मल्टि इलेक्ट्रिक वर्कशप, भक्तपुर | |
| ६ | CCTV Sureillance R&M work , भार्वाचो, दरवार क्षेत्र, जगाति, कमलविनायक | १-१० | सिसि क्यामेरा जडान तथा मर्मत | ३२५,८१४।२५ | | | २८८,८८४।५० | २८८,८८४।५० | ३२५,६२७।०० | सम्पन्न | Thapa Tech Nepal | |
| ७ | गोलमढी ग:हिति मर्मत कार्य | ७ | अन्य योजनाको बाँकी भुक्तानी | १,८६०,७९४।८३ | पहिलो पेश्की | ३४८,०००।०० | ७५३,५७५।०० | ४०५,५७५।०० | १,७८१,८३९।५७ | सम्पन्न | जयराम ह्यौंमिखा | दोस्रो पेश्की फछ्र्यौट गरी रू. १,५४,३२०।०० भुक्तानी दिने |
| | | | | | दोस्रो पेश्की | ६५०,०००।०० | ८०४,३२०।०० | १५४,३२०।०० | | | | |
| | | | | | जम्मा | ९९८,०००।०० | १,५५७,८९५।०० | ५५९,८९५।०० | | | | |

## सफाइ मजदुरको दुर्घटनामा मृत्यु

यस कार्यालयका हलुका सवारी चालक पदमा नियुक्ति भई हाल श्यानिटेशन उपशाखा अन्तर्गत दैनिक फोहोर सङ्कलन गर्ने गाडी नं. साविक बा १ झ ८७४८ हाल Bagmati B AB 8654 चलाई आएको ड्राइभर ईश्वर श्रेष्ठले मिति २०८२।९।८ गते सङ्कलित फोहोर सम्बन्धित ठाउँमा व्यवस्थापन गरी फर्कने क्रममा हेल्पर सुजन द्योला गाडीबाट अकस्मात बाटोमा लडी टाउकोमा चोट लागि उपचारको क्रममा भक्तपुर अस्पताल लगि परीक्षण गराउँदा टाउकोमा चोट लागेको कारण देखाई काठमाडौँ मेडिकल अस्पताल सिनामंगलमा उपचारका लागि रेफर लेटर साथ पठाइएकोमा निज सुजन द्योलाको उपचारको क्रममा मिति २०८२।९।२६ गते दु:खद देहावसान भएको जानकारी प्राप्त भई निजका परिवारजन समेतको टोली यस कार्यालयमा आई उचित क्षतिपूर्ति सहित आश्रित परिवारको लागि रोजगारी र शिक्षाको माग गरेको सम्बन्धमा जानकारी प्राप्त भयो । सो सम्बन्धमा देहाय बमोजिम गर्ने निर्णय गरियो-

क. यस नगरपालिकाको सफाइ गाडी नं. साविक बा १ झ ८७४८ हाल Bagmati B AB 8654 का यस नगरपालिकाका सवारी चालक ईश्वर श्रेष्ठले मिति २०८२।९।८ गते फोहोर व्यवस्थापन गरी फर्किने क्रममा सोही गाडीका हेल्पर सुजन द्योला अकस्मात गाडीबाट खसेर लडी घाइते भई देहावसान भएका निज मृतक द्योलालाई काठमाडौँ मेडिकल कजेल अस्पतालमा उपचार गराउँदा लागेको खर्च हालसम्म नगरपालिकाले व्यहोरेको र भुक्तानी गर्न बाँकी उपचार खर्च समेत यस नगरपालिकाले भुक्तानी गर्ने ।

ख. मृतक सुजन द्योलालाई नगरपालिकाको तर्फबाट तेस्रो पक्ष बीमा वापत सम्बन्धित बीमा कम्पनीबाट शोधभर्ना लिने गरी क्षतिपूर्ति वापत रु. ५,००,०००।- पाँच लाख, क्रिया खर्च वापत रु. ५०,०००।- (पचास हजार रूपैयाँ) र कार्यरत अवस्थामा मृत्यु भएको कारण भक्तपुर नगरपालिकाको स्थानीय सेवा (स्थानीय सेवा कर्मचारी गठन, सञ्चालन, व्यवस्थापन,

सेवा शर्त तथा सुविधा सम्बन्धमा बनेको ऐन, २०८० को दफा ५७ बमोजिम नियमानुसार उपलब्ध गराउन सक्ने विशेष आर्थिक सुविधा वापतको रु. १,५०,०००|- (अक्षेरूपी रु.एक लाख पचास हजार) र कार्यालयको तर्फबाट थप क्षतिपूर्ति रु.३,००,०००|- (अक्षेरूपी रु. तीन लाख) समेत गरी जम्मा रु. १०,००,०००|- (अक्षेरूपी रु. दश लाख) मृतकका परिवारलाई उपलब्ध गराउने ।

ग. मृतक सुजन द्योलाका आश्रित परिवारमध्ये निजका श्रीमती शिला जलारीलाई रोजगारी र नाबालिका छोरी वर्ष ४ की सफिरा द्योलालाई १२ कक्षासम्म नगरपालिका क्षेत्रभित्रका सरकारी विद्यालयमा शैक्षिक पठनपाठनका लागि नगरपालिकाले सकारात्मक रूपमा आवश्यक पहल गर्ने

## विविध

विविध विषयमा छलफल हुँदा निम्नानुसार गर्ने निर्णय गरियो–

क. यस नगरपालिका र सहकार्य कन्सर्ल्ट प्रा.लि. बिच भएको सम्झौता बमोजिम सहकार्य कन्सर्ल्ट प्रा.लि.बाट पेश गरिएको संलग्न बमोजिमको सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन २०८२, स्वीकृत गरी पारित गर्न नगर सभा समक्ष पेश गर्ने निर्णय गरियो साथै उक्त कार्यको लागि सहकार्य कन्सर्ल्ट प्रा.लि.लाई भ्याट सहित रु.४,८३,६४०|- (अक्षेरूपी रु. चार लाख त्रियासी हजार छ सय चालीस रुपैयाँ) भुक्तानी दिने निर्णय गरियो ।

# Word Search

## The Vietnam War

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| I | G | S | E | I | O | N | M | D | O | O | I |
| A | N | I | T | B | E | O | I | O | S | V | N |
| P | O | L | S | M | T | I | A | M | P | E | O |
| T | C | E | E | L | E | T | L | I | A | T | I |
| H | T | N | T | A | T | A | Y | N | R | E | T |
| E | E | T | O | P | O | S | M | O | T | R | A |
| D | I | M | R | A | F | I | C | T | Y | A | I |
| R | V | A | P | N | F | M | A | H | B | N | L |
| A | A | J | A | T | E | A | M | E | O | S | O |
| F | F | O | I | I | N | N | B | O | O | T | F |
| T | T | R | Y | W | S | T | O | R | B | O | E |
| T | T | I | L | A | I | E | D | Y | E | I | D |
| T | T | T | T | R | V | I | I | N | O | T | T |
| T | Y | Y | B | S | E | V | A | T | R | A | E |

DOMINO THEORY
SILENT MAJORITY
NAPALM
TET OFFENSIVE
VETERANS
VIET CONG
PROTEST
DEFOLIATION
MY LAI
THE DRAFT
BOOBY TRAPS
VIETNAMISATION
CAMBODIA
ANTI-WAR

(दायाँ-बायाँ-तल-माथि-तेर्सो-ठाडो-छडके-सुल्टो-उल्टोबाट छेउका मिल्दो शब्दहरू खोज्नुहोस् ।)

# प्रेरणीय

## कामको कि बेकामको ?

धेरै वर्षअघिको कुरा हो । एउटा कुनै गाउँ थियो । गाउँमा मानिस खेती–किसानी गरेर जीवन चलाउँथे । त्यस गाउँमा दुई युवक निकै मिल्ने साथी थिए । उनीहरू सँगै खेल्थे । आपसमा मिलेर काम गर्थे । एक–अर्कालाई सघाउँथे । कतै जानुपर्‍यो भने पनि सँगै जान्थे ।


एकपटक दुवै युवक कुनै कामको सिलसिलामा अर्कै गाउँतिर गइरहेका थिए । गर्मीको समय थियो । बाटामा पानी पनि भेटिएन । उनीहरू दुवै निकै थाके । चर्को गर्मी र हिँडाइका कारण उनीहरूको थकान क्रमशः बढ्दै गयो । एकछिन विश्राम नगरी अघि बढ्न उनीहरूलाई कठिन हुँदै गयो । त्यसैले, उनीहरू विश्राम गर्न नजिकैको एउटा ठूलो रुखको छहारीमा बसे ।

शीतल छहारीमा बस्दै गर्दा उनीहरू विभिन्न विषयमा कुराकानी गर्न थाले । त्यत्तिकैमा माथि रुखतिर हेर्दै एक युवकले भने– हेर त मित्र, यो रुख हेर्दा यसमा कहिल्यै फूल पनि फुल्दैन र फल पनि लाग्दैन जस्तो देखिन्छ है ? अर्को युवकले पनि रुखतिर हेरेर मित्रको भनाइमा समर्थन जनाउँदै भने– खै, हेर्दा त त्यस्तै देखिन्छ । पहिलो युवकले उत्साहित हुँदै भने– त्यही त भन्या नि ! यस्तो रुख त बेकारको हुन्छ हगि ?

मित्रको कुरा सुनेपछि दोस्रो युवकले गम्भीर हुँदै भने– त्यस्तो त कसरी भन्न मिल्छ र ? यसले हामीलाई यतिखेर यो चर्को गर्मीमा शीतल छहारी दिएको छैन ? हामीलाई यसले गर्मीबाट जोगाएको छैन ? जब यसले हामीलाई शीतल छहारी दिइरहेको छ भने अरू पनि कैयौँ मानिस र जीवजन्तुलाई छहारी दिइरहेको होला । कैयौँ चराचुरुंगीले यसमा आश्रय लिएका होलान् । अनि यस्तो गुनी रुखलाई कसरी बेकारको भन्नु ? केवल फूल नफुल्नु या फल नलाग्नुले मात्र कुनै पनि रुखलाई बेकारको भन्न मिल्दैन । आखिर कुनै न कुनै गुण त सबैमा हुन्छ । त्यसलाई हामीले कति र कसरी देख्छौँ भन्ने मात्र त हो ।

औषधी, खाद्यसामग्रीलगायतका वस्तु किन्दा म्याद हेर्ने बानी गरौँ !

# तस्बिरमा केही गतिविधि



भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको नेतृत्वमा गएको टोलीले मा. मन्त्री इड्नामसँग देको मिवा इतापाके आवास योजनामा गुठी अधिनष्ठ जग्गासम्बन्धी समस्या समाधानार्थ भेट गर्नुभयो । माघ २७ गते



ख्वप कलेज अफ इन्जिनियरिङमा अध्ययनरत विद्यार्थीहरूलाई छात्रवृत्ति वितरण कार्यक्रममा ४४ जना विद्यार्थीलाई रु. ६५ लाख ८८ हजार बराबरको छात्रवृत्ति प्रदान गरियो । फागुन ३ गते

## तस्बिरमा केही गतिविधि



ख्वप कलेज अफ इन्जिनियरिङको लेखा शाखा र जिन्सी शाखामा शाखा प्रमुखको जिम्मेवारी पाएका कर्मचारीहरुको जिम्मेवारीपत्र हस्तान्तरण तथा पदस्थापना र दीर्घकालीन सेवा प्रदान गरेका कर्मचारीहरुलाई धन्यवाद ज्ञापन कार्यक्रम । फागुन ३ गते




भक्तपुर नपाका उपप्रमुख रजनी जोशीबाट जन्मजात हृदय रोग प्रारम्भिक परीक्षण शिविरमा सहयोग गर्ने सबैलाई धन्यवाद ज्ञापन कार्यक्रम । माघ २९ गते

# तस्बिरमा केही गतिविधि




भक्तपुर नपाद्वारा सञ्चालित ख्वप कलेज अफ लको आयोजनामा अभौतिक सम्पदाहरूको राष्ट्रिय सूचीकरणसम्बन्धी अभिमुखीकरण कार्यक्रम । फागुन ९ गते



भक्तपुर नपाका प्रमुख सुनिल प्रजापतिसँग वीरगञ्जस्थित मधेश विश्वविद्यालयका उपकुलपति प्रा.डा. दिपक शाक्य नेतृत्वको प्रतिनिधिमण्डलले भेट गऱ्यो । माघ २७ गते

# तस्बिरमा केही गतिविधि



भक्तपुर लायकुस्थित ग:हितिको जीर्णोद्धार ।



चोछेंस्थित सुन्दरी गोपाल मन्दिरको पुन:निर्माण कार्य जारी ।

भक्तपुर नगरपालिका गतिविधि

भक्तपुर नगरपालिका गतिविधि

# गुठी अधिनष्ठ जग्गासम्बन्धी समस्या छिट्टै नै समाधान गर्ने मन्त्री इङ्नामको प्रतिबद्धता



भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्री प्रा.डा. कुमार इङ्नामले भक्तपुर नगरपालिकाद्वारा सञ्चालित देको मिवा इतापाके आवास योजनामा गुठी अधिनष्ठ जग्गासम्बन्धी समस्या छिटै नै समाधान गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको नेतृत्वमा गएको टोलीले माघ २७ गते सहरी विकास मन्त्रालयको समेत जिम्मेवारी लिनुहुने मा. मन्त्री इङ्नामसँगको भेटमा आवास योजनाको हालसम्मको भौतिक विकास तथा जग्गा प्रशासनसम्बन्धी प्रगतिबारे जानकारी गराउनुभयो ।

त्यस क्रममा नगर प्रमुख **प्रजापतिले** आयोजनाको भौतिक पूर्वाधारअन्तर्गत सडक, ढल निकास, टेवा पर्खालको कार्य अन्तिम चरणमा रहेको र जग्गा प्रशासनतर्फ आयोजना क्षेत्रको सम्पूर्ण स्वीकृत नापी नक्सा तथा स्रेष्टाअनुसार हाल कायम भएको २४४४ कित्ता जग्गामध्ये १२८३ कित्ता जग्गा अर्थात ५२. ५० प्रतिशत विकसित घडेरी फिर्तासमेत भइसकेको अवगत गराउनुभयो ।

नगरपालिकाद्वारा सञ्चालित उक्त आयोजनाको १६५३ रोपनी जग्गामध्ये ६८ रोपनी जग्गा गुठी अधिनष्ठ रहेको र उक्त जग्गामा काठमाडौँ उपत्यका विकास प्राधिकरण ऐन २०४५ को दफा १०.१.१ अनुसार तथा आयोजना व्यवस्थापन उपसमितिको निर्णयअनुसार योगदान प्रतिशत कट्टी गरेकोमा गुठी संस्थानबाट उक्त निर्णय कार्यान्वयनमा समस्या भएको उल्लेख गर्दै प्रमुख प्रजापतिले स्थानीय तहबाट सञ्चालित आयोजना यथाशक्य चाँडो सम्पन्न गर्न मन्त्रालयको तर्फबाट आवश्यक निर्णय गर्नको निम्ति अनुरोध गर्नुभयो ।

सोही क्रममा मन्त्री इङ्नामले राज्यबाट सञ्चालित विकास आयोजनाहरूमा गुठी जग्गा समस्या रहेको आफूलाई जानकारी रहेको उल्लेख गर्दै यस विषयमा सरोकारवालाहरूसँग पटक पटक छलफल गरिरहेको बताउनुभयो । उहाँले छिट्टै नै यो समस्या समाधानको निम्ति ठोस निर्णय गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

नगरपालिकाले गुठी जग्गाको समस्या समाधान गर्न गुठी संस्थान केन्द्रीय कार्यालयमा पटक पटक अनुरोध गर्दा पनि समाधान नभएपछि मन्त्रालयसमक्ष अनुरोध गरिएको हो । २०७२ सालमै योजना स्वीकृत भई सञ्चालन भइरहेको देको मिवा इतापाके आवास योजनामा गुठी संस्थानले अनाहकमा जनतालाई दु:ख दिइरहेको पनि प्रमुख प्रजापतिले सो अवसरमा बताउनुभयो ।

# सरसफाइ कार्यक्रम



भक्तपुर नपाको आयोजनामा पाक्षिक रूपमा प्रत्येक महिनाको १ र १५ गते भनपा क्षेत्रभित्र रहेका सम्पदा, पीठ, खोला, घाटलगायत विभिन्न स्थलहरूको सरसफाइ गर्दै आएकोमा फागुन १ गते ब्रह्मायणी परिसरमा सरसफाइ कार्यक्रम भयो ।

**सफाइ अरुको लागि होइन हामी आफ्नै लागि हो ।**

# eQmk'/ gkfsf]cgudg

## च्याम्हासिंह, देगइना र सल्लाघारीमा अनुगमन

भक्तपुर नगरपालिका अनुगमन समितिका संयोजक राजकृष्ण गोराको संयोजकत्वमा माघ २२ र २३ गते च्याम्हासिंह, देगइना र सल्लाघारीका पसलहरूको अनुगमन गरियो।

अनुगमनमा न्यू ब्रम्हायणी जुस एण्ड फुड सेन्टरलाई पेटी र पेटी बाहिर सामान राखेर बेचविखन नगर्न, मूल्य सूची राख्न र म्याद नाघेको सामानहरू कोक, फाण्टा जफत गरी नष्ट गरियो। तराजु नवीकरणको कागजात नभएकोले तीन दिनभित्र कागजातसहित नपामा उपस्थित हुन र प्याकेजिङ सामान खाद्य विभागबाट अनुज्ञापत्र लिई लेबल राखीमात्र बिक्री वितरण गर्न निर्देशन दियो।

सृष्टि फुड सेन्टरलाई तराजु नवीकरण तीन दिनभित्र गर्न निर्देशन दियो।

लक्ष्मी स्वीट एण्ड प्यालेसमा पुरानो र पकाएको तेल ४ लिटर जफत गरी नष्ट गरियो।

के.ओ.डि स्टोरमा म्याद नाघेको सामानहरू मखन ७ पाकेट, चोकोस् ४ पाकेट, प्रकृति मैदा ५ पाकेट जफत गरी नष्ट गरियो भने पसलको दर्ता प्रमाणपत्रसहित तीन दिनभित्र नगरपालिका कार्यालयमा उपस्थित हुन निर्देशन दियो।

सुनिता थापाको फलफुल पसल तीन दिनभित्र दर्ता गर्न निर्देशन दियो।

ताज फुड सेन्टर तराजु नवीकरणको कागजात नभएकोले तीन दिनभित्र नापतौल विभागमा दर्ता गर्न र म्याद नाघेको क्याम्पा जुस ३ वटा जफत गरी नष्ट गरियो।

जयकाली फ्रुट सेन्टरमा तराजु नवीकरण नभएकोले जफत गरी तीन दिनभित्र उपस्थित हुन र म्याद नाघेको समानहरू बदाम जुस ७ वटा, ड्यु एक लिटरको ६ वटा, हाप लिटरको ५ वटा, जम्बो १ वटा, जम्बो कोक १ वटा, स्प्राइट १ वटा, ड्रीन्को जुस ४ वटा जफत गरी नष्ट गरियो।

रावनम फ्रुट सेन्टर तीन दिनभित्र नवीकरण गर्न, तराजु नवीकरण नभएकोले जफत गरी तीन दिनभित्र नगरपालिका कार्यालयमा उपस्थित हुन निर्देशन दियो।

च्वङा गणेश स्टोरको दर्ता प्रमाणपत्रसहित तीन दिनभित्र नगरपालिका कार्यालयमा उपस्थित हुन र म्याद नाघेको सामानहरू फाण्टा जम्बो २ वटा, हाप लिटरको ४ वटा, एक लिटरको १ वटा र रियल जुस ६ वटा जफत गरी नष्ट गरियो।

## औषधि पसलहरूको अनुगमन


भक्तपुर नगरपालिकाको अनुगमन टोलीले माघ २८ गते दुधपाटीका औषधि पसलहरूको अनुगमन गरियो।

संयोजक राजकृष्ण गोराले फार्मेसिष्ट वा औषधि व्यवस्था विभागबाट ओरिन्टेशन पास गरी अनुमति प्राप्तले मात्र औषाधि बिक्री वितरण गर्न पाउने बताउनुभयो।

अनुगमनको क्रममा उहाँले औषधि पसल दर्ता नवीकरण गर्नुपर्ने, सरसफाइमा ध्यान दिन, म्याद नाघेका औषधिहरू छुट्टै स्थानमा भण्डारण गर्नुपर्ने, औषधि व्यवस्था विभागमा पनि दर्ता नवीकरण नभएकोले नवीकरण गर्नुपर्ने बताउनुभयो। उहाँले लागुऔषधिको रूपमा प्रयोग गर्ने नारकोटिक औषधिहरू बिक्री वितरण नगरेको पसललेहरूले बताएको बरु त्यस्ता ग्राहकहरूलाई अस्पतालन मै पठाएको भनेको कुरा बताउनुभयो।

टोलीले शास्वत फार्मेसी, कार्यविनायक फार्मेसी, प्राइम डेण्टल क्लिनिक, भिग्नेश्वर फार्मेसी, न्यातापोल फार्मेसी, आरभ एण्ड मुस्कान मेडिकल हल, संस्कृता फार्मेसी, डोलेश्वर फार्मेसी, नःपुखु फार्मेसी, समृद्धि फार्मेसी, बाराही फार्मेसीमा अनुगमन गरेको थियो।

उपरोक्त अनुगमन टोलीमा अनुगमन समितिका सदस्य श्यामकृष्ण खत्री, रोशन मैया सुवाल, रिता फसिकवा, श्यानिटेशन उपशाखा प्रमुख दिलिप कुमार सुवाल, वडानिरीक्षक रामकृष्ण प्रजापति, कर उपशाखा मोहनदेवी ब्याञ्जु, जिल्ला प्रशासन कार्यालय भक्तपुरका नवराज पोखरेल, जिल्ला प्रहरी कार्यालयका प्र.स.नि. टेज प्रसाद खतिवडा र कमल कुमार श्रेष्ठ, राष्ट्रिय उपभोक्ता मञ्चका मनोज थापा, उद्योग बाणिज्य सङ्घ भक्तपुरका राजु त्वनाबासु, घरेलु तथा साना उद्योग सङ्घका सुमित्रा श्रेष्ठ, घरेलु तथा साना उद्योग कार्यालयका लक्ष्मी प्रसाद कासुला र ख्वप अस्पतालका सृजना बासुकलाको उपस्थित रहेको थियो।


भक्तपुर नपाको वेबसाइट
bhaktapurmun.gov.np
को 'प्रकाशनहरू' मा पढ्न सक्नुहुनेछ।

# शैक्षिक गतिविधि

## ख्वप सर्कलका शैक्षिक संस्थाहरूप्रति अभिभावक एवम् आम जनताको आशा रहेको छ



'भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप सर्कलका शैक्षिक संस्थाहरूप्रति अभिभावक एवम् आम जनताको आशा रहेको छ । यो आशालाई जगाई राख्न शिक्षक/कर्मचारीहरूले अझ इमानदारीपूर्वक कर्तव्य पालन गर्नु आवश्यक छ ।'

उक्त निर्देशन भक्तपुर नगरपालिकाका प्रमुख एवं ख्वप कलेज एवं मा.वि. सञ्चालक समितिका अध्यक्ष **सुनिल प्रजापति**ले माघ २९ गते ख्वप मा.वि.मा कार्यरत शिक्षक तथा कर्मचारीहरूलाई दिनुभएको हो ।

ख्वप कलेजहरूको शैक्षिक एवं भौतिक पूर्वाधार विश्वविद्यालय स्तरको रहे पनि शासक पार्टीहरूले विभिन्न बहाना बनाई स्वीकृति नदिएको उल्लेख गर्दै प्रमुख प्रजापतिले भन्नुभयो, 'भक्तपुरलाई शैक्षिक गन्तव्यस्थल बनाउने र ख्वप विश्वविद्यालय स्थापना गर्ने लक्ष्य पूरा नभएसम्म भक्तपुर नगरपालिका निरन्तर लागिरहने छ' ।

विश्वविद्यालयको शिक्षा अनुसन्धानमूलक गतिविधिमा केन्द्रित हुनुपर्ने धारणा राख्दै प्रमुख प्रजापतिले ख्वप सर्कलका कलेजहरूले दिइने शिक्षा अनुसन्धानमूलक हुनुपर्छ भन्नुभयो ।

शिक्षक/प्राध्यापकहरू भनेको बुद्धिजीवी हुन्, बुद्धिजीवीहरूले देशलाई दिशा निर्देश गर्ने काम गर्छ, यसतर्फ शिक्षकहरूले मनन गर्नुपर्छ, उहाँले भन्नुभयो ।

कार्यक्रममा ख्वप कलेजका प्राचार्य प्रकाश कुमार श्रेष्ठले स्वागत गर्नुभएको थियो ।

## ख्वप कलेज अफ इन्जिनियरिङमा ६५ लाख ८८ हजार रुपैयाँ छात्रवृत्ति वितरण




ख्वप कलेज अफ इन्जिनियरिङमा अध्ययनरत विद्यार्थीहरूलाई फागुन ३ गते विद्यार्थी छात्रवृत्ति वितरण कार्यक्रम एक समारोहबिच सम्पन्न भयो ।

कार्यक्रममा कलेज सञ्चालक समितिका अध्यक्ष एवं भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले २०८२ सालमा भर्ना भएका प्रवेश परीक्षा उत्कृष्ट विद्यार्थी र अध्ययनरत विद्यार्थीलाई गरिब तथा जेहेनदार विद्यार्थी छात्रवृत्ति गरी ४४ जना विद्यार्थीलाई रु. ६५ लाख ८८ हजार बराबरको छात्रवृत्ति प्रदान गर्नुभयो ।

उक्त कार्यक्रममा प्रमुख प्रजापतिले नगरपालिकाले शिक्षा क्षेत्रमा लगानी गर्नुको एउटै स्वार्थ भनेको देश र जनताको सेवा गर्नु रहेको बताउनुभयो ।

शिक्षा र स्वास्थ्यको क्षेत्रमा भक्तपुरले गरेको परिवर्तन अन्य पालिका तथा जनताको लागि प्रेरणाको स्रोत बन्दै गरेको बताउँदै उहाँले अन्य विश्वविद्यालयमा विद्यार्थी तथा भौतिक पूर्वाधारको अभाव हुँदा ख्वपमा विश्वविद्यालयको लागि आवश्यक सम्पूर्ण पूर्वाधार भएको बताउनुभयो ।

प्रमुख प्रजापतिले भन्नुभयो, 'हामीले विभिन्न आरोह अवरोहबिच २०५६ सालमा ख्वप उच्च मावि स्थापना र सञ्चालन गर्दै हाल भक्तपुर नगरपालिकाअन्तर्गत ७ वटा कलेजहरू सञ्चालन गरिरहेको बताउनुभयो ।

उहाँले पुँजीवादमा पैसाको लागि जे पनि गर्ने नाफामुखी हुने तर समाजवादीमा जनताको जीवनस्तर उकास्न राज्यबाटै सम्पूर्ण बन्दोबस्त गर्ने बताउनुभयो । समाजवादी बन्दोबस्त भएको देशमा राज्यको दायित्वमा हुने भएकोले अनिवार्य र

निःशुल्क शिक्षा समान रूपमा पाउन सक्ने उहाँले बताउनुभयो ।

जनताले देशलाई भ्रष्टाचारमा लिप्त बनाउने, एमसीसी पास गर्ने, देशको भौतिक पूर्वाधार खरानी पार्ने तत्त्वहरूलाई राम्ररी चिन्नुपर्ने उल्लेख गर्दै उहाँले राजनीति दर्शन, सिद्धान्त, विचारमा आधारित हुनुपर्ने, चुनाव घोषणापत्रको आधारमा हुनुपर्ने र देशप्रति चिन्तनशील उम्मेदवारहरू छान्ने जिम्मेवारी जनताको भएको बताउनुभयो ।

कलेजले प्रदान गर्ने पुरस्कार, छात्रवृत्तिलगायत प्रोत्साहन र ऊर्जाको लागि हो, यसले विद्यार्थीलाई अझ परिश्रमी र मिहिनेती बनाउनेमा आफू आशावादी रहेको प्रमुख प्रजापतिले बताउनुभयो ।

कार्यक्रममा ख्वप कलेज अफ इन्जिनियरिङका प्राचार्य ई. **सुनिल दुवाल**ले विद्यार्थीले पाएको छात्रवृत्ति भाग्यले नभई मिहिनेत र लगनशीलताले पाएको हुँदा छात्रवृत्तिको सही सदुपयोग हुनुपर्ने बताउनुभयो ।



भक्तपुर नगरपालिकाले सस्तो, सुलभ र गुणस्तरीय शिक्षा दिई देशकै सेवाको निम्ति प्रोत्साहन गर्न छात्रवृत्ति दिइरहेको, छात्रवृत्ति नपुग भएमा नगरवासी विद्यार्थीहरूलाई शैक्षिक ऋणसमेतको व्यवस्था गरेको उहाँले बताउनुभयो । उहाँले विद्यार्थीहरूमा नागरिक भावनाको विकास गर्नुपर्नेमा जोड दिनुभयो ।

कार्यक्रममा कलेजका उपप्राचार्य ई. **रत्नशोभा प्रजापति** र **काजीबहादुर पञ्च**ले पनि बोल्नुभएको थियो ।

# धन्यवाद ज्ञापन, जिम्मेवारीपत्र हस्तान्तरण तथा पदस्थापना कार्यक्रम

ख्वप कलेज अफ इन्जिनियरिङको लेखा शाखा र जिन्सी शाखामा शाखा प्रमुखको जिम्मेवारी पाएका कर्मचारीहरूको जिम्मेवारीपत्र हस्तान्तरण तथा पदस्थापना कार्यक्रम, साथै दीर्घकालीन सेवा प्रदान गरेका कर्मचारीहरूलाई




धन्यवाद ज्ञापन कार्यक्रम फागुन ३ गते एक समारोहबिच सम्पन्न भयो ।

कार्यक्रमका प्रमुख अतिथि कलेज सञ्चालक समितिका अध्यक्ष एवं भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले नयाँ जिम्मेवारी प्राप्त सबै कर्मचारीहरूलाई शुभकामना दिँदै मितव्ययिता, इमानदारी, पारदर्शिता र अनुशासन नै भक्तपुरको विकासको आधार भएको उल्लेख गर्नुभयो । उहाँले सबैलाई इमान्दारीपूर्वक कार्य गर्न आग्रह गर्दै नियमित कामका क्रममा कहिलेकाहीँ त्रुटि हुनसक्ने तर मनसाय शुद्ध हुनुपर्ने बताउनुभयो ।



उहाँले लामो समय जनताको हितका लागि सङ्घर्ष गरेका नेताहरू समेत अवसर पाएपछि भ्रष्टाचार काण्डमा मुछिएको उदाहरण दिँदै अवसर नपाएसम्म इमानदार देखिने प्रवृत्तिबाट सचेत रहनुपर्ने उल्लेख गर्नुभयो । साथै सबै कर्मचारीले आफ्नो दक्षता, योग्यता र क्षमता प्रयोग गर्नुपर्ने, आवश्यक तालिम लिनुपर्ने र कामलाई पैसासँग तुलना गर्न नहुने धारणा व्यक्त गर्नुभयो । संस्थाको विकासका लागि धैर्य, परामर्शको संस्कार र नियम-कानूनको पालना अनिवार्य रहेको उहाँले जोड दिनुभयो ।

कार्यक्रममा ई. **सुजन माक**ले कलेज स्थापना कालदेखि कर्मचारीहरूले निरन्तर इमानदारीपूर्वक सेवा गरेको प्रशंसा गर्दै आगामी दिनमा पनि निःस्वार्थ भावनाका साथ कार्य गर्ने विश्वास व्यक्त गर्नुभयो । उहाँले सबैको साथ र सहयोगकै

कारण कलेजले विभिन्न विषयका अन्तर्राष्ट्रिय सम्मेलनहरूलाई निरन्तरता दिन सकेको बताउनुभयो ।

त्यसैगरी कलेजका प्राचार्य ई. **सुनिल दुवाल**ले बलियो जग भए मात्र घर बलियो हुने उपमा दिँदै संस्थाको आधार निर्माण गर्न कठिन भए पनि त्यसले दीर्घकालीन उपलब्धि दिने बताउनुभयो । स्थापना कालदेखि कर्मचारीहरूको निःस्वार्थ सेवाकै कारण कलेज आजको अवस्थासम्म पुगेको उल्लेख गर्दै केही व्यवस्थागत कारणले जिम्मेवारीमा फेरबदल गरिएको स्पष्ट पार्नुभयो । उहाँले भक्तपुरलाई ज्ञान-विज्ञानको केन्द्रका रूपमा विकास गर्ने लक्ष्यमा सबै एकताबद्ध हुनुपर्नेमा जोड दिनुभयो ।

कार्यक्रममा उपप्राचार्य डा. सुवेगमान बिजुक्छें, उपप्राचार्य ई. रत्नशोभा प्रजापति तथा कर्मचारीहरू काजी बहादुर पञ्च, राजन जती र सन्जय मानन्धरले पनि मन्तव्य व्यक्त गर्नुभएको थियो ।

सो अवसरमा लेखा शाखा प्रमुखको जिम्मेवारी पाएका विष्णु प्रसाद सुवाल तथा जिन्सी शाखाको जिम्मेवारी पाएका पुण्यराम स्वंगमिखाले आफूलाई दिइएको जिम्मेवारी इमानदारीपूर्वक निर्वाह गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

कार्यक्रममा प्रमुख अतिथि प्रजापतिले स्थापना कालदेखि २०८२ माघ मसान्तसम्म अनवरत सेवा प्रदान गरेका काजी बहादुर पञ्च, राजन जती र सिद्धिराम सुवाललाई धन्यवादपत्र प्रदान गर्नुभयो भने नयाँ जिम्मेवारी पाएका कर्मचारीहरूलाई जिम्मेवारीपत्र हस्तान्तरण गर्नुभएको थियो ।

## ख्वपको शैक्षिक यात्रा विषयक परिचर्चा

# ख्वप विश्वविद्यालयले दिने शिक्षा उत्पादन श्रमसँग जोडिने




ख्वप मा.वि., ख्वप कलेज, शारदा क्याम्पस मा.वि. र ख्वप कलेज अफ ल मा कार्यरत शिक्षक तथा कर्मचारीबिच 'ख्वपको शैक्षिक यात्रा' विषयक परिचर्चा कार्यक्रम फागुन ८ गते भयो ।

कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका अध्यक्ष **नारायणमान बिजुक्छेँ**ले एउटै पाठ्यक्रम सबै विश्वविद्यालयमा अध्यापन गराउने भए फरक फरक विश्वविद्यालयको आवश्यकता नरहने चर्चा गर्दै ख्वप विश्वविद्यालयले दिने शिक्षा उत्पादन श्रमसँग जोडिने छ भन्नुभयो ।

भक्तपुर नगरपालिकाको अगुवाइमा सञ्चालन हुने ख्वप विश्वविद्यालयले नेपाल सरकारबाट कुनै आर्थिक अनुदान अपेक्षा गरेको छैन, ख्वप विश्वविद्यालयमा आधुनिक चिकित्सकीय शिक्षालगायत कृत्रिम बौद्धिकता, आयुर्वेद, जडीबुटी, वैकल्पिक चिकित्सा शिक्षालाई जोड दिने छ, उहाँले भन्नुभयो ।

प्राचीन ग्रीस र रोमन नगरले विश्वविद्यालय सञ्चालन गरेको उदाहरण दिँदै अध्यक्ष बिजुक्छेँले ख्वप विश्वविद्यालय पनि त्यही अवधारणाअनुसार अघि बढिरहेको बताउनुभयो ।



भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप कलेजहरूको स्थापनाले भक्तपुरको शिक्षामा परिवर्तन हुनुका साथै देशकै शिक्षा क्षेत्रमा महत्त्वपूर्ण योगदान गरेको अध्यक्ष बिजुक्छेँले बताउनुभयो ।

सुसंस्कृत समाज निर्माणको लागि विद्यालय शिक्षा निःशुल्क र अनिवार्य तथा विश्वविद्यालय शिक्षा निःशुल्क हुने कानुनी व्यवस्था जरूरी भएको उल्लेख गर्दै उहाँले शिक्षाको मुख्य उद्देश्य देशलाई आवश्यक जनशक्ति तयार गर्ने हुनुपर्ने बताउनुभयो ।

अध्यक्ष बिजुक्छेँले भन्नुभयो, 'विश्वविद्यालयलाई समाज बुद्धिजीवीकरण अभियानको अगुवाइ गराउने नीति बनाउनु उपयुक्त हुनेछ । नेपालको वन, खनिज, जलस्रोतको अध्ययन र अनुसन्धान तथा रैथाने ज्ञानको संरक्षणको काम विश्वविद्यालयलाई गराउनु देश विकासका निम्ति उपयुक्त पाइला साबित हुनेछ ।'

समाजवादी व्यवस्थाले मात्र २१ औँ शताब्दीको समस्या समाधान गर्न सकिने स्पष्ट पार्दै विश्वमा अशान्ति कायम

रहनुमा साम्राज्यवाद र पुँजीवाद मुख्य रूपमा दोषी रहेको अध्यक्ष बिजुक्छेँले बताउनुभयो ।



भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले भक्तपुरको शैक्षिक विकासमा धेरै चुनौतीको सामना गर्नुपरेको स्मरण गर्दै भक्तपुरका नेतृत्वकर्ताहरूले यहाँको विकासमा धेरै सुधारका प्रयास गरेको बताउनुभयो ।

भक्तपुरलाई 'एक घर एक स्नातक' र 'पर्यटकीय गन्तव्यस्थल' बनाउने दीर्घकालीन उद्देश्यकै कारण आज भक्तपुर शैक्षिक गुणस्तरमा प्रतिस्पर्धा गर्ने थलोको रूपमा विकास भइरहेको र आन्तरिक तथा बाह्य पर्यटकहरूको उत्कृष्ट गन्तव्यस्थल बन्न सफल भएको उहाँले बताउनुभयो ।

भक्तपुर नगरपालिकाद्वारा सञ्चालित कलेजहरू नगरपालिकाले सञ्चालन गरे पनि देशव्यापी रूपमै सेवा भइरहेको र नपाबाट सञ्चालित सबै कलेजमा विद्यार्थीहरूको भर्ना सङ्ख्या उत्साहजनक रहेको प्रमुख प्रजापतिले बताउनुभयो ।

ख्वप शैक्षिक संस्थाहरू पनि विश्वविद्यालयकै एक महत्त्वपूर्ण अङ्ग भएको र ख्वप कलेजहरू जस्ता शैक्षिक



संस्थाहरू देशैभरि स्थापना हुनु जरूरी भएको प्रमुख प्रजापतिले बताउनुभयो ।

ख्वप कलेजका प्राचार्य **प्रकाशकुमार श्रेष्ठ**ले भक्तपुरको शैक्षिक तथा सामाजिक परिवर्तनबारे र ख्वप मा.वि.का प्राचार्य **लक्ष्मीप्रसाद कर्माचार्य**ले भक्तपुरको शैक्षिक इतिहास र भनपाद्वारा सञ्चालित विद्यालय/कलेजहरूको सञ्चालनको उद्देश्य र योगदानबारे बोल्नुभएको थियो ।

कार्यक्रममा शिक्षक गोकर्ण दुलालले पनि बोल्नुभएको थियो ।

# अभौतिक सांस्कृतिक सम्पदाहरूको राष्ट्रिय सूचीकरण सम्बन्धी अभिमुखीकरण



भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप कलेज अफ लको आयोजनामा अभौतिक सम्पदाहरूको राष्ट्रिय सूचीकरण सम्बन्धी अभिमुखीकरण कार्यक्रम फागुन ९ गते भयो ।

कार्यक्रममा कलेज व्यवस्थापन समितिका अध्यक्ष एवं भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले भक्तपुर मूर्त र अमूर्त सम्पदाले भरिएको सहर भएको बताउँदै मूर्त सम्पदाहरूको जति महत्त्व छ त्यतिकै अमूर्त सम्पदाको पनि महत्त्व भएको बताउनुभयो ।

उहाँले संरक्षणको अभावमा नेपालका मूर्त अमूर्त सम्पदा लोप हुँदै गइरहेको बताउँदै एउटा सम्पदा लोप हुनु भनेको देशको सम्पत्ति समाप्त हुनु हो भन्नुभयो ।

भक्तपुर नगरपालिकाले हरेक खालका सम्पदाहरूलाई संरक्षण गर्दै नयाँ पुस्तालाई हस्तान्तरण गर्दै आएको बताउँदै उहाँले टोलटोलमा विभिन्न परम्परागत बाजाहरूको प्रशिक्षण सञ्चालन गर्नु यसको ज्वलन्त उदाहरण हो भन्नुभयो ।

हाम्रा मूर्त र अमूर्त सम्पदाहरूको अभिलेखीकरण नहुँदा ती सम्पदाहरू व्यवस्थित संरक्षण हुन नसकिरहेको प्रष्ट पार्दै उहाँले सम्पदाहरू राष्ट्रिय रूपमा सूचीकरण गर्न सकिएमा त्यसले राष्ट्रिय र अन्तर्राष्ट्रिय मान्यता पाउन सहज पार्ने बताउनुभयो ।

ख्वप कलेज अफ ल मार्फत अभौतिक सम्पदा सूचीकरणको प्रयास थालनी गरेको बताउँदै पहिलो चरणमा कवांचा प्याखँ, पाः वास, भादगाउँले टोपी, जुजु धौ, थोथें जागु रस (गीत)को विस्तृत अध्ययन अभिलेखीकरण गरिने अवगत गराउनुभयो ।

कलेजले गरेको अध्ययन अनुसन्धानलाई नपाले क्रमशः कार्यान्वयन गर्दै लगिने पनि उहाँले बताउनुभयो ।



कार्यक्रममा संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका सचिव डाक्टर **सुरेश सुरस श्रेष्ठ**ले अभौतिक सम्पदाको संरक्षण र सम्वर्द्धन गर्दै त्यसलाई विश्वसामु प्रस्तुत गर्नुपर्ने बताउँदै अभौतिक सम्पदाहरूलाई समुदायले बचाइराखेको हुँदा त्यसलाई कानुन बनाई विश्वव्यापीकरण गर्दै लगिनुपर्ने बताउनुभयो ।

अभौतिक सम्पदा राष्ट्रिय सूचीमा दर्ता गर्न संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय सहयोग गर्न तयार रहेको सचिव श्रेष्ठले सोही अवसरमा बताउनुभयो ।

ख्वप कलेज अफ लका अनुसन्धान तथा कानुनी सीप विभागका प्रमुख **आशिष पौडेल**ले अभौतिक सम्पदाहरूको सूचीकरण सम्बन्धी कानुनी र व्यवहारिक पक्षबारे प्रस्तुतिकरण देखाउनुभयो ।



कार्यक्रममा ख्वप कलेज अफ लका प्राचार्य **अनिता जधारी**ले धन्यवाद ज्ञापन गर्नुभयो ।

उक्त कार्यक्रममा अनुसन्धानमा कार्यरत विद्यार्थी र शिक्षकहरू, जुजुधौसँग सम्बन्धित सङ्घका प्रतिनिधि, भादगाउँले टोपी, स्थानीय खेल कसिमला पाँय्लगायतका विज्ञ प्रतिनिधिहरूको सहभागिता रहेको थियो ।



अभौतिक सम्पदाहरूको सूचीकरण गर्न चाहनेहरूले चैत्र १५ गतेभित्र प्रक्रिया पुऱ्याई दर्ता गर्नुपर्ने कानुनी व्यवस्था रहेको हुँदा भक्तपुर नगरपालिकाले जुजु धौ, कसीमला पाँय्, मौलिक गीतसहित पाँचवटा विधामा सूचीकरणको लागि तयारी गरिरहेको छ ।

# ख्वप बहुप्राविधिकमा शैक्षिक सुधारबारे छलफल

भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप बहुप्राविधिक अध्ययन संस्थानको शैक्षिक सुधार सम्बन्धमा फागुन १० गते विद्यार्थीबिच छलफल कार्यक्रम भयो ।



कार्यक्रममा भक्तपुर नगरपालिकाका प्रमुख एवं ख्वप बहुप्राविधिक अध्ययन संस्थान सञ्चालक समितिका अध्यक्ष **सुनिल प्रजापति**ले विद्यार्थीमा भएको क्षमतालाई सशक्त बनाउन आवश्यक कलेजले सहयोग गर्नुपर्ने बताउनुभयो ।

उहाँले भन्नुभयो, 'प्रतिस्पर्धाको बेला उत्तीर्ण मात्र भएर पुग्दैन, उत्कृष्ट हुनुपर्ने हुन्छ; उत्कृष्ट हुनको लागि थप मिहिनेत आवश्यक हुन्छ । गुणस्तरीय शिक्षा मिहिनेत र परिश्रमबाट मात्र हासिल गर्न सकिन्छ ।'

भक्तपुर नगरपालिकाले भक्तपुर नगरलाई शैक्षिक र पर्यटकीय गन्तव्यस्थल बनाउने उद्देश्य लिई कार्य गरिरहेको उहाँले बताउनुभयो ।

प्रमुख प्रजापतिले भन्नुभयो, 'नर्सिङ कलेज सहजरूपमा स्थापना भएको होइन । नेमकिपाका अध्यक्ष नारायणमान बिजुक्छेँ (रोहित) ले परिकल्पना गर्नुभएको 'सय वर्षपछिको भक्तपुर' लाई साकार बनाउन भनपाले कलेजहरू सञ्चालन गरिरहेको छ ।'

'युवा भनेको भीड होइन, विचार र सिद्धान्तले निर्देशित शक्ति हुनुपर्छ, देश रक्षा गर्ने भावना युवामा हुनुपर्छ', प्रमुख प्रजापतिले बताउनुभयो ।

ख्वप बहुप्राविधिक अध्ययन संस्थानका प्राचार्य डा. **रत्नसुन्दर लासिवा**ले देशको लागि आवश्यक दक्ष नर्सिङ जनशक्ति तयार गर्ने उद्देश्य ख्वप बहुप्राविधिक अध्ययन संस्थानको



रहेको हुँदा कलेजका समस्याहरू निराकरणको लागि समयमै छलफल गर्नुपर्ने र भएका समस्याबारे प्रशासनलाई जानकारी दिन आग्रह गर्नुभयो ।

ख्वप नर्सिङ विभागका विभागीय प्रमुख **ईश्वरी डंगोल**ले कलेजको गरिमा बढाउन विद्यार्थीको मिहिनेत आवश्यक भएको चर्चा गर्दै नर्सिङ सेवामूलक पेसा भएको हुँदा विद्यार्थीहरू नर्सिङ पेसाप्रति सचेत हुनु जरुरी छ भन्नुभयो ।

## कम्प्युटर, इलेक्ट्रिकल, इलेक्ट्रोनिक्स र कम्युनिकेशनबारे राष्ट्रिय सम्मेलन




भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले भक्तपुर नगरपालिकाकाले विभिन्न कलेजहरू सञ्चालन गरी भक्तपुरलाई ज्ञानविज्ञानको केन्द्रको रूपमा विकास गर्ने कोसिस गरिरहेको बताउनुभयो ।

भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप इन्जिनियरिङ कलेज र ख्वप कलेज अफ इन्जिनियरिङको संयुक्त आयोजनामा फागुन १२ गते भएको कम्प्युटर, इलेक्ट्रिकल, इलेक्ट्रोनिक्स र कम्युनिकेशनबारे राष्ट्रिय सम्मेलनको शुभारम्भ कार्यक्रममा बोल्दै उहाँले कलेजले २०८२ सालमा मात्र २ वटा अन्तर्राष्ट्रिय सम्मेलन र २ वटा राष्ट्रिय सम्मेलन गरी ४ वटा सम्मेलनहरू आयोजना गरिसकेको बताउँदै भक्तपुरलाई बौद्धिक छलफल र चिन्तन गर्ने थलोको रूपमा विकास गरिरहेको बताउनुभयो ।

नपाबाट सञ्चालित कलेजहरूले दक्ष इन्जिनियरहरू मात्र होइन इमानदार, अनुशासित र देशभक्त प्राविधिकहरू उत्पादन गर्ने प्रयास गरिरहेको बताउँदै विभिन्न विषयमा यी कलेजहरूले आयोजना गर्ने सम्मेलनले भक्तपुरको शैक्षिक क्षेत्रलाई उचाइमा पुऱ्याउने काम गरिरहेको र ज्ञानविज्ञानको केन्द्र बनाउने अग्रजले देख्नुभएको सपना पनि पूरा हुने क्रममा छ भन्नुभयो ।

इन्जिनियरिङ कलेजको सहकार्यमा नपा आफैले अनुसन्धान केन्द्र सञ्चालन गर्न बजेट छुट्याएको बताउँदै ख्वप विश्वविद्यालयलाई देशकै उदाहरणीय रूपमा सञ्चालन गर्ने लक्ष्य नगरपालिकाले लिएको प्रमुख प्रजापतिले बताउनुभयो ।

सक्षम स्थानीय तहलाई विश्वविद्यालय सञ्चालन गर्ने अधिकार दिनुपर्ने पक्षमा नेपाल मजदुर किसान पार्टीले विगतदेखि नै जोड दिँदै आएको बताउँदै उहाँले अनसन्धान केन्द्रित फरक शैलीमा शिक्षा दिने र उत्पादन श्रमसँग मिल्ने शिक्षा दिने उद्देश्यले ख्वप विश्वविद्यालयको अवधारणा अगाडि आएको विचार व्यक्त गर्नुभयो ।

सम्मेलनको मुख्य उद्देश्य भनेकै विद्यार्थीलाई अनुसन्धान केन्द्रित भएर काम गर्न उत्साहित गर्ने, समयसँगै प्रतिस्पर्धी विद्यार्थी तयार गर्ने र विश्वलाई योगदान गर्ने जनशक्ति तयार गर्नु हो भन्दै उहाँले कलेज र विश्वविद्यालयहरू अनुसन्धानको केन्द्र हुनुपर्छ भन्ने मान्यताले भक्तपुर नपाले अनुसन्धानमा जोड दिँदै आएको बताउनुभयो ।

नपाको स्वामित्वमा सञ्चालित कलेजहरूमा अनुसन्धानको निम्ति वार्षिक करोडौँको बजेट छुट्याउँदै आएको बताउँदै उहाँले विश्वविद्यालय जस्तो प्राज्ञिक थलोमा हुने बन्द हड्तालले गर्दा शैक्षिक क्रियाकलापमा नकारात्मक असर पार्ने स्पष्ट पार्नुभयो ।

विश्वविद्यालय र कलेजमा शान्तिपूर्ण वातावरण भए मात्र विद्यार्थीहरूले सहज रूपमा पठन पाठन गर्न सक्ने बताउँदै प्रमुख प्रजापतिले युवा जनशक्ति विदेशिँदा देश नै पछाडि परिरहेको बताउनुभयो ।



उपप्रमुख **रजनी जोशी**ले सम्मेलनका उपलब्धी र अनुसन्धानका निष्कर्षबारे व्यापक छलफलको आवश्यकता औँल्याउँदै कलेजका गतिविधिले नगरपालिकाका उद्देश्य पूरा गर्न मद्दत पुऱ्याइरहेको बताउनुभयो । उहाँले भक्तपुर नगरपालिकाले समाजलाई बुद्धिजीवीकरण गर्दै भक्तपुरलाई देशकै उत्कृष्ट सहर बनाउन नगरपालिका प्रयासरत रहेको बताउनुभयो ।

कार्यक्रममा भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप इन्जिनियरिङ कलेजका प्राचार्य **सुजन माक** र ख्वप कलेज अफ इन्जिनियरिङका प्राचार्य **सुनिल दुवाल**ले कलेजको आयोजनामा भएको सम्मेलनहरूमा विद्यार्थीहरूको उत्साहजनक सहभागिताले कलेजलाई थप हौसला मिलेको बताउँदै सम्मेलन विद्यालयकेन्द्रित रहेको र अनुसन्धानलाई अझ परिस्कृत ढङ्गले अगाडि बढाउन प्रयत्न गरिने बताउनुभयो ।





# स्वास्थ्य सेवा

## धन्यवाद ज्ञापन कार्यक्रम

भक्तपुर नपाका उपप्रमुख रजनी जोशीको समुपस्थितिमा जन्मजात हृदय रोग प्रारम्भिक परीक्षण शिविरमा सहयोग गर्ने सबैलाई एक कार्यक्रम गरी धन्यवाद ज्ञापन माघ २९ गते गरियो ।




भक्तपुर नगरपालिकाको आयोजनामा युनान फुवाइ अन्तर्राष्ट्रिय कार्डियोभास्कुलर अस्पताल, सहीद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र, अन्नपूर्ण न्यूरो अस्पताल र ख्वप अस्पतालको प्राविधिक सहयोगमा भक्तपुर नगरका विद्यार्थीहरूको नि:शुल्क मुटु परीक्षण शिविर सञ्चालन भएको थियो ।



त्यसक्रममा पुस ८ गतेबाट ११ गतेसम्म १७ वटा केन्द्र बाट भक्तपुर नगरपालिकाका ९० वटा विद्यालयमा ३२,६४३ जना विद्यार्थीमध्ये ३०,६८३ जना (९३.९९ प्रतिशत) को मुटु परीक्षण गरिएको थियो ।



An Undertaking Of Bhaktapur Municipality

# Khwopa Hospital

## Magh Report, 2082

| Age Group | Number | In Percentage |
|---|---|---|
| 0-9 | 2378 | 9.20 |
| 10-14. | 768 | 2.97 |
| 15-19 | 1004 | 3.88 |
| 20-59 | 16013 | 61.93 |
| ≥60 | 5694 | 22.02 |
| Total | 25857 | 100.00 |

| Services | Number | In Percentage |
|---|---|---|
| Emergency | 599 | 2.32 |
| General | 3482 | 13.47 |
| Insurance | 21776 | 84.22 |
| Total | 25857 | 100.00 |

| District | Number | In Percentage |
|---|---|---|
| Bajhang | 1 | 0.01 |
| Mahottari | 1 | 0.01 |
| Dadeldhura | 1 | 0.01 |
| Nawalparasi | 1 | 0.01 |
| Bajura | 1 | 0.01 |
| Banke | 1 | 0.01 |
| Jajarkot | 1 | 0.01 |
| Syangja | 1 | 0.01 |
| Bhojpur | 2 | 0.01 |
| Pyuthan | 2 | 0.01 |
| Rukum | 2 | 0.01 |
| Saptari | 2 | 0.01 |
| Taplejung | 2 | 0.01 |
| Baglung | 2 | 0.01 |
| Bardiya | 3 | 0.01 |
| Dhading | 3 | 0.01 |
| Ilam | 3 | 0.01 |
| Solokhambhu | 3 | 0.01 |
| Mugu | 3 | 0.01 |
| Kanchanpur | 4 | 0.02 |
| Kaski | 4 | 0.02 |
| Salyan | 4 | 0.02 |
| Sankhuwasabha | 4 | 0.02 |
| Bara | 5 | 0.02 |
| Tanahun | 5 | 0.02 |
| Chitwan | 6 | 0.02 |
| Nuwakot | 6 | 0.02 |
| Dhanusa | 7 | 0.03 |
| Dang | 11 | 0.04 |
| Jhapa | 11 | 0.04 |
| Sunsari | 12 | 0.05 |
| Udayapur | 12 | 0.05 |
| Okhaldhunga | 13 | 0.05 |
| Morang | 14 | 0.05 |
| Kalikot | 15 | 0.06 |
| Makwanpur | 15 | 0.06 |
| Rautahat | 18 | 0.07 |
| Sarlahi | 19 | 0.07 |
| Surkhet | 19 | 0.07 |
| Dailekh | 21 | 0.08 |
| Khotang | 21 | 0.08 |
| Rolpa | 21 | 0.08 |
| Kailali | 25 | 0.10 |
| Lalitpur | 26 | 0.10 |
| Sindhuli | 43 | 0.17 |
| Dolkha | 54 | 0.21 |
| Kathmandu | 85 | 0.33 |
| Jumla | 99 | 0.38 |
| Sindhupalchowk | 111 | 0.43 |
| Ramechap | 153 | 0.59 |
| Kavrepalanchok | 463 | 1.79 |
| Bhaktapur | 24496 | 94.74 |
| Total | 25857 | 100.00 |

| | |
|---|---|
| Madhyapur Thimi | 258 |
| Suryabinayak | 1707 |
| Changu | 5439 |
| Bhaktapur | 17092 |
| Total | 24496 |

| Department | Number | In Percentage |
|---|---|---|
| Physiotherapy | 10 | 0.039 |
| Gynaecology | 36 | 0.139 |
| Neuro Surgery | 69 | 0.267 |
| Surgical Ward | 69 | 0.267 |
| Nephrology | 127 | 0.491 |
| Psychiatric | 194 | 0.750 |
| Urology | 225 | 0.870 |
| Cardiologist | 266 | 1.029 |
| Inpatients (Ward) | 239 | 0.924 |
| Laboratory | 323 | 1.249 |
| CHRP- Respiratory Medicine | 379 | 1.466 |
| Dermatology | 542 | 2.096 |
| MDGP | 640 | 2.475 |
| General Surgery OPD | 919 | 3.554 |
| ENT | 1233 | 4.769 |
| Internal Medicine | 1362 | 5.267 |
| Dental | 1363 | 5.271 |
| Emergency Ward | 1476 | 5.708 |
| Paediatric | 1772 | 6.853 |
| Obs. & Gynaecology | 2000 | 7.735 |
| Orthopedic | 3750 | 14.503 |
| General OPD | 8863 | 34.277 |
| Total | 25857 | 100.000 |

| | |
|---|---|
| Patient Admitted | 239 |
| Discharge | 228 |
| LAMA | 8 |
| Refer | 27 |

### Eye Program

| | |
|---|---|
| Total Checkup | 2394 |
| Total Cataract Surgery | 82 |

### Operation

| | |
|---|---|
| Major | 191 |
| Minor | 63 |

| Gender | Number | In Percentage |
|---|---|---|
| Female | 15239 | 58.94 |
| Male | 10618 | 41.06 |
| Total | 25857 | 100.00 |

Safe Motherhood Program 55

भक्तपुर नपाद्वारा सञ्चालित ख्वप अस्पतालको
२०८२ माघ महिनाको सेवा प्रगति

# भेटघाट-अवलोकन

## मधेश विश्वविद्यालयका उपकूलपति नेतृत्वको प्रतिनिधिमण्डल भक्तपुर नपामा





भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिसँग वीरगञ्जस्थित मधेश विश्वविद्यालयका उपकूलपति प्रा.डा. दिपक शाक्यसहित जनसम्पर्क विषय अध्ययनरत विद्यार्थीहरूको प्रतिनिधिमण्डलले माघ २७ गते नगरपालिका सभाकक्षमा भेट गऱ्यो ।

भक्तपुर नगरको शिक्षा, स्वास्थ्य र सम्पदालगायतको अध्ययन भ्रमणको लागि भक्तपुर आउनुभएको उक्त टोलीलाई नगर प्रमुख प्रजापतिले भादगाउँले टोपी र खादाले स्वागत गर्नुभयो ।

भेटघाटको क्रममा प्रमुख **प्रजापति**ले भक्तपुर नगरपालिकाले विभिन्न विषय अध्ययन गर्ने शैक्षिक संस्था सञ्चालन, शैक्षिक ऋण तथा छात्रवृत्ति प्रदान र न्युन शुल्कमा गुणस्तरीय शिक्षा प्रदान गर्दै आएको बताउनुभयो ।

स्थानीय सरकारले माध्यमिक तहसम्मको विद्यालय व्यवस्थापनको जिम्मेवारी पाएपछि भक्तपुर नगरपालिकाले शिक्षा क्षेत्रमा अनुकरणीय काम गरेको बताउँदै उहाँले ‘एक घर एक स्नातक’ को अवधारणापश्चात भक्तपुरको शिक्षा विकास द्रुत गतिमा अगाडि बढेको हो भन्नुभयो ।

नगरपालिकाले सस्तोमा गुणस्तरीय चिकित्सक उत्पादन गर्न विश्वविद्यालय सञ्चालनको माग गरिरहेको बताउँदै उहाँले नगरपालिकाबाट सञ्चालित कलेजमा देशभरिका विद्यार्थीहरू अध्ययनरत रहेको बताउनुभयो ।

सोही क्रममा उपकूलपति **शाक्य**ले भ्रमणको उद्देश्यमाथि प्रष्ट पार्दै शिक्षा क्षेत्रमा भक्तपुर नपाले गरेको उदाहरणीय कार्य विद्यार्थीहरूलाई देखाउन र सिकाउने उद्देश्यले भक्तपुर भ्रमणमा आएको बताउनुभयो ।

उहाँले मधेश विश्वविद्यालय एक घर एक स्नातकको अवधारणामा सञ्चालन भएको स्पष्ट पार्दै विश्वविद्यालयले बीए.एल.एल.बी. र बी.पी.ए. विषय सञ्चालन गरिरहेको बताउनुभयो ।

शिक्षण पेसाप्रतिको आकर्षण घट्दै जाँदा विश्वविद्यालयहरूमा शिक्षकहरूको अभाव रहेको बताउँदै उहाँले विश्वविद्यालयहरूबिच सहकार्य र स्वस्थ प्रतिस्पर्धाको आवश्यकता औँल्याउनुभयो ।




भेटपश्चात नगर प्रमुख प्रजापतिले उपकुलपति शाक्यलाई मयूरको झ्याल र नपाका प्रकाशनहरू उपहारस्वरुप प्रदान गर्नुभयो ।




नगर प्रमुख प्रजापतिसँगको भेटपश्चात प्रतिनिधिमण्डलले भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप कलेज, ख्वप मावि, ख्वप कलेज अफ ल, ख्वप अस्पताल, ख्वप ईन्जिनीयरिङ कलेज र ख्वप कलेज अफ ईन्जिनीयरिङको स्थलगत अवलोकन भ्रमण गरी त्यहाँको सेवासुविधाबारे जानकारी लिए ।

# विविध समाचार

## एकल महिलाहरूको भेला

भक्तपुर नगरपालिकाका उप प्रमुख **रजनी जोशी**ले व्यक्तित्व विकासमा लैङ्गिक वा सामाजिक विभेद हुन नहुनेमा जोड दिँदै एकल महिलाहरूले पनि सम्मानपूर्वक जिउने र उत्पादनमूलक गतिविधि गर्ने अधिकार रहेको बताउनुभयो।

शुभप्रभात एकल महिला समूहको आयोजनामा माघ २४ गते भएको भेलामा उपप्रमुख जोशीले नयाँ पुस्तालाई सभ्य र सुसंस्कृत बनाउने पहिलो अभियान आमाबाट सुरु हुने बताउनुभयो। सार्वजनिक सम्पत्तिको सुरक्षा गर्ने, न्यायपूर्ण आन्दोलनमा साथ दिने तथा सामाजिक सद्भाव कायम राख्ने कार्यमा नयाँ पुस्तालाई उत्साहित गर्नुपर्ने उहाँको कथन थियो।

जनताको सबैभन्दा नजिकको अभिभावक नगरपालिका हुने भएकोले सबै तह र तप्काका जनताको भावनाबमोजिम भक्तपुर नगरपालिकाले कार्य गर्दै आएको चर्चा गर्दै उहाँले महिला लक्षित सीपमूलक तालिम पाएर धेरै नगरवासी महिलाहरू आत्मनिर्भर बनिरहेको र यसले समाजमा सकारात्मक प्रभाव परेको प्रष्ट पार्नुभयो।

भक्तपुर नगरपालिका वडा नं. ९ का वडाध्यक्ष **रविन्द्र ज्याख्व**ले व्यक्तिगत स्वार्थपूर्तिका लागि गरिने भ्रष्टाचार, नातावाद र अपराध पुँजीवादी व्यवस्थाको दुर्गुण भएको उल्लेख गर्दै समाजवादी व्यवस्थामा हरेक नागरिकलाई शिक्षा, स्वास्थ्य उपचार सेवा, रोजगारलगायतको प्रत्याभूति हुने र सबैले सम्मानपूर्वक जीवन जिउन पाउने बताउनुभयो।

कार्यपालिका सदस्य **छोरीमैयाँ सुजखू**ले नेपाल मजदुर किसान पार्टीको इतिहासबारे चर्चा गर्दै कामगरी खाने जनताको हितमा र देशको सार्वभौमिकता रक्षाको आन्दोलनको नेतृत्व गरेका उदाहरणहरू प्रस्तुत गर्नुभयो।

समूहका अध्यक्ष **दयालक्ष्मी प्रजापति**ले समूहमार्फत एकल महिलाहरूको आर्थिक, सामाजिक उन्नतीका लागि गरेका गतिविधिहरूबारे जानकारी दिनुभयो।

## आवश्यक जनशक्ति तयार गर्नु सरकारको काम

भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले शिक्षा राज्यको दायित्व हो र सबैलाई शिक्षित बनाएर देशको लागि आवश्यक जनशक्ति तयार गर्नु सरकारको काम भएको




बताउँदै देशभक्त र स्वाभिमानी नेपाली तयारी गर्नेतर्फ सरकारको ध्यान जान जरुरी छ भन्नुभयो।

लनर्स एकेडेमी सेकेन्डरी स्कुलको माघ २९ गते आयोजित २५ औं वार्षिकोत्सव समारोह, एसईई २०८१ का विद्यार्थीलाई बिदाई र विद्यार्थी प्रतिभा प्रस्फुटन कार्यक्रममा बोल्दै उहाँले विद्यार्थीहरूलाई भक्तपुरको मौलिकताबारे विद्यालय तहदेखि सिकाउन सके भक्तपुरको सांस्कृतिक संरक्षण र पुस्तान्तरणमा टेवा पुग्ने बताउनुभयो।

प्रमुख प्रजापतिले भक्तपुरको शैक्षिक उन्नयनमा भक्तपुरका संस्थागत विद्यालयहरूको महत्त्वपूर्ण भूमिका रहेको उल्लेख गर्दै एसईई पछि उच्च शिक्षा अध्ययनको लागि नगरपालिकाले भक्तपुरमै ख्वप कलेजहरू सञ्चालन गरिरहेको बताउनुभयो।

प्रतिस्पर्धामा टिक्न नसक्नेहरूहरू लोप हुने खतरा हुन्छ भन्दै उहाँले विद्यार्थी राम्रो भयो भने देशको भविष्य पनि उज्ज्वल हुने उहाँले बताउनुभयो।

भक्तपुर नगरपालिका गतिविधिहरूमा लनर्स स्कुलको पनि सक्रिय सहभागिता रहेको बताउँदै प्रमुख प्रजापतिले भक्तपुरको एसईई नतिजा शत प्रतिशत बनाउने प्रयास गरिरहेको बताउनुभयो।

शैक्षिक संस्थाहरू दक्ष जनशक्ति उत्पादन गर्ने जग भएकोले यसलाई मजबुत पार्नुपर्ने धारणा राख्दै उहाँले भक्तपुर नपाले यहाँका सम्पदाहरूलाई जनताको सहयोगमा पुनःनिर्माण सम्पन्न गरेको बताउनुभयो।

विद्यालयका प्रिन्सिपल **मदन सुवाल**ले विद्यालयको शैक्षिक प्रगतिबारे प्रष्ट पार्दै विद्यार्थीहरूलाई किताबी ज्ञानसँगसँगै व्यवहारिक र सामाजिक शिक्षामा पनि जोड दिँदै आएको बताउनुभयो।

कार्यक्रममा प्रेरक वक्ता **प्रितम पौडेल**ले भक्तपुरका विद्यालयहरूमा विद्यार्थीहरूको अनुशासन उल्लेखनीय रहेको चर्चा गर्दै विद्यार्थीहरूलाई सधैँ हौसला प्रदान गर्नेतर्फ शिक्षक

र अभिभावकले जोड दिनुपर्ने बताउनुभयो ।

प्याब्सन भक्तपुरका सचिव **सुरेन्द्र श्रेष्ठ**ले लनर्स स्कुलको शैक्षिक उपलब्धीमा विद्यालयको मिहिनेतले पनि महत्त्वपूर्ण भूमिका खेलेको बताउँदै भक्तपुरका सबै विद्यालयहरूले न्युन शुल्कमा गुणस्तरीय शिक्षा प्रदान गरिरहेको बताउनुभयो ।

कार्यक्रममा अभिभावक प्रतिनिधि गणेशप्रसाद आचार्य, विद्यार्थी स्तुती, शिक्षक सुनिता प्रजापतिलगायतले पनि बोल्नुभएको थियो ।

कार्यक्रममा नगर प्रमुख प्रजापतिलगायतका अतिथिहरूले लनर्सका एसईई २०८१ विद्यार्थीहरूलाई सम्मान तथा बिदाइ गर्नुभयो ।

# 'शिक्षा व्यापार होइन, राज्यको जिम्मेवारी हो'




भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको प्रमुख आतिथ्यमा एभरेष्ट इङ्लिश स्कुलको ४३ औं वार्षिकोत्सव कार्यक्रम फागुन १ गते सम्पन्न भयो ।

कार्यक्रममा नगर प्रमुख **प्रजापति**ले शिक्षा व्यापार होइन, राज्यको जिम्मेवारी हो भन्नुभयो ।

भक्तपुरको शैक्षिक इतिहास बोकेको एभरेष्ट स्कुलले शैक्षिक जगतमा निरन्तर उत्कृष्टता हासिल गर्दै आइरहेको बताउँदै उहाँले कुनै पनि संस्थाको दिगो विकासमा नेतृत्वको महत्त्वपूर्ण भूमिका हुने बताउनुभयो ।

एभरेष्ट स्कुलले आफ्नो वार्षिकोत्सवको अवसरमा विद्यालयहरूलाई पुस्तक हस्तान्तरण गरी पठन संस्कृतिलाई अझ मजबुत बनाउन हौसला पुग्ने बताउँदै उहाँले भक्तपुर नगरपालिकाले विद्यालयलक्षित गतिविधिमा जोड दिँदै आएको बताउनुभयो ।

विद्यार्थीहरूलाई सामाजिक सञ्जालबाट टाढा राख्नुपर्ने, कुलतबाट जोगाउनुपर्ने र असल सङ्गतको लागि प्रेरित गर्नुपर्ने बताउँदै उहाँले भक्तपुरमा ज्ञानको गुणस्तरमा भएको प्रतिस्पर्धाले भक्तपुर आज ज्ञानविज्ञानको केन्द्रको रूपमा विकास हुन सफल भएको बताउनुभयो ।

प्रमुख प्रजापतिले गुणस्तरीय शिक्षाले मात्रै नयाँ पुस्ताको भविष्य उज्ज्वल हुने बताउँदै शिक्षामा विभेद गर्नुहुन्न भन्ने मान्यताले सामुदायिक र संस्थागत विद्यालयहरूलाई समान ढङ्गले अगाडि बढाउने नीति अवलम्बन गर्दै आएको बताउनुभयो ।

बालबालिकाको व्यक्तित्व विकासमा महत्वपूर्ण अस्त्रको रूपमा विद्यालयले सञ्चालन गर्ने अतिरिक्त क्रियाकलापहरू हुन् भन्दै उहाँले भक्तपुर नपाले यहाँका विद्यालयहरूलाई आर्थिक, नैतिक र भौतिक सहयोग पनि गर्दै आइरहेको बताउनुभयो ।

कार्यक्रमका विशेष अतिथि **प्रदिपकुमार राई**ले वार्षिकोत्सवको अवसरमा एभरेष्ट स्कुलले विद्यालयहरूलाई पुस्तक हस्तान्तरण कार्यक्रमलाई आगामी दिनहरूमा निरन्तरता दिने विश्वास व्यक्त गर्दै यसले देशको शैक्षिक विकासमा पनि टेवा पुग्ने बताउनुभयो ।

विद्यालयका प्रिन्सिपल **भक्त राजभण्डारी**ले विद्यालयको शैक्षिक गतिविधिबारे प्रस्ट पार्दै सामाजिक तथा शैक्षिक अभियानमार्फत विद्यालय अगाडि बढिरहेको बताउनुभयो । विद्यार्थीहरूलाई अतिरिक्त क्रियाकलापमा पनि संलग्न गराउँदै आएको बताउँदै उहाँले विद्यालयको भावी योजनाबारे अवगत गराउनुभयो ।

कार्यक्रममा नगर प्रमुख प्रजापतिले एसईई २०८१ मा ४ जीपीए ल्याएका विद्यार्थीलाई सम्मान गर्नुका साथै एभरेष्ट जन्म दिन कोष २०८२ बाट सङ्कलित रकमद्वारा टीकापुर ९ भुंगा, कैलालीस्थित सेतीमैया चौधरी मावि, भोजपुर ४ दावाँस्थित सिद्धेश्वर माध्यमिक विद्यालय, जीतपुरमिरा २ दशविगाह, बारास्थित सरस्वती आधारभूत विद्यालयहरूलाई पुस्तक हस्तान्तरण गर्नुभयो ।

कार्यक्रममा अतिरिक्त क्रियाकलापमा उत्कृष्ट विद्यार्थीहरू सिल्भिया खड्का र मनग्य जोन्छेले पनि बोल्नुभएको थियो ।

# तीन महिने लेखा प्राविधिक तालिम सम्पन्न



भक्तपुर, फागुन १ गते । वागीश्वरी कलेज, कमलविनायकमा सञ्चालित तीन महिने (५० घण्टे) लेखा प्राविधिक तालिम फागुन १ गते सम्पन्न भयो ।

भक्तपुर नगरपालिकाका प्रमुख एवं वागीश्वरी कलेज व्यवस्थापन समितिका अध्यक्ष **सुनिल प्रजापति**को प्रमुख आतिथ्यमा भएको उक्त तालिम समापन कार्यक्रममा उहाँले उच्च शैक्षिक योग्यताका साथै उच्च व्यावहारिक र व्यावसायिक सीप पनि हुनुपर्नेमा जोड दिनुभयो । उहाँले भन्नुभयो, 'शैक्षिक योग्यता भएर पनि हातमा कुनै सीप नभएकाहरू बेरोजगार भएर बसेका धेरै उदाहरणहरू छन् तर उच्च शैक्षिक योग्यता नभएर पनि हातमा सीप भएकाहरूलाई कहिल्यै फुर्सद हुँदैन । त्यसैले कलेजले शैक्षिक योग्यतासँग व्यावसायिक दक्षताको सीप प्रदान गर्न यस्तो तालिमको व्यवस्था गरेको हो ता कि हाम्रा कोही पनि विद्यार्थी बेरोजगार भएर बस्न नपरोस ।'

उहाँले कक्षामा पढाउँदा वा यस्तो तालिम दिँदा सबैलाई समान ढङ्गले पढाए वा सिकाए पनि विद्यार्थीको फरक फरक गुणले नतिजा फरक फरक आउने चर्चा गर्दै उत्कृष्टताको लागि सबैले आफ्नो मौलिकता प्रदर्शन गर्ने सोच आवश्यक हुन्छ भन्नुभयो ।

वागीश्वरी कलेजको मौलिकता समाजको लागि सीपयुक्त जनशक्ति उत्पादन गर्ने हो भन्दै उहाँले विद्यार्थीहरू सांस्कारिक र व्यावहारिक हुनुपर्ने दृष्टान्तहरू दिनुभयो ।

व्यापारीकरणले शिक्षा महँगो भएको वर्तमानमा वागीश्वरी कलेजले सस्तोमा स्तरीय शिक्षा प्रदान गरिरहेको कुरा स्वयं विद्यार्थीहरू साक्षी भएको उल्लेख गर्दै उहाँले ठूला र महँगा कलेजहरू पनि वागीश्वरीको अवलोकन गर्न आएबाट यसको गुणस्तरीयता पुष्टि हुन्छ भन्नुभयो ।

विद्यार्थीले आर्जन गरेको योग्यता र सीप देश र जनताको सेवामा लगाउनुपर्ने सुझाव दिँदै उहाँले कुनै पनि विद्यार्थीलाई अनुशासन र दृढ इच्छाशक्तिसहितको निरन्तर प्रयासले सफलतामा पुऱ्याउने विचार व्यक्त गर्नुभयो ।

हाल वागीश्वरी कलेजमा ५९ जिल्लाका विद्यार्थीहरू अध्ययनरत रहेको बताउँदै उहाँले युवा विद्यार्थीहरू विचारबिनाको भीड बन्यो भने त्यो अराजक बन्ने खतरा हुन्छ भनी सचेत पार्नुभयो । उहाँले भन्नुभयो 'सही नेतृत्व र नीतिले मात्र देश बन्छ; लहलहैमा लाग्नुहुँदैन ।'

कार्यक्रममा अतिथि वागीश्वरी कलेज अफ म्यानेजमेन्टका प्राचार्य **कृष्णप्रसाद धन्छा**ले कोर्षको सैद्धान्तिक पक्षलाई व्यावहारिक बनाउन कलेजले दिएको लेखा प्राविधिक तालिम अत्यन्त सान्दर्भिक र विद्यार्थीको लागि उपयोगी हुने बताउँदै विद्यार्थीले यसलाई महत्त्वपूर्ण पुँजीको रूपमा उपयोग गर्न सुझाव दिनुभयो ।

कार्यक्रममा कलेजका संयोजक **ज्ञानसागर प्रजापति**ले विद्यार्थीको योग्यता र क्षमता नै कलेजको शक्ति हो भन्दै विद्यार्थीको त्यही शक्तिको आधारमा कलेजले क्यूएए प्राप्त गरेको बताउनुभयो ।

कलेजका प्राचार्य धनकुमार श्रेष्ठको सभापतित्वमा भएको उक्त कार्यक्रममा मानविकी सङ्कायका इन्चार्ज राजन फेलुले स्वागत मन्तव्य राख्नुभएको थियो भने अर्थशास्त्र विषय शिक्षक मिरा प्रजापति, प्रशिक्षक आशिष साखकर्मी र प्रशिक्षार्थीहरूमध्येबाट रामकुमार बस्नेतले तीन महिनाको तालिमको अनुभव सार बताउनुभएको थियो ।

तालिममा ४८ जना विद्यार्थीहरू सहभागी भए पनि ३६ जनाले मात्र तालिम सफलतापूर्वक पूर्ण गरेका थिए । सफल प्रशिक्षार्थीहरूलाई प्रमाणपत्र प्रदान गरिएको थियो ।

# भवन राम्रा र ठूलो हुँदैमा शिक्षाको गुणस्तर राम्रो नहुने




भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले विद्यालयको भवन राम्रा र ठूलो हुँदैमा र चर्को शुल्कले शिक्षाको गुणस्तर राम्रो नहुने बताउनुभयो ।

भक्तपुरको भार्वाचोस्थित गणेश माध्यमिक विद्यालयको फागुन ५ गते आयोजित ४२ औं वार्षिकोत्सव कार्यक्रममा बोल्दै उहाँले सामुदायिक विद्यालय र निजी विद्यालयको शैक्षिक गुणस्तरमा समानता भए सार्वजनिक विद्यालयहरूमा विद्यार्थी सङ्ख्या उत्साहजनक रहने उदाहरण भक्तपुरका विद्यालयहरूले प्रस्तुत गरिरहेको बताउनुभयो ।

भक्तपुर नपाले यहाँका लोपोन्मुख स्थानीय मौलिक खेललाई जीवन्तता दिँदै उक्त खेलहरूको तालिम सञ्चालन गर्दै आएको बताउँदै उहाँले गणेश माविको सफलतामा योग्य शिक्षक, अनुशासित विद्यार्थी र सहयोगी अभिभावकहरूको

संयुक्त पहल र हातेमालो रहेको बताउनुभयो ।

प्रमुख प्रजापतिले विद्यार्थीहरूलाई सानै उमेरदेखि परिश्रम गर्न सिकाउनुपर्छ भन्दै विद्यालय तह राम्रो भयो भने भविष्यको जग पनि मजबुत हुने बताउनुभयो ।

विद्यार्थीहरूमा ढाट्ने, चोर्ने बानीहरूलाई शिक्षकहरूले समयमै सम्झाइबुझाई गरी सही दिशातर्फ दोऱ्याउनु शिक्षकहरूको दायित्व र कर्तव्य भएको बताउँदै उहाँले शिक्षकहरूको आदेश र निर्देशन पालनामा विद्यार्थीहरूले जोड दिनुपर्छ भन्नुभयो ।

प्रमुख प्रजापतिले विद्यालय नागरिकलाई शिक्षित बनाउने थलो मात्र नभई सभ्य, सुसंस्कृत र अनुशासित बनाउने थलो पनि हो भन्दै उहाँले विद्यालय शिक्षा सबल, सफल र प्रभावकारी बनाउन जरुरी रहेको बताउनुभयो ।

कार्यक्रमका सभापति विद्यालय व्यवस्थापन समितिका अध्यक्ष एवम् भक्तपुर नपा वडा नं. १ का वडाध्यक्ष **श्यामकृष्ण खत्री**ले विद्यालयको स्थापनाकालदेखि स्थानीय जनताबाट आर्थिक, भौतिक सहयोग प्राप्त भएको इतिहासको स्मरण गर्नुभयो ।

विद्यालयका प्रधानाध्यापक **गणेशराम थुसा**ले विद्यालयको वार्षिक प्रतिवेदन प्रस्तुत गर्दै विद्यालयलाई अझ प्रगतिउन्मुख बाटोतिर दोऱ्याउन प्रयासरत रहेको बताउनुभयो ।

उहाँले विद्यालको शैक्षिक, भौतिक अवस्थाबारे प्रष्ट पार्दै हाल उक्त विद्यालयमा ७०० भन्दा बढी विद्यार्थी अध्ययनरत रहेको र विद्यालयको विज्ञान प्रयोगशाला र कम्प्युटर ल्याब व्यवस्थित रूपमा सञ्चालन भइरहेको अवगत गराउनुभयो ।

कार्यक्रममा विद्यालयका संस्थापक सदस्य कृष्णबहादुर दुगुज्, नगर शिक्षा शाखा भक्तपुरका प्रमुख साधुराम फुँयाल, विद्यालयका सहायक प्रअ लक्ष्मीसुन्दर सुवाल र विद्यार्थी प्रतिनिधिले पनि बोल्नुभयो ।

वार्षिकोत्सवको अवसरमा प्रमुख अतिथि प्रजापतिले विद्यार्थीहरूलाई पुरस्कार वितरण गर्नुभयो भने औपचारिक कार्यक्रमपश्चात विद्यार्थीहरूले सांस्कृतिक प्रस्तुती देखाएका थिए ।

## भाषा र संस्कृति जोगाउन नयाँ पुस्तालाई पुस्तान्तरण गर्नु जरुरी

नेपालभाषा साहित्य तःमुंज्या र बाल विकास क्लवको आयोजनामा टोखास्थित क्वने लाछी टोलमा १९ औं नेपालभाषा




साहित्य तःमुंज्या फागुन ७ गते सम्पन्न भयो ।

उक्त कार्यक्रमको उद्घाटन टोखा नगरपालिका वडा नं. २ का ज्येष्ठ नागरिक मङ्गलमाया श्रेष्ठले गर्नुभएको थियो ।



कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य एवं भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले साहित्य समाजको ऐना भएको धारणा राख्दै साहित्यमा समाज झल्किने बताउनुभयो ।

भाषा र संस्कृति समाजको पहिचान भएकोले भाषा र संस्कृति जगेर्ना गर्नु अत्यावश्यक भएको उल्लेख गर्दै उहाँले भाषा र संस्कृति जोगाउन नयाँ पुस्ताबिच पुस्तान्तरण गर्नुपर्ने बताउनुभयो ।

उहाँले भन्नुभयो, 'नयाँ पुस्ता अर्थात् युवाहरू राजनीतिकरूपमा सचेत हुनु जरुरी छ । युवा उमेरले होइन उसले बोक्ने क्रान्तिकारी विचारले हुन्छ ।'

प्रजातन्त्र पुनःस्थापनापछि सरकारमा गएका पार्टीहरूको अकर्मण्यताका कारण देशको उद्योग तथा कलकारखाना निजीकरण भएको उल्लेख गर्दै उहाँले भन्नुभयो, 'शासक पार्टीहरूको गलत नीतिकै कारण भ्रष्टाचार चरम चुलीमा पुग्यो, राज्यका हरेक क्षेत्रमा शासक पार्टीहरूको भागबन्डा भयो, कृषिप्रधान देशले खाद्यान्नलगायत तरकारीसमेत आयात गरेर खानुपर्ने स्थिति बन्यो, देशको सार्वजनिक ऋण २८ खर्ब र वार्षिक व्यापार घाटा १५ खर्ब पुग्यो । महिनामा ७० हजारभन्दा बढी नेपालीले देश छोड्नुपर्ने स्थिति आयो । यो स्थिति आउनुमा आजसम्म सरकारमा गएका पार्टीहरू नै दोषी छन् ।'

शासक पार्टीहरूप्रतिको वितृष्णाकै परिणाम भदौ २३–२४ को घटना घटेको र उक्त घटना घट्नुमा शासक पार्टीहरू नै दोषी भएकाले फागुन २१ को निर्वाचनमा ती पार्टीहरूलाई

पराजित गर्नु जरूरी भएको उहाँले बताउनुभयो।

'प्रतिनिधिसभा भनेको देशको लागि आवश्यक नीति निर्माण गर्ने र राष्ट्रहरूबिच हुने सन्धि सम्झौता पारित गर्ने थलो भएकोले उक्त निर्वाचनमा देशभक्त, इमानदार, अनुशासित र निःस्वार्थी उम्मेदवारहरूलाई जिताउनु जरूरी छ', उहाँले भन्नुभयो।

शिक्षा, स्वास्थ्य निःशुल्क, व्यक्तित्व विकासमा समान अवसर, सम्पत्तिको सीमाङ्कन, विदेशमा सम्पत्ति राख्न नपाउने, योग्यताअनुसारको काम र कामअनुसारको ज्यालाको बन्दोबस्त, उत्पादनका मुख्य मुख्य साधनहरू सामाजिकीकरण, भ्रष्टाचारी, देशद्रोही र जघन्य अपराधीहरूलाई मृत्युदण्डको बन्दोबस्त गर्न नेपाल मजदुर किसान पार्टीका उम्मेदवारहरूलाई निर्वाचित गर्नु जरूरी भएको केन्द्रीय सदस्य प्रजापतिले बताउनुभयो।

प्रमुख प्रजापतिले भन्नुभयो, 'भक्तपुर नगरपालिकाले शिक्षा, स्वास्थ्य, सम्पदा संरक्षण, सरसफाइमा जोड दिनुका साथै युवाहरूलाई आत्मनिर्भर बनाउन सीपमूलक तालिम र विकास निर्माणमा स्थानीय सीप तथा श्रमलाई उपयोग गरिरहेको छ। भक्तपुर नगरपालिकाले पारदर्शिता र आर्थिक अनुशासनलाई जोड दिई कार्य गरिरहेको छ।'

भक्तपुर नपाद्वारा सञ्चालित कलेजहरूमा देशभरिका विद्यार्थीले गुणस्तरीय उच्च शिक्षा अध्ययन गर्ने अवसर पाइरहेको र भनपाले ८५० जना विद्यार्थीलाई करिब १७ करोड रुपैयाँ शैक्षिक ऋण उपलब्ध गराई आर्थिकरूपमा कमजोर विद्यार्थीलाई उच्च शिक्षा अध्ययन गर्ने अवसर दिइरहेको प्रमुख प्रजापतिले बताउनुभयो।



नेमकिपाका केन्द्रीय सदस्य एवं वाग्मती प्रदेशसभा सदस्य **सुरेन्द्रराज गोसाईं**ले भाषा, कला संस्कृति, सम्पदा सभ्यताका कोशेढुङ्गा भएको र ती सबैका निर्माता कामदार जनता भएको बताउनुभयो।

मजदुर-किसानले नै संस्कृति-सम्पदाको संरक्षण गर्न आवश्यक भएको चर्चा गर्दै केन्द्रीय सदस्य गोसाईंले भन्नुभयो, 'नेपाली जनताले कला-संस्कृतिका मर्मज्ञ शासक पाएनन्। सरकारहरूले त संस्कृति विनास गरे।'

'नेमकिपाले सभ्यता र इतिहास जोगाउन नयाँ पुस्तालाई उत्साहित गर्दै समाजलाई बाटो देखाइरहेको छ', उहाँले भन्नुभयो।

आयोजक समितिका अध्यक्ष काशिलाल डंगोलको सभापतित्वमा भएको उक्त कार्यक्रममा नेमकिपाका केन्द्रीय सदस्यहरू नारायण महर्जन, सृजना सैंजू र राजवीर डंगोल, नेमकिपा टोखा नगर समितिका अध्यक्ष एवं काठमाडौँ क्षेत्र नं. ५ का प्रतिनिधिसभा सदस्य उम्मेदवार शोभालाल श्रेष्ठ, त्रिवि अङ्ग्रेजी केन्द्रीय विभागका उपप्राध्यापक डा. तारालाल श्रेष्ठ, कवि अभय श्रेष्ठ, शिवप्रसाद सापकोटा, सजीव श्रेष्ठ, मिर्मिरे साकोस टोखाका अध्यक्ष रवीन्द्र डंगोलले पनि बोल्नुभएको थियो।

त्यस्तै टोखा सांस्कृतिक संरक्षित विकास समितिका अध्यक्ष गणेशमान श्रेष्ठ, बाल विकास क्लव टोखाका अध्यक्ष सन्तलाल र गणेश इङ्लिस स्कुलका विशोक डंगोलले पनि बोल्नुभएको थियो।

कार्यक्रममा वाचित कविताहरूमा महन्त महर्जन पहिलो, शकुन्तला महर्जन दोस्रो, रमेशमान महर्जन तेस्रो र प्रशान्त महर्जन तेस्रो हुन सफल भएको थियो।

# दैलेखमा ८० अर्ब ७० करोड घनमिटर ग्यास भण्डारण



दैलेखको भैरवी गाउँपालिका-१ जलजलेमा ८० अर्ब ७० करोड घनमिटर परिमाणमा खनिज ग्यासको भण्डारण रहेको पुष्टि भएको छ।

चीनको 'चाइना जियोलोजिकल सर्वे' कम्पनीले नेपाल सरकारलाई बुझाएको अन्तिम अन्वेषण प्रतिवेदनअनुसार जलजलेमा ८० अर्ब ७० करोड घनमिटर ग्यास भण्डारण रहेको पाइएको हो।

खानी तथा भूगर्भ विभागका प्रवक्ता धर्मराज खड्काका अनुसार चिनियाँ टोलीको विस्तृत अध्ययन पछि यो तथ्याङ्क सार्वजनिक गरिएको हो।

यसअघि गरिएको प्रारम्भिक प्रतिवेदनमा सो क्षेत्रमा एक अर्ब १२ करोड घनमिटर ग्यास हुनसक्ने अनुमान गरिएको

थियो ।

थप परीक्षण र अन्तिम अध्ययनले पूर्वअनुमानभन्दा निकै ठूलो परिमाणमा ग्यास रहेको प्रमाणित गरेको उनले बताए ।

भण्डारण पुष्टि भए पनि यसको व्यावसायिक उत्पादन र उत्खनन क्षमताको वास्तविक जानकारी भने 'वेल टेस्टिङ'पछि मात्र प्राप्त हुने विभागले जनाएको छ ।

नेपाल सरकार र चीनको जियोलोजिकल सर्वेबिच रु. दुई अर्ब ४० करोडको आर्थिक तथा प्राविधिक सहयोगमा पेट्रोलियम खानी अन्वेषण गर्ने सम्झौता भएको थियो ।

दैलेखमा परापूर्वकालदेखि ज्वाला बल्दै आएका श्रीस्थान, नाभीस्थान, पादुका र तल्लो डुङ्गेश्वर क्षेत्रलाई आधार मानेर २०७६ असोजदेखि अन्वेषण सुरु गरिएको थियो ।

# शहीदहरूको सम्मानमा



नेपाल क्रान्तिकारी किसान सङ्घ भक्तपुरले २०४६ सालको ऐतिहासिक जनआन्दोलनको प्रातः स्मरणीय वीर शहीदहरूको सम्मानमा फागुन ८ गते शहीद उद्यानमा ३७ औँ शहीद दिवस मनायो ।



शहीदहरू राजकुमार सुवाल, कृष्णराम दुवाल, निर्मलकुमार शाक्य, हरिकृष्ण भुजु, पुष्परत्न शाक्य, महेश श्रेष्ठप्रति एक मिनेट मौनधारण गरी सुरु भएको उक्त कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका सचिव एवं भक्तपुर क्षेत्र नं. १ का प्रतिनिधिसभा सदस्य उम्मेदवार **प्रेम सुवाल**ले देशको स्वाधीनता र सार्वभौमिकता रक्षा गर्न र समाजमा आमूल परिवर्तन गर्न शहादत प्राप्त गर्ने शहीदप्रति श्रद्धाञ्जली तथा घाइते योद्धाप्रति सम्मान व्यक्त गर्नुभयो ।

प्रतिक्रियावादीहरूसामु नझुकी, देश र जनताको निम्ति ज्यानको बाजी राख्ने शहीदहरूको स्मरण जनताले जहिल्यै गरिरहने उल्लेख गर्दै उहाँले समाजले अर्थतन्त्र नेतृत्व गरे न्याय, समानता पाउने, आर्थिक सङ्कट नहुने र शोषण अन्त्य हुने बताउनुभयो ।

देशमा जग्गा बाँझो राख्ने क्रम बढेसँगै विदेशबाट खाद्यान्न आयात बढिरहेकोमा चिन्ता व्यक्त गर्दै उहाँले छिमेकी देशले नाकाबन्दी गरे हाहाकारको स्थितिमा पुग्ने बताउनुभयो ।

उहाँले देशका उद्योगधन्दा निजीकरण गर्ने, यहाँका जमिन, जङ्गल विदेशीलाई बहालमा दिएर विदेशी पुँजी लगानी गर्दा विदेशी सेना भित्रिने ठूलो सम्भावना हुन्छ भन्नुभयो ।

उहाँले नयाँ पुस्ता भ्रष्टाचारविरुद्ध लड्न अघि सर्नुपर्ने बताउनुभयो ।



नेमकिपाका केन्द्रीय सदस्य एवं भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले देश र जनताको इमानदारीपूर्वक सेवा गर्ने, व्यक्तिगत स्वार्थभन्दा माथि उठेर देश र जनताको निम्ति योगदान गर्ने व्यक्तिहरू सधैँ जीवित भइरहने बताउनुभयो ।

समतामूलक समाज स्थापना गर्न ज्यानको बाजी राख्ने शहीदहरूलाई सरकारले स्मरण गर्नुपर्ने उल्लेख गर्दै उहाँले शासक दलहरूको कारण युवाहरू विदेसिन बाध्य भएको बताउनुभयो ।

नेमकिपाले स्थानीय तह, प्रदेश र संसद्मा गएर देश र जनताको सेवा गर्न नीति निर्माण गर्ने उल्लेख गर्दै उहाँले देशघाती र राष्ट्रघातीहरूलाई चिन्नुपर्ने बताउनुभयो ।

जनताको सेवा हुने राजनीतिले जनतामा ऊर्जा र प्रेरणा मिल्ने विश्वास पनि उहाँले व्यक्त गर्नुभयो ।



नेपाल क्रान्तिकारी महिला सङ्घ जिल्ला समिति भक्तपुरका अध्यक्ष एवं वाग्मती प्रदेशसभा सदस्य **सृजना सैंजु**ले देशको लागि बोल्ने, सोच्ने, लड्ने व्यक्तिहरू सधैँ बाँचिरहने उल्लेख गर्दै देशको हरेक परिवर्तनमा नेमकिपाको भूमिका गर्विलो भएको बताउनुभयो ।

शहीदको सपना अझै पूरा नभएको हुँदा देशमा राजनीतिक आर्थिक बेथिति, विध्वंस, अन्याय, अत्याचारविरुद्ध लड्नुपर्ने आवश्यकता औँल्याउँदै उहाँले आदर्श समाज स्थापना गर्न नयाँ पुस्ता अघि बढ्नुपर्छ भन्नुभयो ।

सभाका सभापति एवं नेक्राकिसङ्घ भक्तपुरका जिल्ला

अध्यक्ष **गोविन्द दुवाल**ले शहीदहरूप्रति सम्मान व्यक्त गर्दै देशका उद्योगलाई कौडीको मूल्यमा बेच्ने र निजीकरण गर्ने कार्यको निन्दा गर्नुभयो ।

रासायनिक मलमा दिँदै आएको अनुदान हटाउने विगत सरकारको निर्णयविरुद्ध देशव्यापी किसान आन्दोलन गर्ने चेतावनी दिएपछि बाध्य भएर सो निर्णय फिर्ता लिएको विचार व्यक्त गर्दै उहाँले देश र जनताको पक्षमा देशभक्तिपूर्ण आन्दोलन गरेको चर्चा गर्नुभयो ।



शहीदका पुत्र **पुजनरत्न शाक्य**ले नेमकिपाले देश र जनताको निःस्वार्थपूर्वक सेवा गरेको हुँदा सही व्यक्ति जिताउन मतदान गर्नुपर्ने विचार व्यक्त गर्नुभयो ।

ऐतिहासिक जन-आन्दोलनका घाइते **सत्य सम्मेलन राजोपाध्याय**ले आफूलाई प्रहरीले मरणासन्न हुने गरी कुटपिट गरेको स्मरण गर्दै जो आगोसँग खेल्छ आगोमै मर्छ, जो पानीसँग खेल्छ पानीमै मर्छ भनेझैं शक्तिको उन्मादकै कारण पञ्चायती व्यवस्था अन्त्य भएको बताउनुभयो ।

कार्यक्रममा नेक्राकिसङ्घ नगर समिति भक्तपुरका अध्यक्ष **गंगाराम ज्याखव**ले शहीद दिवसको स्मरणमा उहाँहरूको योगदानको कदर गर्नुपर्ने विचार व्यक्त गर्दै स्वागत गर्नुभयो ।



कार्यक्रमअघि शहीदहरूप्रति माल्यार्पण गरिएको थियो ।

# भक्तपुरलाई देश र अन्तर्राष्ट्रिय जगत्मा चम्किलो बनाउन लाग्नुपर्ने

सरस्वती विद्यागृह माध्यमिक विद्यालयको ७५ औँ जन्मोत्सव (हीरक जन्मोत्सव) को अवसरमा स्मारिका विमोचन, सम्मान, पुरस्कार वितरण तथा सांस्कृतिक कार्यक्रम फागुन



८ गते सम्पन्न भयो ।

कार्यक्रममा भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले स्मारिका र 'विद्यार्थी हौं हामी' शीर्षकको गीत विमोचन गर्दै विद्यालयको उत्तरोत्तर प्रगतिको शुभकामना व्यक्त गर्नुभयो । उहाँले व्यक्ति वा संस्थाले जीवनका उत्तरार्द्धमा समस्या भोगे तापनि सङ्घर्ष गर्न छोड्न नहुने बताउनुभयो ।

प्रमुख प्रजापतिले भन्नुभयो, 'पहिले एसईई पास भएपछि काठमाडौँ जानुपर्ने बाध्यता थियो । भक्तपुर नपाले ख्वप सर्कलअन्तर्गत कलेज सञ्चालन गरी भक्तपुरमै उच्च शिक्षा सुलभरूपमा प्राप्त गर्ने अवस्था सिर्जना भयो । भक्तपुरलाई उदाहरणीय नगर बनाउनुपर्छ ।'

विद्यालयको जग राम्रो भएपछि भविष्यको कुनै चिन्ता लिनु नपर्ने उल्लेख गर्दै उहाँले सरकारले गरिबलाई लक्षित गरी राम्रो विद्यालय सञ्चालनमा जोड दिनुपर्छ भन्नुभयो ।

उहाँले भक्तपुरलाई शैक्षिक उचाइमा पुऱ्याउन विद्यार्थीले अथक मिहिनेत गरी विद्यालयको हरेक गतिविधिमा सक्रियतापूर्वक अगाडि बढ्नुपर्ने विचार व्यक्त गर्दै भक्तपुरलाई देश र अन्तर्राष्ट्रिय जगत्मा चम्किलो बनाउन लाग्नुपर्ने बताउनुभयो ।

विद्यालयका प्रअ **गनुराज राई**ले वार्षिक प्रगति प्रतिवेदन प्रस्तुत गर्दै २००८ सालमा स्थापना भएको विद्यालयमा हाल ५११ जना विद्यार्थी, २७ जना शिक्षक तथा कर्मचारी आबद्ध रहेको बताउनुभयो ।

उहाँले विद्यालयको शैक्षिक सुधारको लागि विद्यालय व्यवस्थापन समितिले आर्थिक तथा भौतिक सहयोग गर्दै आएको उल्लेख गर्दै विद्यार्थीको स्तरअनुसार अङ्ग्रेजी र नेपालीमा पठनपाठन हुँदै आएको बताउनुभयो । 'विद्यालयबाट हालसम्म २,७३८ जना विद्यार्थीले एसईई उत्तीर्ण गरिसकेका छन्,' उहाँले भन्नुभयो ।

अर्का अतिथि **ज्ञानसागर प्रजापति**ले सामुदायिक विद्यालय बनाउन कार्यरत शिक्षकहरूले गरेको सहयोग अतुलनीय रहेको उल्लेख गर्नुभयो ।

भक्तपुर शिक्षा शाखा प्रमुख **साधुराम फुयाल**ले

विद्यालयमा नर्सको व्यवस्थापन गर्नुपर्ने आवश्यकता औँल्याउनुभयो ।

विद्यालय व्यवस्थापन समितिका सदस्य **छोरीमैयाँ सुजखु**को सभापतित्वमा भएको सो कार्यक्रममा पूर्वशिक्षक **न्हुछेरत्न वुद्धाचार्य**ले कविता वाचन गर्नुभयो । विमोचित गीतका रचनाकार **हरिहर तिमिल्सिना**ले गीतबारे व्याख्या गर्नुभयो ।

कार्यक्रममा पूर्वप्रअ पुण्यराम सुवाल, शिक्षक प्रतिनिधि राजन छुस्याबाग, शिक्षिका दिनु जोशी र विद्यार्थी प्रतिनिधि प्रशंसा ग्यामरुले पनि बोल्नुभएको थियो ।

कार्यक्रममा विद्यार्थीहरूको सांस्कृतिक कार्यक्रम देखाइएको थियो भने प्रमुख प्रजापतिले जेहेनदार, उत्कृष्ट डायरी, एसईईमा शतप्रतिशत उत्तीर्ण र सर्वोत्कृष्ट नतिजा ल्याउन सफल विद्यार्थी, उत्कृष्ट शिक्षक कर्मचारी र पूर्वप्रधानाध्यापकलाई सम्मान तथा पुरस्कार वितरण गर्नुभएको थियो ।

शहीद राजकुमार स्मृति पुस्तकालयको वार्षिकोत्सव

# राजनीति पदको लागि होइन परिवर्तनको लागि हुनुपर्छ




शहीद राजकुमार स्मृति पुस्तकालयको ३५ औं वार्षिकोत्सवको अवसरमा फागुन ९ गते शहीद स्मृति सभा, सम्मान तथा सांस्कृतिक कार्यक्रम भयो ।

कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य एवं वाग्मती प्रदेशसभा सदस्य **सुरेन्द्रराज गोसाईं**ले ऐतिहासिक जनआन्दोलनको स्मरण गराउँदै निरङ्कुश पञ्चायती व्यवस्थाविरुद्ध भएको जनआन्दोलनमा पञ्चायती शासकहरूले संसारमै प्रतिबन्धित गोली चलाएर दमन गरेको कारण पञ्चायती व्यवस्था ढलेको बताउनुभयो ।

३५ वर्षसम्म पालैपालो सरकारमा गएका पार्टीहरूले सरकारी उद्योगहरू निजीकरण गरेको तथा देशलाई परनिर्भर बनाएको बताउनुभयो ।

उहाँले जनताको इमानदारीपूर्वक सेवा गरिरहेको पार्टीमाथि प्रश्न खडा गर्नु र नेपाल मजदुर किसान पार्टीमाथि लान्छना लगाउनु उनीहरूको ठूलो भूल भएको स्पष्ट पार्नुभयो ।

नेमकिपाले जस्तो जनताको लागि गरेको योगदान अरू पार्टीले नगरेको जिकिर गर्दै उहाँले राजनीति पदको लागि होइन परिवर्तनको लागि हुनुपर्छ भन्नुभयो ।

जनताको भावनाबमोजिम सङ्घर्ष गरी समाजवादी व्यवस्थाको लागि पार्टी अगाडि बढेको धारणा उहाँले व्यक्त गर्नुभयो ।

विचारबिनाको राजनीति नटिक्ने उल्लेख गर्दै उहाँले शहीदको बलिदान जनताको वास्तविक जीतको लागि हुनुपर्छ भन्नुभयो ।

उहाँले शहीद राजकुमार सुवाल जनताको लागि काम गर्ने जुझारु युवा भएको बताउनुभयो ।

बासु माविका संस्थापक प्राचार्य **बालमुकुन्द बासुकला**ले भक्तपुरको शैक्षिक रूपान्तरण गर्न कठिन परिस्थितिको यात्रा पार गर्दै जनतामा जागरण ल्याएको बताउनुभयो ।

उहाँले पुस्तकालय साँचो मानेमा विचारमा निखार ल्याउनको लागि हुनुपर्छ भन्नुभयो ।

आँखा लेन्स विशेषज्ञ **शंखनारायण त्वायना**ले राजकुमार बालककालको मिल्ने साथी भएको उल्लेख गर्दै सरल स्वभावको भएको बताउनुभयो ।

आमाले समयमै उपचार नपाएर अल्पायुमै मृत्यु भएकोले स्वास्थ्य क्षेत्रमा योगदान गर्न प्रेरणा मिलेको उहाँले बताउनुभयो ।

शहीद राजकुमार सुवालका भाइ डा. **एभरेस्ट सुवाल**ले शहीदको स्मृतिमा पुस्तकालय सञ्चालन गरेर समाजको सेवा गर्न सकेकोमा आयोजकलाई धन्यवाद दिनुभयो ।

कार्यक्रममा नेपाल क्रान्तिकारी विद्यार्थी सङ्घका **सुजी हेङ्गवजू**ले सामाजिक परिवर्तन नै शहीदहरूको सपना हो र नयाँ पुस्तालाई पुराना पुस्ताले इतिहासको ज्ञान दिँदै जानुपर्ने औचित्यतामाथि प्रकाश पार्नुभयो ।

नेमकिपा सानो ब्यासी एकाइ समितिका **सरोज दथेपुथे**ले पुस्तकालयलाई अध्ययन गर्ने थलोको रूपमा मात्र नभई विभिन्न विषयमा छलफल र अन्तरक्रिया गर्ने स्थानको रूपमा विकास गर्नुपर्नेमा जोड दिनुभयो ।

पुस्तकालयका अध्यक्ष कृष्णप्रसाद सुवालको सभापतित्वमा भएको उक्त वार्षिकोत्सव कार्यक्रममा प्रमुख अतिथि सुरेन्द्रराज गोसाईंले दोसल्ला, फूलमाला, मायाको चिनो तथा सम्मानपत्रका साथ शिक्षासेवी बालमुकुन्द बासुकला र आँखा विशेषज्ञ शंखनारायण त्वायनालाई सम्मान गर्नुभएको थियो ।

कार्यक्रममा पुस्तकालयका कार्य समिति सदस्य शिवकृष्ण कोजूले पनि बोल्नुभएको थियो ।

# अमेरिकासँगाको व्यापार सम्झौताको भारतीय किसान र मजदुरद्वारा विरोध




नयाँ दिल्ली, २९ माघ (एएफपी)। अमेरिकी सामानमा कर घटाउने वासिङटनसँगको व्यापार सम्झौताले भारतीय कृषिलाई चोट पुर्‍याउने र कृषकको जीविकोपार्जनलाई खतरामा पार्ने चेतावनी दिँदै माघ २९ गते भारतीय किसान र मजदुरहरूले सम्झौताको विरोधमा 'भारत बन्द' गरेका छन्।

एक समाचारअनुसार विभिन्न किसान सङ्गठन र विभिन्न क्षेत्रका मजदुर सङ्गठनको आयोजनामा भएको उक्त प्रदर्शनमा भारतभरिमा करोडौँ जनता सहभागी भएको जनाएको छ।

गत हप्ता घोषणा गरिएको सम्झौतालाई किसान सङ्गठनहरूले भारतीय सङ्घीय सरकारले किसानलाई दिएको आश्वासनका बाबजुद अमेरिकी कृषि क्षेत्रका ठूला कम्पनीसमक्ष 'पूर्ण आत्मसमर्पण' गरेको भनेका छन्।

झन्डा फहराउँदै र ब्यानर बोकेका किसान र ट्रेड युनियनका सदस्यहरूले भारतका प्रमुख सहरहरूमा र्‍याली गरे, केही स्थानहरूमा प्रहरीसँग सामान्य झडप भएको रिपोर्ट गरिएको छ।

प्रमुख प्रतिपक्षी दलका नेता राहुल गान्धीले आफूले किसानको सङ्घर्षलाई साथ दिएको बताउनुभएको छ।

उहाँले सामाजिक सञ्जालमा लेख्नुभएको छ, 'किसानहरू व्यापार सम्झौताले उनीहरूको जीविकोपार्जनमा असर पार्छ कि भन्ने चिन्तामा छन्।'

व्यापार सम्झौताका सर्तहरूअन्तर्गत, भारतले सबै अमेरिकी औद्योगिक वस्तुहरू र अन्य खाद्य र कृषि उत्पादनहरूमा कर हटाउने वा घटाउनेछ।

अमेरिकाले भारतबाट आयात हुने कपडा तथा तयारी पोशाक, छालाका जुत्ता, छालाबाट बनेका सामान प्लास्टिक, रबर, जैविक रसायन र केही मेसिनरी सामग्रीमा १८ प्रतिशत कर लगाउने भएको छ।

मोदी सरकारले संवेदनशील कृषि उत्पादन, दुग्ध र कुखुरापालनलाई सम्झौताको दायराबाट बाहिर राखिएको भन्दै किसानहरूको चासो हटाउन खोजेको छ।

कृषि क्षेत्रले विश्वको सबैभन्दा बढी जनसङ्ख्या भएको राष्ट्र भारतमा ४५ प्रतिशतभन्दा बढी मानिसलाई धान्न मद्दत गर्दछ, जसले यसलाई शक्तिशाली सडक शक्ति भएको प्रभावशाली मतदाताको समूह बनाउँछ।

व्यक्तिगत फार्महरू साना र प्रायः अनुत्पादक हुन्छन् र एकपछि अर्को भारतीय सरकारहरूले ऐतिहासिक रूपमा उनीहरूलाई विदेशी प्रतिस्पर्धाबाट जोगाउन हस्तक्षेप गर्दै आएका छन्।



बिहीबार भएको प्रदर्शनले सन् २०२० र सन् २०२१ मा महिनौँको प्रदर्शनको सम्झना ताजा गरेको छ, जसमा किसानहरूले नयाँदिल्लीको राजमार्गहरू अवरुद्ध गरेका थिए र राजधानीको ऐतिहासिक लाल किल्ला परिसरमा ट्याक्टर रोकेर विरोध प्रदर्शन गरेका थिए।

विरोधको त्यो लहरले सरकारलाई यस क्षेत्रमा सुधार गर्ने उद्देश्यका कानुनहरू फिर्ता लिन दबाब सिर्जना गरेको छ।

**भक्तपुर नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
भनपा २, ब्यासी, भक्तपुर

**सहुलियत दरमा कम्पोस्ट मल बिक्रीसम्बन्धी सूचना**

उपरोक्त विषयमा भक्तपुर नगरपालिकाबाट उत्पादित कम्पोस्ट मल २० किलोको प्रतिबोरा रु.३५०।- मा सर्वसाधारणको लागि बिक्री भइरहेकोमा कृषकहरूलाई मध्यनजर गरी सहुलियत दरमा २० किलोको प्रतिबोरा रु.२००।- मा उपलब्ध गराउने भनी निर्णय भएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

## निर्वाचनको सन्दर्भ

### नेमकिपाको प्रतिनिधिसभा निर्वाचन २०८२ को घोषणापत्र सार्वजनिक

# नेमकिपाले देश र जनताको हितमा प्रखर प्रतिपक्षको भूमिका निर्वाह गर्ने




नेपाल मजदुर किसान पार्टीका अध्यक्ष एवं वरिष्ठ राजनीतिज्ञ नारायणमान बिजुक्छेँ (रोहित) ले पार्टीको घोषणापत्र एक विशेष समारोहबिच शङ्खमूल काठमाडौँमा फागुन ३ गते सार्वजनिकीकरण गर्नुभयो ।

*'देश र जनताको नि:स्वार्थ सेवा गरौँ, समाजवादी प्रचार अभियानलाई अगाडि बढाऔँ'* भन्ने उद्घोषका साथ प्रतिनिधिसभा निर्वाचन घोषणापत्र २०८२ सार्वजनिकीकरण गरिएको थियो ।

निर्वाचन जनतालाई राजनीतिक र सैद्धान्तिकरूपले सचेत र सङ्गठित गर्ने एक भरपर्दो अवसर भएको उल्लेख गर्दै अध्यक्ष **रोहित**ले नेमकिपा देश र जनताको हितमा प्रखर प्रतिपक्षीको भूमिका निर्वाह गर्छ भन्नुभयो ।

संसद्ले विधेयक पारित गरी ऐन-कानुन र नीति निर्माण गर्ने उल्लेख गर्दै अध्यक्ष रोहितले भन्नुभयो, 'पार्टीले क्रान्तिकारी संसद्वादलाई व्यवहारमा लागू गर्छ ।'

प्रजातन्त्र सत्तामा बस्ने पार्टीहरूको मनपरीतन्त्र होइन; शासक पार्टीका मुठीभर नेताहरू पालैपालो प्रधानमन्त्री हुने व्यवस्था पनि होइन भन्दै उहाँले दलको घोषणापत्र अध्ययन नगरी आँखा चिम्लेर अन्ध समर्थन गरेर मतदान गरेमा जनताले थप दु:ख पाउने विचार व्यक्त गर्नुभयो ।

घोषणापत्र या प्रतिबद्धता लागू नगर्ने दललाई मतदान गर्न नहुने उल्लेख गर्दै अध्यक्ष बिजुक्छेँले भन्नुभयो, 'जनताको अमूल्य मत पद र पैसामा नभुली देश र जनताको इमानदारी र नि:स्वार्थपूर्वक सेवा गर्दै आएको पार्टीलाई दिनुपर्छ ।'

प्रजातन्त्रमा कुनै पनि दलको आलोचना गर्न पाउने विचार व्यक्त गर्दै उहाँले हरेक सचेत राजनीतिक नेता तथा कार्यकर्ताले समाजवाद र कम्युनिस्ट विचारबारे जनतामाझ पुऱ्याएर सचेत र सङ्गठित गर्नुपर्छ भन्नुभयो ।

नेमकिपाले देश र जनताको दीर्घकालीन हितमा सदन र सडकमा सङ्घर्ष गर्दै आएको उल्लेख गर्दै उहाँले भन्नुभयो, 'पटक-पटक सरकारको नेतृत्व गरेका दलका प्रधानमन्त्रीहरूले बहुमत जनताको पक्षमा के गरे ? बहुमत प्राप्त सरकारको नाउँमा सरकारले जे पनि गर्न पाउँदैन । निर्वाचनमा पैसा खर्च गरेर जितेका दलका नेताहरूले पदको दुरुपयोग गरी अकुत सम्पत्ति कमाउनेबाहेक देश र जनताको सेवा गरेनन् ।'

कार्यक्रममा विभिन्न सञ्चारकर्मीहरूले राखेका जिज्ञासाको जवाफमा अध्यक्ष रोहितले सत्तासीन दलका नेताहरूले देश र जनताको सेवा नगरेकै कारण जनता आजित भएको उल्लेख गर्दै भन्नुभयो, 'सरकारहरूले क्रान्तिकारी भूमिसुधार ल्याएनन् । व्यक्तित्व विकासमा समान अवसर प्रदान गरेनन् । योग्यताअनुसार काम र कामअनुसारको ज्यालाको बन्दोबस्त गरेनन् ।'

राजधानी काठमाडौँलाई सांस्कृतिक नगरको रूपमा विकास गर्नुपर्ने आवश्यकता औँल्याउँदै उहाँले देशको सन्तुलित विकास गर्नुपर्छ भन्नुभयो ।

निर्वाचित जनप्रतिनिधिहरू आ-आफ्नै जिल्लामा बसेर जनताको सेवा गर्नुपर्नेमा जोड दिँदै अध्यक्ष रोहितले आ-आफ्नै जिल्लामा बसेर असल काम गरे जनताकै हित हुन्छ भन्नुभयो ।

जेनजी आन्दोलनले थालेको भ्रष्टाचारविरोधी आन्दोलन सही भए पनि देशको सम्पत्ति जलाउने काम ठीक नभएको स्पष्ट पार्दै उहाँले भन्नुभयो, 'संरा अमेरिका बढी भ्रष्टाचार हुने देश हो । त्यहाँका मानिसहरू अन्धविश्वासी छन् । देशका व्यापक जनता अशिक्षित, असङ्गठित र अचेतित भएको हुँदा

# घोषणापत्रका केही महत्त्वपूर्ण विषय

- नेपाल मजदुर किसान पार्टीले निर्वाचनलाई सधैँ दलहरूको घोषणापत्रको सैद्धान्तिक सङ्घर्षको रूपमा लियो र लिँदै छ ।
- संसद्को मुख्य काम र केन्द्र 'प्रधानमन्त्री' होइन बरु आवश्यक नीति र ऐनहरूको निर्माण गर्ने हो । संसद्लाई जनताको पिरमर्का हेर्ने, देशको रक्षा गर्ने, देशभक्तहरूको जीवन्त सदन बनाउन आवाज उठाउनेछ ।
- जन्मको आधारमा नेपाली नागरिकता पाएका विदेशीका छोराछोरीलाई वंशजको आधारमा नेपाली नागरिकता दिने कानुनी व्यवस्था खारेज गराउन र आमा-बुबा दुवै वंशजको नेपाली नागरिकका छोराछोरीमात्र वंशज नेपाली नागरिक हुने कानुनी व्यवस्थाको निम्ति सङ्घर्ष चालू राख्नेछ ।
- नेमकिपाले देशको द्रुततर विकास गर्न २०४८ सालदेखि दुर्गम क्षेत्रहरूमा रोपवे (रज्जुमार्ग), केबुल कार र सुरुङमार्ग, रेलमार्ग अवलम्बन गर्नुपर्नेबारे सरकारहरूको ध्यान आकर्षित गर्दै आएको हो ।
- सरकारहरूले कर्मचारीलाई तलब खुवाउन ऋण लिने र ऋणको सावाँ ब्याज तिर्न पनि ऋण लिने गरेको देशघाती कामको विरोध चालू रहनेछ ।
- भ्रष्टाचारीहरूको सम्पत्ति राष्ट्रियकरण र ठूला भ्रष्टाचारीलाई ज्यान सजायसमेत हुने कानुनी व्यवस्था बनाउन निरन्तर सङ्घर्षरत रहनेछ ।
- भक्तपुर नगरपालिकाले सञ्चालन गर्ने ख्वप विश्वविद्यालयको विधेयक संसद्को पहिलो अधिवेशनबाट पारित गराउन जोड दिनेछ । समाजलाई बुद्धिजीवीकरण बनाउने अभियानको अगुवाइ विश्वविद्यालयहरूलाई गराउन आवाज राख्नेछ ।
- विश्वविद्यालयका उपकुलपति, रेक्टर, रजिस्टारहरू, संवैधानिक आयोगका पदाधिकारी, सेना र प्रहरीका प्रमुख, न्यायालयका न्यायाधीशहरूको सम्बन्धित क्षेत्रबाट निर्वाचित गराएर नियुक्ति गर्न आवाज उठाउनेछ ।
- निर्वाचित जनप्रतिनिधिहरू आ-आफ्नै जिल्लामा बसेर जनताको सेवा र देशको सन्तुलित विकास गर्न पाउने कानुनी व्यवस्था गराउनु जरुरी छ ।
- सर्वसाधारण जनतालाई थप सेवासहित स्वास्थ्य बीमाको उपचार प्रभावकारी बनाउन जोड दिनेछ ।
- केही वर्षदेखि नेपालमा संसद्बारे 'हाजिर गरेर भत्ता पचाउने', 'रातो राहदानी बेच्ने' र 'खालि सहुलियत खोज्नेहरूको संस्था' जस्ता शब्द र वाक्यांशहरू जनताबाट प्रयोग भयो- बसमा, चिया पसल र चौतारीहरूमा समेत !
- लाखौँ नेपाली युवालाई विदेश पठाउँदा देशको कृषि अर्थतन्त्रमा बज्रपात भयो । कृषि उत्पादन बढाउन आवश्यक र सम्भव ठाउँहरूमा सिँचाइका नहरहरू बनाउन सङ्घर्ष गर्नेछ । मल-कारखाना र बीउबिजनको बन्दोबस्त अर्को महत्त्वपूर्ण विषय हो ।
- मध्यम, गरिब, खेती किसान र खेतीहर मजदुरकै निम्ति सहकारी संस्थाको बढी महत्त्व हुन्छ । खेतीको काम सिद्धिनासाथै उनीहरूलाई सहकारीमार्फत घरघरमा काम गर्ने, कुटीर व्यवसाय, ससाना घरेलु र साना उद्योगको बन्दोबस्त गराउन जरुरी छ । यो बन्दोबस्त भए कतिपय सहकारी संस्थामा भइरहेको ठगी नियत्रण हुनेछ ।
- नेपालमा सहकारी मन्त्रालयका मन्त्री र विभागका माथिल्ला कर्मचारीहरूले सहकारी संस्थाहरूलाई 'निजी बैङ्क' को रूपमा 'बचत र ऋण सहकारी संस्था' बनाएर ठूल्ठूला निजी बैङ्कहरूको दलाल बनाउने अपराध गरे ।
- माथिल्लो कर्णाली देशको सबभन्दा 'सस्तोमा विद्युत् उत्पादन' हुने योजना नेपाली जनताको सपना हो । नेपालमा उत्पादित सबै जलविद्युत्को भण्डारण भारतमा रहने सन्धि सम्झौता खारेज गराउन सङ्घर्ष चालू राख्नेछ ।
- भेनेजुयलामाथि हमलापश्चात् अमेरिकी साम्राज्यवादले ल्याटिन अमेरिकाको समाजवादी देश क्युवामाथि लगाएको नाकाबन्दी झन् कठोर बनायो । मादुरो दम्पतीको रिहाइको लागि नेमकिपाले विरोध प्रदर्शन र काठमाडौँस्थित अमेरिकी राजदूतावासमार्फत राष्ट्रपति ट्रम्पको ध्यानाकर्षण गरायो । एमसीसी र एसपीपी खारेज गराउन नेमकिपाले निरन्तर सङ्घर्ष गर्नेछ ।
- 'इप्स्टिन फाइल' ले संयुक्त राज्य अमेरिका र पश्चिमा नेतृत्वको अपराध र पशु व्यवहार उदाङ्गिएको छ ।



सही दलका उम्मेदवारलाई छान्न सकेनन् । समाज परिवर्तन गर्न समय लाग्छ ।'

नेमकिपाका सचिव **प्रेम सुवाल**ले सार्वजनिकीकरण गरिएको घोषणापत्रबारे जानकारी दिँदै पार्टीले स्थापनाकालदेखि किसान आन्दोलन, देशको सार्वभौमिकता रक्षा आन्दोलन र साम्राज्यवादविरोधी आन्दोलनको नेतृत्व गर्दै आएको बताउनुभयो ।

उहाँले भन्नुभयो, 'प्रजातन्त्र सत्तामा बस्ने पार्टीहरूको मनपरीतन्त्र होइन, न त शासक पार्टीका मुठीभर नेताहरू पालैपालो प्रधानमन्त्री, उपप्रधानमन्त्री एवम् मन्त्री हुने व्यवस्था नै प्रजातन्त्र हो । प्रजातन्त्र एक जीवनपद्धति हो । सङ्घीय लोकतान्त्रिक गणतन्त्रमा पनि केही व्यक्ति धनी र असङ्ख्य जनता गरिब हुनेछन् ।'

'यो निर्वाचन पनि पुँजीवादी नै हो । पुँजीवादी पार्टीहरूले यो निर्वाचनमा पनि पद, पैसा, पशुबल र सत्ताको दुरूपयोग गर्नेछन् । यो निर्वाचनबाट पनि नेपाली जनताको सुन्दर भविष्यको निर्माण, नयाँ युगको सुरूआत, सुशासन र लोकतन्त्रको जीत हुन्छ भन्ने भ्रममा नेपाली जनता पर्नु हुँदैन । निर्वाचनमा नेमकिपाको पक्षमा धेरै मत प्राप्त हुनु आमूल परिवर्तनको लागि परिस्थिति परिपक्व हुँदै छ भन्ने सङ्केत हुनेछ । यसपटक पनि नेमकिपाले संसद्मा प्रखर प्रतिपक्षीको भूमिका निर्वाह गरी देश र जनताको निःस्वार्थ सेवा गर्नेछ', सचिव सुवालले भन्नुभयो ।

उहाँले भन्नुभयो, 'संसद्को मुख्य काम र केन्द्र 'प्रधानमन्त्री' होइन बरू आवश्यक नीति र ऐनहरूको निर्माण गर्ने हो । संसद्लाई जनताको पिर मर्का हेर्ने, देशको रक्षा गर्ने, देशभक्तहरूको जीवन्त सदन बनाउन आवाज उठाउनेछ ।'

जन्मको आधारमा नेपाली नागरिकता पाएका विदेशीका छोराछोरीलाई वंशजको आधारमा नेपाली नागरिकता दिने कानुनी व्यवस्था खारेज गराउन र आमा–बुबा दुवै वंशजको नेपाली नागरिकका छोराछोरीमात्र वंशज नेपाली नागरिक हुने कानुनी व्यवस्थाको निम्ति सङ्घर्ष चालु राख्ने स्पष्ट पार्दै सचिव सुवालले भन्नुभयो, 'नेमकिपाले देशको द्रुततर विकास गर्न २०४८ सालदेखि दुर्गम क्षेत्रहरूमा रोपवे (रज्जुमार्ग), केबुल कार र सुरूङमार्ग, रेलमार्ग अवलम्बन गर्नुपर्नेबारे सरकारहरूको ध्यान आकर्षित गर्दै आएको हो ।'

भ्रष्टाचारीहरूको सम्पत्ति राष्ट्रियकरण र ठूला भ्रष्टाचारीलाई ज्यान सजायसमेत हुने कानुनी व्यवस्था बनाउन निरन्तर सङ्घर्षरत रहने सचिव सुवालले स्पष्ट गर्नुभयो ।

नेमकिपाका केन्द्रीय सदस्य **अनुराधा थापामगर**ले नेपाली जनता हो हल्ला र आश्वासनको राजनीतिमा नलागी देश र जनताको पक्षमा सङ्घर्षरत दल र दलका उम्मेदवारलाई मतदान गर्नुपर्नेमा जोड दिनुभयो ।

उहाँले मानव तस्कर, ठूलठूला भ्रष्टाचारी, अपराधीहरूलाई कडा कारबाही गर्नुपर्ने उल्लेख गर्दै कार्यक्रममा सहभागी सञ्चारकर्मी तथा जिल्ला जिल्लाबाट आएका कार्यकर्ता, प्रत्यक्ष तथा समानुपातिक उम्मेदवारहरूलाई धन्यवाद ज्ञापन गर्नुभयो ।

नेमकिपाका केन्द्रीय सदस्य **सुरेन्द्रराज गोसाईं**ले कार्यक्रमको आवश्यकताबारे चर्चा गर्दै राजनीतिक र वैचारिक सङ्घर्ष चालू रहने बताउनुभयो ।

निर्वाचन पनि समाजवादी गणतन्त्र प्रचार अभियान रहेको उल्लेख गर्दै उहाँले हिमाल, पहाड र तराईका गाउँ र नगरको बस्ती बस्तीमा रहेका जनताले इमानदारी र निःस्वार्थपूर्वक सेवा गर्ने दल र दलका उम्मेदवारलाई निर्वाचित गराउनुपर्नेमा जोड दिनुभयो ।

'निर्वाचनमा आश्वासनको पोको बाँड्ने होइन, व्यापक जनतालाई देश चिनाउनुपर्छ; नेमकिपा सदन र सडकमा देश र जनताको पक्षमा सङ्घर्षरत छ', उहाँले भन्नुभयो ।

देशमा आर्थिक अनियमितता र लुट भइरहेकोमा चिन्ता व्यक्त गर्दै उहाँले देशभक्ति आन्दोलनको नेतृत्व गर्ने, भ्रष्टाचारविरोधी आन्दोलन छेड्ने, स्वतन्त्रता र सार्वभौमिकताको निम्ति लड्ने सच्चा कम्युनिस्ट नेमकिपालाई जनताले चिन्नुपर्ने आवश्यकता औँल्याउँदै शासकहरूले इमानपूर्वक सेवा नगरेकै कारण देशमा सङ्कट आएको हो भन्नुभयो ।

## निर्वाचन लक्षित तीन दिन बिदा

मन्त्रिपरिषद्को बैठकले फागुन २१ गतेको प्रतिनिधिसभा निर्वाचनलाई लक्षित गर्दै तीन दिन सार्वजनिक बिदा दिएको छ ।

मन्त्रिपरिषद्को बैठकले फागुन २०, २१ र २२ गतेलाई सार्वजनिक बिदा दिने निर्णय गरेको हो ।

निर्वाचन आयोगले मतदानमा बढीभन्दा बढी सहभागिता जुटाउन ३ दिन बिदा दिन सरकारसमक्ष सिफारिस गरेको थियो ।

## भोटसँगै चुनावमा खर्च गर्ने चन्दा पनि दिन्छन् मतदाता

– कृष्ण किसी



भक्तपुरमा मतदातासँग स्वेच्छिक चन्दा सङ्कलन गर्दै नेपाल मजदुर किसान पार्टीका कार्यकर्ता।

निर्वाचनका बेला मतदातालाई पैसा बाँडिने चर्चा सामान्यजस्तै सुनिन्छ । तर भक्तपुरमा भने फरक दृश्य देखिन्छ, यहाँ मतदाता आफैले मत पनि दिन्छन्, सकेको आर्थिक सहयोग (चन्दा) पनि गर्छन् । यो चलन नयाँ होइन, वर्षौंदेखि चल्दै आएको अभ्यास हो । यहाँ मतको साटो पैसा लिने होइन, उल्टै सहयोग गर्ने परम्परा छ ।

विशेषगरी भक्तपुर नगर क्षेत्रमा चुनावअघि घरघरबाट चन्दा सङ्कलन गरिन्छ । उम्मेदवार मत माग्न जाँदा चन्दा पनि माग्छन्, र मतदाताले गच्छेअनुसार सहयोग गर्छन् ।

नेपाल मजदुर किसान पार्टी (नेमकिपा) का केन्द्रीय सचिव तथा भक्तपुर क्षेत्र नं. १ का उम्मेदवार प्रेम सुवालका अनुसार सर्वसाधारणबाट सङ्कलित चन्दा नै चुनाव खर्चको मुख्य आधार हो । निर्वाचनअघि केन्द्रीय निर्वाचन परिचालन समितिले चन्दाका लागि रसिद् प्याड छापेर जिल्लामा वितरण गर्छ । सोही रसिदका आधारमा कार्यकर्ताले चन्दा सङ्कलन गर्छन् ।

निर्वाचन सकिएको एक महिनाभित्र कति चन्दा उठ्यो र कति खर्च भयो भन्ने विवरण सार्वजनिक गरिने उनले बताएका छन् । पार्टीको आम्दानी र खर्च पार्टीले नै व्यवस्थापन गर्ने, उम्मेदवारले व्यक्तिगत खर्च नगर्ने दाबी छ । यही कारण निर्वाचन आयोगमा उम्मेदवारको खर्च विवरण पठाउँदा खर्च 'शून्य' उल्लेख गर्ने गरिएको अनुभव सुनाइएको छ ।



भक्तपुर नगरमा चन्दा सङ्कलनमा संलग्न कार्यकर्ता रामसुन्दर बासीका अनुसार घरघर पुगेर स्वेच्छिक सहयोग लिइन्छ । न्यूनतम १० रुपैयाँदेखि सय, डेढ सय र एक हजार रुपैयाँसम्म सहयोग गर्ने मतदाता छन् । ठूला व्यापारीसँग दबाबमा चन्दा उठाउने नभई सर्वसाधारणबाट सानो–सानो रकम सङ्कलन गर्ने नीति रहेको उनको भनाइ छ ।

अर्का कार्यकर्ता विकुराम तजलेका अनुसार चुनावअघि प्रायः सबै नगरवासीसँग चन्दा माग्न जाँदा धेरैले सकेको सहयोग गर्छन् । सहयोग गर्नेले भोट पनि हाल्ने विश्वास रहेको उनी बताउँछन् ।

यस विषयमा स्थानीय समुदाय विभाजित छ । विपक्षी धारले यसलाई सोझासिधा जनतामाथिको अन्याय भन्छ भने समर्थकले पार्टीप्रतिको आस्था र सिद्धान्तप्रतिको प्रतिबद्धताको परिणाम ठान्छन् । ठूला दलले ठूला व्यापारीसँग अदृश्य चन्दा लिँदा नेमकिपाले सर्वसाधारणबाट सानो रकम सङ्कलन गरी पारदर्शिता देखाएको दाबी



समर्थकहरूको छ ।

स्थानीय नेताहरूका अनुसार चन्दा पूर्ण रूपमा स्वेच्छिक हो । कसैलाई बाध्य नपारिएको दाबी गरिन्छ । विश्लेषकका भनाइमा सानो भूगोल र घनिष्ठ सामाजिक सम्बन्ध भएको भक्तपुरमा चुनावी खर्च व्यवस्थापनका लागि प्रत्यक्ष जनसहयोगमा निर्भर हुने परम्परा पुरानै हो ।



आगामी फागुन २१ गते हुने प्रतिनिधि निर्वाचनको माहोलसँगै घरदैलो, टोलसभा र कोणसभा कार्यक्रम तीव्र छन् । भोट माग्ने र चन्दा सङ्कलन गर्ने गतिविधि सँगसँगै चलिरहेको छ ।

निर्वाचन आचारसंहिताअनुसार उम्मेदवार वा दलले आर्थिक स्रोत पारदर्शी ढङ्गले परिचालन गर्नुपर्छ । निर्वाचन आयोग नेपालले निर्वाचन अवधिमा चन्दा सङ्कलन गर्दा स्वेच्छिक, पारदर्शी र लेखाजोखासहित हुनुपर्ने व्यवस्था गरेको छ ।

–नागरिक, २०८२ फागुन ११ बाट

# पार्टी घोषणापत्र छलछामको दस्तावेज नहोस्




विभिन्न राजनैतिक दलहरू चुनावी घोषणापत्र लिएर जनताबिच पुग्दै छन् । निर्वाचनमा जनताले पार्टीहरूको घोषणापत्र वा प्रतिबद्धता पत्रको अध्ययन गरेर मत दिने अपेक्षा गरिएको हुन्छ । पार्टीहरूले पनि आ–आफ्नो सिद्धान्त र विचारअनुसार सरकारमा गएर घोषणापत्र कार्यान्वयन गर्छन् । प्रजातन्त्रमा जनताले यही आशा गरेका हुन्छन् । त्यसैले, निर्वाचनलाई घोषणापत्रहरूको लडाइँ पनि भनिन्छ । पार्टी सरकारमा गइसकेपछि घोषणापत्रअनुसार काम गर्नु उनीहरूको पहिलो कर्तव्य हुन्छ । तर, निर्वाचित सांसदहरूले सम्भवतः पार्टीको घोषणापत्र एकपल्ट पनि पल्टाएर हेर्दैनन् ।

पार्टी घोषणापत्र एकातिर सरकारको काम गराई अर्कोतिर छ। जनतामा राजनीतिक दलहरूप्रति वितृष्णा हुनुको कारण यो पनि हो।

शासक दलका उम्मेदवारहरूले घोषणापत्रभन्दा पैसा, भोजभतेर र प्रशासनिक शक्तिको दुरुपयोग गरी निर्वाचन जित्ने गर्छन्। जनताले पनि त्यस्तै उम्मेदवारहरूलाई भोट दिने गरेका छन्। घोषणापत्र न जनतालाई न पार्टीका सांसदहरूलाई मतलबको विषय बने। चुनाव जित्न झूटो आश्वासन दिने, जितेपछि जनताको निम्ति केही नगर्ने प्रवृत्ति सर्वसाधारण जनताले अनुभव गरेको विषय हो। पार्टीको घोषणापत्रलाई कागजको पानामा मात्र सीमित गरिएको छ।

नेका, एमाले, नेपाली कम्युनिस्ट पार्टीलगायतले अर्थतन्त्रको विकास, रोजगारी सिर्जना, कर दस्तुरमा परिवर्तन, ऋण सहुलियत, महँगी घटाउने, गरिबी निवारण, मोबाइल क्लिनिकदेखि टेलिमेडिसिनसम्म र अनुदान वितरणलगायतका कामहरूको फेहरिस्ट प्रस्तुत गरेका छन्। जनताबिच मीठा–मीठा सपना बाँडेका छन्। ती काम पटक–पटक सरकारमा गएको बेला गरेका भए जनताले विश्वास गर्ने आधार बन्ने थियो। नेकाले १० लाखसम्मको वार्षिक आय भएकाहरूलाई कर छुटको व्यवस्था गर्ने, भ्याट १० प्रतिशतमा झार्नेलगायतका अर्थतन्त्र सुधारका योजनाहरू अघि सारेको छ।

एमालेले घोषणापत्रमा अर्थतन्त्र ५ वर्षमा १ सय र १० वर्षमा २ सय खर्ब पुऱ्याउने, प्रतिव्यक्ति आय ३ सय डलर पुऱ्याउने, वार्षिक ७ देखि ९ प्रतिशत आर्थिक वृद्धि गर्नेलगायत उल्लेख गरेको छ।

## स्वास्थ्य क्षेत्रमा प्रतिबद्धता कमजोर कार्यान्वयन

स्वास्थ्यसम्बन्धी विषयमा घोषणापत्रमा लेख्छ, 'सबै गाउँपालिकामा विशेषज्ञ चिकित्सकसहितको प्राथमिक अस्पताल, सबै उपमहानगर र महानगरपालिकामा विशेषज्ञ सेवासहितको अस्पताल सञ्चालन गरिनेछ।' सुन्दा कति राम्रो, कति सुन्दर शब्दहरू। जनताले विगतका घोषणापत्रहरू पनि अध्ययन गरेका छन्। त्यसअनुसार नेकाका सरकारहरूले केही पनि गरेनन्। अब पत्याउने आधार के हो ?

संसद् विघटन हुनुअघिको एमाले नेतृत्वको सरकारमा पनि नेका निर्णायक भूमिकामा थियो। त्यही सरकारले बजेटमा स्वास्थ्य बीमाको लागि जम्मा रु. १० अर्बमात्रै विनियोजन गऱ्यो। स्वास्थ्य मन्त्रालयका अनुसार एक वर्षको लागि रु. २४ अर्बभन्दा बढी बीमा भुक्तानी आवश्यक छ।

स्वास्थ्यतर्फ दिगो राष्ट्रिय स्रोतको व्यवस्था गर्दै बीमाको थैली विस्तार गर्ने, सबैलाई स्वास्थ्य बीमामा आबद्ध गर्नेदेखि नि:शुल्क स्वास्थ्य सेवालाई नागरिकको हकको रूपमा प्रस्तुत गरिएको छ। प्रतिपरिवार रु. १० लाखसम्म स्वास्थ्य बीमा गर्ने पनि नेकाको घोषणापत्रमा उल्लेख गरिएको छ। यही बुँदा २०७९ सालको घोषणापत्रमा पनि उल्लेख थियो। पटक–पटक सरकारमा गए पनि पार्टी घोषणापत्रमा उल्लेख भएका प्रतिबद्धताहरू कार्यान्वयन भएनन्।

आधारभूत स्वास्थ्य सेवा नि:शुल्क गर्दै स्वास्थ्य उपचार सबैको पहुँचमा पुऱ्याउने र योगदानमा आधारित सामाजिक सुरक्षा कोषअन्तर्गत सबैलाई स्वास्थ्य बीमामा आबद्ध गर्ने २०७९ सालको घोषणापत्रमा एमालेले उल्लेख गरेको थियो।

रास्वपाले हरेक नागरिकलाई तोकिएको अस्पतालमा नि:शुल्क स्वास्थ्य उपचार गर्ने उल्लेख गरेको छ।

नेका, एमाले र नेकपाले स्वास्थ्यसम्बन्धी जस्तोसुकै प्रतिबद्धता जाहेर गरे पनि विश्वास गर्ने कुनै आधार छैन। यतिबेला सरकारले स्वास्थ्य बीमासम्बन्धी भुक्तानी दिन नसकेर अस्पतालहरूले बीमा सुविधा बन्द गर्न थालेका छन्। शिक्षण अस्पताल महाराजगञ्जले सूचना नै टाँसेर माघ १ गतेदेखि बन्द गरेको छ। रु. १ लाख स्वास्थ्य बीमालाई व्यवस्थित गर्न नसक्ने दलहरू पुन: ५ लाख र १० लाखको बीमा सुविधा दिने भन्ने पुरानै प्रतिबद्धता लिएर जनतासँग मत माग्न आउँदै छन्। त्यस्ता दलहरूलाई जनताले चिन्नुपर्छ।

स्वास्थ्य बीमा विपन्न वर्गको लागि उपयुक्त कार्यक्रम हो। यो कार्यक्रमलाई थप प्रभावकारी बनाउँदै लानुपर्नेमा सबैको जोड रहँदै आएको छ। नेकाका प्रदीप पौडेल स्वास्थ्यमन्त्री हुँदा उनले स्वास्थ्य बीमा ५ लाख पुऱ्याउने भनी पटक–पटक भाषण गरे। तर, त्यो कार्यान्वयन नभएको मात्र होइन, उनकै पालनामा बीमाबापतको अस्पताललाई भुक्तानी दिन नसकेर सङ्कट आएको हो।


२०४६ सालपछि झन्डै ३५/३६ वर्ष नेका, एमाले र माओवादीहरूले शासन गरे। ती पार्टीहरूले नेपालको संविधानमा उल्लेख भएका नि:शुल्क शिक्षा र नि:शुल्क स्वास्थ्य उपचारको व्यवस्था गर्न सकेनन्; मौलिक हकसम्बन्धी कानुनसमेत बनाउन सकेनन्।

ती पार्टीहरूले अहिले गार्हस्थ उत्पादन वृद्धि गर्ने, प्रतिव्यक्ति आय दोब्बर तेब्बर बढाउनेजस्ता कुराहरू उल्लेख गरेर घोषणापत्र जारी गरेको देख्दा घोषणापत्र कतै जनतालाई ढाँट्ने दस्तावेज त बन्दै छैन भन्ने प्रश्न उठ्नु स्वाभाविक हो। अहिले काम गर्ने प्रतिबद्धता गर्ने दलहरूले हिजो डाडुपन्यु आफ्नो हातमा छन्दा किन गरेनन् ? त्यसको उचित जवाफ नेपाली जनतालाई शासक दलहरूले दिनुपर्छ।

स्रोत : मजदुर दैनिक, २०८२ फागुन १३



## विद्यार्थीको लागि
## कति शब्द बन्छ होला ?




दिइएका छ अक्षरबाट कतिवटा अङ्ग्रेजी शब्द बन्छ होला ? (१६ ?) (उत्तर ८१ पृष्ठमा)

## गैर सार्क पर्यटक शुल्क समायोजन

भक्तपुर नगर अवलोकनमा आउने गैर सार्क पर्यटकहरुसँग अमेरिकी डलर १५ वा नेपाली रु. १,८००।- प्रवेश शुल्क सङ्कलन गरी आएकोमा हाल अमेरिकी डलर १ बराबर नेपाली रु. १३६।३० विनिमय दर कायम भएकोले अमेरिकी डलर १५ बराबर रु.२०४४।५० हुन आएको छ । हालको विनिमय दर लाई समायोजन गरी **२०८२ श्रावण १** गतेदेखि लागू हुने गरी अमेरिकी डलर १५ वा नेपाली रु. २०००।- प्रवेश शुल्क कायम गर्ने निर्णय गरियो ।

(भक्तपुर नगरपालिकाको २०८२ जेठ २३ गते बसेको कार्यपालिका बैठकको निर्णय)

**अज्ञानीहरू रोगदेखि डराउँछन्**
**मूर्खहरू रोगलाई बेवास्ता गर्छन्**
**बुद्धिमानहरू रोगदेखि सतर्क रहन्छन्**
**सफा गर्ने बानी बसालौं**
**रोगदेखि टाढा बसौं ।**

भक्तपुर नपाबाट प्रकाशित

## शिक्षा सम्बन्धी पुस्तक



**पढ्नुहोस्, पढाउनुहोस् ।**

# भ्रष्टाचारै भ्रष्टाचार

## अछामको ढकारी गाउँपालिकाले सडक बोर्डको बजेट फिर्ता गर्‍यो

सडक बोर्ड नेपालले योजना कार्यान्वयनका क्रममा १० प्रतिशत रकम कमिसन माग्ने गरेको आरोप लगाउँदै अछामको ढकारी गाउँपालिकाले सडक मर्मत सम्भारका लागि स्वीकृत बजेट फिर्ता गरेको छ । गाउँपालिकाले आर्थिक वर्ष २०८२/०८३ का लागि स्वीकृत १० लाख ८० हजार बजेट फिर्ता गरेको हो ।

ढकारी गाउँपालिकाका अध्यक्ष प्रकाश बहादुर साउदद्वारा सडक बोर्ड नेपाललाई पठाइएको पत्रमा बजेट कार्यान्वयन गर्न नसकिएको जानकारी गराइएको छ । पत्र अनुसार सडक बोर्ड मार्फत योजना कार्यान्वयन गर्दा भुक्तानी प्रक्रियामा १० प्रतिशत कमिशन मागिने अवस्था सिर्जना भएकाले बजेट स्वीकार गर्न नसकिएको उल्लेख गरिएको छ ।

सडक बोर्ड नेपालका कार्यकारी निर्देशक गणेशबहादुर केसीले कमिसन मागिएको विषयमा प्रमाण पेश गर्न पालिकालाई लेखि पठाइएको बताए । पालिकाले लगाएको आरोप प्रमाणित भए संलग्नलाई आवश्यक कानुनी कारबाही गर्ने बताएका छन् ।

## भिजिट भिसामा पाँच लाख धरौटी !

अध्यागमनसँग मिलेर भिजिट भिसामा भएको लाखौं असुली काण्डमा ट्राभल एजेन्सीका सञ्चालक रहेका बिचौलिया बालकृष्ण खड्का पाँच लाख रुपैयाँ धरौटीमा छुटेका छन् । ग्रिनलाइन होलिडेज प्रालिका सञ्चालक खड्कासँग विशेष अदालतले धरौटी माग्ने आदेश दिएको हो ।

अख्तियार दुरुयोग अनुसन्धान आयोगले गत २५ मङ्सिरमा सहसचिव तीर्थराज भट्टराईसहित ६ जनाविरुद्ध मुद्दा दायर गरेको थियो । जसमा प्रतिवादी रहेका भट्टराई यसअघि नै पाँच लाख रुपैयाँ धरौटीमा छुटिसकेका छन् ।

दिनमै अध्यागमनमा ५० लाख रुपैयाँभन्दा धेरै पैसा असुली हुने गरेको छानबिनमा खुलेको थियो । तर अभियुक्तहरू केवल पाँच लाख धरौटीमा छुटिरहेका छन् ।

यस प्रकरणमा अख्तियारले तत्कालीन गृहमन्त्री रमेश लेखक, सचिव गोकर्णमणि दुवाडी, लेखकका पिएहरू बद्री तिवारी र जनक भट्ट, अध्यागमन विभागका तत्कालीन महानिर्देशक गोविन्द रिजाल तथा गृह मन्त्रालयका अन्य अधिकारीमाथि दोस्रो चरणमा छानबिन गरिरहेको छ ।

## भ्रष्टाचारको अन्तर्राष्ट्रिय सूचकाङ्कमा नेपाल सुध्रिएन

ट्रान्सपरेन्सी इन्टरनेसनल (टिआई)ले विश्वमा व्याप्त भ्रष्टाचारको अवस्थाको मूल्याङ्कन गरी जारी गरेको भ्रष्टाचार अवधारणा सूचकाङ्क (सिपिआई), २०२५ ले नेपाललाई भ्रष्ट मुलुकको श्रेणीमा सूचीकृत गरेको छ ।

यस वर्ष नेपालको स्थान १ सय ९ पुगेको छ । गत वर्ष १०७औँ स्थानमा थियो । गत वर्ष नेपालभन्दा खस्किएका केही मुलुकहरूले सुधार गरेका कारण वरीयता क्रममा नेपाल दुई स्थानमा खस्किएको हो । विगतमा झैँ यसपटक पनि नेपाल भ्रष्टाचारको सूचकाङ्कमा ३४ अङ्क पाएको छ ।

३५ अङ्कभन्दा कम स्कोर ल्याउने मुलुकहरू गम्भीर भ्रष्टाचारको समस्यामा परेको मानिन्छ ।

४२ भन्दा जति कम अङ्क प्राप्त भयो त्यति नै धेरै भ्रष्टाचार भएको र जति बढी अङ्क पायो त्यति नै कम भ्रष्टाचार भएको मापन

भ्रष्टाचारको अन्तर्राष्ट्रिय सूचकाङ्कमा नेपालको खराब अवस्था नसुध्रिएको देखाएको छ ।

## गोदावरी नपाका पूर्व इन्जिनियर विष्टविरुद्ध भ्रष्टाचारको मुद्दा

ललितपुरको गोदावरी नगरपालिकामा इन्जिनियर पदमा करारमा कार्यरत रहँदा सुवास विष्टले पाँच वर्षको अवधिमा अनियमितता गरी झन्डै २ करोड रुपियाँ आम्दानी गरेको पाइएको छ ।

अख्तियार दुरुपयोग अनुसन्धान गरेको छानबिनका क्रममा २०७६ साल फागुन १ गते नियुक्ति पाएका विष्टले सम्पत्ति विवरण बुझाएको मिति २०८१ श्रावण १४ गतेसम्मको अवधिमा सो सम्पत्ति आर्जन गरेको तथ्य खुलेको हो ।

विष्टले कमाएको १ करोड ९७ लाख १० हजार १ सय ५७ रुपियाँ ६३ पैसा बराबरको सम्पत्ति स्रोत नखुलेको भन्दै

आयोगले विशेष अदालतमा भ्रष्टाचारको मुद्दा दायर गरेको छ ।

अख्तियारले बिगो र जरिवाना जफत गरी पाउन मागदाबी लिएको छ।

## बागमतीका मेयर थापाविरुद्ध पाँचौं भ्रष्टाचार मुद्दा



अख्तियार दुरुपयोग अनुसन्धान आयोगले सर्लाहीको बागमती नगरपालिकाका तत्कालीन मेयर भरत थापासहित १३ लाई प्रतिवादी कायम गरेर विशेष अदालतमा भ्रष्टाचार मुद्दा दायर गरेको छ।

राजस्व चुहावट गरी भ्रष्टाचार गरेको कसुरमा अख्तियारले थापासहित १३ जनाविरुद्ध मुद्दा दायर गरेको हो। थापाविरुद्ध ५८ करोड ६२ लाख १४ हजार ६५८ रुपैयाँ बिगो दाबी गरिएको छ।

सागरनाथ वन विकास परियोजनाअन्तर्गत पर्ने हाल भरत तालका रूपमा विकास गरिएको बागमती माछा पोखरी निर्माणका क्रममा वन पैदावर उत्खनन गरेर बेचबिखन गरेर भ्रष्टाचार गरेको अख्तियारको दाबी छ।

सात करोड ३८ लाख ९३ हजार ५०८ क्युफिट वन पैदावरको हुन आउने रोयल्टी/राजस्व रकम ५८ करोड ६२ लाख १४ हजार ६५८ रुपैयाँबराबरको वन पैदावर उत्खनन गरी गराई कानुनबमोजिम उठाउनुपर्ने रोयल्टीसमेतको राजस्व एकापसमा मिलेमतो गरी भ्रष्टाचार गरेको आरोपपत्रमा उल्लेख छ।

अख्तियारले सागरनाथ वन विकास परियोजनाका तत्कालीन परियोजना प्रमुख विशाल घिमिरे, तत्कालीन निमित्त परियोजना प्रमुख देवेशमणि त्रिपाठी, रामकिशोर यादव, प्रेमीलालप्रसाद कलवार, तत्कालीन सहायक वन अधिकृतहरू चन्द्रकुमारी श्रेष्ठ, शिवेन्द्रप्रसाद चौधरी, कार्यालय प्रमुख जितेन्द्रकर्माचार्य र सहायक वन अधिकृत भोला यादवलाई प्रतिवादी कायम गरेको छ।

बागमती नगरपालिकाका तत्कालीन मेयर थापासहित तत्कालीन उपमेयर लीलाकुमारी मुक्तान, तत्कालीन प्रमुख प्रशासकीय अधिकृत विमलकुमार पोखरेल, तत्कालीन लेखा अधिकृत विश्वराज पोखरेल र तत्कालीन इन्जिनियर सागर पौडेल पनि मुद्दाका प्रतिवादी छन्।

तत्कालीन मेयर थापाविरुद्ध दायर भएको यो मुद्दा भने पाँचौं हो। उनीविरुद्ध यसअघि नै चारवटा मुद्दा दायर भएका छन्। त्यसमा तीनवटा भ्रष्टाचारसम्बन्धी र एउटा वन मुद्दा छन्। दुईवटा मुद्दामा उनी दोषी ठहर भइसकेका छन् ।

## डोल्मालाई झन्डै ८८ करोड कर छुट दिने निर्णय रोकियो, अझै ४ अर्ब छुट दिने गरी चलेखल




सरकारले विभिन्न शक्तिकेन्द्रहरूसँग साँठगाँठ गर्दै डोल्मा इम्प्याक्ट फन्डबाट राज्यकोषमा आउनुपर्ने झन्डै ८८ अर्ब रुपियाँ पुँजीगत लाभकर छुट दिन गरेको निर्णयमा सर्वोच्च अदालतले अन्तरिम आदेशमार्फत रोक लगाएको छ।

सर्वोच्चले डोल्मा इम्प्याक्ट फन्डलाई कर छुट दिने कुनै निर्णय कार्यान्वयन नगर्न सरकारको नाममा अन्तरिम आदेश दिएलगत्तै सरकारको सो विवादास्पद निर्णयमा रोक लाग्ने देखिएको छ।

न्यायाधीशद्वय महेश शर्मा पौडेल र बालकृष्ण ढकालको संयुक्त इजलासले यसअघि एकल इजलासबाट जारी अल्पकालीन अन्तरिम आदेशलाई निरन्तरता दिँदै डोल्मा इम्प्याक्टलाई पुँजीगत लाभकर नतिरी कुनै पनि रकम विदेश लैजान नपाउने गरी रोक लगाएको हो।

मौरिससमा दर्ता भएर नेपालका विभिन्न कम्पनीमार्फत लगानी गर्दै आइरहेको डोल्मा इम्प्याक्ट फन्डका संस्थापक तथा सीईओ बेलायती नागरिक टिम गोचरले विभिन्न सेयर लगानी गरी सो को बिक्रीबाट आर्जित नेपालमा बुझाउनुपर्ने पुँजीगत लाभकर छली गर्न अर्थ मन्त्रालय, आन्तरिक राजस्व विभाग, महान्यायाधिवक्ता कार्यालय, केही बहालवाला सचिव

र सहसचिवहरू, सरकारका पूर्व सचिव, विभिन्न देशका राजदूतहरूदेखि अन्तर्राष्ट्रिय शक्तिसमेत प्रयोग गरेको खुलासा भएको थियो ।

डोल्माले दिएको पुँजीगत लाभकर छुट पाउनुपर्ने व्यहोरासहितको निवेदन गत २०८१ साल असारमा नै आन्तरिक राजस्व विभागले अस्वीकृत गरिदिएको थियो । एक वर्षअघि अस्वीकृत गरिएको डोल्माको प्रस्तावलाई सुशासनको लागि भन्दै आएको जेन-जी सरकारका शक्तिशाली मानिएका अर्थ मन्त्री रामेश्वर खनालले फेरि स्वीकृत गराउन लगाएर कर छुटको विवादास्पद निर्णय गराएको थियो ।

सरकारका केही अधिकारीहरूले हालका अर्थमन्त्री खनालले विभिन्न समयमा डोल्माको कन्सल्टेन्ट भएर काम गरेको दाबी गरेका छन् । 'डोल्मा कम्पनीसँग खनाल सुरुदेखि नै निकै निकट रहँदै आउनुभएको देखिन्छ त्यसैले डोल्मालाई पुँजीगत लाभकर छुट गराउन उहाँ मरिहत्ते गरेर लाग्नुभएको हो ।' सरकारकै ती अधिकारीले नेपाल समाचारपत्रसँग भने ।

सरकारले सम्झौता खारेज गरे पनि सो सम्झौता ६ महिनापछि मात्रै लागू हुने र त्यस अवधिमा डोल्माले फेरि झन्डै ४ अर्बको पुँजीगत लाभकर छुट पाउने सम्भावनासमेत देखिएको थियो ।

## अख्तियारले छानबिन गर्नुपर्ने

अर्बौं राजस्व छली हुने गरी अर्थ मन्त्रालय, आन्तरिक राजस्व विभाग, महान्यायाधिवक्ताको कार्यालय तथा नेप्सेलगायतका निकायका उच्च अधिकारीहरूले गरेको यो निर्णयका बारेमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले सशक्त अनुसन्धान र कारबाही गर्नुपर्ने आवाज आमनगरिकस्तरमा उठ्न थालेको छ ।

ठूलो सेटिङमा यस्तो कार्य भएकाले अख्तियारले तत्काल विस्तृत अनुसन्धान थाल्नुपर्ने र राज्यकोषमा आउनुपर्ने रकम छुट दिई राज्यकोषमा डकैती गर्नेहरूलाई कानुनी दायरामा ल्याउन सरोकारवालाहरूले माग गरेका छन् ।

# यता-उताबाट

**Did you know?**

e.g.-For example (exempli gratic)
etc.-And other things (et cetera)
i.e.-In other words (id est)
N.B.-Take note/notice (note bene)
VS-Against (versus)

# सामान्य ज्ञान

(विभिन्न स्रोतबाट)

खास नाम - उपनाम
वासुदेव लुइँटेल - भूतको भिनाजु
भूपेन्द्रमान शेरचन - सर्वहारा
विष्णुकुमारी वाइवा - पारिजात
बालकृष्ण पोखरेल - केकेमनुचक्यो
विमलकृष्ण श्रेष्ठ - निभा
चूडामणि (न्वारानको) - विश्वेश्वरप्रसाद कोइराला
चेतमान सिंह भण्डारी - मनु ब्राजाकी
दुर्गा बराल - वात्स्यायन
शहीद दशरथ चन्द - सुशील
गोविन्दबहादुर मानन्धर -धुस्वाँ सायमी
गोपालचन्द्र गोतामे - सञ्जय
खुसविक्रम राणा - नीरविक्रम प्यासी
लीलानटेश्वर शर्मा - ईश्वर बराल
लोकबहादुर थापा - बुँद राना
मञ्जु तिवारी - काँचुली
मदनमणि दीक्षित - चक्रपाणि
मेघराज शर्मा - मञ्जुल
नारायणप्रसाद राजभण्डारी - चित्तरञ्जन नेपाली
नारायणमान बिजुक्छेँ - हरिबहादुर श्रेष्ठ
पूर्णलाल श्रेष्ठ - शहीद गंगालाल
प्रदीपकुमार राई - व्याकुल माइला
प्रदीप नेपाल - सञ्जय
प्रदीप गिरी - देवराज
रामकृष्ण आचार्य - जीवन शर्मा
रामेश्वर चालिसे - रमेश 'विकल'
रमोलादेवी शाह - छिन्नलता
रामबाबु प्रसाई - खनुपरुदे
श्यामकृष्ण श्रेष्ठ - खोकना
श्रीधर खनाल - दीर्घबाहु
शंकरप्रसाद श्रेष्ठ - शैलेन्द्र साकार
तीर्थमाधव - लक्ष्मीप्रसाद देवकोटा
तिलविक्रम नेम्वाङ - वैरागी काइँला
तिलकप्रसाद शर्मा - भाउपन्थी

भक्तपुर नपाबाट नियमित रूपमा प्रकाशित 'भक्तपुर' मासिक र 'ख्वप पौ' पढौं ।

# हाम्रो स्वास्थ्य

## गिजामा लेउ लाग्ने समस्या के हो ?



डा अञ्जली भट्टराई

जाडो महिनामा प्राय: बिरामी चिसो पानी खाँदा दाँत सिरिङ-सिरिङ भयो भन्ने गुनासो लिएर आउँछन् । गिजामा फोहोर जम्मा भएर यस्तो समस्या आएको हो । अर्कोचाहिँ गिजा तल सर्दै जानाले पनि यस्तो हुन्छ । दाँतमा इनामेल र डेन्टिङ भागहरू हुन्छन् । यदि त्योभन्दा तलको तह बाहिर निस्किँदा सिरिङ-सिरिङ हुने समस्या आउँछ । जाडो महिनामा चिसो पानी खाँदा बिरामीहरूलाई अलि बढी सेन्सेटिभ भएजस्तो महसुस हुन्छ ।

### गिजामा लेउ लाग्ने समस्या

गिजामा आउने मुख्य समस्या दन्त लेउ जम्दै जानु हो । त्यसले विस्तारै गिजामा असर पार्दै गर्छ । गिजाबाट सर्दै-सर्दै हड्डीमा असर पार्छ । तलको लेउ हड्डीसम्म पुगेर दाँतहरू खिइने खालका समस्या लिएर आउँछन् ।

जसरी ढुङ्गामा लेउ लाग्छ, त्यसरी नै हामीले खाएपछि दाँतमा लेउ बस्छ । यसका लागि दिनमा दुई पटक दाँत माझ्नै पर्छ । दाँत ब्रस गर्न पनि सही तरिका जान्नुपर्छ । नत्र ब्रस गर्दा पनि लेउ लाग्ने समस्या भएको पाइएको छ । राम्रोसँग ब्रस गरेन भने दन्त लेउ जम्मा हुँदै गएर पत्थर जस्तो बन्छ । त्यसलाई हामी क्याल्कुलस भन्छौं । त्यो जम्मा हुँदै गएर दन्त लेउमा भएका ब्याक्टेरियाहरूका कारण गिजामा असर हुँदै जान्छ । त्यो हड्डीसम्म पुगेर खिइँदै जान्छ । हड्डी कमजोर भएपछि दाँत हल्लिन्छ । बच्चाहरूमा त्यति धेरै लेउ जम्दैन । वयस्क हुँदै जाँदा गिजा सर्दै जाने र खिइने हुन्छ ।

### जोगिन के गर्ने ?

यसबाट बच्न हामीले दिनमा दुईपटक राम्रोसँग ब्रस गर्नुपर्छ । त्यसबाहेक दाँतको बिच बिचको भागमा ब्रसले पनि छुँदैन । त्यसका लागि डेन्टल फ्लस गर्नु जरुरी हुन्छ । त्यसबाहेक सिरिङ-सिरिङ हुने समस्या छ भने डिसेन्सिटाइजिङ पेस्टहरू हुन्छन् ।

कतिसम्म गिजामा असर परेको छ, त्यसअनुसार फरक-फरक किसिमका उपचार छन् । गिजाबाट रगतमात्र आइरहेको छ, हड्डीहरूमा असर परेको छैन भने त्यसलाई सामान्यतया सफा अर्थात् डिपस्केलिङ गर्छौं । त्यति गर्दा बिरामीहरूलाई राहत हुन्छ । त्यसबाहेक गिजाको पकेट नाप्दा यदि प्रोभ गहिरो छ भने सामान्य स्केलिङ गरेर मात्र हुँदैन । त्यसमा चाहिँ गिजा पल्टाएर भित्रैबाट सफा गर्नुपर्ने हुन्छ । त्यसलाई फ्ल्याब सर्जरी भनिन्छ । हड्डीहरू खिइएको छ भने फ्ल्याब सर्जरीमा बोन ग्राफ्टहरू हाल्ने, मिमडिनहरू हाल्ने पनि गर्न सक्छौं । अथवा अहिले लेजरहरूको प्रयोग पनि गर्न सकिन्छ । त्यो ट्रिटमेन्ट मोडालिटीमा पर्छ ।

मुख्य ब्रस, फ्लस, माउथ वास प्रयोग गर्नुपर्ने हुन्छ । त्यसबाहेक ६/६ महिनामा दाँतमा के समस्या छ सोही अनुसार डेन्टल चेकअप गराइराख्नुपर्छ । सामान्य ब्रसिङ र फ्लसिङबाट पनि धेरै समस्याबाट जोगिन सक्छौं ।

यदि रोग लागिहालेमा उपचारका विभिन्न तरिकाहरू छन् । सुरुमा केही खानेकुरा टोक्दा गिजामा रगत आउने बितिक्कै मेरो गिजामा समस्या छ भनेर सचेत हुनुपर्छ । परामर्शका लागि जानुपर्छ । कतिपय बिरामी भन्नुहुन्छ– गिजामा समस्या आएको थियो । तर कुल्ला गरेर ठीक भयो । म देखाउन आइनँ ।

एकपटक तपाईंको दाँतमा कीरा लागेपछि एकदमै दुखाइ हुन्छ । तर त्यो भन्दा फरक चाहिँ गिजामा वा हड्डीमा समस्या छ भने मन्दमन्द मात्र दुखाइ हुन्छ । त्यही भएर बिरामीलाई कुल्ला गरेर निको भयो भन्ने हुन्छ । तर पहिलो लक्षण भनेकै गिजाहरूबाट रगत आउनु हो । त्यस्तो समस्या आएमा चिकित्सकलाई देखाउनु उपयुक्त हुन्छ ।

(डा. भट्टराई गिजारोग तथा दन्त प्रत्यारोपण विशेषज्ञ)

स्वास्थ्य खबरपत्रिका

### कति शब्द बन्छ होला ? को उत्तर

ATE, ATTEND, DATE, DEN, DENT, EAT, END, NET, TAD, TAN, TAT, TEA, TEAT, TED, TEN, TENT, TAN

भक्तपुर नगरपालिकाद्वारा सञ्चालित

ख्वप अस्पताल

सञ्चालित सेवा सुविधाहरु


मितिः २०८२ माघ १७

| क.सं. | सेवा | सेवा सञ्चालन हुने बार | सेवा सञ्चालन हुने समय | विशेषज्ञको नाम |
|---|---|---|---|---|
| १ | बाल रोग सेवा | आइतबार,सोमबार,मंगलबार, बुधबार, विहिबार र शुक्रबार | साँझ ४:००-६:०० बजेसम्म | डा. ध्रुव श्रेष्ठ (भगवती जनस्वास्थ्य) |
| | | आइतबार, मंगलबार र विहिबार | विहान ७:००-९:०० बजेसम्म | डा.गणेन्द्रभक्त राय (नगर स्वास्थ्य केन्द्र, व्यासी) |
| | | आइतबार,मंगलबार र विहिबार | साँझ ४:००-६:०० बजेसम्म | डा. गणेन्द्रभक्त राय (बेखाल स्वास्थ्य केन्द्र) |
| | | सोमबार, बुधबार र शुक्रबार | साँझ ४:००-६:०० बजेसम्म | डा. गणेन्द्रभक्त राय (Fetal / Pediatric Echo मात्र) |
| | | आइतबार,सोमबार,मंगलबार, बुधबार, विहिबार र शुक्रबार | विहान ७:००-२:०० बजेसम्म | डा. विजय कुमार चिकंबन्जार |
| | | आइतबार,सोमबार,मंगलबार, बुधबार, विहिबार र शुक्रबार | बिहान ०९:००-४:०० बजेसम्म | डा. यादब ढकाल |
| | | सोमबार बुधबार र शुक्रबार | विहान ७:००-९:०० बजेसम्म | डा. राजेन्द्र शिल्पकार (आधारभुत स्वास्थ्य केन्द्र, सल्लाघारी) |
| २ | नाक, कान र घाँटी रोग सेवा | आइतबार,सोमबार,मंगलबार, बुधबार, विहिबार र शुक्रबार | साँझ ४:००-६:०० बजेसम्म | डा. गीता कोजु |
| | | सोमबार,मंगलबार, बुधबार, विहिबार,शुक्रबार र शनिबार | विहान ७:००-२:०० बजेसम्म | डा. बेलु कायष्ठ |
| | | आइतबार,सोमबार,मंगलबार, बुधबार, विहिबार र शुक्रबार | बिहान १०:००-५:०० बजेसम्म | डा. एलिसा महर्जन |
| ३ | हाडजोर्नी तथा नशारोग सेवा | आइतबार,सोमबार,मंगलबार, बुधबार, विहिबार र शुक्रबार | विहान ८:००-६:०० बजेसम्म | डा. श्रीकृष्ण कासिछ्वा |
| | | | विहान १०:००-५:०० बजेसम्म | डा. मनिष प्रधानाङ्ग |
| | | | विहान ११:००-६:०० बजेसम्म | डा. श्रीकृष्ण अवाल |
| ४ | दम तथा छाती रोग सेवा | आइतबार,सोमबार, मंगलबार, बुधबार, विहिबार र शुक्रबार | विहान ७:००-२:०० बजेसम्म | डा. अमर प्रजापति |
| ५ | स्त्री रोग सेवा | सोमबार र विहिबार | विहान ११:००-२:०० बजेसम्म | डा. रीना श्रेष्ठ |
| | | आइतबार,सोमबार,मंगलबार, बुधबार, विहिबार र शुक्रबार | विहान ७:००-२:०० बजेसम्म | डा. कृष्ण प्यारी दुगुजू, |
| | | आइतबार,सोमबार,मंगलबार, बुधबार, विहिबार र शुक्रबार | विहान ८:००-४:०० बजेसम्म | डा. यूजिन श्रेष्ठ , डा. जितेन्द्रकुमार सिंह, डा. सुनिता ब्यञ्जनकार |
| ६ | छाला रोग सेवा | आइतबार, मंगलबार र शुक्रबार | साँझ ३:३०-५:३० बजेसम्म | डा. राजेश शाक्य |
| | | शनिबार | विहान १०:००-१२:०० बजेसम्म | |
| | | सोमबार, बुधबार र बिहिबार | दिउँसो ३:००-५:०० बजेसम्म | डा. एल्सा राजन प्रधानाङ्ग |
| ७ | भिडियो एक्स रे सेवा | आइतबार,सोमबार, मंगलबार, बुधबार, विहिबार र शुक्रबार | साँझ ५:००-६:३० बजेसम्म | डा. बिकेश त्वाती |
| | | | बिहान ९:००-१२:०० बजेसम्म | डा. सुमेन्द्रराज पाण्डे |
| | | | बिहान ९:००-४:०० बजेसम्म | डा. सनिश कुसी |
| ८ | ईन्टरनल मेडिसिन सेवा | आइतबार,सोमबार, मंगलबार, बुधबार, विहिबार र शुक्रबार | दिउँसो १:००-५:०० बजेसम्म | डा. गणेशमान विष्ट |
| | | आइतबार,सोमबार, मंगलबार, बुधबार, विहिबार र शुक्रबार | दिउँसो ३:००-५:०० बजेसम्म | डा. राजेन्द्र श्रेष्ठ |
| | | आइतबार,सोमबार, मंगलबार, बुधबार, विहिबार र शुक्रबार | विहान ७:००-२:०० बजेसम्म | डा. सुमिता चोलेखो |
| ९ | MDGP | आइतबार,मंगलबार र विहिबार | विहान ८:००-३:०० बजेसम्म | डा. निर्जना बजिको |
| | | सोमबार, बुधबार र शुक्रबार | विहान ८:००-११:०० बजेसम्म | डा. निर्जना बजिको (नगर स्वास्थ्य केन्द्र, ब्यासी) |
| | | आइतबार,सोमबार, मंगलबार, बुधबार, विहिबार र शुक्रबार | विहान १०:००-५:०० बजेसम्म | डा. रीता काफ्ले |
| १० | दन्त सेवा | आइतबार,सोमबार, मंगलबार, बुधबार, विहिबार र शुक्रबार | विहान ७:००-२:०० बजेसम्म | डा. इभा (डेण्टल सर्जन), डा. सविना (डेण्टल सर्जन) |
| | | | दिउँसो २:००-६:०० बजेसम्म | डा. आदित्य मल्लिक (अर्थोडोण्टिस) डा.नीतु ( डेण्टल सर्जन) |
| | | आइतबार, बुधबार र शुक्रबार | बिहान ११:००-१:०० बजेसम्म<br>बिहान ११:००-३:०० बजेसम्म | डा. प्रलब प्रधान (ओरल एण्ड म्याक्सिलोफेसियल) |
| ११ | जनरल सर्जरी सेवा | आइतबार,सोमबार, मंगलबार, बुधबार, विहिबार र शुक्रबार | विहान ७:००-४:०० बजेसम्म | डा. पुण्यराम खर्बुजा, डा. विकेश सुवाल, डा. अनन्त महर्जन, डा.सुशील ढुंगेल |
| १२ | मुटुरोग सेवा | आइतबार, सोमबार र बिहिबार | साँझ ४:००-६:०० बजेसम्म | डा. सुर्यराज पाठक |
| | | बुधबार | साँझ ४:००-६:०० बजेसम्म | डा. दर्शन गुरुङ्ग |
| | | शनिबार | विहान ९:००-११:०० बजेसम्म | |
| १३ | न्युरो सर्जरी सेवा | प्रत्येक मंगलबार र बिहिबार | विहान ७:३०-८:३० बजेसम्म | डा. हृदयेस प्रताप मल्ल |
| १४ | मानसिक रोग सेवा | आइतबार,सोमबार,मंगलबार बुधबार र शुक्रबार | दिउँसो ३:००-४:३० बजेसम्म | डा. दुर्गा थापा |
| १५ | नेफ्रोलोजी सेवा | प्रत्येक आईतबार र बुधबार | साँझ ५:००-७:०० बजेसम्म | डा. दिपक शर्मा |
| १६ | युरोलोजी सेवा | आइतबार,सोमबार, मंगलबार, बुधबार, विहिबार र शुक्रबार | दिउँसो ३:००-५:०० बजेसम्म | डा. रोजन अधिकारी, डा. हरि बराल, डा. सत प्रसाद नेपाल |

नोटः आकस्मिक अवस्था तथा उपचार र शल्यक्रियाको समयमा कार्यतालिकामा केही समय हेरफेर हुन सक्नेछ।

CS Scanned with CamScanner

# आ.व. २०८२/८३ माघ महिनामा पर्यटक सूचना तथा सेवा केन्द्रको पर्यटक आगमन तथ्याङ्क




| गते ➡ | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ | १३ | १४ | १५ | १६ | १७ | १८ | १९ | २० | २१ | २२ | २३ | २४ | २५ | २६ | २७ | २८ | २९ |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| □ गैर सार्क | १३४ | १२० | २१५ | २२५ | १२८ | ११५ | १६५ | १८६ | १९९ | २५३ | ३३१ | १५३ | १३९ | १४९ | १८२ | १७५ | २६१ | १८९ | २२९ | १८२ | १५९ | २५६ | २८४ | २०६ | २२६ | २८७ | २२१ | २५० | २६४ |
| ■ सार्क तथा चिनियाँ | १७९ | १६० | २६२ | १९६ | २३० | २३९ | १३८ | ३२२ | २६६ | २६९ | ४२७ | ३६७ | २४७ | ३३० | २३३ | ३०० | ३४० | २०५ | २०३ | २९१ | २२१ | २१७ | २४० | २३२ | २४३ | २४६ | ३८८ | ३१४ | २१२ |

| | गैर सार्क | सार्क तथा चिनियाँ | कूल पर्यटक सङ्ख्या |
|---|---|---|---|
| २०८२ माघ | ५,८८३ | ७,५१७ | १३,४०० |
| २०८१ माघ | ६,८०० | ७,५३६ | १४,३३६ |
| प्रगति | - ९१७ | - १९ | - ९३६ |

सम्पादकको पृष्ठ

# घोषणापत्र कि धोखापत्र ?

देश र जनताले नखोजेको तर शक्ति राष्ट्रहरूले हत्याएको 'भयानक विद्रोह' ले ल्याएको आमचुनाव सँघारमै आइपुगेको छ। संसद् गठन गर्ने यस चुनावले सभामुख, उपसभामुखको निर्वाचनका साथै नयाँ मन्त्रिपरिषद् पनि गठन गर्ने छ। तर, हिजो सत्तामा बसिसकेका केही दलहरूले संसद्लाई केवल प्रधानमन्त्री बनाउने निकायजस्तोमा अवमूल्यन गरिरहेका छन्।

प्रतिनिधिसभा अर्थात् सर्वोच्च जनप्रतिनिधि संस्थाको मुख्य काम र कर्तव्य देशलाई विकास गर्न र जनतालाई राहत दिने नीति र कानुन बनाउने हो। तर, चुनाव अगावै प्रधानमन्त्रीको हल्ला गरेर सत्तामुखी राजनीतिकै विकृतिलाई निरन्तरता दिएको स्पष्ट छ। सत्तामुखी राजनीति गर्नेहरूबाट देशको हित र जनताको कल्याण नभएको विगतका धेरैवटा चुनावले प्रमाणित गरिसकेको छ। भोलिका दिनमा गर्ने छ भन्ने अनुमान केवल मृगतृष्णा हो र फेरि एकपटक ठगिने र छक्किने मेसोमात्र हो।

निर्वाचन घोषणापत्रको लडाइँ भएकोले सबैजसो दलहरूले विभिन्न नाममा घोषणापत्र जारी गरिसकेका छन्। तर विगतका घोषणापत्रहरूको नियतिको धरातलमा हेर्ने हो भने त्यसको अस्तित्व सत्तामा जाने दलहरूले मतदानको दिनसम्म जसोतसो राख्ने गरेका छन्। त्यसपछि सत्ताको लागि ऱ्याल चुहाउँदै लुछाचुँडी, पद र सहुलियतको असंसदीय, अराजनीतिक र अनैतिक भागबन्दा, देशघाती र राष्ट्रघाती कार्यमा प्रतिस्पर्धा गरेर घोषणापत्रलाई धोखापत्रमा परिणत गर्दै धमिराको आहारा बनाएको र 'खाली सीसी पुरानो कागज' को बोरामा कोचिएको जगजाहेर छ। अन्यथा दसकौँ अघि 'स्वीजरल्यान्ड' र 'सिंगापुर' को सपना दिएर देशलाई शक्ति राष्ट्रको क्रिडा स्थल र खबौँको ऋण बोकाएर जनताको दोहोला काढ्ने थिएन। यसको विपरीत जनतासमक्ष गरेको वाचाअनुरूप प्रखर प्रतिपक्षको उत्कृष्ट उदाहरण दिएको र प्रमलगायत मन्त्रीको प्रस्ताव आउँदा पनि नेमकिपाले घोषणापत्रको मर्यादा र गरिमालाई अक्षुण्ण राख्दै प्रतिपक्षसहितको संसद्को चरित्रलाई कायम राखेका थिए।

आगामी चुनाव नयाँ र पुरानाको होइन एमसीसी, नागरिकता विधेयक, सत्तामुखी राजनीति, भागबन्दाको विकृति, एकपछि अर्को जघन्य काण्डहरूका अपराधीलाई फेरि अपराध गर्न लाइसेन्स दिने कि नदिने बिच छनौट गर्ने हो भन्ने हेक्का सबै मतदाताले राख्नुपर्ने देखिन्छ।

त्यसैले, आफ्नो अमूल्य मत इमानदारी र नैतिकताको धरो पनि फालेर दिगम्बर हुने निर्लज्जहरूलाई होइन जनताको आवाज संसद् र सडकमा सशक्त र निर्भीक रूपमा उठाउने देशभक्त नेमकिपाका उम्मेदवारहरूलाई दिएमात्र सदुपयोग हुने निश्चित छ।

## पुनर्निर्मित इन्द्रायणी द:छें







# बहुदलीय व्यवस्था पुनःस्थापनाका लागि शहादत प्राप्त गर्ने प्रातःस्मरणीय अमर शहीदहरूमा हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं।



राजकुमार सुवाल
(२०२५ माघ १० - २०४६ फागुन ८)



कृष्णराम दुवाल
(२०२३ असार ७ - २०४६ फागुन ८)



हरिकृष्ण भुजु
(२०२७ फागुन २८ - २०४६ फागुन ८)



निर्मल कुमार शाक्य
(२०२२ असार १५ - २०४६ फागुन ८)



पुष्परत्न शाक्य
(२०१९ भाद्र १ - २०४६ चैत्र २६)



महेश श्रेष्ठ
(२०२३ - २०४७ बैशाख ३०)

## भक्तपुर नगरपालिका परिवार